




वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण








| वर्ष १२० | अङ्क ३०४ | २०७७ साल फागुन २९ गते शनिबार | फाल्गुण कृष्ण औँसी | नेपाल संवत् ११४१ सिल्लागाः १५ | 2021 March 13 Saturday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# एमाले केन्द्रीय कमिटी विस्तार

● सबै पक्षसँग खुला संवाद र छलफल गर्दै कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने निर्णय

■ भउचप्रसाद यादव

काठमाडौँ, फागुन २८ गते। नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय कमिटी विस्तार गरिएको छ।

प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार बसेको पार्टीको केन्द्रीय कमिटीको विशेष बैठकले सङ्कटका बेला पार्टी एकता र नेतृत्वको पक्षमा दृढतापूर्वक उभिनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साहलगायत नेकपा (माओवादी केन्द्र) पृष्ठभूमिका २३ जनालाई पार्टीको केन्द्रीय कमिटीको जिम्मेवारी दिने निर्णय गरिएको पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

बैठकले पार्टीको महाधिवेशनको समयावधि, उमेर हद, कमिटीको संरचनालगायत कतिपय प्रश्नमा नवौँ महाधिवेशनबाट पारित विधानका व्यवस्थालाई परिवर्तित सन्दर्भ अनुकूल बनाउन बाधा अड्काउ फुकाउने पनि निर्णय गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ। पार्टी प्रवक्ता ज्ञवालीले गोरखापत्रसँग कुरा गर्दै पार्टीको महाधिवेशन र पदाधिकारीबारे कुनै निर्णय नभएको जानकारी दिनुभयो।

बैठकले अदालतको निर्णय जेजस्तो भए पनि यसलाई कार्यान्वयन गरेर अगाडि बढ्ने निर्णय गरेको छ। सबै पक्षसँग खुला संवाद छलफल गर्दै कम्युनिस्ट आन्दोलनलाई उचित र सही सङ्गठनात्मक आधारमा एकताबद्ध बनाउने प्रयास जारी राख्ने निर्णय गर्दै निर्वाचन आयोगले दिएको १५ दिनको समयसीमाभित्र पार्टी एकीकरण हुन नसक्ने निष्कर्ष बैठकले निकालेको छ। बैठकले प्रदेश सभामा पार्टीबाट प्रतिनिधित्व गर्ने सदस्यहरूलाई पार्टी निर्णयअनुसार सञ्चालित हुन र अविश्वास प्रस्तावमा हस्ताक्षर गरेको भए फिर्ता लिन निर्देशित गरेको छ।




पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पन गम्भीर षड्यन्त्र गरिए पनि आमजनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताहरूको सक्रियताले त्यसलाई विफल पारिएको छ।

बैठकलाई सम्बोधन गर्दै पार्टी अध्यक्ष ओलीले यसबीचमा पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पन गम्भीर षड्यन्त्र गरिए पनि आमजनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताहरूको सक्रियताले त्यसलाई विफल पारिएको बताउनुभयो।

एमाले प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डलले दुई चरणमा बसेको बैठकले पार्टीको विधान संशोधन गर्दै पार्टी अध्यक्ष र महासचिव बाहेकका पदाधिकारी पद खारेज गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

बैठकले २०७५ जेठ ३ गतेदेखि २०७७ फागुन २३ गतेसम्मको समयलाई पार्टीको शून्य समयका रूपमा परिभाषित गर्दै अबको छ महिनाभित्र पार्टीको जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ। पार्टीको केन्द्रीय कमिटीको अर्को नियमित बैठक चैत ७ गते बस्ने निर्णयसमेत गरेको उहाँले बताउनुभयो।

उहाँका अनुसार बैठकले पार्टीको सातवटै प्रदेशको इन्चार्जसमेत तोक्दै प्रदेश १ को इन्चार्जको जिम्मेवारी सुवासचन्द्र नेम्वाङ, प्रदेश २ मा सत्यनारायण मण्डल, बागमती प्रदेशमा रामबहादुर थापा, उपत्यकाको इन्चार्जमा आनन्द पोखरेल, गण्डकी प्रदेशमा पृथ्वीसुब्बा गुरुङ, लुम्बिनीमा शङ्कर पोखरेल, कर्णालीमा यामलाल कँडेल, सुदूरपश्चिममा लेखराज भट्टलाई दिइएको छ।

यसअघि माओवादी केन्द्रमा रहनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साह, टङ्क आङबुहाङ, पासाङ शेर्पा, ज्वाला साह, टेकबहादुर बलमपाखी, कमल चौंलागाईं, मनोज थापालाई केन्द्रीय कमिटीको जिम्मेवारी दिइएको छ। यसैगरी विषमलाल अधिकारी, लीलालबहादुर थापा, दधिराम न्यौपाने, गिरधरीलाल, झपट बोहोरा, दावा लामा, चन्द्रबहादुर खड्का, डम्बर विष्ट, गौरीशङ्कर चौधरी, नवीन रोक्का, धर्मराज रेग्मी र दिनेश पन्थीलाई पार्टीको केन्द्रीय कमिटीको जिम्मेवारीमा स्थापित गर्ने निर्णय बैठकले गरेको प्रदेश इन्चार्ज मण्डलले जानकारी दिनुभयो।

# ३८० स्थानीय तह सडक सञ्जालमा जोडिने

पक्की सडक सञ्जालले नजोडिएका सातवटै प्रदेश र त्यहाँका स्थानीय तहसँग एमओयू गरिँदै।



■ नगेन्द्र सापकोटा

काठमाडौँ, फागुन २८ गते। स्थानीय तहको केन्द्रदेखि सातवटै प्रदेश सरकारको राजधानीसम्म पक्की सडक सञ्जालले जोड्न ३८० वटा स्थानीय तहले सरकारसँग माग गरेका छन्।

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधिअनुसार सडकको पहिचान गरी पठाउन स्थानीय तहलाई सार्वजनिक सूचना जारी गरेसँगै ३८० वटा स्थानीय तहले पक्की सडकले जोड्न सरकारसँग माग गरेका हुन्।

पक्की सडक सञ्जालले जोड्नका लागि माग गर्ने स्थानीय तहमा प्रदेश १ का ७८ वटा स्थानीय तह, प्रदेश २ का ५८, बागमतीको ६०, गण्डकीको ४२, लुम्बिनीको ४५, कर्णाली ४५, सुदूरपश्चिमका ५२ वटा गरी ३८० वटा स्थानीय तहले पक्की सडकले जोड्नका लागि विभागसँग माग गरेका हुन्।

पालिकाको केन्द्रसँग कच्ची सडकसमेत नपुगेका स्थानीय तहको सङ्ख्या ३१ वटा रहेको स्थानीय पूर्वाधार विभागका प्रोजेक्ट समन्वय एकाइका सिनियर डिभिजन इन्जिनियर महेश्वर घिमिरेले जानकारी दिनुभयो। विभागले उक्त सडक निर्माण कार्यलाई तीव्रता दिन सातवटै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिसकेको छ।

सरकारका रूपान्तरणकारी योजनाअन्तर्गत पर्ने यस प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई सरकारले उच्च प्राथमिकता दिएर कार्यान्वयन गरिरहेको छ। गत आर्थिक वर्षमै सरकारको नीति, कार्यक्रम र बजेटमा उक्त कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख गरिए बजेटको सुनिश्चितता र कार्यविधि निर्माणमा ढिलाइ हुँदा योजना कार्यान्वयनमा विलम्ब भएको थियो।

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई निरन्तरता दिएको हो। सरकारले पक्की सडक निर्माण गर्दा कच्ची ट्र्याकसमेत नखुलेका स्थानीय तहलाई उच्च प्राथमिकता दिएर काम अगाडि बढाउने घिमिरेले बताउनुभयो। (बाँकी पृष्ठ २ मा)

# युरेनियम बरामद

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। आणविक ऊर्जा तथा परमाणु बम उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग हुने युरेनियमसहित प्रहरीले चार जनालाई बौद्ध टुसालबाट पक्राउ गरेको छ।

महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) हरिबहादुर पालले साढे दुई किलो युरेनियमसहित चार जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो। नेपालमा युरेनियम बरामद भएको यो पहिलो घटना हो।

प्लास्टिकको डिब्बाभित्र लुकाई राखेको अवस्थामा बरामद भएको युरेनियम प्रशोधन नगरिएको कच्चा पदार्थ भएको प्रहरीको भनाइ छ। विज्ञका अनुसार युरेनियम एटम बम तथा ऊर्जा (विद्युत्) उत्पादनमा प्रयोग हुने गर्छ।

प्रहरीले युरेनियमसहित रामेछाप लिखु तामाकोसी–५ का ४० वर्षीय नारायणसिंह तामाङ, ४० वर्षीया जानुका तामाङ, रामेछाप बागजोर नगरपालिका–४ का २० वर्षीय प्रकाश चौहान, सिन्धुली सुनकोसीका २० वर्षीय मनोज न्यौपानेलाई पक्राउ गरेको हो। बौद्ध टुसाल क्षेत्रमा युरेनियमको अवैध कारोबार भइराखेको विशेष सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो।

पक्राउ अभियुक्तहरूले उक्त युरेनियम केही वर्ष पहिले भारतबाट खरिद गरी नेपाल ल्याई लुकाई राखेको बयान प्रहरीलाई दिएका छन्।

# जेठ महिनामै विद्यार्थीको हातमा नयाँ पाठ्यपुस्तक

■ गोरखापत्र समाचादारदाता

काठमाडौँ, फागुन २८ गते। आगामी शैक्षिक सत्रमा विद्यालय तहका विद्यार्थीले जेठ महिनाभित्रै नयाँ पाठ्यपुस्तक हात पार्ने भएका छन्। जेठभित्र पाठ्यपुस्तकको प्रकाशन गरी विद्यार्थीको हातमा पुर्‍याउने गरी आवश्यक काम भइरहेको जानकारी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले दिएको छ।

केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले नयाँ शैक्षिक सत्रमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई नयाँ पाठ्यपुस्तकको अभाव हुन नदिइने प्रतिबद्धता जनाउनुभयो। यसका लागि कुनै समस्या नरहेको उहाँले बताउनुभयो। त्यसका लागि चैत र वैशाख महिनाभित्र पाठ्यपुस्तकको छपाइ पूरा गर्ने केन्द्रको योजना छ।

कक्षा ६ बाहेक अब झन्डै १० लाख थान पुस्तक छपाइ गर्न बाँकी रहेको जनाइएको छ। गत वर्ष एक करोड ६३ लाख थान पाठ्यपुस्तक छपाइ कार्य केन्द्रले पूरा गरिएको थियो। यस पटक पनि त्यसलाई नै आधार मानेर पुस्तक प्रकाशन गरिने जनाइएको छ।



चैत र वैशाख महिनाभित्र पाठ्यपुस्तकको छपाइ पूरा गर्ने केन्द्रको योजना छ।

जेठ महिनामा विद्यार्थीको हातमा पाठ्यपुस्तक पुगेपछि असार १ गतेबाट सुरु हुने शैक्षिक सत्रलाई सहज तरिकाले अगाडि बढाउन सकिने उहाँको भनाइ छ।

सरकारले यस पटक जेठ महिनाभरि विद्यालय तहको वार्षिक परीक्षा पूरा गरी असार १ गतेबाट नयाँ शैक्षिक सत्र सुरु गर्ने निर्णय गरिसकेको छ। यसको कार्यान्वयनका लागि जनक शिक्षाका तर्फबाट आवश्यक काम गरिने जनाइएको छ। विद्यालय तहको पाठ्यपुस्तक प्रकाशन गर्ने जिम्मेवारी केन्द्रलाई दिइएको छ। सोअनुसार हाल कक्षा ११ मा अध्ययनरत विद्यार्थीको अनिवार्य विषयका विद्यार्थीको पुस्तक छपाइ तथा बिक्रीवितरणको कार्य गरेको थियो। अब कक्षा १२ का अनिवार्य विषयको पुस्तकसमेत छपाइ गर्ने योजना छ। कक्षा ११ र १२ विद्यालय शिक्षामा आएपछि केन्द्रको जिम्मेवारी थप गरिएको छ।

जनक शिक्षाले हालसम्म कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीको पाठ्यपुस्तक छपाइ कार्य भने सुरु गरेको छैन। पाठ्यपुस्तक प्रकाशनका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति आउन बाँकी रहेकाले कक्षा ६ को छपाइ कार्य हुन नसकेको जनाइएको छ।

आगामी शैक्षिक सत्रमा उक्त कक्षामा पूरै सेट नयाँ परिवर्तन गरिएको छ। कक्षा ६ का विद्यार्थीलाई २८ लाख थान पुस्तक छपाइ गर्नुपर्ने हुन्छ। २० प्रतिशतको हाराहारीमा पुस्तक छपाइ कार्य बाँकी रहेको जनाइएको छ।

# न्यायाधीशमा सिफारिस

■ नारायण काफ्ले

काठमाडौँ, फागुन २८ गते। न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा डा. कुमार चुडाल र नहकुल सुवेदीलाई सिफारिस गरेको छ। परिषद्को शुक्रबारको बैठकले उच्च अदालतका मुख्य न्यायाधीशमध्ये वरिष्ठताका आधारमा चुडाल र सुवेदीलाई न्यायाधीशमा सिफारिस गरेको हो। अब संसदीय सुनुवाइ प्रक्रिया सम्पन्न भएपछि नियुक्ति हुनेछ। चुडाल हाल उच्च अदालत पाटन र सुवेदी सुर्खेतको मुख्य न्यायाधीश हुनुहुन्छ।

न्यायपरिषद्का प्रवक्ता मानबहादुर कार्कीले सर्वोच्चमा रिक्तसहित उच्च अदालतमा पनि न्यायाधीश सिफारिस भएको बताउनुभयो। कार्कीले सर्वोच्चको हकमा संसदीय सुनुवाइपछि नियुक्त हुने स्पष्ट पार्नुभयो। अब परिषद्ले सुनुवाइ प्रक्रिया अगाडि बढाउन संसद्समक्ष सिफारिस गर्नेछ। समितिले सुनुवाइ प्रक्रिया प्रारम्भ भएको बढीमा ४५ दिनभित्र सुनुवाइ सम्पन्न गर्नुपर्नेछ। सो पछि नियुक्ति हुनेछ।

यस्तै बैठकले उच्च अदालतमा समेत १८ जना न्यायाधीश सिफारिस गरेको छ। (बाँकी पृष्ठ २ मा)


चैत महिनाको मधुपर्क

बजारमा

यसपालि रङ्गमञ्च विशेष




■ नेपाली रङ्गमञ्चबारे प्रकाश सायमीको विस्तृत आलेख ■ अशेष मल्लको रङ्गमञ्च सपना
■ नेपाली रङ्गमञ्चमा युवा ■ नाटक निर्देशक सुनिल पोखरेल र आकाङ्क्षा कार्कीसँग अन्तर्वार्ता
■ इब्सेनको कालजयी नाटकबारे आलेख ■ बर्तोल्त ब्रेख्त र कृष्ण शाह 'यात्री'का नाटक
■ शकुन्तला शर्माको नाट्य जीवन

साथमा वासु शशी, विमल निभा, शैलेन्द्र साकार, मनप्रसाद सुब्बाका कविता, नोबेल विजेता जोन गल्जवर्दीको विश्वप्रसिद्ध कथा, विख्यात सिनेमा 'अल अबाउट माई मदर' बारे महत्वपूर्ण आलेखलगायत नियमित स्तम्भसहित चैतको मधुपर्क बजारमा।

आफ्नो प्रति बेलैमा सुरक्षित गर्नुहोस्।

सम्पर्कः ग्राहक सेवा शाखा, गोरखापत्र संस्थान
फोन नं. ४२२०६३८/ टोल फ्री नं. १६६००१९४४४४


# प्राथमिकतामा बन्दीपुरको मिनी ग्रेटवाल

● संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार करोड ५५ लाख बजेट निकासा गरेको छ।

■ अमरराज नहर्की

तनहुँ, फागुन २८ गते। विश्वकै प्रसिद्ध चीनको ग्रेटवालकै झल्को दिने गरी बन्दीपुरमा निर्माण भइरहेको मिनी ग्रेटवालका लागि सङ्घीय सरकारले प्राथमिकता दिएको छ। ग्रेटवालका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार करोड ५५ लाख बजेट निकासा गरेको छ। ठूलो रकम विनियोजन भएपछि पर्यटनले फड्को मार्ने विश्वास पर्यटन व्यवसायीको छ। रकम अभावले काम अगाडि बढाउन समस्या परिरहेको अवस्थामा सङ्घीय सरकारबाट प्राथमिकतामा पारेर बजेट निकासी भएपछि बन्दीपुरबासीमा खुसी छाएको छ।

मन्त्रालयले बजेटको व्यवस्था गरी ग्रेटवाल निर्माणका लागि साझेदारी गर्ने भएपछि बन्दीपुरका पर्यटन व्यवसायीहरू उत्साहित भएका छन्। पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका अनुसार ग्रेटवालका लागि चार करोड ५५ लाख रुपियाँ विनियोजन गरेको छ।



पर्यटकीय गन्तव्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत लागत साझेदारीमा सम्बन्धित स्थानीय तहले दुई करोड ४५ लाख रुपियाँ बेहोर्नुपर्ने गरी मन्त्रालयले सात करोड रुपियाँको व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले गोरखापत्रलाई जानकारी दिनुभयो। रकम विनियोजन भएपछि निर्माण कार्य अगाडि बढाउन सहज भएको अध्यक्ष थापा बताउनुहुन्छ।

सो रकम विनियोजन गरेसँगै ग्रेटवाल निर्माणले मूर्त रूप पाउने वातावरणको सिर्जना भएको गाउँपालिकाले जनाएको छ। तनहुँ पर्यटन विकास समितिका अध्यक्ष हरिसिंह गुरुङले बजेट निकासी भएको खबर अत्यन्त खुसी लागेको बताउनुभयो। ''पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ छनोटमा परेको छ, यसले पर्यटन क्षेत्रमा फड्को मार्न मद्दत पुर्‍याउँछ'', अध्यक्ष गुरुङले भन्नुभयो। बन्दीपुर गाउँपालिकाको आर्थिक सहयोगमा ग्रेटवाल निर्माणको काम अगाडि बढाइएको थियो। पालिकासँग रकम थोरै भएकाले रकम माग गरिएको थियो।

मणिमुकुन्दसेन पर्खाल (मिनी ग्रेटवाल) नामकरण गरिएको यो एक हजार एक सय मिटर लामो बनाइनेछ। बन्दीपुर गाउँपालिका–२ स्थित थानीमाई मन्दिरबाट निर्माण सुरु गरिएको मिनी ग्रेटवाल मुकुन्देश्वरी डाँडासम्म बनाइने छ। प्राकृतिक दृश्य अवलोकन र सुन्दरताको कारण 'पहाडकी रानी' उपनामले प्रसिद्ध कमाएको बन्दीपुरमा 'मिनी ग्रेटवाल' निर्माणपछि पर्यटकको सङ्ख्यामा वृद्धि हुने अपेक्षा गरिएको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो। (बाँकी पृष्ठ २ मा)

# वार्षिक प्रतिवेदन प्रस्तुत



राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष शुक्रबार महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन पेस गर्नुहुँदै महान्यायाधिवक्ता अग्निप्रसाद खरेल (बायाँ), मुस्लिम आयोगको वार्षिक प्रतिवेदन पेस गर्नुहुँदै आयोगका अध्यक्ष समिम मियाँ अन्सारी। तस्बिर : शेखर चौलागाईं

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष महान्यायाधिवक्ता अग्निप्रसाद खरेल तथा मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले छुट्टाछुट्टै समारोहमा आ–आफ्नो कार्यालयको वार्षिक प्रतिवेदन पेस गर्नुभयो।

राष्ट्रपति भवन शीतल निवासमा शुक्रबार आयोजित समारोहमा महान्यायाधिवक्ता खरेलले महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष ०७६/७७ को वार्षिक प्रतिवेदन पेस गर्नुभएको छ।

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकिल कार्यालयबाट नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएका मुद्दाको सङ्ख्या २९ हजार ७६० छन्। ती मुद्दामा जम्मा प्रतिवादी सङ्ख्या ५४ हजार ५४२ छन्।

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रीट तथा निवेदनको सङ्ख्या १४ हजार २३६ रहेकोमा तीन हजार १३ थान पछ्र्योट भई मुद्दामा कसुर ठहर भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा सरकारवादी मुद्दा, रीट र निवेदनमा कसुर ठहर तथा निवेदन खारेज करिब ७० प्रतिशत छ।

यसैगरी मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले पेस गर्नुभएको प्रतिवेदनमा आयोगले वर्षभरिमा गरेका काम र भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी सिफारिस गरिएका कार्य समावेश छन्।

यस अवधिमा तराईका जिल्लामा मुस्लिम समुदायको शव व्यवस्थापन कब्रिस्तान, मस्जिदको जग्गा अतिक्रमण हुनबाट रोक्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्थानीय सरकारलाई अनुरोध गरिएको छ।

यसैगरी मदरसाको प्रभावकारी व्यवस्थापन तथा मदरसा तथा इस्लामिक धार्मिक शैक्षिक संस्थाबाट प्राप्त हुने शैक्षिक प्रमाणपत्र आस्तानिया, फोकानिया, आलमियत, फजिलत, इफ्ता आदिलाई समकक्षता प्रदान गर्न मुस्लिम आयोगबाट सम्बन्धित निकायसँग समन्वय गर्ने कार्य भएका छन्।

मुस्लिम समुदायको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा गुणस्तरीय मानव विकासबाट मात्र सम्भव भएकाले यस आयोगले तीन तहका सरकार तथा अन्य संवैधानिक आयोग, मुस्लिम समुदायका विद्वतवर्ग र सञ्चारकर्मी एवं नागरिक समाजसँग समन्वय तथा सहकार्य गर्न विगतमा गर्दै आएको नेतृत्वदायी भूमिका आगामी दिनमा अझै प्रभावकारी रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

# नेपाल टेलिभिजनमा दोहोरी प्रतियोगिता

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। नेपाल टेलिभिजनले शनिबारदेखि नेपाली लोक संस्कृतिसम्बन्धी दोहोरी च्याम्पियन रियालिटी मेगा–सो प्रसारण गर्ने भएको छ।

नेपाली लोक संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले दोहोरी च्याम्पियन रियलिटी मेगा–सो उत्पादन एवं नियमित प्रसारण गर्न लागिएको नेपाल टेलिभिजनले जनाएको छ। सो मेगा–सो शनिबार साँझ ८:५० बजे नेपाल टेलिभिजनबाट प्रसारण गरिने छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङले दोहोरी च्याम्पियनको शुभारम्भ गर्नुहुँदै नेपाली कला र संस्कृतिको संरक्षण र संवर्द्धनका लागि नेपाल टेलिभिजनले सुरु गरेको कार्यक्रम महत्त्वपूर्ण अभियानको रूपमा रहेको बताउनुभयो।

उहाँले समाजमा रहेका विकृति र विसङ्गतिलाई हटाई सकारात्मक सन्देश दिन दोहोरीको आवश्यकतामा जोड दिनुभयो।

सो अवसरमा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले नेपालको राष्ट्रिय संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ दोहोरी च्याम्पियन मेगा–सो सुरु गरिएको बताउँदै यस कार्यक्रमले कलाकारलाई अझ प्रतिस्पर्धी बनाउनुका साथै नयाँ कलाकारसमेत जन्माउने विश्वास ब्यक्त गर्नुभयो।

दोहोरी च्याम्पियन कार्यक्रमको प्रस्तोताका रूपमा बद्री पङ्गेनी र प्रीति आले रहनुभएको छ भने निर्णायकहरूमा प्रजापति पराजुली, रमेश बीजी, सीता थापा र चन्द्र शर्मा रहनुभएको छ।

कुल ३५ लाख रुपियाँ राशि पुरस्कार रहेको यस कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुने गायक समूहले क्रमशः २० लाख, १० लाख, तीन लाख र दुई लाख रुपियाँ पुरस्कार पाउनेछन्।

प्रतियोगिताका लागि देशभरिबाट २४ कलाकार टोलीहरू छनोटमा परेका छन् भने २८ भाग दोहोरी च्याम्पियन नेपाल टेलिभिजनबाट प्रसारण हुनेछ।



दोहोरी च्याम्पियनको शुभारम्भ गर्नुहुँदै सञ्चार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङ।

## ‘काँग्रेसले नेतृत्व गर्नुपर्छ’

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। नेपाली काँग्रेसका महामन्त्री डा. शशाङ्क कोइरालाले नयाँ सरकारको नेतृत्व नेपाली काँग्रेसले गर्नुपर्ने बताउनुभएको छ। शुक्रबार आयोजित नेपाल शिक्षक सङ्घ बागमती प्रदेश प्रतिनिधि सभालाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो।

उहाँले यतिबेला नेपाली काँग्रेस प्रतीक्षागर र हेरको स्थितिमा रहेको चर्चा गर्दै अब नयाँ उद्देश्यका साथ नयाँ सरकार गठन गर्नुपर्ने देखिएको बताउनुभयो। नेपाली काँग्रेसका केन्द्रीय सदस्य गगन थापाले सर्वोच्च अदालतको फैसलापछि नेपाल कम्युनिस्ट पार्टी विसर्जन भइसकेकाले अब नेपाली काँग्रेसले सरकारको नेतृत्व गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाली काँग्रेसको काठमाडौँ जिल्ला सभापति सबुजकृष्ण बानियाँले सङ्घीयताप्रतिको गुनासो बढ्दै गएकाले शुद्धीकरणको आवश्यकता रहेको बताउनुभयो। नेपाल शिक्षक सङ्घ बागमती प्रदेशका अध्यक्ष नारायणप्रसाद तिमिल्सिनाले दरबन्दी मिलान, प्रधानाध्यापक बनाउने, सरुवा गर्ने नाममा पालिकाले अन्याय गर्न थालेको गुनासो गर्नुभयो।

## कार्ययोजना बनाउन निर्देशन

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिले नसर्ने रोग नियन्त्रणका लागि कार्ययोजना बनाएर काम गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको छ। नसर्ने रोग चिन्ताजनक रूपमा वृद्धि भइरहेको भन्दै समितिको शुक्रबार बसेको बैठकले उक्त निर्देशन दिएको हो।

समितिका सभापति तारादेवी भट्टले नसर्ने रोगबाट नागरिकको स्वास्थ्य खर्च बढिरहेको हुँदा यस्तो खर्च घटाउने र स्वस्थ जीवनका लागि पहल गर्न मन्त्रालयलाई सचेत गराउनुभयो। उहाँले दिगो विकासका लक्ष्य हासिल गर्न र भएका उपलब्धिको रक्षाका लागि तीन तहका सरकारबीच समन्वय गरी समितिलाई जानकारी गराउन पनि मन्त्रालयलाई निर्देशन दिनुभयो।

संविधानले नै व्यवस्था गरेको नेपालीको गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्ने र आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउनका लागि सरकारी स्वास्थ्य संस्थाको आधुनिकीकरण र स्तरोन्नतिका लागि पनि समितिले निर्देशन दिएको छ।

यसैगरी समितिले कतिपय स्वास्थ्य संस्थाहरू नाफामुखी बनेको भन्दै यसको नियन्त्रणका स्वास्थ्य मन्त्रालयलाई अनुगमन टोली बनाउन तथा सुर्ती र मदिराजन्य पदार्थको बिक्री एवं प्रयोग नियन्त्रण गर्न भएका कानुन कार्यान्वयनका लागि बहुपक्षीय प्रभावकारी समन्वय गरेर समितिलाई जानकारी गराउन पनि निर्देशन दिइएको छ।

# काँग्रेस र जसपाबीच छलफल

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। वर्तमान राजनीतिक गतिरोध निकासका लागि नेपाली काँग्रेस र जनता समाजवादी पार्टी (जसपा) नेपालका शीर्ष नेताहरूबीच शुक्रबार बूढानीलकण्ठस्थित काँग्रेस सभापति शेरबहादुर देउवाको निवासमा छलफल भएको छ।

दुवै पार्टीका शीर्ष नेताहरूबीच वर्तमान राजनीतिक गतिरोधलाई कसरी निकास दिने ? विषयमा छलफल भएको काँग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो। भावी सत्ता समीकरणभन्दा पनि कसरी निकास दिने भन्ने विषयमा छलफल केन्द्रित रहेको उहाँले स्पष्ट पार्नुभयो।

छलफलमा काँग्रेस सभापति देउवा, उपसभापति विमलेन्द्र निधि, महामन्त्री शशाङ्क कोइराला, नेता कृष्णप्रसाद सिटौला र जसपा नेपालबाट अध्यक्षहरू महन्थ ठाकुर, उपेन्द्र यादव, सङ्घीय परिषद् अध्यक्ष बाबुराम भट्टराई र वरिष्ठ नेता राजेन्द्र महतो लगायत सहभागी हुनुहुन्थ्यो।

काँग्रेस शीर्षस्थ नेतालाई जसपा नेपालले सत्ता समीकरणको समेत प्रस्ताव गरेको बताइएको छ। काँग्रेस अहिलेको अवस्थामा सत्तामा जाने पक्षमा नभए पनि जसपाले सत्ता समीकरणमा सहभागी हुन आग्रह गरेको छलफलमा सहभागी एक नेताले जानकारी दिनुभएको हो।

त्यसअघि देउवा निवासमा काँग्रेस पदाधिकारी बैठक बसेको थियो। पदाधिकारी बैठकले मुलुक अप्ठ्यारो अवस्थामा पर्दा काँग्रेसले सरकारको नेतृत्व गर्नुपर्ने विषयमा छलफल गरेको छ।

# वरिष्ठ पत्रकार शर्माको निधन

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। वरिष्ठ पत्रकार सुशील शर्माको ६३ वर्षको उमेरमा शुक्रबार काठमाडौँमा निधन भएको छ। उहाँले लामो समय बीबीसी नेपाली सेवामा काम गर्नुभएको थियो। त्यसअघि केही वर्ष उहाँ गोरखापत्र दैनिकको सहप्रकाशन द राइजिङ नेपालसँग आबद्ध हुनुहुन्थ्यो।



उहाँको उपचारका क्रममा काठमाडौँको ओम अस्पतालमा निधन भएको हो। उहाँ लामो समयदेखि मिर्गौला र फोक्सोलगायतका रोगबाट पीडित हुनुहुन्थ्यो।

अस्पतालका निर्देशक डा. हरिश जोशीका अनुसार शर्मालाई बुधबार उपचारार्थ अस्पताल भर्ना गरिएको थियो। शर्माको शुक्रबार साँझ नै पशुपति आर्यघाटमा दाहसंस्कार गरियो। उहाँका श्रीमती र छोरा हुनुहुन्छ । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले शर्माको निधनबाट पत्रकारिताको क्षेत्रमा अपूरणीय क्षति पुगेको बताउँदै गहिरो शोक व्यक्त गर्नुभएको छ।

# पार्टीलाई बलियो बनाइने

■ रुपन्देही समाचारदाता

रुपन्देही, फागुन २८ गते। पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अब आफ्नो पार्टीलाई थप बलियो बनाउने बताउनुभएको छ।

शुक्रबार बुटवलमा आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै प्रचण्डले पार्टीलाई बलियो बनाएर अगाडि बढ्न कार्यकर्तालाई निर्देशन दिनुभयो। अन्य पार्टीसँग सहकार्य गर्दा धेरै ठाउँमा धोखा र छलकपट भएको भन्दै उहाँले अब आफ्नै खुट्टामा उभिएर जानुपर्ने स्पष्ट पार्नुभयो।

उहाँले सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टीलाई एमाले र माओवादी केन्द्रमा विभाजन गरिदिएकाले अब पार्टीलाई थप बलियो बनाएर अगाडि बढाइने बताउँदै पार्टी एकतामा केही त्रुटि आफूबाट भएकाले अबदेखि त्रुटि नगरिने दाबी गर्नुभयो।

शुक्रबार नै राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालको प्रथम राष्ट्रिय महाधिवेशनको बुटवलमा उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले परिवर्तन उल्ट्याउने गम्भीर षड्यन्त्र भइरहेको बताउनुभयो। अहिले देशको राजनीतिक परिस्थिति जटिल अवस्थामा रहेको टिप्पणी गर्दै उहाँले संविधान रक्षा गर्ने कि हत्या गर्ने भन्ने ठूलो बहस सुरु भएको बताउनुभयो। कार्यक्रममा नेपाली काँग्रेसका प्रमुख सचेतक एवं केन्द्रीय सदस्य बालकृष्ण खाँणले आफ्नो पार्टी प्रेस स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिएको बताउनुभयो।

# मागिखाने पशुपतिमा फर्किए

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। मानवमुक्त क्षेत्र बनाउने क्रममा पशुपति क्षेत्रमा मागेर खानेलाई सुधार केन्द्रमा लगिए पनि उनीहरू पुनः सडकमै आएर माग्न थालेका छन्। पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा. मिलनकुमार थापाले पशुपति क्षेत्रमा बस्ने माग्नेहरूलाई सुधार केन्द्र वा आश्रममा लगेर राखिएकोमा त्यहाँबाट भागेर फेरि सडकमै बसेर माग्न थालेको बताउनुभयो। पशुपति क्षेत्रमा केही संस्थाले माग्नेहरूलाई दालभात खान दिने व्यवस्था गरेका कारण पनि उनीहरू फर्किएर आएका हुन्। लामो समयदेखि पशुपति क्षेत्रमा मागेर जीवन बिताइरहनुभएका सिरहा गोलबजारका राजेश साहले मीठो खान पाइने र पैसा पनि पाइने भएकाले आफूजस्तै धेरैजनाको गुजारा चलेको बताउनुभयो।

## ३८० स्थानीय...

स्थानीय तहको केन्द्रदेखि सातवटै प्रदेश राजधानीसम्म पक्की सडक सञ्जालले जोडिएपछि प्रदेशदेखि स्थानीय तहसम्म सवारी साधनको आवतजावत सहज भई सङ्घीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुने विश्वास स्थानीय पूर्वाधार विभागले लिएको छ।

विभागका महानिर्देशक ईश्वरचन्द्र मरहठ्ठाले प्रदेशदेखि स्थानीय तहको केन्द्रसम्म पक्की सडक सञ्जाल निर्माण भएपछि भौतिक र आर्थिक विकासका आधार तयार हुने, स्थानीय तहको केन्द्रदेखि प्रदेशको राजधानीसम्म लिङ्केज हुने, एक स्थानमा उत्पादन भएको वस्तु र सामान अर्को स्थानमा पुऱ्याउन सहज हुने, शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधिका क्षेत्रमा भएका ज्ञान, सीप आदानप्रदान भई अन्तर स्थानीय तहबीच आबद्धता बढ्ने बताउनुभयो।

पक्की सडक सञ्जालले नजोडिएका सातवटै प्रदेश र त्यहाँका स्थानीय तहसँग एमओयू गर्ने कार्यको शुभारम्भ चैत १ गते आइतबार भर्चुअल माध्यमबाट प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नेगरी विभागले तयारी गरेको छ। एमओयू भएसँगै सडक निर्माण कार्य औपचारिक रूपमा शुभारम्भ हुने घिमिरेले बताउनुभयो।

उहाँका अनुसार चालू आर्थिक वर्षबाट सुरु हुने उक्त कार्यक्रम पाँच वर्षभित्रमा सम्पन्न गरिसक्ने लक्ष्य सरकारको छ। सो कार्यका लागि सङ्घीय सरकारले चालू आर्थिक वर्षमा एक अर्ब रुपियाँको काम गर्नेछ। सातवटै प्रदेशमा गरी ३९९ किलोमिटर पक्की सडक सञ्जाल निर्माण हुनेछ।

१० किलोमिटरसम्मको सडकका लागि सङ्घीय सरकारले ६५ प्रतिशत, प्रदेशले १० र स्थानीय तहले २५ प्रतिशत लागत साझेदारी बेहोर्नुपर्नेछ। त्यस्तै १० किलोमिटरभन्दा बढी २० किलोमिटरसम्म सङ्घले ७०, प्रदेशले १० र स्थानीय तहले २० प्रतिशत र २० किलोमिटरभन्दा बढी लम्बाइ भएको सडकका लागि सङ्घीय सरकारबाट ७५, प्रदेशबाट १० र सम्बन्धित स्थानीय तहबाट १५ प्रतिशत लागत साझेदारीमा सडक निर्माण हुने प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधिमा उल्लेख गरिएको छ।

सडकको चौडाइ सात मिटरको हुनुपर्ने तर पहिरो जानसक्ने र वन क्षेत्र विनास हुने भए सात मिटरभन्दा केही कम पनि गर्न सकिने व्यवस्था गरिएको छ। यस आर्थिक वर्षको अन्त्यसम्ममा २० वटा सडकको निर्माण प्रक्रिया अगाडि बढ्ने विभागले अनुमान गरेको छ।

## न्यायाधीश...

न्याय सेवाका विशिष्ट श्रेणीका कर्म्रचारी, जिल्ला न्यायाधीश, न्याय सेवाका प्रथम श्रेणीका अधिकृत र कानुन व्यवसायीबाट न्यायाधीश सिफारिस गरेको हो। सिफारिसहरूको नियुक्ति भने भएको छैन। प्रधानन्यायाधीशले नियुक्ति दिने संवैधानिक प्रावधान छ।

निर्णयअनुसार न्याय सेवाका विशिष्ट श्रेणीका अधिकृतबाट नायब महान्यायाधिवक्ता नारायणप्रसाद पौडेल र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव ऋषि राजभण्डारी सिफारिस हुनुभएको छ।

जिल्ला न्यायाधीशबाट जगतनारायण प्रधान, माधवेन्द्र रेग्मी, पुरुषोत्तमप्रसाद ढकाल, विष्णु सुवेदी सिफारिस हुनुभएको छ। यसैगरी अर्जुनप्रसाद कोइराला, अमृतबहादुर बस्नेत, मोदिनीप्रसाद पौडेल पनि उच्च अदालतको न्यायाधीशमा सिफारिस हुनुभएको छ। कोइरालाको सिफारिसमा परिषद् सदस्य एवं वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्कीले फरक मत लेख्नुभएको छ। कोइरालाले हालै सुनसरी जिल्ला अदालतमा रहँदा बलात्कारसम्बन्धी एक मुद्दामा दिएको सफाइ र अन्य मुद्दाको समेत विषय जोड्नुभएको छ।

यस्तै न्याय सेवाका प्रथम श्रेणीका अधिकृतमध्ये रामेश्वर रेग्मी र ममता खनाल सिफारिस हुनुभएको छ। रेग्मी उच्च अदालत हेटौँडा इजलासमा रजिस्टार हुनुहुन्छ भने खनाल सर्वोच्चमा सह–रजिस्टार हुनुहुन्छ।

सात जना कानुन व्यवसायी पनि सिफारिस हुनुभएको छ। अधिवक्ताहरू फुर्पा तामाङ, श्रीधराकुमारी पुडासैनी, जगदीश घिमिरे, पुनम सिंह चन्द न्यायाधीशमा सिफारिस हुनुभएको छ। अधिवक्ता सागर चन्द, गणेश ठाकुर र निर्मला शाक्य पनि उच्च अदालतमा न्यायाधीश सिफारिस हुनुभएको छ।

## प्राथमिकतामा...

गाउँपालिकाले ७० लाख रुपियाँ बजेट निकासा गरेकोमा अपुग हुने भएकाले मन्त्रालयमा माग भए अनुरूप बजेट प्राप्त भएको उपाध्यक्ष गुरुङ बताउनुहुन्छ।

पदमार्गमा घोडाबाट सवार गर्ने व्यवस्था मिलाइने अध्यक्ष थापा बताउनुहुन्छ। टिकट काटेर घोडाको सवार गरिने हुँदा गाउँपालिकालाई आम्दानी हुने तथा स्थानीय युवाले रोजगार पाउने हुँदा दोहोरो फाइदा हुने विश्वासमा मिनी ग्रेटवाल निर्माण गत वर्षदेखि सुरु गरिएको अध्यक्ष थापा बताउनुहुन्छ। पदमार्ग पर्खाल तीन मिटर फराकिलो रहनेछ। मुकुन्देश्वरी डाँडामा सङ्ग्रहालय बनाउने लक्ष्य पनि राखिएको छ। गाउँपालिकाका अनुसार पदमार्ग निर्माणपछि स्थानीय युवालाई घोडा चलाउने तालिम प्रदान गरिने र पर्खाल वरपर फूलबारी निर्माण गरिनेछ।

काठमाडौँ, पोखरा र सौराहा जस्ता पर्यटकीय केन्द्रका बीचमा रहेको बन्दीपुरलाई यिनै केन्द्रहरूको पनि केन्द्रको रूपमा विकास गर्ने गाउँपालिकाको योजना छ। मिनी ग्रेटवाल निर्माणले बन्दीपुरमा आउने पर्यटकलाई थप आकर्षण हुने भएकाले बन्दीपुरमा पर्यटक थप वृद्धि हुने अपेक्षा गरिएको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले बताउनुभयो। मिनी ग्रेटवाल निर्माण नौलो काम भएकाले आकर्षक लागेको स्थानीयहरूको भनाइ छ।

बन्दै गरेको पर्खाल देख्दा आकर्षण र नेपालमै नयाँ प्रयोग गर्न लागेकाले नौलो लागेको व्यास नगरपालिका–१०, दुम्सी घर भएका शिक्षक श्रीकृष्ण आचार्यले जानकारी दिनुभयो। मिनी ग्रेटवालको सरकारले प्राथमिकता दिए ठूलो रकम विनियोजन गरेकाले स्थानीय पर्यटन व्यवसायीहरू उत्साहित भएको बन्दीपुर पर्यटन व्यवसायी समितिका सचिव वसन्त पौडेलले बताउनुभयो।

# सन्त सङ्ग्रहालयमा पूर्वाधार अभाव

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। राजगुठीअन्तर्गत कालमोचनघाटस्थित उदासी अखडाका महन्थ पुष्पदास उदासीले सन्त सङ्ग्रहालय स्थापना गर्नुभएको छ। मुलुकका साधु सन्त अखडामा रहेका अति महत्त्वका सामग्री यहाँ सङ्ग्रहित छन् तर पर्याप्त पूर्वाधार नहुँदा यो सङ्ग्रहालयलाई संस्थागत बनाउन समस्या परेको छ।

तीन सय ५० वर्ष पुरानो शिख धर्मावलम्बीको हस्तलिखित धर्मग्रन्थ सङ्ग्रहालयमा छ। यसैगरी तीन शताब्दी पुराना साधुका कुटीमा दान, दातव्य र भिक्षा भेटीका रूपमा प्राप्त भएका प्रशस्त मुद्रा पनि छन्। चाँदीका चिलिम, हुक्का, चाँद तोडा, बद्रीनाथको सुनको मूर्ति र प्रशस्त कलात्मक गरगहना पनि छन्। महन्थ पुष्पदासले यी सामग्रीलाई अखडामै सुधारिएको सङ्ग्रहालय स्थापना गरी राख्ने इच्छा व्यक्त गर्नुभयो।

उहाँले अहिले सङ्ग्रहालय काम चलाउ रूपमा साधु सन्तको लहडमा स्थापना भएको छ र यसलाई व्यवस्थित गर्न दराज बनाउन सिसायुक्त दराज बनाउनु आवश्यक रहेको बताउनुभयो।

यसैबीच महाशिवरात्रि पर्वका अवसरमा साधुले अखडाको उचित व्यवस्थापन, साधु सन्तको रोजिरोटी, बसोबास, अखडा सञ्चालनको व्यवस्थापनको कामना गर्दै कुटीमा धुनी जगाएका छन्।

“अझै जङ्गबहादुरले तोकिदिएको एक रुपियाँको दाल, चामल, नुन, तेलको खान्गी दिइने गरिएको छ। यस्तो महँगीमा त्यति रकमले साधुले अखडा कसरी सञ्चालन गर्ने ?” महन्थले गुनासो गर्नुभयो।

महाशिवरात्रि पर्व कालमोचनका वैरागी, उदासी, सन्न्यासी र नाथ अखडामा खासै उल्लासपूर्ण भएन। पिउने पानीको हाहाकार छ। राममन्दिर अखडाका सावित्री माताले पिउने पानीको पाइपलाइन समेतको उचित व्यवस्थापन नरहेको गुनासो गर्नुभयो।

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

**खाद्य प्रविधि (B.Tech.Food) प्रवेश परीक्षा २०७७ को परीक्षा केन्द्र सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा वार्षिक परीक्षा प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह खाद्य प्रविधि (B.Tech.Food Technology) विषयमा भर्ना भएका विद्यार्थीहरुको लागि २०७७ साल चैत्र ३ गते विहान ११ बजे देखि १ बजे सम्म सञ्चालन हुने प्रवेश परीक्षाको परीक्षा केन्द्र सम्बन्धी जानकारी यस अध्ययन संस्थानको website : www.tuiost.edu.np मा हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

सहायक डीन

# सडकले स्थानीयको जीवन फेरिँदै

■ सिन्धुली समाचारदाता

सिन्धुलीमाढी, फागुन २८ गते। सिन्धुलीको गोलन्जोर गाउँपालिकाको मुर्कीबैँसीका जनकबहादुर परियारको जीवन क्रमशः फेरिँदै छ। दैनिक अभाव झेलिरहने पालिकाको वडा नं. ४ का परियारको जीवनको दैनिकी फेरिएको मध्यपहाडी लोकमार्गले हो।

परम्परागत खेतीले तीन महिना जेनतेन खान पुग्ने उहाँलाई मध्यपहाडी सडक सञ्चालनसँगै गरेको तरकारी खेतीले वर्षैभरि अभाव हटेको छ। पाँच रोपनी बारीमा अहिले उहाँले तरकारी खेती लगाउनुभएको छ। सरकारी तथा गैरसरकारी निकायबाट तालिम लिएर तरकारी खेती गरेयता उहाँलाई अभाव भन्ने थाहा छैन्। कालोपत्रेसहितको फराकिलो मध्यपहाडी सडकले मेरो जीवन बदलियो, उहाँले भन्नुभयो, तरकारी खेती गरेको छु, बिक्री नहोला भन्ने चिन्ता छैन, घरमै ग्राहक आइपुग्छन्।

स्थानीयका अनुसार, बनेपादेखिका व्यापारीहरू बेमौसमी तरकारी खरिद गर्नका लागि भुवनेश्वरीको ग्वाल्टार र मुर्कीबैँसीमा पुग्ने गर्छन्। त्यसो त तरकारी मात्रै हैन, बीपी राजमार्गको खुर्कोटदेखि उदयपुरको घुर्मीसम्मको ६१ किलोमिटर मध्यपहाडी लोकमार्ग कालोपत्रे भई सञ्चालनमा आएपछि सबैभन्दा बढी होटल व्यवसाय फस्टाएको छ।

बीपी राजमार्गको पुरानो झाँगाझोली रातमाटामा होटल व्यवसाय सञ्चालन गर्दै आउनुभएका बद्री दाहालले मध्यपहाडी लोकमार्ग सञ्चालनसँगै भुवनेश्वरीको ग्वाल्टारमा शाखा बिस्तार गर्नुभएको छ। पूर्वी पहाडबाट आउने सवारी साधनलाई पायक पर्ने स्थानको छनोट गरी आफूले होटलको शाखा विस्तार गरेको उहाँले सुनाउनुभयो।

मध्यपहाडी लोकमार्गले जिल्लाको भीमेश्वर, बासेश्वर, भुवनेश्वरी, बितिजोर, डुडभञ्ज्याङ, खाङ्साङ, रत्नावती, पोखरी, महादेवडाँडा, जिनाखु,

**सडकका कारण ग्रामीण क्षेत्रमा पनि बजारीकरण हुनुका साथै सुविधासम्पन्न भौतिक संरचनाको निर्माण, सयौँ होटल तथा अन्य व्यवसायका साथै विभिन्न क्षेत्रमा रोजगारको अवसर खुलेको छ।**

ककुरठाकुरलगायतका ठाउँका बासिन्दालाई प्रत्यक्ष फाइदा पुगेको छ भने आसपासका क्षेत्रका बासिन्दाले समेत व्यापार व्यवसाय बढाएका छन्। मध्यपहाडकै ओखलढुङ्गा जोड्ने सुनकोसीमा पक्की पुल बनेपछि लोकमार्ग व्यस्त सडक बन्दै आएको छ। मध्यपहाडी लोकमार्गले विकासको ढोका खुलेको छ।

सिन्धुलीको गोलन्जोर गाउँपालिकाका अध्यक्ष पुष्पबहादुर कार्की सडकले कृषि, अर्थतन्त्र, स्वास्थ्य, शिक्षा, राजेगारका साथै जीवनस्तरमा महत्त्वपूर्ण परिवर्तन ल्याउन थालेपछि विकासका दृष्टिले वर्षौंदेखि पछि परेका, सिन्धुली, रामेछाप, ओखलढुङ्गा, उदयपुर, खोटाङ, सोलुखुम्बुलगायतका मध्यपहाडी जिल्लाको विकासका सम्भवनाको उदय भएको बताउनुहुन्छ। उहाँका अनुसार, लोकमार्गका कारण ठूल्ठूला विद्युत् आयोजनाका लागि निर्माण सामग्री ढुवानी, स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुको बजारीकरणदेखि उद्योग र रोजगारकोसम्म सम्भावना खुलेको छ।

लोकमार्गले यहाँको कृषि, स्वास्थ्य, शिक्षा अर्थतन्त्र, रोजगारी र सर्वसाधरणको दैनिकीमा समेत परिवर्तन ल्याएको छ, गाउँपालिका अध्यक्ष कार्कीले भन्नुभयो, सडकका कारण ग्रामीण क्षेत्रमा पनि बजारीकरण हुनुका साथै सुविधासम्पन्न भौतिक संरचनाको निर्माण, सयौँ होटल तथा अन्य व्यवसायका साथै विभिन्न क्षेत्रमा रोजगारको अवसर खुलेको छ। लोकमार्गसँग जोडेर घर–घरसम्म कृषि सडक निर्माण भएपछि तरकारी तथा फलफूल खेती र गाईभैँसीपालनमा किसानहरू लागेका छन्।

पाँच वर्षअघिसम्म नुन, तेल, खाद्यान्नलगायतका सामग्री एकदिनको पैदलबाटो बोकेर ल्याउने गरेको भुवनेश्वरीका गणेश थापाको स्मरण ताजै छ। चाडबाडलगायत अन्य समयमा सामानको भारी ल्याउँदा दुःखेको थाप्लोको डाम अझै मेटिएको छैन, यसरी सरर मोटरमा आउन पाइएला भन्ने कसलाई लागेको थियो र !, उहाँले भन्नुभयो, अब किसानका हितमा काम गर्नसके समृद्धितिर अगाडि बढिन्छ।

## जोखिम वर्गका लाभग्राहीको घर पुनर्निर्माण

■ दोलखा समाचारदाता

चरीकोट, फागुन २८ गते। दोलखामा १०७ वटा जोखिम वर्ग लाभग्राही सूचीमा परेकाहरूको घर पुनर्निर्माण भइरहेको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सूचीकृत भएका र स्थानीय तहको सिफारिसमा ती घरहरू पुनर्निर्माण भइरहेको जिल्ला आयोजना कार्यान्वयन एकाइ (भवन)का सूचना अधिकारी अनन्त पौड्यालले जानकारी दिनुभयो।

उहाँका अनुसार, एकल, विपन्न, वृद्ध, अपाङ्गता भएका, आर्थिकस्तर कमजोर, दीर्घ रोगी, पहिरोपीडितलगायतका सामाजिक रूपमा पछि परेका व्यक्ति लक्षित वर्ग हुन्।

सामाजिक परिचालकले यस्ता व्यक्ति पहिचान गर्ने र घुम्ती डकर्मीले श्रमदान गरी जोखिम वर्ग लाभग्राहीहरूको घर बनाइनेछ। घरलाई लाग्ने सामग्री भने घर धनीले व्यवस्था गरिदिनुपर्ने प्रावधान रहेको छ।

पछिल्लो समयमा सुरु भएको अभियान भए पनि १०७ वटामध्ये ७१ वटा घर निर्माण सम्पन्न भएका छन्। ३६ वटा निर्माणाधीन अवस्थामा रहेका छन्। जोखिम वर्गका लाभग्राही सूचीमा परेकाहरूको भीमेश्वर नगरपालिकामा १३, जिरी नगरपालिकामा १३, गौरीशङ्करमा नौ, बिगुमा १०, मेलुङमा १०, वैतेश्वरमा १५, तामाकोसीमा १०, कालिञ्चोकमा १३ र सैलुङमा १४ वटा घर बन्ने भएको छ।

# ऐतिहासिक क्षेत्रको संरक्षणमा सेना



जीर्णोद्धारपछि देखिएको ऐतिहासिक दुगुनागढी। नेपालका फौजहरू दुगुनागढीबाटै तिब्बतसँग लडाइँ लडेका थिए।

■ चौतारा समाचारदाता

चौतारा, फागुन २८ गते। ऐतिहासिक पदमार्गहरू, कोट, गढी तथा किल्लाहरूको पहिचान र संरक्षणमा नेपाली सेना जुटेको छ।

नेपाली सेनाले देशका सामरिक महत्त्व राख्ने ऐतिहासिक स्थलहरूको संरक्षण गरिरहेको बताउँदै यसको प्रचारमा जुटेको जनाएको छ। गढी तथा किल्लाहरूको सरसफाइ, संरक्षणसँगै प्रचारमा समेत प्राथमिकता दिइएको नेपाली सेना गोरख बक्स गण चौताराका प्रमुख सेनानी निर्मलकुमार श्रेष्ठले जानकारी दिनुभयो।

पछिल्लो पटक सेना दिवसमा नेपाली सेना गोरखबक्स गणको अगुवाइमा दुगुनागढी माउन्टेन ट्रेल दौड गरी गढीको प्रचारका काम सुरु गरिएको गणले जनाएको छ।

सिन्धुपाल्चोक जिल्लामा ऐतिहासिक पदमार्ग, दगुनागढी, साँगाचोकगढी र लिस्तीकोट रहेका छन्। तीन जिल्लाका १० स्थानलाई प्रमुख क्षेत्रका रूपमा सेनाले संरक्षण र प्रवर्द्धन गर्न सुरु गरेको गणपति श्रेष्ठले जानकारी दिनुभयो।

नेपाल तिब्बतबीच पहिलो पटक सन् १७८८, दोस्रो पटक १७९२ र तेस्रो पटक सन १९८५ मा भएको युद्धको बेला लिस्तीमाइको दर्शन गरेर नेपालका फौजहरू दुगुनागढीबाटै तिब्बतसँग लडाइँ लडेकाले दुगानगढीलाई ऐतिहासिक किल्लाका रूपमा लिने गरिएको छ।

संरक्षित स्थलहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनको वातावरण तयार गर्ने, विद्यार्थीहरूलाई शैक्षिक भ्रमण गराई पुस्तान्तरण गर्ने, इतिहासका बारेमा अध्ययन अवलोकन गराउने, विद्यालयमा बालबालिकाहरूलाई जानकारी गराउने र होर्डिङबोर्ड राख्नेलगायतका कार्य गरिएको छ।

नेपाली सेनाले देशभर ऐतिहासिक पदमार्ग, कोट, गढी तथा किल्लाहरूको पहिचान र संरक्षण गरिरहेको छ। नेपाली सेनाको एकीकरण मार्ग कार्यक्रमअन्तर्गत ऐतिहासिक गढी तथा सैनिक मार्गहरूको संरक्षण र सैनिक नागरिक सम्बन्धलाई सुदृढ बनाउने उद्देश्यले दुगुनागढीमा प्रतीक्षालय, स्टिलको पोलसहितको कमाण्ड पोष्टको निर्माण गरी जीर्णोद्धार गरिएको छ। नेपाली सेना गोरखबक्स गणले जिल्लाका ऐतिहासिक क्षेत्रको संरक्षण र प्रचारमा दुगुनागढी माउन्टेन ट्रेल रेसलाई अब अर्को वर्षदेखि निरन्तरता दिने सेनाले जानकारी दिएको छ।

# आँखाका रोगीले पाए निःशुल्क उपचार




रामेछाप सदरमुकाम मन्थलीस्थित तामाकोसी अस्पतालमा आयोजित तीनदिने आँखा शिविर।

■ रामेछाप समाचारदाता

रामेछाप, फागुन २८ गते। रामेछाप सदरमुकाम मन्थलीमा सञ्चालित तीन दिने आँखा शिविरमा २२८ जनाको निःशुल्क उपचार गरिएको छ। तिलगङ्गा आँखा अस्पताल काठमाडौँ र जिल्ला सामुदायिक आँखा केन्द्रको सहकार्यमा तामाकोसी अस्पतालमा सञ्चालन भएको आँखा शिविरमा मोतिबिन्दुको शल्यक्रिया गरिएको हो।

शिविरमा ५७६ जनाको आँखाको परीक्षण गरिएको तामाकोसी अस्पतालका निर्देशक गोविन्दप्रसाद घिमिरेले बताउनुभयो। आँखाको उपचार गर्न ग्रामीण भेगबाट आएका कोही आफन्त नभएका र बस्ने ठाउँ नभएका बिरामीहरूको खाने बस्ने व्यवस्थापन तामाकोसी अस्पतालले गरेको निर्देशक घिमिरेले बताउनुभयो। संस्थाले विगतका वर्षमा जस्तै यस वर्ष पनि गाउँगाउँमा आँखा जाँच गराएर शल्यक्रिया गर्नुपर्ने बिरामीहरू छनोट गरी शिविर आयोजना गरेर ती बिरामीलाई निःशुल्क उपचार गरेको हो।

## भारतले सांस्कृतिक सम्पदा बनाइदिने

■ सिन्धुपाल्चोक समाचारदाता

सिन्धुपाल्चोक, फागुन २८ गते। भारत सरकारले २०७२ सालको विनाशकारी भूकम्पले ध्वस्त हेलम्बु गाउँपालिकाको दुई बस्तीका सांस्कृतिक सम्पदा पुनर्निर्माण गरिदिने भएको छ। साथै ललितपुर जिल्लाको एक सांस्कृतिक सम्पदाको पनि भारत सरकारले पुनर्निर्माण गरिदिने भएको हो।

भारत सरकारले हेलम्बु र ललितपुरमा २४ करोड ६० लाख लागतमा सांस्कृतिक सम्पदा पुनर्निर्माण गरिदिन लागेको जनाएको छ।

हेलम्बु गाउँपालिकाको सुलिभ्याङ गुम्बा र शेर्माथान गुम्बा तथा ललितपुरको ज्येष्ठ वर्ण महाविहार पुनर्निर्माण गर्नेछ। भारतीय राजदूतावासको विकास साझेदारी तथ पुनर्निर्माण प्रभागका प्रमुख केएम प्रफुल्लचन्द्र शर्मा तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका केन्द्रीय परियोजना कार्यान्वयन एकाइ (भवन) का अधिकारीबीच सम्झौता पत्रमा केही दिनअघि हस्ताक्षर भएको छ।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले सांस्कृतिक सम्पदाका दुई गुम्बाका पुनर्निर्माण छिट्टै हुने बताउनुभयो। हेलम्बु गाउँपालिकामा दर्जनौँ गुम्बा र पर्यटकीय क्षेत्र रहेको भन्दै उहाँले ती सबैको पुनर्निर्माण गरिने जानकारी दिनुभयो। पुनर्निर्माण गर्न दाताको खोजी गरिरहेका छौँ, अध्यक्ष शेर्पाले भन्नुभयो, गाउँपालिकाले विभिन्न स्रोतबाट सम्पदाको पुनर्निर्माण गरिनेछ।

# ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनलाई जरिवाना

■ रामेछाप समाचारदाता

रामेछाप, फागुन २८ गते। जिल्ला ट्राफिक प्रहरी रामेछापले आठमहिनाको अवधिमा एक करोड आठ लाख रुपियाँभन्दा बढी राजस्व सङ्कलन गरेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी सहायक निरीक्षक रामेश्वर पाण्डेले ट्राफिक नियमविपरीत सञ्चालन भएका सवारी तथा ढुवानीका साधन कारबाहीबाट चालू आर्थिक वर्ष २०७७/०७८को फागुन महिनासम्म एक करोड आठ लाख ३८ हजार रुपियाँ राजस्व सङ्कलन भएको बताउनुभयो।

उहाँका अनुसार, यो अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने १० हजार नौ सय सवारी तथा ढुवानीका साधन कारबाहीमा परेका छन्। तोकिएभन्दा बढी भाडा लिने, चालक अनुमतिपत्र बिनै सवारी चलाउने, मादकपदार्थ सेवन गरी सवारी चलाउनेहरू बढी मात्रामा कारबाहीमा परेको उहाँको भनाइ छ।

ट्राफिक व्यवस्थापनलाई थप कडाइ गरिएसँगै अहिले सवारी र ढुवानीका साधनका चालकले ट्राफिक नियमको पालनासहित लाइसेन्सदेखि आवश्यक सबै कागजपत्र अनिवार्य बोक्न थालेका छन्, ट्राफिक प्रमुख पाण्डेले भन्नुभयो।

जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक नवराज ढुङ्गानाले जिल्लामा ट्राफिक व्यवस्थामा गरिएको कडाइका कारण अघिल्ला वर्षको तुलनामा यो वर्ष दुर्घटना निकै कम भएको बताउनुभयो।

सडक विस्तारसँगै जिल्लामा सवारी तथा ढुवानीका साधनको चाप बढ्दो मात्रामा छ, यसबाट हुनसक्ने दुर्घटनालाई मध्यनजर गरी जिल्लाको ट्राफिक व्यवस्थापनमा थप कडाइ गरेका हौँ प्रहरी प्रमुख ढुङ्गानाले भन्नुभयो। राजस्व धेरै उठ्यो भन्ने भन्दा पनि गल्ती गर्नेले कारबाही भोग्यो भन्ने कुरालाई आत्मसाथ गर्दै जिल्लाको ट्राफिक व्यस्थापनलाई थप व्यवस्थित र सुरक्षित बनाउने अभियानमा आफूहरू लागेको उहाँको भनाइ छ।

जिल्लामा ट्राफिक प्रहरीले गत आर्थिक वर्ष २०७६/०७७ मा ट्राफिक नियमविपरीत सञ्चालन भएका ७२ सय ५० सवारी कारबाहीबाट जम्मा ५२ लाख ५० हजार रुपियाँ राजस्व सङ्कलन गरेको थियो।

# मातृभूमि राष्ट्रिय पुरस्कार नाट्यकर्मी पोखरेललाई प्रदान

■ मकवानपुर समाचारदाता

हेटौँडा, फागुन २८ गते। मातृभूमि साहित्य समाज मकवानपुरले विभिन्न १४ विधामा स्रष्टाहरूलाई सम्मान गरेको छ। संस्थाले शुक्रबार हेटौँडामा बृहत् साहित्यिक तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गरी नाट्यकर्मी सुनील पोखरेल र निशा शर्मा पोखरेललाई सम्मान गरिएको हो।

वरिष्ठ साहित्यकार तुलसी थापाले २५ हजार रुपियाँ राशिको मातृभूमि राष्ट्रिय पुरस्कार २०७७ नाट्यकर्मी सुनील पोखरेल र निशा शर्मा पोखरेललाई संयुक्त रूपमा प्रदान गर्नुभएको थियो।

केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कार २०७७ बाट पत्रकार सुवर्णलाल श्रेष्ठलाई सम्मान गरिएको छ। सात हजार पाँच सय रुपियाँ राशिको पुरस्कारसहित श्रेष्ठ सम्मानित हुनुभएको छ।

मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष माधव पोख्रेलको अध्यक्षतमा भएको कार्यक्रममा २० हजार रुपियाँ राशिको नित्य गोविन्द स्मृति–मातृभूमि सङ्गीत पुरस्कार मकवानपुरका बाबु क्षेत्रीलाई प्रदान गरिएको छ।

यस्तै, ईश्वरी स्मृति–मातृभूमि पुरस्कार, २०७५ बाट चितवनका गजलकार पुष्प अधिकारी, ईश्वरी स्मृति–मातृभूमि पुरस्कार,२०७६ बाट जनकपुरको मिथिला नाट्यकला परिषद्, श्याम श्रेष्ठ स्मृति–मातृभूमि पुरस्कार २०७६ बाट वीरगञ्जका समाजसेवी राजकुमार सिंघी र होमनाथ वलदेवी–मातृभूमि छन्द साहित्य सम्मान २०७७ बाट चितवनका साहित्यकार केशवराज आमोदी सम्मानित हुनुभएको छ।

# अग्निपीडितलाई सिन्धुपाल्चोकको सहयोग

■ सिन्धुपाल्चोक समाचारदाता

सिन्धुपाल्चोक, फागुन २८ गते। ताप्लेजुङमा फागुन १८ गते भएको भीषण आगलागीबाट पीडितहरूलाई सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिकाले सात लाख २५ हजार रुपियाँ सहयोग गरेको छ।

आगलागी भएको ताप्लेजुङ जिल्लाको मेरिङ्देन गाउँपालिका दोभान बजारमा पुगेर सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिकाका जनप्रतिनिधिले बिहीबार ५७ अग्निपीडित घरपरिवारलाई १२ हजार पाँच सयका दरले नगद सहयोग गरेको सुनकोसी गाउँपालिकाका अध्यक्ष श्रवणकुमार जीसी 'बिनोद'ले जानकारी दिनुभयो।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले सहयोग रकम हस्तान्तरण गर्नुभएको थियो। काँग्रेसका सभापति शेरबहादुर देउवाको निर्देशनमा काँग्रेसका तर्फबाट केही दिनमा ताप्लेजुङका अग्निपीडितलाई नगद छ लाख सहयोग गर्ने वचनबद्धता पूर्वसञ्चारमन्त्री बस्नेतले गर्नुभयो। बस्नेतले अग्निपीडित एक जना विद्यार्थीलाई राजधानीमा लगेर निजी कलेजमा १२ कक्षासम्म आफैँले पढाइदिने बताउनुभयो।

सुनकोसी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष रामकुमार थापाले ताप्लेजुङका जनता आगलागीबाट सर्वस्व गुमाएको पीडाले सिन्धुपाल्चोकलाई दुखेकाले सहयोग गर्न आएको बताउनुभएको थियो।


नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**छात्रवृत्ति शाखा**
**केशरमहलको**
**अत्यन्त जरूरी सूचना**

सूचना प्रकाशित मितिः २०७७/११/२९

काठमाडौं फरेष्ट्री कलेज प्रा.लि.बाट यस वर्ष २०७७ को लागि प्राप्त **M.Sc. in Natural Resources Management and Rural Development** विषयको छात्रवृत्तिमा दरखास्त दिएका उम्मेदवारहरूको योग्यताक्रम सूची तथा पूर्वमनोनयन गरिएको सम्बन्धी विस्तृत सूचना शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट : www.moest.gov.np हेर्नु हुन सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेपश्चात् "वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड" कायम भएको बारेमा**
**सार्वजनिक सूचना**

यस बैंकको सञ्चालक समितिको निर्णयानुसार साविकको इजाजतपत्र प्राप्त **वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**ले इजाजतपत्र प्राप्त वित्तीय संस्था **ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड**लाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी गाभेपश्चात् मिति २०७७/१२/०३ मंगलबारका दिनदेखि साविकका दुबै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "**वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**" को नामबाट एकीकृत कारोबार सञ्चालन हुने भएकोले "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन, २०७५)" को विनियम ११ को उप-विनियम (७) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
बालुवाटार, काठमाडौं।

**सूचना**

कोषको पुरानो सफ्टवेयरमा रहेको डाटा (तथ्याङ्क) नयाँ वेब बेस्ड NLK WBS System मा माइग्रेसनको कार्य भई रहेको हुनाले मिति २०७७ चैत १, २ र ३ गते गरी ३ दिन राष्ट्सेवक कर्मचारी सावधिक जीवन बीमा (सैनिक तर्फ) कोषको सेवाग्राहीहरूलाई सेवा दिन असमर्थ भएको व्यहोरा अनुरोध छ। साथै, मिति २०७७।१२।०४ देखि पुनः सेवा सूचारू हुने व्यहोरा समेत जानकारी गराइन्छ। यसबाट सेवाग्राहीहरूलाई पर्न गएको असुविधा प्रति कोष क्षमाप्रार्थी छ।

**नागरिक लगानी कोष**
**केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं**
**P.O. Box. :** 5823, **Tel :** 977-4785319/
4785325/4784298/4785321
**Website** : ww.nlk.org.np

नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
**सिंहदरबार, काठमाडौँ**
**गोप्य शिलबन्दी, प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना।**

**सूचना प्रकासन मिति :- २०७७।११।२९**

यस मन्त्रालयको आ. व. ०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**खेलकुद सूचना व्यवस्थापन प्रणाली विकास**" कार्यन्वयनको लागि सफ्टवेयर निर्माण गर्नुपर्ने भएकाले इच्छुक फर्म र कम्पनिले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस मन्त्रालयबाट प्राविधिक तथा आर्थिक प्रस्ताव फारम बुझी लिनुभई १६ औं दिन, दिनको १२:०० बजे भित्रमा प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गरिसक्नु हुन र दर्ता भएका प्राविधि प्रस्तावहरु सोहि दिन दिनको १:०० बजे खोलिने छ। यस सम्बन्धि विस्तृत जानकारीका लागि यस मन्त्रालयको वेभसाईट www.moys.gov.np मा हेर्न वा मन्त्रालयको फोन नं. ०१-४२००५५० मा सम्पर्क गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
**प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**
**प्रकाशित मिति २०७७।११।२९**

यस केन्द्रको आ ब २०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत "**बन क्षेत्र बाहिरको बाँसको श्रोत सर्वेक्षण** " RFP no. *(FRTC/QCBS/2077/078/FSCM/03)* कार्य संपन्न गर्न आशय पत्र पेस गर्ने मध्ये संछिप्त सुचिमा परेका सेवा प्रदायक संस्थाहरु संग प्रस्ताव माग गरी प्राप्त प्रस्ताब गुणस्तर र लागत (Quality and cost Based) बिधि बाट मूल्याङ्कन गर्दा श्री Genesis Consultancy (P). Ltd. शाइ मार्ग ललितपुर (कबुल रकम रु१२३१६०४४.०० भ्याट बाहेक) सारभुत रुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्वजिनक खरिद ऐन २०६३, दफा ३८ को प्रयोजनार्थ जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**संघीय संसद सचिवालय**
**बरबुझारथ गर्ने सम्बन्धी सूचना**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७५/१२/०२ को निर्णय तथा यस सचिवालयको मिति २०७५/१२/१२ को पत्रानुसार प्रदेश निजामती सेवाको पदमा रही प्रदेश नं. २ मा समायोजन भई जानुभएका तपाई श्री रंजितकुमार यादव (क.सं.नं. २०५३५९) ले मिति २०७५/०३/१५ मा समायोजनको पत्र लिई मिति २०७५/०४/०१ देखि लागू हुने गरी रमाना पाउँ भनी निवेदन दिएकोमा तपाईंको नाममा बुझाउन बाँकी यस सचिवालयको नगदी एवं जिन्सी रहेको देखिएकाले उक्त सामान बरबुझारथ नभएको हुँदा सचिवालयको मिति २०७७/०२/०१ को निर्णयानुसार तपाईंको नाममा रहेको नगदी, जिन्सी र पेस्की समेत बुझाई अविलम्ब रमाना लिन आउनु भनी मिति २०७७/०२/०१ मा तपाई, तपाई कार्यरत कार्यालय प्रदेश सभा सचिवालय, प्रदेश नं. २ जनकपुरधाम र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ जनकपुरधाममा पत्राचार भएकोमा तपाईंबाट उक्त बरबुझारथ सम्बन्धी कार्य नभएकाले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र यस सचिवालयमा बरबुझारथ गरी रमाना लिन आउनको लागि सचिवालयको मिति २०७७/११/२५ को महासचिवस्तरीय निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४४ तथा अन्य प्रचलित कानून बमोजिमको कारबाही अगाडि बढाइने व्यहोरा समेत अनुरोध गरिन्छ।

काम पूरा नभएसम्म
त्यो असम्भव प्रतीत हुन्छ ।
- नेल्सन मण्डेला



# मिडिया र एजेण्डा सेटिङ

**मिडियाको सार्वजनिक कार्यसूची तय गर्न सक्ने भूमिकाका कारण व्यापारिक, राजनीतिक, कूटनीति वा अन्तर्राष्ट्रिय सञ्जालको सफलताका लागि मिडियाको सहयोगलाई अपरिहार्य ठान्ने गरिन्छ ।**



डा. कुन्दन अर्याल




उत्तरआधुनिक विश्वमा सार्वजनिक महत्त्वका यावत् विषयलाई मिडियाको आँखाले अवलोकन गर्ने चलन सर्वव्यापी छ । जसले गर्दा आममानिस धारणा र दृष्टिकोण तय गर्दा वा कुनै व्यवहार आवलम्बन गर्दा जानेर वा नजानेर आमसञ्चारका माध्यमहरूबाट प्रभावित भइरहेको हुन्छ । सचेत मानिस आफ्नै सामान्य ज्ञान वा अवलोकनका आधारमा मिडियाको अन्तर्वस्तुको फिल्टर गर्न (छान्न) सक्षम हुन्छन् । तर आजका सर्वव्यापी मिडिया विश्वका कुनै पनि कुनामा आर्थिक सामाजिक वा राजनीतिक क्षेत्रलाई आकार प्रदान गर्न धेरै वा थोरै सक्षम देखिँदै आएका छन् । पत्रपत्रिका, रेडियो, टेलिभिजन वा अनलाइनबाट भइरहेका पत्रकारिताका अतिरिक्त पुस्तक, फिल्म, सङ्गीत आदि आमसञ्चारका अनेक माध्यम विश्वभरि नै आममानिसका दैनिकीसँग अन्योन्याश्रित रूपमा जोडिएका छन् । त्यसैले सन् १९६० दशकमा एक फ्रान्सिसी दार्शनिक गाय डिवोर्डले उत्तरआधुनिक समाजलाई चस्माको समाज भनेका थिए । उनले विविध किसिमका मिडियाको अस्तित्व भएको समाजमा मानिसमा आफ्नै आँखाले देखेको भन्दा पनि मिडियाको चस्मा लगाउँदा देखिएको कुरा पत्याउने प्रवृत्तिलाई औँल्याएका छन् ।

मिडियाको सार्वजनिक कार्यसूची तय गर्न सक्ने भूमिकाका कारण व्यापारिक, राजनीतिक, कूटनीति वा अन्तर ाष्ट्रिय सञ्जालको सफलताका लागि मिडियाको सहयोगलाई अपरिहार्य ठान्ने गरिन्छ । तर एजेण्डा सेटिङ (विषय स्थापना) को प्रयत्न सधैँ सफल हुँदैन । त्यसको सफलताका केही पूर्वसर्त पूरा गरिनु पर्छ । ती पूर्वसर्तहरू बारेमा बुझ्न दुईवटा प्रश्नअघि सार्न सकिन्छ । पहिलो, मिडियाको एजेण्डा सेटिङ भूमिका प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने तत्त्वहरू के–के हुन् ? दोस्रो, मिडिया एजेण्डा, सार्वजनिक एजेण्डा र नीति एजेण्डाजस्ता एजेण्डा सेटिङ प्रक्रियाका तीन प्रमुख अवयवहरूबीचको फलदायी समन्वय कसरी कायम गर्न सकिएला ?

विख्यात सञ्चार विज्ञ मक्वायलले एजेण्डा सेटिङलाई योजनाबद्ध वा वाञ्छित र अल्पकालीन असरका रूपमा व्याख्या गर्नुभएको छ । उहाँका अनुसार कार्यसूची निर्क्योल वा एजेण्डा सेटिङ यस्तो प्रक्रिया हो, जसबाट कुनै खास घटना, व्यक्ति वा मुद्दाका विषयमा समाचार वा समाचारजन्य सामग्रीमा तुलनात्मक रूपमा बढी स्थान वा समय उपलब्ध गराइन्छ, महत्त्वलाई उजागर गरिन्छ । मिडियाको त्यस्तो प्रस्तुतिको विस्तारका रूपमा सार्वजनिक नीतिको तर्जूमा हुने गर्छ । तर जनमतद्वारा मुखरित नभएको वा जनभावनाका रूपमा मान्यता नपाएको अमूक विषयमा मिडियाले निहित स्वार्थका लागि अघि सारेको एजेण्डा भने पब्लिक एजेण्डामा रूपान्तरित हुन सक्दैन । त्यस्तो एजेण्डा पोलिसी (नीति) एजेण्डासँग एकाकार हुन सक्दैन । अर्कोतिर, जनतालाई निराश हुन नदिन आर्थिक–सामाजिक सवालका साथै लोकतान्त्रिक हकअधिकारको उपयोग वा न्यायको पहुँचमा उत्पन्न व्यवधान, लोककल्याण सम्बन्धी संवैधानिक र कानुनी प्रावधानको कार्यान्वयनमा देखिएका ढिलासुस्तीजस्ता मुद्दाहरूमा भने एजेण्डा सेटिङ गर्न सकिन्छ । अनि, अपेक्षित परिणाम पनि हासिल गर्न सकिन्छ ।

राजनीतिमा चासो राख्ने पत्रकारले राजनीति सम्बन्धी रिपोर्टिङ वा विश्लेषणमार्फत सार्वजनिक नीतिसम्बन्धी बहसमा पनि भाग लिइरहेको हुन्छ भन्ने मानिँदै आएको छ । यसमा कुनै मतैक्य छैन, राजनीतिले जनताको दैनन्दिनको जीवनमा असर पार्ने भएकाले नै बृहत रूपमा हेर्दा राजनीति पत्रकारिताको मूल विषय बन्न पुगेको हो । राज्य सञ्चालनका विविध जिम्मेवारीमा रहेका व्यक्तिहरूले गर्ने निर्णयले हरेक नागरिकको जीवनमा प्रभाव पार्दछ । सिद्धहस्त पत्रकारहरू भन्छन्, करमा कटौती वा वृद्धि, राहतको घोषणादेखि अनेक सार्वजनिक महत्त्वका घटना वा निर्णय ठूला–ठूला समाचार हुन्, जनताको मूल चासो त्यस्तै विषयहरूमा हुने गर्छ । प्रायः यस्तै–यस्तै परिणामात्मक पक्षहरूमा पत्रकारहरूको ध्यान केन्द्रित हुने गरेको देखिन्छ ।

आजको युगमा मिडियाले जे प्रसार गर्‍यो त्यही जस्ताको त्यस्तै पत्याउँछन् भन्ने दोस्रो महायुद्धअघिको सिद्धान्त पुरानो भइसक्यो । तर आज पनि मिडियाले आममानिसलाई के–के विषयमा सोच्न जरुरी छ भन्ने छाप पार्न सक्छ । त्यसैले मिडियाले जे–जे विषयलाई बढी महत्त्व दियो, त्यही–त्यही विषयमा मानिसको ध्यान जानु आजको युगमा पनि स्वाभाविकै हो । एजेण्डा सूचीको अवधारणा यही आधारमा विकसित भएको हो । केही विज्ञहरूले एजेण्डा सेटिङलाई राजनीतिक–सामाजिक मुद्दाको पक्षमा वकालत गर्नेहरूबीच मिडियाको ध्यानाकर्षणका निम्ति प्रतिस्पर्धात्मक रूपमा निरन्तर चलिरहने प्रक्रियाका रूपमा परिभाषित गरेका छन् । जनसरोकार जुन मुद्दामा ध्यानाकर्षण गराउन कुनै अभियन्ता वा समूह सक्रिय देखिन्छ, त्यही मुद्दाले महत्त्व पाउँछ भन्ने निष्कर्ष निकाल्दै उनीहरूले पत्रकारितामार्फत कार्यसूची निर्क्योल गरिएका अनेक उदाहरण प्रस्तुत गरेका छन् । सन् १९७० अघि संयुक्त राज्य अमेरिकामा धूमपान ठूलो सामाजिक समस्याका रूपमा थियो । तर त्यसपछिको २५ वर्षमा धूमपानविरुद्धको अभियान एकैपटक सार्वजनिक कार्यसूची, मिडियाको कार्यसूची र नीति कार्यसूचीका रूपमा सतहमा आयो । लगत्तै तीनै किसिमको कार्यसूची एकै ठाउँमा सम्मिलन भएकै कारण धूमपान प्रचलन पहिलेको तुलनामा निकै घट्न गयो ।

मिडियाको कार्यसूची निर्क्योल गर्ने भूमिका सार्वजनिक कार्यसूची र नीतिगत कार्यसूचीसँग समाहित हुन सकेको खण्डमा उल्लेखनीय परिवर्तन हुन सक्छ । यस सन्दर्भमा दुई अध्येता डियरिङ र रोजर्सभन्नुहुन्छ : केवल आफ्नो उद्देश्य पूर्तिका लागि मिडिया व्यक्तित्व र संस्थाहरूले गर्न चाहेको एजेण्डा सेटिङ प्राय असफल भएका छन् । त्यसैले भनिएको हो, जनता आफैँले भोगेको अवस्थालाई मिडियामा पढेको, देखेको र सुनेको कुरासँग तुलना गरेपछि मात्र कुनै पनि मुद्दाका सम्बन्धमा अर्थ ग्रहण गर्छन् । डियरिङ र रोजर्सका अनुसार एजेण्डा सेटिङ प्रक्रिया मिडिया एजेण्डा, पब्लिक एजेण्डा र पोलिसी एजेण्डा अनि यी किसिमका कार्यसूचीबीचको अन्तरसम्बन्धबाटै निर्दिष्ट हुने गर्छ । तसर्थः जनतासँगको सम्बन्धलाई महत्त्व दिने, आमजनताका सवाललाई बुझ्न सक्ने वा जनमतको कदर गर्न सक्ने आमसञ्चार माध्यमले मात्र प्रभावकारी रूपमा एजेण्डा सेटिङमा सफलता प्राप्त गर्न सक्छन् ।

भनिन्छ, मिडिया एजेण्डामा अन्तरनिहित सारले नै पाठक, दर्शक वा स्रोतालाई कुनै खास विषयमा सोच्न बाध्य पार्दछ । यस सन्दर्भमा सञ्चार विज्ञ म्याकम्व त अझ अघि बढेर भन्नुहुन्छ : समाचारले हामीलाई के सोच्ने भन्ने मात्र बताउँदैन, त्यसले खास विषयमा कसरी सोच्ने भन्ने समेत बताउँछ । त्यसैले अर्का दुई अध्येता सेभेरिन र टान्कार्ड भन्नुहुन्छ : एजेण्डा सेटिङ कुनै पनि सामाजिक मुद्दाका सम्बन्धमा आममानिसको धारणा आमसञ्चार माध्यमका सामग्रीबाट प्रभावित हुन्छ भन्ने अवधारणामा अडेको छ । यस सम्बन्धमा उहाँहरू अझ प्रष्ट पार्दै भन्नुहुन्छ : अब एजेण्डा सेटिङको अवधारणा एजेण्डा विल्डिङमा रूपान्तरित हुनुपर्छ, जहाँ मिडिया, सरकार र सार्वजनिक प्रभावको संयुक्त प्रक्रियामा खारिएपछि कुन मुद्दालाई महत्त्वपूर्ण मान्ने भन्ने विषयमा टुङ्गो लाग्छ । नेपालको विद्यमान संविधानको धारा १९ले अभिव्यक्ति स्वतन्त्रता र निर्बाध सूचना प्रवाहको प्रत्याभूति गरिसकेपछि लोकतान्त्रिक अधिकारका सम्बन्धमा सैद्धान्तिक मतभेद कायम रहेको छैन । राष्ट्रिय आमसञ्चार नीति (२०७३) ले संविधानकै मर्मअनुसार राष्ट्रिय हित र राष्ट्रिय एकताको प्रवर्द्धनद्वारा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समृद्ध समाजको निर्माणमा अग्रसर सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने ध्येय अघि सारेको छ । सञ्चार नीतिले मुलुकले अपनाएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै जनताको जीवनस्तर उठाउन सहयोगी माध्यमका रूपमा सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने परिकल्पना अघि सारेको छ । त्यसैले अब नेपाली मिडियाले समाजमा आफूप्रतिको निर्भरता अझ बढाउन सक्छन् । त्यसका लागि मिडियाले जनताका पीरमर्का हटाउन सहयोगी हुने विषयमा एजेण्डा सेटिङका लागि भूमिका निर्वाह गर्न सक्छन् ।

विभिन्न कालखण्डमा समाजमा आमसञ्चार माध्यमको प्रभावका सम्बन्धमा अध्ययन हुँदै आएको छ । तर प्रभावको तीव्रता वा प्रकृतिका सम्बन्धी धारणामा बहस हुँदै आएको भए पनि आमसञ्चार माध्यमको प्रभाव हुन्छ भन्ने विषयमा कुनै विमति छैन । त्यसैले नै मिडियाको प्रभाव लोकतान्त्रिक प्रक्रियाको प्रवर्द्धनका निम्ति सदुपयोग हुनुपर्छ भन्ने आग्रह व्यापक हुन गएको हो । अतः लोकतान्त्रिक संस्कृतिको विकास र सुदृढीकरणका निम्ति आमसञ्चार माध्यमको कार्यसूची प्रत्यारोपणको भूमिका प्रभावकारी हुनका निम्ति विधि, वातावरण र वाहक वा व्यवहार तीनवटै पक्ष अनुकूल हुन आवश्यक हुन्छ । आमसञ्चार माध्यम लोकतान्त्रिक संस्कृतिको विकासको वाहक बनेको देख्न चाहने हो भने पत्रकार हरूलाई सामाजिक सरोकार र जनहितका महत्त्वपूर्ण विषयमा प्राथमिकता प्रदान गर्न अभिप्रेरित गर्नै पर्छ । जनताको दैनन्दिनको जीवनलाई प्रभाव पार्ने, जहाँ हामी भन्न सकौंन्यूज यू क्यान यूज (समाचार तपाईंले प्रयोग गर्नसक्नु हुन्छ ।) । जति परिमाणमा त्यस्ता सामग्री प्रसारण वा प्रकाशन गर्न सकिन्छ, त्यति नै परिमाणमा एजेण्डा सेटिङको भूमिका सकारात्मक र प्रभावकारी हुन सक्छ ।

आमसञ्चार माध्यमले कार्यसूची निर्क्योल गर्ने भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सकेको खण्डमा जनतालाई सशक्त, लोकतान्त्रिक प्रक्रियालाई सहज र सरकारलाई जवाफदेही बनाउन सक्छन् । तर पत्रकारहरूको एजेण्डा सेटिङ पहल आमजनताका दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने दिशातर्फ प्रेरित भएको खण्डमा मात्र त्यस्तो प्रभावकारी र सकारात्मक परिणामको अपेक्षा गर्न सकिन्छ । आजको सन्दर्भमा मिडियासम्बन्धी वाम–लोकतान्त्रिक अवधारणाअनुसार खुला तर सबै वर्ग वा तहका जनताको विश्व दृष्टिकोणलाई सार्वजनिक वृत्तका रूपमा स्थान दिन सक्ने मिडिया प्रणालीको परिकल्पना गरिएको छ । यस्तै प्रणालीमा नै आमसञ्चार माध्यमको प्रभाकारी र सकारात्मक एजेण्डा सेटिङ भूमिकाको अपेक्षा गर्न सकिन्छ ।

**(लेखक त्रिविको पत्रकारिता तथा आमसञ्चार विभागमा आबद्ध हुनुहुन्छ ।)**

# नेवार जातिभित्र दलित उत्पीडन



परशुराम रस्तेल

नेवारी समुदाय नेपालको एक आदिवासी, नेपालको सन्दर्भमा सामन्तवाद र साम्राज्यवादबाट उत्पीडित जातिहरूमध्ये राजधानीमा बसोवास गर्दै आएको सबैभन्दा विकसित जाति पनि हो । नेवार समुदायको मुख्य थलो काठमाडौँ उपत्यका रहेको र उपत्यकामा सभ्य र समुन्नत संस्कृतिको निर्माण गर्न यो समुदायको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । यो समुदायको आफ्नै साझा भाषा, साझा भूगोल, साझा आर्थिक जीवन र सांस्कृतिक मनोविज्ञान छ । नेपालको राजनीतिमा नेवार समुदायभित्र छुवाछूत छ वा छैन, यसजातिभित्र अछूतको दर्जनी लगाइएका दलित समुदाय छन् वा छैनन् भन्ने बारेमा बहस चल्ने गरेका छन् । कुनै पनि समुदाय कुन जाति वा समुदायभित्र पर्छ भन्ने कुरा अनुमानको आधारमा भन्दा पनि ती समुदायको ऐतिहासिक पृष्ठभूमि, उत्पीडनको स्वरूप, भाषिक तथा सांस्कृतिक स्थिति, आर्थिक प्रणालीका आधारमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विधिद्वारा विश्लेषण गरी किटानी गरिनुपर्छ ।

दलित समस्या सामन्तवादले आफ्नो सत्तालाई सुदृढ र विस्तार गर्ने क्रममा मुख्यतः दक्षिण एसियामा विशिष्ट रूपले आफ्नै चरित्र ग्रहण गरेको विकराल समस्या हो । यो समस्याको प्रकृति र शोषणका रूप पक्षलाई मात्र हेर्ने हो भने यो सामाजिक–सांस्कृतिक समस्या मात्रै भन्ने निष्कर्षतर्फ पुग्न सकिन्छ तर यसका समग्र पाटापक्षलाई गहिरिएर सुक्ष्म र व्याख्यात्मक ढङ्गले विश्लेषण गर्ने हो भने दलित समस्या सारतः हिन्दु सामन्तवादी राज्यसत्तासँग गहिरोसँग अन्तरसम्बन्धित रहेर लामो समयको अन्तरालपछि सांस्कृतिक चरित्र ग्रहण गरेको राजनीतिक समस्या हो । यो वर्गीय राज्यसत्ताको उत्पीडनको भिन्न र जारी रूप हो । वर्गीय राज्यसत्ताको उपजको रूपमा रहेको यसको उत्पत्तिको जरो सही ढङ्गले नठम्याएसम्म यसको हल वैज्ञानिक हुने सक्दैन । नेपाली राजनीतिमा नेवार जातिभित्र एउटा भिन्नै प्रकारका विशिष्ट उत्पीडन भोगिरहेका नेवारी दलितका बारेमा यो लेखमा छोटो चर्चा गर्न खोजिएको छ ।

## उत्पीडनको ऐतिहासिक पृष्ठभूमि

लिच्छविकालको सुरुवातको समयसम्म पनि नेपाल मण्डलभित्र जात प्रथा थिएन । जब लिच्छविहरूले नेपालको शासन सुरुवात गरे, तबदेखि नै नेपालमा वर्णव्यवस्था र जातीय छुवाछूत प्रथा लागू गर्दै नेपाली समाजलाई चार वर्ण र अठार जातमा विभक्त गरियो । लिच्छविकालबाट प्रारम्भ भएको वर्णाश्रम व्यवस्थालाई पछिल्लो चरणमा नेपाल संवत् ५०१ मा राजा जयस्थिति मल्लले नेवारी समाजलाई ६४ वटा जातमा विभाजन गरेको पाइन्छ । लिच्छविकालभन्दा अघिसम्म नेवारी समाजभित्र जात विभाजन पनि थिएन र विभेद पनि थिएन । तर, लिच्छवि राजा सुपुष्प, अंशुवर्मा हुँदै जयस्थिति मल्लसम्म आइपुग्दा हिन्दु वर्णाश्रम व्यवस्थालाई सुदृढ र व्यवस्थित गर्दै जाने क्रममा नेवारी समाजलाई पनि ६४ वटा जातमा विभक्त गरे । जसका कारण नेवारी समुदायभित्रका पनि च्यामे, पोडे, देउला, कुचीकार, नापित (हजाम), खड्गी, कपाली, धोबी (रजक) आदि समुदायहरूलाई छुवाछूतको व्यवहार गरिँदै आएको पाइन्छ । उपत्यकाका नेवारी जातिभित्र यी समुदायहरूलाई अझै पनि छुवाछूत, उँच–निच र विभेदको व्यवहार गरिन्छ । अहिले नेवारी दलितहरू दलित हुन् वा होइनन् भन्ने बारेमा ठूलो बहस चलिराखेको छ । स्वयम् नेवार जातिभित्रका यी समुदायका बीचमा पनि आफ्नो समुदाय दलित हो वा होइन भन्ने दाबी जारी नै छ ।

वास्तवमा दलित शब्दको अर्थ र पहिचान दक्षिण एसिया स्तरमा नै एउटै रहँदै आएको छ । किनकि दलित समस्या विश्वमा अन्यत्र कहीँ कतै नभएको र दक्षिण एसियामा विशिष्ट रूपमा रहेको समस्या हो । हिन्दु समाज व्यवस्था वा अन्य सामाजिक व्यवस्थामा समाजको सबैभन्दा तल पिँधमा राखेर असाध्यै अपहेलित गर्दै सबै क्षेत्रबाट पछाडि पारिएका पानी नचल्ने, अछूतको व्यवहार गरिने समुदायलाई दलित समुदाय भनिन्छ । नेपालको सन्दर्भमा यी दलित समुदायहरूलाई तीन भागमा विभक्त गरी दमन र शोषण गरिँदै आएको पाइन्छ । पहिलो आर्यन खस जातिभित्र पर्ने दलित समुदायहरू, दोस्रो आर्य–द्रविड मिश्रित मधेशी जातिभित्र पर्ने दलित समुदायहरू र तेस्रो नेवारी जातिभित्र पर्ने दलित समुदायहरू छन् । तीन वटै दलित समुदायको आ–आफ्नै भाषा, संस्कृति, भूगोल, आर्थिक प्रणाली र मनोवैज्ञानिक बनावट रहेका छन् । जातिगत हिसाबले हेर्दा आर्यन खस जातिभित्रका दलित जसलाई हामी पहाडिया दलित पनि भन्ने गर्दछौँ, उनीहरूको भाषा, संस्कृति, भूगोल, आर्थिक प्रणाली र मनोवैज्ञानिक बनावट आर्य जातिसँग नै मेल खान्छ । आर्य–द्रविड मिश्रित मधेशी जातिभित्रका दलित समुदायका भाषा, संस्कृति, भूगोल, आर्थिक प्रणाली र मनोवैज्ञानिक बनावट पनि मधेशी समुदायसँग नै मेल खान्छ । नेवारी जातिभित्रका दलित समुदायको भाषा, संस्कृति, भूगोल, आर्थिक प्रणाली र मनोवैज्ञानिक बनावट पनि नेवार समुदायसँग नै मेल खान्छ ।

नेपालका दलितहरू तीन वटा जातिमा विभक्त भए पनि सारतः र अन्ततः उनीहरूको साझा उत्पीडन भनेको हिन्दु वर्णाश्रम व्यवस्थाद्वारा जबर्जस्त रूपमा लादिएको छुवाछूतको समस्या नै हो । यद्यपि आर्थिक र शैक्षिक अवस्था फरक हुन सक्छ तर पनि सामाजिक–सांस्कृतिक अवस्था भने उही नै छ । यसर्थ, नेपालका दलित समुदाय कुनै एक जाति विशेषमा मात्रै विभक्त छैनन् । यसो हुँदा नेपालका दलितहरू जाति नभएर समुदाय हुन् । तीन वटा जातिभित्रका अछूत मानिएकाहरूको समूह दलित शब्दबाट स्थापित हुँदै आएको छ ।

## दलित हुन् कि होइनन् ?

ऐतिहासिक पृष्ठभूमि, उत्पीडनको स्वरूप, विगतको दलित मुक्ति आन्दोलनमा नेवारी दलितको भूमिका र वर्तमानको सामाजिक अवस्था सबैलाई राम्रोसँग अध्ययन गर्ने हो भने पनि नेवारी समुदायभित्रका च्यामे, पोडे, देउला, कुचीकार, नापित, खड्गी, कपाली, धोबी आदि समुदाय दलित नै भएको पुष्टि हुन्छ । नेवार समुदायका एक विशेषज्ञ मल्ल के. सुन्दर भन्नुहुन्छ, 'नेवाः समाजभित्र जात प्रथा अनि नेवाः दलित छूत–अछूतको व्यवहार नभएको होइन, अनि आफूलाई सम्भ्रान्त भन्ने एउटा वर्ग नेवाः समाजको पछि पारिएका समुदायले संस्कृति, संस्कार र परम्पराको नाममा माथिल्लो जात र तल्लो जात भनी पनपक्ष गर्ने गरिएको पनि त्यत्तिकै सत्य हो ।" (ह्याउँ निभा पेज नं. ५५ ) उहाँको भनाइले के पुष्टि गर्छ भने नेवार जातिभित्र छुवाछूत प्रथा रहिआएको र दलित समुदायलाई त्यो प्रथा भोग्न बाध्य पारिएको पुष्टि हुन्छ । त्यसैगरी नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालका केन्द्रीय सदस्य गणेश खड्गी भन्नुहुन्छ– 'नेवारी समुदायमा तल्लो जात भनिएका मध्ये नाय (खड्की), जोगी (कपाली), नापित आदि जाति–थरहरूलाई छुवाछूतको व्यवहार गरिन्छ । कतिपय स्थानमा नकर्मी, मानन्धर, प्रजापतिलाई पनि यो प्रथा लागू गरेको पाइन्छ ।" (ह्याउँ निभा पेज नं. ६७) । उहाँको भनाइबाट पनि प्रष्ट हुन्छ, नेवारी समाजमा अझै पनि छुवाछूत यथावत नै छ । आर्यन र मधेशी जातिमा पनि केही ठाउँमा दलितहरूलाई छुवाछूत गरिँदैन । यसो हुँदा वर्तमानमा छुवाछूतमा कमी भए पनि वा बढी नै रहे पनि विगत ऐतिहासिक कालदेखि नै छुवाछूतको समस्या भोग्दै आएका र अहिले पनि समाजको पुरानो पुस्ताले सहज रूपमा अरू समुदाय सरह स्वीकार्न नसकेको समुदाय नै दलित हुन् । उपत्यकाको सन्दर्भमा पनि बुढा–पुराना पुस्ताले नेवारी जातिभित्रका दलित समुदायलाई अरू सरह सामाजिक–सांस्कृतिक मान्यता दिन सकिरहेका छैनन् । यद्यपि नेवारी दलितभित्रका खड्गी र कपालीहरूको आर्थिक स्थिति भने निकै नै सुध्रिएको छ ।

**नेवार समुदायमा छुवाछूत अझै पनि विद्यमान छ र त्यहाँका दलितहरू पनि उत्पीडन भोगिरहेकै छन् । नेवारी दलितहरूको अवस्थिति उपत्यकामा नै भए पनि राज्यसत्ताका कुनै पनि अङ्गहरूमा उनीहरूको उपस्थिति छैन ।**

हो, नेवार समुदायमा छुवाछूत अझै पनि विद्यमान छ र त्यहाँका दलितहरू पनि उत्पीडन भोगिरहेकै छन् । नेवारी दलितहरूको अवस्थिति उपत्यकामा नै भए पनि राज्यसत्ताका कुनै पनि अङ्गहरूमा उनीहरूको उपस्थिति छैन । राजनीतिक, आर्थिक, सामाजिक–सांस्कृतिक लगायत सामाजिक जीवनका सबै क्षेत्रबाट नेवारी दलितहरूलाई सुनियोजित तरिकाले नै पछाडि पारिएको छ । अहिले एकाथरि नेवारी दलितहरू आफू दलित नभएको जिकिर गरिरहेका छन् भने अर्काथरि आफू दलित नै भएको जिकिर पनि गरिरहेका छन् । हामी अहिले दलित समस्याको व्यापक छलफल र विश्लेषण गरी यो समस्याको चुरो कारणको पहिचान पश्चात् वर्गीय राज्यसत्तासँग जोडेर सङ्गठित ढङ्गले आन्दोलनको माध्यमद्वारा वैज्ञानिक र दुरगामी हल गर्नको लागि दलित समस्या उठाइरहेका छौँ । हामी सधैँ दलित बन्नका लागि नभएर विगतमा खोसिएका अधिकार हरूको पूर्ण प्राप्ति गर्दै दलित समस्याहरूबाट पूर्ण मुक्ति पाउनका लागि अहिले दलित बनिरहेका छौँ र दलित सङ्गठनमार्फत दलित मुक्ति आन्दोलनको छलफल चलाइरहेका छौँ । दलित होइन भन्दैमा दलित समस्या र उत्पीडन अन्त्य हुने वा हो भन्दैमा रहिरहने भन्ने प्रश्न होइन । प्रश्न त दलित समस्या र उत्पीडनको वैज्ञानिक हल कसरी गर्ने भन्ने नै हो ।

## दलित पहिचान आन्दोलन

दलित समुदायले अब आफू दलित भएकोमा हिनताबोध होइन, गर्व गर्नुपर्छ । हामीलाई विगत सदियौँ वर्षदेखि सामन्ती शासकहरूले आफ्नो सत्ता टिकाउने रणनीतिअन्तर्गत दलित बनाएका हुन् । वास्तवमा हामी ऐतिहासिक श्रमिक वर्ग हौँ । सीप र कलाका पारखी इन्जिनियरहरूको समूह पनि हौँ । त्यसकारण हामी दलित भएकोमा हिनताबोध होइन, बरु आफ्ना पुर्खाहरू मान्छेको परिभाषा गर्न पनि नजान्ने कति जङ्गली र असभ्य रहेछन् भनेर गैरदलितले हिनताबोध गर्नुपर्छ । हामी त स्वाभिमानी र इमानदार समुदायभित्र परेको हुनाले गर्व गर्न सक्नुपर्छ । त्यसकारण नेवारी दलितहरूले छुवाछूतको उत्पीडन आफ्नो समाजमा रहिरहेर र भोगिरहेर विशुद्ध नेवार हुँ भनी खोक्रो गर्व गर्नुभन्दा पनि आफूमाथि भएको दलित उत्पीडनको विरूद्ध निर्मम ढङ्गले जुध्दै नेवारी दलित हुँ भनेर गर्व गर्न सक्नुपर्छ । आफूलाई अरू उत्पीडक नेवार सरहभन्दा पनि अरू थप विशेषाधिकार चाहिन्छ भनेर लड्न सक्नुपर्छ । उत्पीडनको प्रकृति दलितकै रहिरहने तर दलित होइन भन्नु गैर मार्क्सवादी कुरा हुन जान्छ । नेपालको राजनीतिमा दलित समुदायलाई विशेषाधिकारको व्यवस्था हुनुपर्ने कुराको लगभग राजनीतिक सहमति बन्दै गएको छ । तर, विडम्बना नेवारी दलितहरू आफू उत्पीडन पनि भोगिरहने अनि दलित पनि होइनौँ भन्नु अभागीलाई खाने बेलामा रिस उठ्छ' भन्ने उखानसँग मेल खान्छ ।

नेवारी दलितहरू भाषागत, जातिगत, भूगोल, आर्थिक प्रणाली र मनोवैज्ञानिक बनावटको हिसाबले पनि नेवारी जाति नै हुन् भने उत्पीडनका हिसाबले दलित पनि हुन् । त्यसकारण आफू नेवारी दलित भएको कुरामा प्रष्टताका साथ गर्व गर्दै आगामी दिनमा विशेषाधिकारको मुद्दालाई केन्द्रबिन्दुमा राखेर सङ्गठित ढङ्गले नेपाली दलित मुक्ति आन्दोलनमा गोलबन्द हुनुपर्छ । नेपाली दलित मुक्ति आन्दोलनलाई सर्वहारा वर्गीय आन्दोलनमा उचित ढङ्गले समायोजन गरेर मात्र नेवारी दलितलगायत समग्र दलित समुदायको पूर्ण मुक्ति सम्भव छ ।

**(लेखक संविधानसभाको सदस्य तथा दलित मुक्ति सङ्गठनका नेता हुनुहुन्छ ।)**

# क्यान्सर : राम्रो उपचार नेपालमै

**सरकारी अस्पतालमा १० हजार रुपियाँमा हुने उपचारलाई निजीमा एक लाखसम्म पर्न सक्छ । नेपालको सन्दर्भमा क्यान्सरको उपचारमा दुई हजारदेखि २० लाखसम्मका औषधि पाइन्छन् ।**



डा. अरूण शाही



हाम्रो शरीरमा अनेकौँ कोशिका हुन्छन् । यी कोशिका अनियन्त्रित भएर विभाजित भए भने त्यसलाई हामीले क्यान्सर भन्छौँ । कोशिका कुन ठाउँको हो, जस्तै, फोक्सोको कोशिका अनियन्त्रित भएर विभाजित भए फोक्सोको क्यान्सर हुन्छ । पेटका कोशिका अनियन्त्रित भए पेटको क्यान्सर हुन सक्छ । त्यस्तै पाठेघर, स्तनलगायत जुनसुकै अङ्गको कोशिका अनियन्त्रित भएर विभाजन हुन्छन् भने त्यसलाई क्यान्सर भनिन्छ ।

नेपालको सन्दर्भ हेर्दा बढी उमेरका व्यक्तिमा नम्बर एकमा फोक्सोको क्यान्सर छ । महिलामा एक नम्बरमा पाठेघरको मुखको क्यान्सर र दोस्रो नम्बरमा स्तन क्यान्सर रहेको छ । पुरुषमा दोस्रो नम्बरमा पेटको क्यान्सर बढिरहेको छ । पुरुषमा खानपानमा ध्यान नदिएर पेटको क्यान्सर बढेको हो । योबाहेक मुखको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर हुने गरेको छ । जति पनि खानेकुरामा 'फर्मालिस' आउँछ । एउटा आँप टिपेको दुई/तीन दिनमात्र रहन सक्छ । तर, हामीकहाँ अमेरिका, भारत र चीनबाट समेत आँप आउँछ । छ महिनासम्म स्याउ फ्रेस (ताजा) हुन्छ । किनभने फलफूललाई ताजा राख्ने औषधि मिलाएको हुन्छ । त्यसलाई फर्मालिन भनिन्छ । त्यो औषधिको अत्यधिक प्रयोग भयो भने ठूलो आन्द्राको क्यान्सर, पेटको क्यान्सर हुन्छ ।

क्यान्सरको मुख्य कारण सुर्तीजन्य पदार्थ सेवन र मोटोपन मुख्य कारण हो । हामीले खानेकुरामा नियन्त्रण गर्न सकेनौँ भने मोटोपन बढ्छ । पछिल्लो समय धेरै पश्चिमा शैलीको अनि चिल्लो, पिरो खानेकुरा खाने गरेका छौँ । त्यो सँगसँगै व्यायाम, कसरत नहुँदा क्यान्सरको खतरा बढिरहेको छ । मोटोपनले क्यान्सरमात्र नभएर क्रोनिक (दीर्घ) रोग जस्तै मधुमेह, उच्च रक्तचाप, थाइराइड पनि भइरहेका छन् ।

स्वस्थ रहन छदेखि आठ घण्टा सुत्नैपर्छ । पसिना निस्कने गरेर कसरत गर्नैपर्छ । दिनभरि काम गरेपछि हाम्रो शरीरलाई विश्राम चाहिन्छ । विश्राम भएन भने शरीरको प्राकृतिक नियम बिग्रन्छ अनि विभिन्न रोग लाग्न सक्छन् । राति काम गर्ने नर्सलाई स्तन क्यान्सर भएको अनुसन्धानले देखाएको थियो । त्यो के कारणले गर्दा भन्ने यकिन छैन तर आराम नपुगेर स्तन क्यान्सर भएको अनुमान गरिएको छ ।

इँटाभट्टा, सार्वजनिक यातायातमा काम गर्ने (ड्राइभर, खलासी) सिकर्मी, डकर्मीमा फोक्सोको क्यान्सर बढी छ । चकले पढाउने शिक्षकलाई फोक्सोको क्यान्सर बढी देखिएको छ । चकको धूलोले गर्दा फोक्सोको क्यान्सर बढाउँछ । क्यान्सर लाग्ने तत्त्वलाई रोक्नु जरुरी भइसकेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा अझै वर्षमा २० देखि ३० हजार नयाँ क्यान्सरका रोगी फेला पर्छन् । नेपाल सरकारले क्यान्सर रजिष्ट्री (दर्ता) प्रणाली सुरु गरेको छ ।

फोक्सोको क्यान्सर गाउँ, सहर दुवैमा बराबरी छ । सबैभन्दा बढी मानिसको मृत्यु हुने पनि फोक्सोको क्यान्सरले गर्दा हो । गाउँघरका महिलालाई पाठेघरको मुखको क्यान्सर बढी हुने गरेको छ । हाइजिन मेन्टेन (स्वस्थ खानपान) नगर्ने, सानै उमेरमा विवाह गर्ने, चुरोट खाने बानीले पाठेघरको मुखको क्यान्सर देखिएको हो । सहरिया महिलालाई स्तन क्यान्सरको समस्या बढी छ । त्योबाहेक विद्यालय पढ्ने युवामा मुखको क्यान्सर पनि देखिन थालेको छ । छ/सात कक्षामा पढ्दादेखि नै पुकार, गुट्खा खाने गर्छन्, जसले गर्दा मुखको क्यान्सर हुन्छ । चुरोट, बिँडीसम्बन्धी विज्ञापनले गर्दा पनि सानै उमेरदेखि सुर्तीजन्य पदार्थको सेवनले समस्या बढाइरहेको छ ।

## ■ खानपानका कारण

मिसाएको खानेकुराले गर्दा समस्या हुने गरेको छ । पाटन अस्पतालमा विगत एक/डेढ वर्षमा एक सयजनाभन्दा बढी बिरामी पेटको क्यान्सर भएका छन् । तीमध्ये ८० जनाको घरमा फ्रिज छैन । फ्रिजमा राखेको खाना केही दिन राखेर खान मिल्छ । बासी खानाले क्यान्सर गराउन सक्छ भन्ने यो एउटा उदाहरण हो । फ्रिजको आविष्कार हुनुभन्दा अघि पेटको क्यान्सर धेरै थियो । अहिले पेटको क्यान्सर समग्र क्यान्सरमा चौथो, पाँचौँ नम्बरमा आउँछ ।

नेपालमा बासी खाने, धूवाँले पोलेको खानेकुरा खाने र घरमा फ्रिज नभएका मानिसमा पेटको क्यान्सरको खतरा बढी हुन्छ । पेटबाहेक पित्तथैलीको क्यान्सर पनि देखिएको छ, जुन महिलालाई बढी मात्रामा छ । ४० देखि ६० वर्षसम्मका महिलालाई यो क्यान्सर हुने गरेको छ । उनीहरूको इतिहास केलाउँदै जाँदा कुनै बेला पत्थरी भएको पाइयो । ८० देखि ९० प्रतिशत महिलाको भिडियो एक्स–रे गर्दाखेरी चिकित्सकले पत्थरी भएको छ, निकाल्नुपर्छ भनेको पाइन्छ । त्योबाहेक रक्सी बढी खानेलाई कलेजोको क्यान्सर भएको हुन्छ ।

## ■ उपचार

पाटन अस्पतालमा दैनिक १०/१२ जना क्यान्सरका बिरामी आउने गरेका छन् । नयाँ बिरामी हप्तामा दुईजना मात्र आउने गर्छन् । गत दुई वर्षको अस्पतालको तथ्याङ्क हेर्दा एक हजार चार सयजना क्यान्सरका बिरामीलाई उपचार गरिएको छ ।

चौथो चरणको बिरामी उपचार नगर्ने हो भने तीनदेखि छ महिनासम्म बाँच्न सक्छन् । किमो दिइसकेपछि उसलाई १८ महिनादेखि २४ महिनासम्म बनाउन सकिन्छ । चौथो चरणको क्यान्सरलाई निर्मूल पार्न सकिँदैन । नियन्त्रणमात्र गर्न सकिन्छ । सुरुमै पत्ता लागेका एक सयमध्ये ९० जना सामान्य जीवनयापन गरेर बाँचिरहेका हुन्छन् ।

क्यान्सरलाई उपचार गर्नुभन्दा त्यसलाई सुरुमै पहिचान गर्न सकियो भने धेरै राम्रो हुन्छ । सुरुमा पत्ता लागेको छ भने अप्रेसन (शल्यक्रिया) गर्ने हो, केमोथेरापी पनि दिइरहनुपर्दैन । तर, त्यही क्यान्सर ढिला पत्ता लाग्यो भने अप्रेसन पनि गर्न मिल्दैन । रेडियोथेरापी पनि दिन मिल्दैन । केमोथेरापी लामो समयसम्म दिनुपर्छ, खर्च बढी लाग्छ । जीवनभरि अस्पतालमा आउनुपर्छ ।

क्यान्सरलाई जति छिटो पत्ता लगाउन स्क्रिनिङ गरिन्छ । स्क्रिनिङ भनेको कुनै पनि रोगको लक्षण हुनुभन्दा पहिला नै त्यो रोगलाई समात्नुलाई हो । प्रोस्टेट क्यान्सरको उदाहरण दिँदा एक सयजनालाई क्यान्सर लागेको छ भने त्यसले पाँचजनालाई मात्र मार्छ । ९५ जनालाई क्यान्सर भए पनि केही गर्दैन । त्यो लाटो टच्युमर हो, केही पनि गर्दैन । टच्युमर जिउमा हुन्छ तर त्यसले दुःख दिँदैन । अर्थात् सुरुमै पत्ता लगाउँदा ९५ जनालाई केही हुँदैन । अहिले संसारभरि विश्वसनीय संस्था अमेरिकाको फुड एन्ड एड्मिनिस्ट्रेसनले तीनवटा क्यान्सरलाई मात्र समुदायमा गएर पत्ता लगाएर उपचार गर्नु भनेको छ । त्योबाहेक अरू क्यान्सरलाई पत्ता लगाइरहनुपर्दैन । तीमध्ये स्तन क्यान्सरलाई सुरुदेखि नै पहिल्याउनुपर्छ । जुन महिला ४५ वर्ष पुगिसकेपछि प्रत्येक वर्षमा एकपटक म्यामोग्राम गर्नैपर्छ । म्यामोग्राम दुई हजारदेखि दुई हजार पाँच सयसम्ममा हुन्छ । पाठेघरको मुखको क्यान्सर हेर्नका लागि महिला २१ वर्ष पुगिसकेपछि प्रत्येक तीन–तीन वर्षमा परीक्षण गर्नुपर्छ । ठूलो आन्द्रा (कोलोन) क्यान्सरका लागि ५० वर्ष पुगिसकेपछि १०–१० वर्षमा एकपटक कोलोनोस्कोपी गर्नुपर्छ । यी तीन क्यान्सरलाई संसारभरि पहिचान गर्नुपर्छ।त्योबाहेकपाठेघरकोमुखकोक्यान्सररोक्नभ्याक्सिन (खोप) पनि आइसकेको छ । नेपालले ०७६ सालको बजेट भाषणमै सबै विद्यालयका छात्रालाई पाठेघरविरुद्धको भ्याक्सिन दिने भनेर घोषणा पनि गरिसकेको छ । यो भ्याक्सिन नौदेखि २६ वर्ष उमेरकाले लगाउनैपर्छ । १५ वर्षसम्मका बालिकाले दुईपटक र १५ देखि २६ वर्ष उमेरकालाई तीनवटा डोज (मात्रा) लगाइने गरिन्छ ।

## ■ उपचार सरकारी अस्पतालमा

क्यान्सरको उपचार नेपालमा मात्र होइन, विदेशमा पनि महँगो छ । क्यान्सरको उपचार गर्ने निजी अस्पताल पनि छन् तर सरकारी अस्पतालमै गर्दा धेरै सस्तो पर्छ । सरकारी अस्पतालमा १० हजार रुपियाँमा हुने उपचारलाई निजीमा एक लाखसम्म पर्न सक्छ । नेपालको सन्दर्भमा क्यान्सर उपचारमा दुई हजारदेखि २० लाखसम्मका औषधि पाइन्छ । यो औषधिको प्रयोग रोग र त्यसको स्टेज (चरण) अनुसार पनि प्रयोग गर्ने गरिन्छ । बिरामीको आर्थिक अवस्थाअनुसार पनि उपचार गर्नुपर्ने हुन्छ । गाउँबाट आउने बिरामी जसको महिनामा पाँच हजारको आम्दानी छैन भने उसलाई सबैभन्दा महँगो औषधि दिएर हुँदैन ।

फोक्सोको क्यान्सरमा तीन लाख पर्ने इम्युनोथेरापी दिन मिल्छ । तर, नियमित दिनुपर्दा मासिक लाखौँ खर्च गर्नुपर्ने हुन्छ । आर्थिक अभाव भएका बिरामीलाई १० हजारको औषधिले पनि काम गर्न सकिन्छ । पैसा तिर्न सक्नेखालको बिरामी छ भने मात्राको तीन लाख पर्ने औषधि लिन सुझाव दिनुपर्छ । अमेरिका, बेलायतमा स्वास्थ्य बीमा हुन्छ । जतिसुकै खर्च गरे पनि बीमाले धान्छ । शरीरलाई जुन औषधि चाहिन्छ, त्यही औषधि दिइन्छ । बीमा कम्पनीले त्यसलाई नकार्न मिल्दैन । नेपालमा बिरामीलाई महँगो औषधि चाहिएको छ भने पनि उसको आर्थिक अवस्थाले गर्दा सस्तो औषधि दिनुपर्ने हुन्छ । नेपालमा बिरामीको रोग, बिरामीको आयस्रोत, बिरामीको स्थिति हेरेर उपचार गर्नुपर्ने हुन्छ । त्यति गरेर पनि हामीले गरेको उपचार अमेरिकाभन्दा राम्रो छ ।

## ■ क्यान्सर लाग्न नदिने के गर्ने ?

सबैभन्दा राम्रो कुरा प्रकृतिक जीवनयापन गर्नुपर्छ । चिल्लो, पिरो होइन, सामान्य खानेकुरा खानुपर्छ । सबैभन्दा राम्रो नेपाली खाना भात, दाल, तरकारी, ढिँडो, रोटी खानुपर्छ । भातमा कार्बोहाइड्रेड, दालमा प्रोटिन, तरकारीमा फाइबर र अचारमा भिटामिन 'सी' पाइन्छ । त्यहीअनुसार दूध, दही पनि खानुपर्छ । क्यान्सरबाट जोगिन मुख्यतया खानेकुरामै ध्यान दिनुपर्छ । शारीरिक व्यायाम नियमित गर्नुपर्छ । एक–एक वर्षमा चिकित्सकसँग परामर्श लिने गर्नुपर्छ ।

(**पाटन अस्पतालका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ शाहीसँग गोरखापत्रका सरोज ढुङ्गेलले गर्नुभएको कुराकानीमा आधारित**)

# बहुगुणी लसुन



सरोज नेपाल



ब्रह्माण्डमा पाइने विविध वनस्पतिमा कतिपयले औषधिजन्य पदार्थको कार्य गर्छन् त कतिपय विषाक्तसमेत हुन्छन् । तिनैमध्ये कतिपय यस्ता जडीबुटी पनि छन्, जसलाई राम्रोसँग चिनेर प्रयोगमा ल्याउन सके अनेकौँ रोगको सहजै निदान गर्न सकिन्छ । कोरोना महाव्याधिसँगै थुप्रै जडीबुटीजन्य वनस्पतिको खोजी र प्रयोगमा बढोत्तरी भएको छ । थुप्रै जडीबुटी रोग प्रतिरोधात्मक शक्ति वृद्धि गरी सङ्क्रमणजन्य रोग रोकथाम गर्न महत्त्वपूर्ण साबित भएका पनि छन् । यस्तै अचुक जडीबुटीमध्ये हाम्रै भान्सामा नियमित प्रयोग हुने 'लसुन' पनि स्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण छ ।

लसुन प्रायजसो सबैको करेसाबारीमा पाइने र सहजै उत्पादन गर्न सकिने एकप्रकारको वनस्पति हो । नेपाली परिवेशमा यसलाई मसलाका रूपमा तरकारीमा प्रयोग गरिन्छ । किसानले खेतबारीमा काम गर्दा चिउरामा लसुनको टुक्रा राखेर खाने परम्परा रहिआएको छ । योबाहेक लसुनको अचारलगायतका परिकारसमेत सुप्रसिद्ध छन् । विभिन्न समुदायमा धार्मिक तथा आर्थिक महत्त्व बोकेको लसुन स्वास्थ्यको दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण मानिन्छ ।

परम्परादेखि नै मसलाका रूपमा लसुनको सर्वत्र प्रयोग हुने गरेबाट नेपाली भान्छामा यसको महत्त्व उल्लेखनीय छ । एकातिर स्वादिष्ट परिकारको सारथि लसुन अर्कोतर्फ औषधीय गुणले समेत उत्तिकै बहुउपयोगी छ । लसुनको नियमित सेवनले विभिन्न रोगबाट मुक्ति पाउनुका साथै दीर्घजीवनसमेत प्राप्त गर्न सकिन्छ भन्ने तथ्य विज्ञानले समेत पुष्टि गरिसकेको छ ।

ल्याटिन भाषाको "अल्लियम स्याटिभुम" वैज्ञानिक नाम गरेको लसुनमा अलिसिन, अजोइनलगायतका थुप्रै सल्फरयुक्त तत्त्व यसमा पाइन्छन् । लसुनको पोटी काटेपछि यी सल्फरयुक्त रासायनिक पदार्थको परिवर्तनले लसुनको गन्ध निस्किने र पिरो हुने गर्छ । यो अलिसिन नामक पदार्थमा एन्टिब्याक्टेरियल गुण हुनुको साथै दुखाइ र पोलाइमा समेत फाइदा गर्छ । तर, पकाएको लसुनमा अलिसिन नामक पदार्थ नष्ट हुने भएकाले यसको गन्ध आउँदैन । त्यसैले उपचारका लागि काँचो लसुनमात्र प्रयोग गर्नु उचित हुन्छ । वनस्पतिविज्ञका अनुसार लसुनको नियमित सेवनले सूर्यबाट आउने अल्ट्राभाइलेट विकीरणको नकारात्मक असरबाट बचाई छालाको सुरक्षासमेत गर्छ । शरीरका विभिन्न कोषलाई उत्प्रेरित गरी शरीरका सबै कार्यप्रणालीलाई पुनर्ताजकीकरण गर्छ । लसुनको नियमित सेवनले जुनसुकै उमेर समूहमा पनि रोग प्रतिरोधात्मक शक्ति बढ्ने वैज्ञानिक तथ्य छ । लसुन सेवनबाट हाड जोर्नी दुख्ने, मधुमेह, ग्यास्ट्रिक, निमोनिया, रुघाखोकी, टाउको दुखेको, जिउ दुखेको, विभिन्न कीराको टोकाइ तथा मिर्गौला र मुटुसम्बन्धी रोगमा समेत फाइदा पुग्छ । विशेषगरी लसुनले रुघा लागेको अवस्थामा रोग प्रतिरोधात्मक क्षमताको विकास गरी तन्दुरुस्त हुन मद्दत गर्छ । सुत्केरी महिलालाई पनि ज्वानो र लसुनको सुप बनाई खुवाउँदा निकै फाइदा पुग्छ । यसरी दिनहुँ दुई/तीन पोटी लसुन सेवन गर्नाले गिजा सुन्निएको समस्या ठीक हुनुका साथै खाना नरुच्ने, सास गन्हाउने तथा शरीरमा देखिने स–साना बिमिरा हराएर जान्छ ।

रगतका नलीलाई सफा र फराकिलो पार्ने तथा रक्तचाप काम गर्नेजस्ता जटिल कार्य लसुनको नियमित सेवनबाट हुने गर्छ । यसले रगत सफा गर्छ र बढी शुद्ध तथा पातलो बनाउने कार्य गर्छ । लसुनले पिसाबलाई शुद्ध राख्न मद्दत गर्नुका साथै अनिद्रालगायतका समस्याका लागि समेत अचुक औषधिका रूपमा प्रमाणित भइसकेको छ । अतः नियमित रूपमा लसुनको सेवन गर्नु स्वास्थ्यको दृष्टिकोणले अति नै उपयोगी मानिन्छ ।

(**लेखक विज्ञान विषयको विद्यार्थी हुनुहुन्छ ।**)

# बुवाको पछाडि लाग्दा जेलमा !



दिनेश बस्नेत

कसैको कुभलो नचिताउने सिद्धान्तका खम्बा क्याप्टेन गङ्गाबहादुर खत्री । समाजसेवी, राजनीतिक निष्ठाका प्रतिमूर्ति र सफल अभिभावक पनि । परिवारको मात्र नभई, गाउँ, समाजका पनि अभिभावक । जति शब्द खर्चेर बयान गरे पनि उहाँका बारेमा अपर्याप्त हुन्छ । अब त उहाँ जीवनको उत्तरार्द्धमा पुगिसक्नुभएको छ । डिट्ठा तिलकबहादुर खत्री र मङ्गलीकुमारी खत्रीका कान्छो छोराका रूपमा उहाँको जन्म विक्रम संवत् १९९३ माघ १ गते भएको हो ।

विसं २००७ तिरको कुरा हो, क्याप्टेन गङ्गाबहादुर खत्री १४ वर्ष छँदा बुवाको पछि–पछि लागेर पोखरा बजार हेर्न जानुभएको थियो । यो बेला नेपाली काँग्रेसको नेतृत्वमा राणा शासनविरुद्ध जनआन्दोलन उत्कर्षमा पुगेको थियो । जिल्लामा आफ्नो पहिचान बनाउनुभएका उहाँका बुवा (डिट्ठा तिलकबहादुर खत्री) पनि नेपाली काँग्रेसमा आबद्ध हुनुहुन्थ्यो । किशोर छोरासहित बुवा आन्दोलनमा सक्रिय हुनुभयो । २००७ साल पुस २६ गते बुवासँगै उहाँलाई पनि गिरफ्तार गरियो ।

जनआन्दोलन दबाउन उद्दत सरकारले तिलकबहादुरलाई कठोर र क्रूर यातना दियो । त्यसबेलाको बन्दी जीवन सम्झँदै गङ्गाबहादुर भन्नुहुन्छ, '४२ दिनसम्म जेलमा राखियो । २००७ फागुन ७ गतेमात्र हामी जेलबाट रिहा भयौँ । यहीबेलादेखि मेरो मनमस्तिष्कमा राजनीतिले बीउ रोप्यो । अर्थात् बुवाको पछाडि लाग्दा जेलमा पुगेपछि म जानी नजानी काँग्रेस भएँ । काँग्रेसप्रतिको मेरो झुकाव उमेरको चेतना सँगसँगै बढ्दै गयो । तर, राजनीतिलाई आफ्नो पेसाका रूपमा बनाउन मन लागेन । अहिले आएर लाग्छ, राजनीतिलाई मात्र महत्त्व दिएको भए 'म' पनि ठूलै मान्छे हुन्थे हुँला । तर, विनाकुनै उद्यम, पेसा, व्यवसाय राजनीतिमात्रैको भरोसामा हिँड्दा 'म' पनि अहिलेका नेताहरूजस्तो बदनाम पो हुन्थेँ कि ।'

एउटा लाहुरे हुन आवश्यक पर्ने शारीरिक बनोट उहाँमा थियो । स्कुल पढ्दाखेरि नै विभिन्न खेलमा रुचि राख्नुहुन्थ्यो । उहाँलाई देख्नेबित्तिकै कर्णेल गुप्तबहादुर गुरुङले सोधेछन्, 'ओई केटा, लाहुरे हुने हो ?' बुवासँग सिकार खेल्न आउँदा उहाँसँग चिनापर्ची भएको थियो । गङ्गाबहादुरले बुवालाई सोध्नुपर्छ भनेपछि कर्णेल गुप्तबहादुरले उहाँका बुवालाई सम्झाएर मनाएछन् र भर्ती गराउन लगेछन् । उहाँ भन्नुहुन्छ, 'म र प्रेमजङ्ग खत्री एकैचोटि भर्ती भएका हौँ । महेन्द्र दल बटालियनमा पऱ्यौँ । पल्टनको आफ्नै काइदा कानुन थियो । अहिले सुन्दा अचम्म लाग्ला, हामी जुत्ता फुकालेर भान्छामा खाना खान जान्थ्यौँ । चौकामा जान पाइँदैनथ्यो । हाम्रो तलब २० रुपियाँ थियो । लालटिन पाकेटमारा चुरोट पाँच पैसामा एक पाकेट पाइन्थ्यो । गाउँमा आउँदा पाँच पाकेटजति चुरोट किनेर ल्याउँथे । घर आएपछि गाउँमा 'नेपाली लाहुरेले चुरोट ल्याएको छ अरे खान पाइन्छ' भनेर झुम्मिन्थे । पैसाको असाध्यै महत्त्व थियो त्यतिबेला ।'

उहाँले चार वर्ष नेपाली सेनामा जागिर खानुभयो । २०१३ सालमा महेन्द्रको शुभराज्याभिषेकका लागि छनोट भएर पोखराबाट हिँडेर काठमाडौँ जानुभएको थियो । त्यतिबेला यातायातको साधन थिएन । पछि साथी सँगातीको लहैलहैमा भारतीय सेनामा भर्ती हुन पुग्नुभयो । भारतीय सेनामा पनि उहाँले आफ्नो क्षमता र साहस प्रदर्शन गर्न कुनै कसर बाँकी राख्नुभएन । कुनै पनि चुनौतीपूर्ण कार्यमा उहाँलाई नै अगाडि सार्थे । उहाँले सन् १९६५ र १९७१ को ठूला युद्ध लड्नुभयो । सन् १९६५ मा पाकिस्तान बोर्डर (सीमाक्षेत्र)मा र सन् १९७१ मा बङ्गलादेशलाई स्वतन्त्र बनाउनका लागि भारतीय सेनाको तर्फबाट युद्धमा सामेल हुनुभयो । ती युद्धको सम्झना गर्दै उहाँ भन्नुहुन्छ, 'हामीले देखाएको बहादुरीको प्रशंसा भारतीय सेनाका अधिकृतले पछिसम्म गरिरहन्थे । तिनै अधिकृतसँगको उठबसले मैले धेरैजना गाउँका युवालाई भर्ती गर्न सकेँ ।'



**लाग्छ, राजनीतिलाई मात्र महत्त्व दिएको भए 'म' पनि ठूलै मान्छे हुन्थेँ हुँला । तर, विनाकुनै उद्यम, पेसा, व्यवसाय राजनीतिमात्रैको भरोसामा हिँड्दा 'म' पनि अहिलेका नेताहरूजस्तो बदनाम पो हुन्थेँ कि !'**

उहाँ २८ वर्ष लामो सेवापछि भारतीय सेनाबाट अवकाश हुनुभयो । अवकाशपछि पनि उहाँलाई भारतीय दूतावासले बागलुङमा डिस्ट्रिक सोल्जर बोर्डको सेक्रेटरीका रूपमा जिम्मेवारी वहन गर्नका लागि आग्रह गऱ्यो । उहाँ फेरि जागिरमा जोडिनुभयो । सन् १९८६ देखि १९८८ सम्म भूपूसैनिकको हितमा कल्याणकारी कार्य गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'बागलुङमा धेरै विकट ठाउँमा खानेपानी, बाटोघाटो स्कुललाई आर्थिक सहयोग, छात्रवृत्तिजस्ता कल्याणकारी काममा सरिक हुने मौका मलाई दूतावासले दिएर जनतासँग प्रत्यक्ष साक्षात् हुने मौका पाएँ । ग्रामीण परिवेशका मानिस कतिसम्म अभाव, दुःख र पीडामा गुज्रेका हुँदारहेछन्, त्यसलाई आत्मसात् गर्ने मौका पाएँ ।'

त्यसपछिका दिन उहाँको मनोकामना अनुकूल बन्यो । अर्थात् नेपाली काँग्रेस पक्षधर राजनीतिमा समय दिन पाउनुभयो । केन्द्रीयस्तरका नेताहरूसँग उहाँको चिनापर्ची थियो । बागलुङबाट अवकाश लिएपछि उहाँलाई नेपाली काँग्रेस पार्टीले स्थानीयस्तरको जिम्मेवारी दियो । २०४७ सालबाट २०७० सालसम्म निरन्तर कास्कीको भलाम नेपाली काँग्रेस इकाइ समिति सभापतिका रूपमा उहाँले कार्यभार सम्हाल्नुभयो । पछि उहाँलाई जिल्ला सदस्य बनाइयो । उहाँ नेपाली काँग्रेस, ज्येष्ठ राजनीतिज्ञसभाको केन्द्रीय सदस्यमा पनि मनोनीत हुनुभयो । राजनीति र समाजसेवा एउटै सिक्काको दुईटा पाटा ठान्नुहुन्छ र राजनीति सामाजिक भावनाबाट ओतप्रोत हुनुपर्छ भन्नुहुन्छ उहाँ ।

गाउँमा कसैलाई अप्ठेरो पर्दा होस् या सन्धिसर्पन पर्दा होस्, पहिलो झमटमै सम्झने व्यक्तिमध्ये पर्नुहुन्छ उहाँ । गाउँमा न्यायनिसाफमा सरिक हुँदा उहाँले कसैको पक्ष लिनुभएन । सधैँ सत्य र न्यायको पक्षमा बोल्नुहुन्थ्यो । त्यसरी बोल्दा आफ्नो स्वार्थअनुकूल नबन्दा कसै–कसैले दुस्मनी साँध्ने गरेको अनुभव पनि उहाँसँग प्रशस्त छ । तर, उहाँ त्यसको कुनै पर्वाह गर्नुहुन्न । राजनीतिमा क्रियाशील धेरै व्यक्ति स्वार्थ र पदका लागि लालायित हुन्छन् । सैद्धान्तिक निष्ठा र इमानदारीलाई पनि गौण ठान्छन् । निजी स्वार्थ पूरा नहुँदा पार्टीको गुट उपगुटमा समावेश हुन्छन् । पार्टी परिवर्तन गर्नसमेत पछि पर्दैनन् । तर, उहाँले राजनीतिमा यस्तो विचारलाई कहिल्यै आउन दिनुभएन । पोखरा महानगरपालिका वडा नम्बर २० मा उहाँले धेरै सामाजिक कामको नेतृत्व लिनुभयो । हरिहर वन उपभोक्ता समितिको अध्यक्ष भएर २०४९ देखि २०७१ सालसम्म सेवारत रहनुभयो । भलाम प्रावि व्यवस्थापन समितिको अध्यक्ष २०४९ देखि २०५३ सालसम्म र पुनः २०५९ देखि २०६१ सालसम्म हुनुभयो ।

समाजबाट अपेक्षा गर्ने होइन, समाजलाई केही दिन सक्ने क्षमता राख्नुपर्छ भन्नुहुन्छ उहाँ । जीवनमा कसैको कुभलो नचिताएको र बेइमानीको कमाइ एक पैसा नभित्र्याएकाले अहिले बुढेसकालमा उहाँलाई पछुताउनुपरेको छैन । कपुर राखेको कपडामा कपुर सकिए पनि बास्ना रहिरहन्छ, त्यस्तै बास्ना छोडेर जान सकियो भने जीवन सफल हुने उहाँको भनाइ छ ।

(**लेखक साहित्यकार हुनुहुन्छ ।**)



# वेदे विज्ञानस्य सूत्राणि सन्ति

– प्रा.डा. ऋषिरामपोखरेलः



**नेपाले वेदस्य प्रथमो विद्यावारिधिकः, प्रथमः प्राध्यापकश्चास्ति। वेदविज्ञानस्यायमध्येता, अनुसन्धाता च वर्तते। सोऽयं वेदविद् नेपालसंस्कृतविश्वविद्यालय–प्राध्यापकसङ्घस्य प्रथमो अध्यक्षचरश्चास्ति। तात्कालिकसंस्कृताध्ययनसंस्थायाः सहायकडीनपदमलङ्कुवाणः अयं वाल्मीकिविद्यापीठस्य प्राचार्यः, विश्वविद्यालय–सभायाः सदस्यश्चासीत्। अनेकासु सामाजिकधार्मिकसाहित्यिकसंस्थासु च स्थित्वा अनेन विदुषा स्वस्य वैदुष्यं कार्यकौशलञ्च प्रतिष्ठापितमस्ति। अनेन साकं गोरखापत्रस्य नयाँनेपालस्य संस्कृतभाषापृष्ठसंयोजकेन डा. नवराजकट्टेलवरेण कृतायाः अन्तर्वार्तायाः सारसंक्षेपः।**

**वेदस्य किं वैशिष्ट्यम् ?**

वेदः मानवसभ्यतायाः प्रथमं चिन्तनं, प्रथमो लिखितग्रन्थश्च। अपौरुषेया वेदाः इति अस्माकं विश्वासः अस्ति। मन्त्रब्राह्मणयोः वेदत्वम्। वेदस्य षडङ्गेषु च वेदत्वम्। आर्यसभ्यतायाः चिन्तनबीजं वेदेऽस्ति। संस्कृतवाङ्मये निबद्धाः अयुतग्रन्थाः वैदिकचिन्तनं प्रतिपादयन्ति, विस्तारयन्ति च। वेदाः अस्माकं संस्कारकृत्यं, दैनिककृत्यं, वर्षकृत्यं विशेषानुष्ठानकृत्यञ्च प्रतिपादयन्ति। वेदाः धर्मानुशासनं कुर्वन्ति। वेदाः सृष्टिविज्ञानमन्वेषयन्ति। वेद विज्ञानस्य सूत्राणि सन्ति। अतः वेदस्य सार्वकालिक–सार्वदेशिकमहत्त्वमस्ति।

**भवतः प्रारम्भिकी शिक्षा कथं सम्पन्ना ?**

मम पिता एव मां प्राथमिकी शिक्षामपाठयत्। अस्माकं पितृचरणाः पितृकुलं गृहस्थगुरुकुलं वा सञ्चालयन्ति स्म। गृहमेव पाठशाला भवति स्म। काष्ठमण्डपेऽस्माकं पूर्वजानां समुपस्थितिः त्रिशतकवर्षपूर्वमेवाभवत्। नेपालस्यैकीकरणसमयादेव अस्माकं पूर्वजाः अत्र समागत्य पठनपाठनस्य परम्परां स्थापितवन्तः। पञ्चमवर्षे पितुः सकाशाादेव लिपिग्रहणं कृत्वा बृहद्वर्णमाला प्रारब्धा। तस्यां सूर्य–सरस्वती–गणेशादीनां स्तोत्राणि आसन्, तानि झटिति एव कण्ठस्थीकृतानि। अनेके श्लोकाः, दुर्गासप्तशती, अमरकोषः, रघुवंशमहाकाव्यम्, हितोपदेशस्य अनेकानि नीतिपद्यानि च कण्ठस्थीकृतानि।

**उपनयनसंस्कारः कदा, तदनु किमधीतम् ?**

मम उपनयनं २००८ तमवैक्रमाब्दस्य वैशाखमासे समभवत्, वेदारम्भश्च जातः। तदनु भाद्रमासे पाशुपतमृगस्थलीक्षेत्रस्थिते चन्द्रसत्तलभवने 'नेपाल–ब्रह्मचारी–आश्रमे' पठितुमहं प्रविष्टः। वैक्रमाब्दस्य २०१६ तमविक्रमवर्षस्य भाद्रमासपर्यन्तं तत्रैव उषित्वा अष्टौ वर्षाणि यावद् मया वेदादिशास्त्राणि समधीतानि। तत्र पं.भोलानाथपौडेलः, पं.देवराजपौडेलः, पं. वाल्मीकिपौडेलः, पं.भीमप्रसादगौतमः, वासुदेवशर्मा च गुरवः आसन्। कविराजः हरिप्रसादखकुरेल, बुद्धिसागरपराजुली, सीतारामद्विवेदी च तस्याश्रमस्य सञ्चालकाः आसन्। योगी नरहरिनाथः विमर्शकः, इतिहासविन्नयराजपन्तः निर्देशकश्चासीत्। चत्वारो पाचकाः एकः मार्जकश्चासन्। मम सतीर्थ्याः कविः रमेशखकुरेलः, अच्युतराजरेग्मी, कलाधरपौडेलः, परशुरामपौडेलः इत्यादयः ३२ छात्राः आसन्। गुरुकुले पूर्वदिनस्य पाठं श्रावयित्वा नूतनपाठः प्राप्यते स्म। तत्र शलाकापरीक्षा, वाक्परीक्षा, लेखात्मिका परीक्षा च भवति स्म। छात्रेषु अनेका स्पर्धाश्च जायन्ते स्म।

**तदा काष्ठमण्डपे कानि गुरुकुलानि आसन् ?**

काष्ठमण्डपे प्राचीनकालादेव अनेकानि मन्दिरस्थगुरुकुलानि, गृहस्थगुरुकुलानि च आसन्। तेषु गुरुकुलेषु (क) 'चाँगु–नारायण–संस्कृतपाठशाला' प्राचीनतरमस्ति। प्राचीनकाले लिच्छविसमये, मल्लसमये तु तस्य नाम एव न भवेत्, परन्तु पठनपाठनं प्रचलति स्म। तत्र विद्वानेव अर्चको भवति स्म। तथैव पशुपतिमन्दिरपरिसरे (ख) 'वासुकिब्रह्मचारी–आश्रमः' आसीत्। अयमपि प्राचीनतरं गुरुकुलं प्रतिभाति। अस्य नाम यत्किञ्चिदपि भवेत् परन्तु अत्रापि प्राचीनकालादेव पठनपाठनं भवति स्म। नेत्ररहितो गोपालबाबा, श्यामचैतन्यबाबा च सञ्चालकौ आस्ताम्। वैक्रमाब्दस्य २०२५ तमपर्यन्तं आश्रमः आसीत्, छात्राः आसन्, श्यामचैतन्यबाबा आसीत्। पशुपतिपरिसरे एव (ग) 'कैलाशब्रह्मचारी–आश्रमः' आसीत्। कैलाशसन्यासिमठः अपि अस्य अपरं नाम। प्राचीनकालादेव अयं सन्यासिमठः छात्रान् पाठयति स्म। अहं मन्ये लिच्छविकालात् एवात्र गुरुकुलं भवेत्। मम समये ६ छात्रा तत्र उषित्वा पठन्ति स्म। तथैव बुढानीलकण्ठमन्दिरपरिसरे (घ) 'बूढानीलकण्ठ–आश्रमः' आसीत्। अत्रापि प्राचीनतरा पठनपाठनपरम्परासीत्। अधुनापि गुरुकुलमस्ति।

लिच्छविकालादेव अत्र पठनपाठनं भवति स्म इत्यनुमीयते। चाँगुनारायणपाठशालायां तु कृष्णचन्द्रढकालः (१८८५–१९९५) गुरुः आसीत्, दोहनाथपोखलः (१९६५–२०४०), गुरुप्रसादपोखेलः, गीताप्रसादपोखेलश्चेत्यादयः छात्राः आसन्। अत्र देवसमशेरस्य समये गोकर्णभाषापाठशाला च स्थापिता आसीत्। तत्र शिवप्रसादसिग्देलः (साहित्याचार्यः), गोकर्णसण्डोलश्च गुरू आस्ताम्। श्यामप्रसादसिग्देलः, शङ्करप्रसादसिग्देलः, माधवप्रसादसिग्देलश्चेत्यादयः छात्राः आसन्। उपत्यकायां देवसमशेरः ३६ भाषापाठशालाः स्थापितवान् इति च श्रूयते।

**पूर्वमध्यमादिपरीक्षा कथं दत्ता ?**

वैक्राब्दस्य २०१६तमे वर्षे रानीपोखरीसंस्कृतप्रधानपाठशालायां गत्वा ततः एव तस्मिन्नेव वर्षे पूर्वमध्यमायाः प्रथमखण्डस्य परीक्षा समुत्तीर्णा। उत्तरमध्यमायाः प्रथमद्वितीयखण्डयोः परीक्षा, स्नातकस्य प्रथमवर्षस्य परीक्षा च भारतस्थक्विन्सकलेजतः प्रदत्ता। तदनु सर्वा च परीक्षा त्रिभुवनविश्वविद्यालयतः प्रदत्ता। नेपाले तदा एकः एव शिष्यः, एक एव गुरुः सोमनाथपौडेलः, एक एव छात्रः प्रथमश्रेण्यां प्रथमो प्रभूय २०२३ तमे वैक्रमाब्दे अहं आचार्यकक्षां समुत्तीर्णवान्।

**विश्वविद्यालये कार्यारम्भः कदा जातः ?**

आचार्यपरीक्षां समुत्तीर्य २०२४तमवैक्रमाब्दस्य आश्विनमासस्य २०तमे दिवसे रानीपोखरीसंस्कृतप्रधानपाठशालायां वेदाध्यापकरूपेण नियुक्तः अभवम्। तदनु २०२५ तमवैक्रमाब्दात् ०४३ पर्यन्तं त्रिभुवनविश्वविद्यालये पाठितम्। २०२८ तमे वैक्रमाब्दे मम स्थायी पदोन्नतिश्च जाता। ०४१तमे वैक्राब्दे प्राध्यापको जातः।

**विश्वविद्यालये कानि कार्याणि सम्पादितानि ?**

वेदविषयस्यानेके छात्राः सम्पाठिताः। वेदविभागे काशीतः वैदिकयज्ञपात्राणि समानीय सङ्ग्रहो विहितः। २०२३ तमे वैक्रमाब्दे विश्वविद्यालयस्य दीक्षान्तसमारोहे वैदिकयज्ञपात्राणि प्रदर्शितानि आसन्। तदवसरे कुलपतिना राज्ञा महेन्द्रेण अभिरुचिपूर्वकं विलोकितं, अनेका जिज्ञासा च उत्थापिता। सर्वासां जिज्ञासानामुत्तरं सम्यक्तया मया दत्तम्। तदवसरे राज्याभिषेके चतुर्वेदानां विदुषामावश्यकता भवति, परन्तु नेपाले समेषां वेदानां पठनपाठनमेव न भवति, अतः वेदविद्याश्रमस्य स्थापना भवेत्, वाल्मीकिविद्यापीठस्य नूतनभवनस्य कृते भूमिव्यवस्थापि भूयात्, छात्रावासस्य पुनर्निर्माणमपि भवतु, इति प्रस्तावः प्रस्तुतः।

राज्ञा महेन्द्रेण पाशुपतक्षेत्रे वेदविद्याश्रमस्य स्थापनाय भवननिर्माणं विहितम्, गुठीसंस्थानमाध्यमेन वाल्मीकिविद्यापीठस्य भूमिव्यवस्थापनं विधाय भवनमपि निर्मितम्। .छात्रावासेऽपि २.७ रोपणपरिमिता दक्षिणदिक्स्था भूमिः अधिगृहीता, जीर्णेद्धारपूर्वकं नूतनभवनमपि २०२५तमे वैक्रमाब्दे रचितम्। राणासमये छात्रावासे २१० छात्राः आसन्। जयतु संस्कृतमिति आन्दोलने ३८ छात्राः निष्काशिताः, स्वेच्छया च परित्यक्तः, अन्ये परीक्षामुत्तीर्य गताः। ३२ छात्राः एव अवशिष्टाः। छात्रान्दोलनेन छात्रावासे १०५ छात्राः स्थापिताः। राजप्रासादस्य रेवतीरमणस्य विशेषाग्रहे छात्रावासे दिगम्बरघिमिरे प्रविष्टः तदनु १०६ छात्राः अधुनापर्यन्तं सन्ति एव।

**विश्वविद्यालये प्राशासनिककार्यमपि सम्पादितम् ?**

अहं वैक्रमाब्दस्य २०४२ तमे वर्षे वाल्मीकिविद्यापीठस्य प्राचार्यो जातः। तदवसरे वाल्मीकिविद्यापीठस्य भूमिः, तीनधाराछात्रावासस्य भूमिश्च स्वस्य नाम्नि पञ्जीकृता नासीत्। सा भूमिः विद्यापीठस्य नाम्नि पञ्जीकृता। रानीपोखरीस्थस्य संस्कृतमाध्यमिकविद्यालयस्य भवनविषये च एका समितिः मन्त्रालये सङ्घटिता आसीत्। तस्यां समितौ प्रा. ऋषिरामपाखरेलः (प्राचार्यः), नेत्रबहादुरबस्नेतः (कुलसचिवः), शिक्षामन्त्रालयस्य सचिवः, सुवर्णशाक्यः (दरबारस्कुल इत्यस्य प्र.अ.) च आसन्।

समित्या अध्ययनं विधाय दक्षिणभागस्य 'बङ्गालीभवनम्' संस्कृतस्य कृते अनुमोदितम्। तस्मिन् समये सत्याग्रहान्दोलने पञ्चविंशतिच्छात्राः कारागारे निबद्धाः आसन्, सर्वकारः छात्रावासात् तान् निष्काशयितुं प्रयत्नमकरोत्। परन्तु मया तेषामाज्ञा नैव स्वीकृता। तदा धर्मबहादुरथापा अञ्चलाधीशः आसीत्। पुरुषोत्तमदाहालः सुपरीक्षकः आसीत्। आवयोः प्रयासः छात्राणां संरक्षणे जातः। तदा प्राध्यापकानां वृत्तिविकासाय च मया बहुप्रयत्नः कृतः।

**अत्र भवता कथं धार्मिकानुष्ठानमाध्यमेन अनेकाः समाजसेवा विहिताः ?**

मया २०११ तमवैक्रमाब्दादेव सप्ताहवाचनस्य प्रारम्भः कृतः। २००८तमवैक्रमाब्दादेव भागवतस्य पठनं प्रारब्धम्। दैनिकपाठश्च कृतः। २०१६ तमे वैक्रमाब्दे काभ्रेजनपदस्य कोटतिमालग्रामे भक्तस्य गृहे श्रीमद्भागवतसप्ताहस्य वाचनं प्रवचनञ्च विहितमासीत्। एवञ्च २०१८ तमे वैक्रमाब्दे महामारिशान्त्यर्थं मकवानपुरजनपदस्य सोलुथुङग्रामे, २०१९ तमे वैक्रमाब्दे भद्रवासग्रामे, २०२९तमे वैक्रमाब्दे च उत्तरवाहिन्यां च सप्ताहवाचनपूर्वकं सामाजिकसेवा सम्पादिता। तथैव थलीकल्सीकोटग्रामे, भूमिस्थलिग्रामे, नयाँपाटीग्रामे च सप्ताहो वाचितः, तत्र संकलितेन द्रव्येण मन्दिरादीनां निर्माणं विहितम्। ०५४।०५५ तमे वैक्रमाब्दे च सोलुखुम्बुजनपदे कोटिहोमः सम्पादितः। शिवः अधिष्ठातृदेवतासीत्।

तत्र ३०० परिमिता ऋत्विजः आसन्। यज्ञमाध्यमेन तत्र भूमिव्यवस्था जाता, भवनानि च निर्मितानि आसन्। तत्पश्चात् बूढानीलकण्ठ–मन्दिरपरिसिरे च कोटिहोमः सम्पादितः। तत्र वेदमूर्तिः स्थापिता। गुरुकुलं स्थापितं, विस्तारितञ्च।०५५।०५६तमे वर्षे गोकर्णेश्वरमन्दिरपरिसरे कोटिहोमो विहितः। तत्र मन्दिरं निर्माय तदीयव्यवस्था च सुदृढीकृता। कानेकोटडाँछीग्रामे च सप्ताहमाध्यमेन द्रव्यसंकलनं कृत्वा देवीमन्दिरं, राधाकृष्णमन्दिरञ्च निर्मितम्। कोलमतेश्वरस्य मन्दिरञ्च निर्मितम्। कोटिपरिमितं द्रव्यं तत्र व्ययीकृतम्। उत्तरवाहिन्यामपि धान्याचलयज्ञः सम्पादितः। तत्र सङ्कलितेन द्रव्येण वाग्मतीतटस्य व्यवस्था, विष्णुपादुकास्थापनं, मन्दिरजीर्णोद्धरणं, धर्मशालादीनां (पाटीपौवा इत्यादीनां) निर्माणञ्च विहितम्।

भवता अनेकानि गुरुकुलानि स्थापितानि इति श्रुतम् कानि सन्ति तानि ?

सत्यम्। सप्ताहमाध्यमेन, यज्ञमाध्यमेन च द्रव्याणि सङ्कलय्य अनेकानि गुरुकुलानि स्थापितानि सन्ति। विशालकोटिहोममाध्यमेन वैद्यनाथक्षेत्रे, बूढानीलकण्ठे, उत्तरवाहिन्याञ्च गुरुकुलानि स्थापितानि सन्ति। उत्तरवाहिन्यां मम निरीक्षणे एव गुरुकुलं सञ्चालितमस्ति। तत्र मम योग्यतमः शिष्यः डा. श्रीराम–अधिकारी गुरुकुलस्य सर्वामपि व्यवस्थां सम्पादयति। ५०।५५ छात्राः तत्र स्थित्वा १२ कक्षापर्यन्तं पठन्ति।

नगरपालिकापि सहयोगं करोति, पुरातत्त्वविभागस्य कोटिपरिमितं द्रव्यं भवननिर्माणाय प्राप्तम्। प्रदेशसर्वकारश्च २५ लक्षम् अदात्। सांसदः रामेश्वरफुँयालश्च १० लक्षमदात्। तत्र निर्माणकार्याणि प्रचलन्ति सन्ति। छात्राः पठन्तः सन्ति, गुरवः पाठयन्तः सन्ति, भक्ताः दत्तवन्तः सन्ति। वयं निमित्तभूताः एव, यज्ञेश्वरः सर्वं सम्पादयति। ■

## गतपक्षस्य महत्त्वाधायिनः संक्षिप्तसमाचाराः

सुदर्शननेपालः

१. विप्लवसमूहस्य शान्तिपूर्णराजनीतौ आगमनम् – सर्वकारस्य, विप्लवनेतृत्वस्य नेकपादलस्य च मध्ये गतस्य फाल्गुनमासस्य विंशे दिवसे सूत्रत्रयात्मिका सहमतिः धृता वर्तते । तत्र धृतायाः सहमतेः अनुसारेण विप्लवनेतृत्वस्य नेकपादलेन सर्वेषाम् राजनीतिकविषयाणां समाधानं वार्तायाः माध्यमेन विधास्यते । सर्वकारस्य विप्लवनेतृत्वस्य नेकपादलस्य च वार्तायाः समनन्तरमेव गतस्य फाल्गुनमासस्य एकविंशदिवसे नेता नेत्रविक्रमचन्दः विप्लवः एकस्मिन् कार्यक्रमे आत्मानं सार्वजनिकं व्यदधात् ।

२. संसदः अधिवेशनं प्रारब्धम् – राष्ट्रपतेः विद्यादेवीभण्डारिणः आह्वाने प्रतिनिधिसभायाः शीतकालिकमधिवेशनं गतस्य फाल्गुनमासस्य त्रयोविंशदिवसात् प्रारब्धमस्ति । प्रतिनिधिसभायाः विघटननिर्णयस्य निरस्तीभवनानन्तरं संसदः इदं प्रथममधिवेशनमस्ति ॥

३. कोरोनाविषाणुनियन्त्रकसूच्यौषधप्रदानाभियानस्य द्वितीयचरणम् प्रारब्धम् – गतस्य फाल्गुनमासस्य त्रयोविंशदिवसात् नेपाले द्वितीयचरणस्य कोरोनाविषाणुसंक्रमणनियन्त्रकसूच्यौषधप्रदानाभियानं प्रारब्धमस्ति ।

४. नेकपादलस्य आधिकारिकताविषये सर्वोच्चन्यायालयस्य निर्णयः – सर्वोच्चन्यायालयेन गतस्य फाल्गुनमासस्य चतुर्विंशदिवसे नेपालकम्युनिष्टपार्टीति–नेकपादलस्य आधिकारिकतायाः विषये श्रवणं कुर्वता एतन्नामकदलम् ऋषिकट्टेलस्य नेतृत्वे वर्तते इति निर्णीतमस्ति । एवमेव न्यायालयेन तात्कालिकस्य नेकपाएमाले दलस्य माओवादिकेन्द्रस्य च एकीकरणं संवैधानिकं नास्तीति कथयता उभयोरपि दलयोः अवस्थितिः पूर्ववत् पृथक् पृथक् दलत्वेन अस्तीति च निर्णयः कृतः अस्ति ।

५. अन्तरराष्ट्रियनारीदिवसः सम्पन्नः – गतस्य फाल्गुनमासस्य चतुर्विंशदिवसे एकादशाधिकशततमः अन्तरराष्ट्रियनारीदिवसः आराष्ट्रं विविधैः कार्यक्रमैस्सह समायोजितः अस्ति ।

६. सेनादिवसः समायोजितः – नेपालिसेनया महाशिवरात्रिपर्वणः सेनादिवसस्य चावसरे गतस्य फाल्गुनमासस्य सप्तविंशदिवसे काष्ठमण्डपस्य सैनिकमञ्चे टुँडिखेलस्थाने विशेषकार्यक्रमैस्सह सेनादिवसः समायोजितः अस्ति । नेपालिसेनया भगवन्तं शिवं शक्तेः ऊर्जसश्च स्रोतस्त्वेन स्वीकृत्य विगतात् दशकद्वयात् शिवरात्रिपर्वणि सेनादिवसः समायोज्यमानः अस्ति ।

७. महाशिवरात्रिपर्व समायोजितम् – सनातनधर्मावलम्बिनां सुमहत् शिवरात्रिपर्व गतस्य फाल्गुनमासस्य सप्तविंशदिवसे बृहस्पतिवासरे भगवतः शिवस्य पूजाराधनापूर्वकं समादृतमस्ति । महाशिवरात्रिपर्वणि काष्ठमण्डपस्य श्रीपशुपतिनाथमन्दिरेण सहैव देशस्य सर्वेषु शिवालयेषु भक्तानां महान् सम्मर्दः सभक्ति उपस्थितः आसीत् ।

८. कोरोनाविषाणोः संक्रमणम् – नेपाले अधुना यावत् कोरोनाविषाणुसंक्रान्तजनानां संख्या सार्धपञ्चसप्ततिसहस्रोत्तरद्विलक्षाधिका जाता अस्ति । संक्रान्तानां मध्ये अधुना यावद् एकसप्ततिसहस्रोत्तरद्विलक्षाधिकजनाः उपचारं प्राप्य स्वस्थाः सम्भूताः सन्ति चेत् द्वादशोत्तरत्रिसहस्रजनाः कोरोनाविषाणोः संक्रमणेन मृताः सन्तीति स्वास्थ्यजनसंख्यामन्त्रालयेन ज्ञापितमस्ति ।

## गुणवान् सगुणः काचित् लघ्वी कथा

■ **आकाशनीलम्** ( **गोविन्दः** )

वसन्तागमं सङ्केतयति स्म समयः। परन्तु इतोऽपि नग्नाः केचिद् वृक्षा दृश्यन्ते स्म। कदा एषु वृक्षेषु नव पल्लवानि आगच्छेयुः इति कौतुकं तस्य बालस्य हृदि आसीत्। बहवः पक्षिणो नीडेषु निःशब्दाः सन्ति। बहुकालात् घोरे तपसि स्थिताः साधका इव। एवम् ऊहितुं शक्यते यत्– ते खगाः किमपि महत्त्वपूर्णं वस्तु प्रतीक्षन्त इति। स्तब्धोऽस्ति ग्रामः। विचित्रा शब्दहीनता परिसरे व्याप्ता वर्तते। स बालकः अत्रत्यसर्वघटनानां साक्षी परन्तु व्याख्यानसामर्थ्यं तस्मिन् नास्त्येव। परिवारसन्दर्भे तावत्तस्य किमपि ज्ञानं नास्ति। ग्रामीणाः कथयन्ति– सद्योजातं शिशुं विरहय्य अस्य माता दिवङ्गता।

पिता च एष कुलाङ्गारो विद्यते स्वजन्मना हि स्वजननीम् अवधीत् इति विश्लिष्य एकया महिलया साकं क्वचिद्गतः , पुनर्नागतः। सगुणाख्योऽयं बालो यदा किञ्चित् किञ्चित् ज्ञातुं क्षमो जातः तदवधौ आत्मानं तत्क्षेत्रप्रमुखस्य गृहे प्राप्तवान् इत्यतः अद्यापि स्वं तस्यैव पुत्रं मनुते सामोदम्। सत्यमपि इयदेव आसीत् यत् – स क्षेत्रप्रमुखः स्वगोष्ठस्य गोः दुग्धं पाययित्वा एनं वर्धयामास। सगुणः बहु स्निह्यति तस्मिन् पुरुषे। सोऽपि स्वकीयपुत्रवत् एव न पुत्रादपि अधिकं प्रियं मन्यते एनं बालकम्। परन्तु क्षेत्रप्रमुखे ग्रामीणानाम् अनेके आरोपा विद्यन्ते। अनेन अस्य शिशोः श्रमस्य शोषणं विहितमस्ति। वारद्वयं भोजयित्वा दशघण्टां यावद् अनेन कार्यं कारयति। इत्यादयः आरोपाः। परन्तु वास्तवं सत्यन्तु एवं नासीत्।

अरे सगुण ! किमर्थम् एतावति आतपे धावसि वृथा। म्रियसे हृदयं दग्ध्वा। इत्थं वाक्यजातं मार्गे गुञ्जितम्। परन्तु सः कस्यापि वचनं नैव ध्यानेन शृणोति स्म। पितुः औषधमानेतुं गच्छामीति गच्छन् एव भाषते। गृहमागत्य पितः ! पितः ! ब्रूवाणः स उच्चैः शब्दायते। अहमत्रेति क्षीणस्वरेण वदति तत्पिता। आरामाय शय्यायां स्थातव्यमासीद् भवता। किमर्थम् उत्थितम् ? इति गभीरतया अवोचत् सगुणः। महता जवेन कृतधावनेन बहुश्रान्त आसीदित्यतः गाम्भीर्यं स्थिरं न जातं तस्य मुखे। जलपानाय उत्थितमासीदिति पिता अभाषत। मया शय्यां निकषा उत्पीठिकायां स्थिते हि कलशे उष्णं जलं स्थापितमासीदिति प्रत्युत्तरं प्राददात्। ततश्च औषधं पितरं खादयित्वा सगुणः कृशरान्नं पक्तुं पाकशालां प्रविष्टवान्। यतो हि पुनः खादितव्यमौषधं रिक्ते उदरे स्वीकर्तुं नैव अनुमतमासीद्वैद्येन। एतस्य क्षेत्रप्रमुखस्य रोगिताकारणं दर्शयित्वा सर्वकारेण तस्यैतत् पदमपि अन्यस्मै प्रदत्तमभूत्। त्रयः आसन् अस्य स्वीयाः सूनवः। परन्तु त्रयोऽपि व्यसनमार्गे लीनाः। मद्यम्, धूमसेवनम्, द्यूतप्रसङ्गः, कामिनीसङ्गतिः, इत्यादयः दुर्गुणाः त्रिषु एव समानतया द्रष्टुं शक्यन्ते स्म। तद्रात्रौ वृद्धस्य आरोग्यं अकस्मात् विचित्रतया प्रतिकूलताङ्गतम्। निकटवर्तिभ्यो गृहेभ्यो जनाः सगुणेन आहूताः। चिकित्सालयं नेतुं चेष्टमाना एव आसन् जनाः। तत्क्षणे एव वृद्धेन अन्तिमः श्वासः स्वीकृतः जीवनस्य। स्वजनाः आगताः। ग्राम्यजनाः आगताः। त्रयोऽपि पुत्राः समवेताः। सगुणः महद्दुःखमनुभूतवान्। सर्वे अरुदन्। सगुणस्य रोदनं वास्तवं हृदयान्निर्गतञ्च प्रतीयते स्म। अन्त्येष्टिसंस्कारस्य त्रयोदश दिवसा व्यतीताः। रक्तसम्बन्धो नास्ति। त्वया लवणं स्वीकर्तुं शक्यत इति पुरोहितेन प्रोक्तमपि वचनमनादृत्य सगुणः विधिवद् अन्त्यकर्मणि सहभागः जातः। सम्पदां विभजनस्य च कालः समागतः। वृद्धेन अन्त्यकाले एकमिच्छापत्रं लिखितमासीत्। तस्य भाषा एवं भूतासीत्–

मम चत्वारः पुत्राः। त्रयः साक्षात् जाताः। एको भगवता दत्तः। अतः पत्नीविरहं सहमानस्य मम विनयेन प्रेम्णा च सेवां कृतवान् मत्पुत्रः सगुणः मे सम्पूर्णसम्पदाम् अर्धमितं धनं स्वीकरोतु। यद्यप्यहं तेषां व्यवहारेण न तुष्टः तथापि रक्तसम्बन्धिताकारणेन पितृधर्मितया च अन्यैस्त्रिभिः अवशिष्टं विभज्य स्वीकरणीयमिति। परन्तु तत्पत्रं निरस्य पुत्रैः नूतनं कृत्रिमं चेच्छापत्रं सृष्टम्। तस्य शब्दाः इत्थमासन् –

मम साक्षाज्जातेभ्यः पुत्रेभ्य एव धनं भवतु। गत्यन्तरहीनतया निर्दोषबाल्ये स्थितोऽयं सगुणः मया पालित एव विद्यते। एतेन मम जीवनानन्तरं स्वार्जनपुरःसरं जीवनं जीवनीयं भविष्यति। केचित् वृद्धाः वृद्धस्य प्राणवियोगस्य ईषदेव पूर्वं तेन प्रकटितं विचारं प्रत्यक्षं श्रुतवन्त आसन् परन्तु तेषां वचनं न किञ्चित् सारवत् जातम्। इदं सर्वमपि प्रवृत्तं ज्ञात्वा तस्यामेव रजन्याम् एकस्मिन् लघुस्यूते पितुः स्मरणचिह्नानि, कानिचित् चित्राणि च नीत्वा रहसि एव रुदन् गतः सगुणः। पितुर्नाम्नि इह एकं पथिकानाम् आरामगृहं रचयिष्यामि पश्चादिति हृदा अचिन्तयच्च। ततः परं सः क्व गत इति केनापि अभिज्ञातं नास्ति इदानीं यावत् .........। ■

# माहेश्वरतन्त्रं विमोचितम्



गतफाल्गुनमासस्य २४तमे दिनाङ्के कृष्णप्रणामीसंस्थायाः अध्यक्षस्य श्यामकेसीमहोदयस्य अध्यक्षतायां, नेपालप्रज्ञाप्रतिष्ठानस्य कुलपतेः गङ्गाप्रसादउप्रेतीमहोदयस्य प्रमुखातिथ्ये, सङ्घीयसंसदः सदस्यायाः डिलासंग्रौलायाः प्रदेशसांसदस्य भीमसेनखत्रीमहोदयस्य चातिथ्ये माहेश्वरतन्त्रं विमोचितम्। तदवसरे उप्रेती 'नेपालः पूर्वजानां मनीषिणां तपोभूमिः, साधनभूमिरस्ति। तैः अनेकानि ग्रन्थरत्नानि विरचितानि। धर्मशास्त्रं मानवजीवनस्य संविधानमस्ति। वैदिकशास्त्रैः आविश्वं शान्तेः सन्देशः प्रवाहितः अस्ति। संस्कृतभाषा ज्ञानस्य भाण्डगार एवास्ति।

संस्कृतं नेपालस्य नेपालिजातीनाञ्च परिचयमावहति। परन्तु शिक्षानीतेः कारणात् संस्कृतस्य अज्ञानाच्च वयं अनुवादमाध्यमेन संस्कृतनिबद्धज्ञानं लभामहे। संस्कृतबोधनाय सर्वेषां सामर्थ्यं नास्ति। अतः माहेश्वरतन्त्रस्य नेपालिभाषायामनुवादं कृत्वा श्रीकृष्णप्रणामीपरम्पराश्रितेन मोहनप्रिय–महाराजवरेण महानुपकारः कृतः, अतः स वन्दनीयः अस्ति' इति उक्तवान्। नेपालसंस्कृतविश्वविद्यालयस्य कुलपतिचरेण प्रा.डा.कुलप्रसादकोइरालावरेण संस्कृतस्य महत्त्वमुपस्थाप्य यतिभिः योगिभिः अनुसन्धानं विधाय नूतनानि रहस्यरत्नानि प्रदातव्यानीति' कथितम्।

सङ्घीयसंसदः सदस्या डा. डिलासंग्रौला 'कृष्णप्रणामीधर्मः समन्वयकारी अस्ति, मानवसेवायां सदैव रमते, सर्वानुपरि समानतामाचरति' विश्वनारीदिवस्योपलक्षे सर्वाभ्यः नारीभ्यः हार्दीं शुभकामनां व्यनज्मि' इति गदितवती। समारोहे विश्वहिन्दुधर्म–महासङ्घस्य महासचिवा अस्मिताभण्डारी 'नेपालः प्राचीनकालादेव सनातनवैदिकधर्मस्य भूमिरासीत्, अधुनापि ९४ प्रतिशतं जनता ओङ्कारपरिवारस्य सन्ति। धर्मस्य क्षयत्वात् अधुना नेपाले अनेका समस्या समागता। अतः सर्वैः सम्भूय सनातनवैदिकधर्मस्य स्थापना विधातव्या' इति भणितवती। समारोहे सन्तबालकिशोरजीमहाराजः 'सनातनधर्मस्य सूर्यः न कदापि अस्तमेति, अस्माभिः सदैव मनसा, वचसा, कर्मणा च सनातनधर्मस्य सेवा विधातव्या' इति अकथयत्। समारोहे अमृतनाथमहाराजः, इतिहासविद् प्रा. दिनेशराजपन्तः, प्रा.डा.रमेशचन्द्रअधिकारी, डा.चिन्तामणियोगी, सांसदः भीमसेनखत्री, लोकेन्द्रढकालः, विमलचन्द्रदाहालः इत्यादिभिः धर्मसंस्कृतिविषये, विमोचितपुस्तकस्य च विषये विचारविमर्शः कृतः। ■

# ‘भौगोलिक विकटता हुँदाहुँदै पनि विकास गरेका छौँ’



**मोहन्याल गाउँपालिका कैलाली जिल्लाको पहाडी (चुरे) क्षेत्रमा अवस्थित गाउँपालिका हो। साबिकका मोहन्याल, पण्डौन र सुगरखाल गाविसलाई मिलाएर बनाइएको यो गाउँपालिका सुगम जिल्लाको दुर्गम गाउँपालिकाका रूपमा चिनिन्छ। करिब ६२७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको मोहन्यालमा २३ हजार जनसङ्ख्या रहेको छ। शिक्षा, स्वास्थ्य, यातायातलगायतका पूर्वाधारको पर्याप्त संरचना नभएको गाउँपालिका पानी, वन सम्पदा र जडीबुटीको पर्याप्तताका दृष्टिले भने सम्पन्न छ । यद्यपि ती सम्पदाको उचित सदुपयोग भने हुनसकेको छैन। २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा सो गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेको तर्फबाट नवलसिंह रावल निर्वाचित हुनुभएको थियो। ७७ वर्षीय रावल सुदूरपश्चिमकै पुराना राजनीतिज्ञ हुनुहुन्छ। हाल शारीरिक रूपमा अस्वस्थ रहनुभएका रावल भौगोलिक विकटताका कारण गाउँपालिकाको सोचेजस्तो विकास हुन नसकेको बताउनुहुन्छ। प्रस्तुत छ, गाउँपालिकाको समग्र विकास निर्माणका विषयमा अध्यक्ष रावलसँग गोरखापत्र दैनिकका लम्की समाचारदाता *चाँदनी आचार्य*ले गर्नुभएको कुराकानी :**

**■ स्थानीय तहको चुनावका बेला जनतामाझ गरिएका प्रतिबद्धता के के पूरा भए ?**

भौगोलिक विकटताले गर्दा शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, यातायातलगायतका पूर्वाधार विकासका क्षेत्रमा पर्याप्त काम हुनसकेको छैन। चुनावमा जनतामाझ हामीले यिनै क्षेत्रमा काम गर्ने गरी प्रतिबद्धता गरेका थियौँ। जनतासँग गरिएका प्रतिबद्धतामध्ये कतिपय काम भइरहेका छन् भने कतिपय बजेटको अभावमा अझै गर्न सकेका छैनौँ। गाउँपालिकाका सातवटै वडामा प्रत्येक वर्ष बजेट छुट्याएर विद्यालय, बाटोघाटो, खानेपानी र स्वास्थ्य क्षेत्रमा काम गरेका छौँ। विभिन्न अभाव भए पनि पहिलाभन्दा धेरै विकास भएको छ।

**■ यस बीचमा खास गरेर सम्झनयोग्य काम के भए ?**

भौगोलिक रूपमा विकट गाउँपालिका भएकाले जति तराईका गाउँपालिकामा काम देखिएको छ, त्यति त हुनसकेको छैन। गर्नुपर्ने धेरै काम अझै बाँकी छन्। आर्थिक अभाव पनि उत्तिकै छ। दीर्घकालीन योजनामा पारेर फलेबिसौनी, सोल्टा, खिमडी सडकलाई पक्की बनाउने काम सुरु भएको छ। विद्यालयको भौतिक सुधार भएको छ। स्वास्थ्यका क्षेत्रमा भौतिक सुधारका साथै सेवा विस्तारका काम भएका छन्। कृषि, खानेपानीमा समेत केही हदसम्म काम गरेका छौँ।

**■ अहिलेसम्मको कामको समीक्षा के कस्तो गर्नुभएको छ ?**

अहिलेसम्म भएका कामलाई हेर्दा निराशाजनक स्थिति छैन। यहाँको भौगोलिक विकटता र बजेटको आकारअनुसार सकेजति गरेका छौँ। कतिपय पूर्वाधारका विकास गर्न चाहेर पनि सकिएको छैन। म आएपछि वडा–वडामा हिउँदको समयमा गाडी पुग्ने बाटो बनायौँ। शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि प्रत्येक वर्ष एक करोड रुपियाँभन्दा बढी बजेट छुट्याएर काम गरेका छौँ।

हामीसित आन्तरिक बजेट शून्यजस्तै छ। ढुङ्गा, गिट्टी, बालुवाको रोयल्टी पनि खासै उठ्दैन। वन सम्पदा बढी छ तर त्यसबाट आम्दानी गर्न सकेका छैनौँ। गाउँपालिकाको आन्तरिक आम्दानी यसअघि ९० हजार रुपियाँ मात्र थियो। चालू आर्थिक वर्षमा एक लाखभन्दा बढी हुने अनुमान गरिएको छ भने वार्षिक बजेट ४० करोड रुपियाँको हाराहारीमा छ। यस्तो सीमित बजेटका बीच पनि ठीकै काम भएको छ भन्ने समीक्षा गरेका छौँ।

**■ यो पालिकालाई समृद्ध बनाउने अल्पकालीन र दीर्घकालीन योजना के के ल्याउनुभएको छ ?**

सानो बजेटमा सम्पन्न हुने योजनालाई हामीले अल्पकालीन र ठूलो बजेट आवश्यक पर्ने बहुवर्षीय योजनालाई दीर्घकालीन योजनाअन्तर्गत राखेर काम गरेका छौँ। कृषि, स्वास्थ्य, खानेपानी, शिक्षाका योजनालाई अल्पकालीनअन्तर्गत राखेर कृषिमा युवा आर्कषण गर्ने र आयआर्जन बढाउनेमा जोड दिएका छौँ। पूर्वाधार विकासमा बाटोघाटो, विद्युत्, खानेपानीलगायतका योजनाअन्तर्गत जनताको जीवन सहज बनाउने खालका योजना कार्यान्वयनमा ल्याएका छौँ। गाउँपालिकाका सातवटै वडामा यातायातका लागि बाटोको ट्र्याक खोल्न सफल भए पनि पहाडी कच्ची सडक भएकाले वर्षायाममा गाडी गुड्न नसक्ने अवस्था छ। हामीले फलेबिसौना, खिमडी, सोल्टा सडक पक्की बनाउने दीर्घकालीन योजनामा राखेर काम सुरु गरेका छौँ।

**■ विकास कार्यमा प्रदेश र सङ्घ सरकारसँग के कस्तो समन्वय हुँदैआएको छ ?**

विकास निर्माणको काममा प्रदेश सरकार र सङ्घ सरकारसँग राम्रै समन्वय हुने गरेको छ। भौगोलिक विकटता भएको हाम्रो गाउँपालिकामा प्रदेश सरकार र सङ्घीय सरकारबाट आउने योजनाका बारेमा हामीलाई जानकारी हुन्छ। खानेपानी, यातायात, शिक्षा, स्वास्थ्य क्षेत्रमा प्रदेश सरकार र सङ्घीय सरकारको सहयोग रहेको छ।

**■ पालिकास्तरीय सुशासनका लागि खास काम के गर्नुभएको छ ?**

गाउँपालिकाबाट हुने कामकाजलाई छिटोछरितो बनाउने उद्देश्यले विभिन्न शाखाबाट काम गर्ने वातावरण बनाएका छौँ। योजना छनोटदेखि उपभोक्ता समिति गठन गर्ने, भुक्तानी दिने कुरामा सम्बन्धित सबै पक्षलाई जानकारी गराएर कानुनसम्मत ढङ्गले प्रक्रिया पूरा गरेर काम गर्ने गरेका छौँ। जनसङ्ख्या थोरै भएको तथा भौगोलिक बनावटले पनि कसैले कसैमाथि छलकपट हुने काम सकभर नहोस् भनेर हामी कुनै राजनीतिक आस्था, नातागोता नहेरेर काम गरिरहेका छौँ। विकासका योजनामा उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले अनुगमन नगरी भुक्तानी दिने गरिएको छैन। कुनै पनि योजना सम्पन्न भइसकेपछि त्यसको सार्वजनिक सुनुवाइ गर्ने गरेका छौँ।

**■ कोरोना नियन्त्रण र उपचारका लागि के के काम गर्नुभयो ?**

हाम्रो गाउँपालिकामा अहिलेसम्म कोरोनाबाट कसैको पनि मृत्यु भएको छैन। लकडाउनको समयमा बाहिरबाट आउनेलाई १०/१५ वटा क्वारेन्टाइन बनाएर बस्नेखानेको व्यवस्था गरेका थियौँ। त्यस क्रममा १५०० भन्दा बढीलाई क्वारेन्टाइनमा राखेका थियौँ। सातवटा वडामा सामुदायिक स्वास्थ्य एकाइमार्फत स्वास्थ्य सेवा दिने व्यवस्था गरेका छौँ। स्वास्थ्य परीक्षणका लागि प्रयोगशालाको व्यवस्था गरेका छौँ। कोभिडविरुद्धको खोप फागुन २३ गतेदेखि ज्येष्ठ नागरिकलाई दिने व्यवस्थासमेत गरेका छौँ।

**■ तपाईंको पालिकामा नागरिकले विकासमा कत्तिको चासो राख्ने गरेका छन् ? के कस्ता कुराको माग आउने गरेको छ ?**

आफ्नो गाउँठाउँको विकासमा नागरिकले चासो राख्ने नै भए। चासो राखेर नै विभिन्न योजना माग गर्छन्। भौगोलिक विकटता भएकाले सबैभन्दा समस्या यहाँ बाटोघाटो, यातायात, विद्युत्को छ। उहाँहरूका माग पनि उल्लिखित विषयमै बढी आउँछन्। सानो बजेट हुँदा नागरिकका मागअनुसार पूरा गर्न सकिएको छैन। उहाँहरूका मागलाई प्राथमिकताका आधारमा बिस्तारै सम्बोधन गर्दै जाने छौँ।

# बन्ने भयो पहाड–मधेस जोडिने पुल

■ **शिवराज ढुङ्गाना**

मङ्गलसेन, फागुन २८ गते। मङ्गलसेन–जङ्गलघाट–चिसापानी सडक खण्डको जङ्गलघाटमा पुल निर्माण हुने भएपछि छोटो दूरीमा मधेस–पहाड जोडिने भएको छ। अछाम र सुर्खेतबीच जङ्गलघाटस्थित कर्णाली नदीमा मोटरेबल पुल निर्माण प्रक्रिया सुरु भएसँगै फास्ट ट्र्याक सडकले ५० वर्षपछि पूर्णता पाउने भएको छ।

अछाम र सुर्खेतबीच जङ्गलघाटमा कर्णाली नदीमा पक्कीपुलको निर्माण प्रक्रिया सडक विभागको पुल महाशाखाले अघि बढाएको छ। पुलको ठेक्का दिने प्रक्रियामा रहेकाले सम्झौताको तीन वर्षभित्र मोटरेबल पुल निर्माण गरिसक्नुपर्ने महाशाखाका इन्जिनियर विमल बस्नेतले जानकारी दिनुभयो।

जङ्गलघाटमा पुल निर्माणका लागि दुई ठाउँमा सर्भे भइसकेको र ठेक्काको काम अघि बढेको सुर्खेतको पञ्चपुरी नगरपालिकाका प्रमुख उपेन्द्र थापाले बताउनुभयो।

अछाम खण्डमा यसअघि नै सडक निर्माण भइसकेको भए पनि सुर्खेतमा १५०० मिटर सडक काट्ने काम भइरहेको छ। अछाम सदरमुकाम मङ्गलसेनबाट करिब १२० किलोमिटरमा कैलालीको चिसापानी पुग्न सकिनेछ। हाल मङ्गलसेनबाट ३१० किलोमिटरको जोखिमपूर्ण सडकबाट धनगढी पुग्नुपर्ने बाध्यता अन्त्य हुनेछ।

२०४७ सालमा बर्दियाको राजापुरमा आफू अध्ययनमा जाने क्रममा सडक निर्माण भइरहेको देखे पनि त्यसपछिका सरकारले ध्यान नदिँदा सडक जोडिन दशकौँ समय लागेको अछाम बहुमुखी क्याम्पसका प्रमुख छत्रबहादुर विष्टको भनाइ छ। जङ्गलघाटमा पुल निर्माणपछि तराई र पहाड सजिलैसँग जोडिएर नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धसमेत जोडिने क्याम्पस प्रमुख विष्टले बताउनुभयो। हरेक गाउँका स्थानीयको श्रमदानबाट चिसापानीदेखि सडक खन्दै २०२४ सालमा तत्कालीन जिल्ला सभापति हरिप्रसाद भण्डारीको नेतृत्वमा मङ्गलसेनसम्म मोटर पुऱ्याइएको थियो। सरकारले २०२८ बाट टयाक्टर सडकको रूपमा निर्माण सुरु गरे पनि सरकारी र राजनीतिक बेवास्ताका कारण सो सडक तराईसँग जोडिन नसकेको स्थानीयवासीको बुझाइ छ।

“उहिल्यै बन्नुपर्ने बाटो हो तर अहिले जङ्गलघाटमा पुल बन्ने भएपछि खुसीको खबर हो। चाँडै बन्यो भने तराई पुग्न निकै सजिलो हुनेभयो,” जिविस अछामका पूर्व उपसभापति तेजबहादुर विष्टको भनाइ छ।

जङ्गलघाटमा पुल निर्माणसँगै छोटो सडक यात्रा हुने भएपछि यस क्षेत्रका बासिन्दामा निकै उत्साह आएको छ। सुदूरपश्चिम र कर्णाली प्रदेशको समृद्धिका रूपमा रहेको चिसापानी–जङ्गलघाट–मङ्गलसेन सडकलाई वर्तमान सरकारले प्राथमिकतामा राखेर काम अघि बढाएको अछाम–२ का प्रतिनिधि सभा सदस्य यज्ञबहादुर बोगटीले बताउनुभयो।

छोटो दूरीको सो सडकको पुल तोकिएकै समयमा निर्माण हुनसकेमा अछामसहित बाजुरा, डोटी र कर्णालीका दैलेख, कालीकोट, जुम्ला, हुम्ला, मुगुसम्मको सडक सहज बन्ने बताइएको छ।



**मङ्गलसेन र जङ्गलघाटबीचको सडक फराकिलो बनाइँदै।** तस्बिर : शिवराज ढुङ्गाना

# योजना छनोटमा अन्योल

■ **डडेल्धुरा समाचारदाता**

डडेल्धुरा, फागुन २८ गते। समाजका अगुवाहरू नै योजना छनोटका विषयमा कम जानकार भएपछि मागमा आधारित योजनामा रकम विनियोजन हुन नसकेको भेटिएको छ। डडेल्धुराका स्थानीय तहमा योजना तर्जुमा बैठक तथा बस्ती, वडाभेला प्रभावकारी रूपमा सञ्चालन हुन नपाउँदा नागरिकका प्राथमिकका योजना, बजेट तथा कार्यक्रम समेटिन सकेका छैनन्।

ग्रामीण क्षेत्रमा सूचना नै नपुग्दा आफूहरू योजना माग गर्न पछाडि परेको अमरगढी नगरपालिका–१, दुधकाँडेका स्थानीय लक्ष्मी ऐरले बताउनुभयो। वडा कार्यालयले सञ्चालन गर्ने बस्ती तथा वडा भेलामा आफूहरूलाई जानकारी नै नहुने गरेको अमरगढी नगरपालिका–२ स्थित कैलपाल ताजा तरकारी महिला समूहका अध्यक्ष महेश्वरी सार्की बताउनुहुन्छ। हरेक वर्ष एउटै शीर्षकमा बजेट विनियोजन हुने गरको भन्दै अध्यक्ष सार्कीले महिला र दलितको क्षेत्रमा न्यून बजेट रहेको गुनासो गर्नुभयो।

वडा कार्यालयले सञ्चालन गर्ने योजना तर्जुमा भेलामा नागरिकको सहभागितामा पुरुष सहभागी न्यून रहने गरेको अमरगढी नगरपालिका–१० का वडाध्यक्ष विष्णुराज भट्टले बताउनुभयो। उहाँका अनुसार नागरिक अगुवा तथा सर्वसाधारण योजना तर्जुमा बैठकमा महिला सहभागिता विगतको तुलनामा बढ्दै गएको पाइएको छ।

योजना छनोटमा समाजसेवी र अगुवा नागरिकको उपस्थित कम हुँदा वास्तविक योजना छनोट हुनबाट छुट्ने गरेको वडाध्यक्ष भट्टले बताउनुभयो। अमरगढी नगरपालिका डडेल्धुराका उपप्रमुख सङ्गीता भण्डारीले उपभोक्ताले वास्तविक योजनाको माग होस् भन्ने उद्देश्यले हरेक वर्ष वैशाख दोस्रो सातादेखि बस्तीस्तरमा भेला गर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, यो वर्ष बस्ती तथा वडा भेला सञ्चालन हुनुअगावै सम्पूर्ण बस्तीमा योजना तर्जुमासम्बधी जानकारी दिन योजना छनोटका चरणबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी गरेका छौँ।

आवश्यकताका आधारमा योजना माग हुँदैनन्, व्यक्तिवादी र राजनीतिक आडमा योजना छनोट हुने गरेको गुनासो आउन थालेपछि नगरपालिकाले उपभोक्ताको सहभागितामा योजना छनोटका चरणबारे जानकारी दिन अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने तयारी रहेको उपप्रमुख भण्डारीले बताउनुभयो। बस्ती तथा वडाबाट प्राथमिकीकरण गरेर छनोट भएर आएका योजनालाई नै मान्यता दिँदै मागमा आधारित योजनामा बजेट विनियोजन गर्ने गरेको नवदुर्गा गाउँपालिकाका अध्यक्ष कविन्द्र विष्टले बताउनुभयो।

अध्यक्ष विष्टले भन्नुभयो, गत वर्षका योजना कार्यान्वयन मूल्याङ्कनका आधारमा आगामी वर्षका योजनालाई प्राथमिकता दिने गरेका छौँ।

# छात्रा बेहोस हुन थालेपछि पढाइ प्रभावित

■ **डोटी समाचारदाता**

डोटी, फागुन २८ गते। डोटीको केआईसिंह गाउँपालिकामा रहेको झिमेमालिका माध्यमिक विद्यालयमा अध्ययनरत छात्रालाई टाउको दुख्ने, रिँगटा लाग्ने र बेहोस हुनेलगायतका स्वास्थ्य समस्या देखिन थालेपछि सो विद्यालयको पठनपाठन प्रभावित भएको छ। झिमेमालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक नरबहादुर कार्कीका अनुसार एक महिनादेखि छात्रामा स्वास्थ्य समस्या देखिन थालेको हो। प्रधानाध्यापक कार्कीले भन्नुभयो, विद्यार्थीमा स्वास्थ्य समस्या देखिन थालेपछि पठनपाठनसमेत प्रभावित भइरहेको छ। कक्षा ६ देखि ८ सम्मका विद्यार्थीमा यस्तो समस्या बढी देखिएको छ।

विद्यार्थीमा दैनिक रूपमा स्वास्थ्य समस्या देखिन थालेपछि विद्यालयले एक जना स्टाप नर्सलाई नियमित रूपमा कामकाज गर्ने गरी नियुक्त गरेको छ। विद्यार्थीमा ‘मास कल्भल्जन डिस अर्डर’जस्तो समस्या देखिन थालेको केआईसिंह गाउँपालिकाअन्तर्गत दुर्गामाण्डौँ स्वास्थ्य चौकीका प्रमुख भीष्मराज पाण्डेले बताउनुभयो।

स्वास्थ्य चौकी प्रमुख पाण्डेले भन्नुभयो, यो मानसिक रोग भएकाले उनीहरूलाई मनोसामाजिक परामर्शको आवश्यकता रहेको छ।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा ल.पु.जि.ल.पु.म.न.पा.वडा नं. १६ बस्ने महेशलाल जोशीले म निवेदक र काका रामलाल जोशीको नाममा मा.पो.का.ल.पु.मा संयुक्त दर्ता श्रेस्ता कायम रहेको ल.पु. नगर वडा नं. ४/त्र कि.नं. ३०६ को क्षे.फ ०-४-३-० जग्गा भएकोमा काका रामलाल जोशीको मिति २०६१।६।७ मा अविवाहित अवस्थामा मृत्यु भैसक्नु भएको निजको जेठा दाजु माधवलाल जोशीको पनि मिति २०६७।४।२ मा मृत्यु भएको र निजको श्रीमती नानीमाया जोशी अँशवण्डा लिई भिन्न भई भैसक्नु भएको र काका रामलाल जोशीको तर्फबाट हकखाने हकदार कोही पनि नभएको साथै म निवेदकको बाबु कृष्णलाल जोशीको मिति २०४१।१०।२७ मा मृत्यु भैसकेको र निजको श्रीमती प्रेममाया जोशी र निवेदक छोरा महेशलाल जोशीले मि.नं. २९०१क मिति २०७३।१०।२५ मा निवेदन गरी मा.पो.का.ल.पु.मा नामसारी गर्न कारवाही चलिरहेको अवस्थामा प्रेममाया जोशीको मिति २०७४।८।१४ मा मृत्यु हुँदा म हकदारले काका रामलाल जोशीको जिवित रहुन्जेल पालन पोषण, औषधी उपचार मृत्युपछि काज किरिया, पिण्डपानी तिर्थ श्राद्ध म निवेदकले नै गर्दै आएको हुँदा माथि उल्लेखित कित्ता जग्गा काका रामलाल जोशीको नाम कट्टा गरी मेरो एकलौटी नाममा नामसारी गरी पाउँ भनि महेशलाल जोशीको निवेदन पर्न आएको हुँदा सो जग्गामा अन्य कोही कसैको हकलाग्ने भए वा निजको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाणसहित दाबी उजुरी गर्न आउनुहोला अन्यथा प्रचलित कानुनबमोजिम नामसारी भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**डिभिजन वन कार्यालय, सुनसरीको**

**शिलबन्दी बोलपत्र प्रथाद्वारा काठ लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशित मिति : २०७७/११/२९**

विभिन्न श्रोतबाट प्राप्त भई यस जिल्लाका विभिन्न घाटगद्धिमा रहेका लट नं. १२, ४८, ४९, ५०, ५१ र ५३ का ६५८९.६६ क्यू. फिट काठ र ०.२५ चट्टा दाउराका लागि प्रथम पटकको सूचना अनुसार लिलाम हुन नसकि दोश्रो पटक तथा लट नं. ६३ देखि ७५ सम्मका विभिन्न जातका ७६७३.३४ क्यू. फिट काठ र ८६.५० चट्टा दाउरा प्रथम पटक शिलबन्दी बोलपत्र प्रथाद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना र अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ। (फोन नं. ०२५-५६५१७८)

**भूलसुधार**

मिति २०७७।११।२६ गते गोरखापत्रको पृष्ठ ८ मा प्रकाशित **मालपोत कार्यालय काभ्रेपलाञ्चोकबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक** सूचनामा **क्षेत्रफल ०-१५-१-०** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**युवामञ्च**
मासिक
**खोजी खोजी पढौँ।**

**नेपाल सरकार**
**राष्ट्रिय परीक्षा बोर्ड**
**सानोठिमी, भक्तपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०७७/११/२९**

राष्ट्रिय परीक्षा बोर्डको लागि आवश्यक पर्ने स्टेशनरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य गर्नका लागि मिति २०७७/१०/७ को गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रदाताहरूको बोलपत्र मूल्याङ्कन गरी तपसिलको बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र.सं. | बोलपत्र खरीद नम्बर | छनोट भएको फर्मको नाम र ठेगाना | कुल रकम रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | २/०७७/७८ स्टेशनरी तथा कार्यालय सामान आपूर्ति | श्री युनाइटेड इन्टरप्राइजेज जोरपाटी, काठमाडौँ | १४,०२,७०९।- |

**फोन नं. : ६६३०८४८**

**Karnali Provincial Government**
**Ministry of Internal Affairs and Law**
**Birendranagar, Surkhet**

**Letter of Intent (LOI)**

**Date of Publication: 2077/11/29 (13rd March, 2021)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per IFB No: 01-2077/078 published on Gorkhapatra National Daily on 2077/08/14 (29 November, 2020) to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N | Contract Identification No | Description and Location of Works | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | MOIAL/surkhet/work/NCB-01/077/078 | Construction of Remaining works of ware House Building, Surkhet | Prakritik-Nishan Joint Venture. | 29180857.79 |

**Officiating Provincial secretary**

**Notice for Tender Invitation**

**(First day of publication March 12, 2021)**

IFB No. NDCL/ISSD/ICB/14/077-78 for Supply, Delivery, Installation and Commissioning of Revenue Assurance Solution(RAS).

Sealed Tenders are invited from reputed and competent bidders for Supply, Delivery, Installation and Commissioning of Revenue Assurance Solution (RAS).

A complete set of Tender Document may be purchased by any interested eligible bidder on submission of a written application **(Please refer to http://eproc.ntc.net.np for Bidder's Eligibility and application format for Tender Document purchasing.)** to the address given below and upon payment of non-refundable fees of NRs. 25,000.00 (Nepalese Rupees: Twenty Five Thousand only) or US$ 225.00 (United States Dollar: Two Hundred Twenty Five only) or EUR 175.00 (EURO: One Hundred Seventy Five only).

In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

**Tender document on sale : March 12, 2021, Onwards**
**Closing date and time : April 26, 2021, 11.45 hrs.**
**Opening date and time : April 26, 2021, 12.00 hrs.**

**Contact Address**
**Nepal Telecom**
**(Nepal Doorsanchar Co. Ltd)**
Information System Support Directorate (ISSD)
**Jawalakhel, Lalitpur, Nepal.**
**Tel. No. : 977-1-5552555, Fax. No. : 977-1-5537763**
**E-mail:** ntc.issd@ntc.net.np
**For further details please refer to:**
**Website:** http://www.ntc.net.np, http://eproc.ntc.net.np

# खोप लगाउन पाएपछि ज्येष्ठ नागरिक खुसी



कोरोनाविरुद्धको खोप लगाउँदै ज्येष्ठ नागरिक । तस्बिर : मुना हमाल

■ हुम्ला समाचारदाता

हुम्ला, फागुन २८ गते । घरदैलोमै कोरोनाविरुद्धको खोप लगाउन पाएपछि यहाँका ज्येष्ठ नागरिकले खुसी व्यक्त गरेका छन् ।

खोप लगाउने तालिम प्राप्त स्वास्थ्यकर्मी गाउँमै आएर खोप लगाउन थालेपछि ज्येष्ठ नागरिकले खुसी व्यक्त गरेका हुन् । सिमकोट गाउँपालिका–७, डाँडाफया गाउँकी एक सय वर्षीया रत्ना शाहीले गाउँमै स्वास्थ्यकर्मी आएर कोरोना महामारीविरुद्ध खोप लगाएपछि ज्येष्ठ नागरिकलाई राहत र खुसी लागेको बताउनुभयो ।

कतिपय ज्येष्ठ नागरिक स्वास्थ्य चौकीको खोप केन्द्रमा पुग्न नसक्ने अवस्थामा भएका बेला गाउँमै आएर खोप लगाउनुले ज्येष्ठ नागरिकलाई सहयोग पुगेको उहाँको भनाइ छ ।

उहाँले यति छिट्टै कोरोनाविरुद्धको खोप आएर लगाउन पाइएला भन्ने नसोचेको बताउनुभयो ।

यस्तै ८० वर्षीया जौकला बोहराले सहजै खोप लगाउन पाएकोमा खुसी व्यक्त गर्दै उहाँले ढुक्कसँग खोप लगाउन पाएको समेत बताउनुभयो । डाँडाफया स्वास्थ्य चौकीमा दोस्रो चरणको खोप कार्यक्रम सुरु भएपछि ९५ जना वृद्धवृद्धाले कोरोनाविरुद्धको खोप लगाएको स्वास्थ्यकर्मी सन्तोष बोहराले बताउनुभयो ।

ज्येष्ठ नागरिकहरू कोरोनाविरुद्धको खोप लगाउन हर्ष र खुसीका साथ खोप केन्द्रमा लठ्ठी टेकेर आएको जानकारी उहाँले दिनुभयो । खोप लगाउने क्रममा ज्येष्ठ नागरिकले सरकारले गरेको यो कदमलाई सराहनीय भनेका छन् ।

हुम्ला जिल्लाका सातवटै गाउँपालिकाको स्वास्थ्य शाखाले कोरोनाविरुद्धको भ्याक्सिन लगेर आ–आफ्नो तालिकाअनुसार खोप लगाएको स्वास्थ्य सेवा कार्यालयका प्रमुख प्रेम सिंहले बताउनुभयो । कार्यालयले हुम्ला जिल्लाभरि तीन हजार पाँच सय जना ज्येष्ठ नागरिकलाई खोप लगाउने योजना रहेको जानकारी दिनुभयो ।

## ज्येष्ठ नागरिकमा उत्साह

■ वीरेन्द्रनगर समाचारदाता

सुर्खेत, फागुन २८ गते । वीरेन्द्रनगर_५, चिसापानीका ७७ वर्षीय बमबहादुर दाहाललाई कोरोनाविरुद्धको खोप यति छिट्टै खोप लगाउन पाइन्छ होला भन्ने विश्वास लागेको थिएन ।

कोरोना महामारीको खोप बन्ने समाचार सुन्दा उहाँलाई हामीले खोप लगाउन नपाएर नै मर्छौं भन्ने लाग्थ्यो । "अहिले यति छिट्टै खोप लगाउन पाउँदा खुसी लागेको छ", दाहालले भन्नुभयो ।

सोमबार दाहालले ७७ वर्षीय श्रीमती देवीका दाहालसँगै वीरेन्द्रनगरमा रहेको कट्कुवा स्वास्थ्य चौकीमा गएर कोरोनाविरुद्धको खोप लगाउनुभयो ।

"यति छिट्टै खोप लगाउने सुविधा पाइन्छ भन्ने लागेको थिएन, हामीले छिट्टै खोप लगाउने सुविधा पायौँ, खोप लगाउँदा अब ढुक्क लागेको छ", उहाँले खुसी व्यक्त गर्दै भन्नुभयो ।

उहाँसँगै खोप लगाउन आउनुभएकी देवीका दाहालले पनि कोरोना लागेर मरिन्छ भन्ने डर हराएको बताउनुभयो ।

वीरेन्द्रनगर_३, पतेनीका ६६ वर्षीय गङ्गाराम बरालले खोप लगाउन पाउँदा आफूहरूलाई खुसी लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले हामीलाई प्राथमिकता दिएर यस्तो सुरक्षा दिनु राम्रो हो । खोप लगाएपछि ढुक्क भएको छु ।"

सरकारले आइतबारदेखि दोस्रो चरणको कोरोनाविरुद्ध खोप अभियान सुरु गरेको छ । ६५ वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई खोप लगाउने उद्देश्यले सुरु गरिएको यस अभियानले ज्येष्ठ नागरिकमा उत्साह ल्याएको छ ।

खोप अभियानमा जेष्ठ नागरिकको उत्साहजनक सहभागिता रहेको यहाँका स्वास्थ्यकर्मीको भनाइ छ । जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका प्रमुख चेतननिधि वाग्लेले सुर्खेतमा खोप कार्यक्रम उत्साहजनक रहेको बताउनुभयो । उहाँका अनुसार अहिले पहिलो चरणमा सुर्खेतमा पाँचवटा स्थानीय तहका ३५ वटा खोप केन्द्रबाट कोरोनाविरुद्धको खोप लगाइएको छ ।

पहिलो चरणमा मङ्गलबारसम्म वीरेन्द्रनगर नगरपालिका, लेकबेँसी नगरपालिका, भेरीगङ्गा नगरपालिका, चिङ्खागाड गाउँपालिका र बराहताल गाउँपालिकामा खोप लगाइने जानकारी दिनुभयो ।

यसैगरी चौकुने, सिम्ता, गुर्भाकोट र पञ्चपुरीमा फागुन २६ देखि २८ सम्म खोप लगाइने कार्यतालिका रहेको प्रमुख वाग्लेले जानकारी दिनुभयो । दोस्रो चरणमा सुर्खेतमा २४ हजार ९७६ जनालाई खोप दिने लक्ष्य लिइएको छ ।

# जोखिम भत्ता नपाएको गुनासो



कोरोनाका बेला उपचारमा खटिएका स्वास्थ्यकर्मी । तस्बिर : प्रेमराज सिम्खडा

■ कालीकोट समाचारदाता

कालीकोट, फागुन २८ गते । कालीकोटको महाबै गाउँपालिकामा कोरोनाको कहरका बेला रातदिन जोखिम मोलेर काम गरेका स्वास्थ्यकर्मीले जोखिम भत्ता नपाएको गुनासो गरेका छन् ।

सङ्घीय सरकारले कोरोनाको बीचमा काम गर्ने स्वास्थ्यकर्मीलाई जोखिम भत्ता दिने भन्दै सबै प्रदेश र स्थानीय तहमा परिपत्र गरे पनि महाबै गाउँपालिकाले भने भत्ता दिन आनाकानी गरिरहेको बताइएको छ ।

अनमी बास्मती शाहीले जिल्लाका अन्य स्थानीय निकायले केन्द्रको परिपत्र नआउँदै स्वास्थ्यकर्मीलाई जोखिम भत्ता दिने निर्णय गरेका भए पनि यस गाउँपालिकाले अहिलेसम्म नदिएको बताउनुभयो ।

जोखिम भत्ता माग गर्दा गाउँपालिकाले आनाकानी गरिरहेको आरोपसमेत उहाँले लगाउनुभयो । भत्ता दिनका लागि दशैँ, तिहार हुँदै पटक पटक समय सार्दै आएको जानकारी दिँदै उहाँले अहिलेसम्म उक्त भत्ता नदिइएकोमा आपत्ति जनाउनुभयो ।

प्रशासन तथा स्टोरमा काम गर्ने कर्मचारीले जोखिम भत्ता पाउनुपर्ने दाबी गरेकाले पनि स्वास्थ्यकर्मीलाई भत्ता दिन रोकेको बताइन्छ । स्वास्थ्य शाखा प्रमुख बबिता बटालाले आफूले गाउँ सभामा समेत कुरा गरेको तर कतैबाट सुनुवाइ नभएको बताउनुभयो ।

प्रशासन, स्टोरलगायतका ठाउँमा काम गर्ने कर्मचारीले भत्ता पाएमा गापाभित्रका सबै कर्मचारीले पाउनुपर्ने भन्दै स्वास्थ्यकर्मीले मात्र भत्ता पाएमा आफूहरूले आन्दोलन गर्ने भनेका कारण लेखाले भत्ता दिन नमानेको एक कर्मचारीले बताए ।

यता प्रमुख प्रशासकीय अधिकृत गणेशमान सिंहले भने भत्ता रकम भुक्तानीका लागि लेखा शाखामा पठाइसकेको दाबी गर्नुभयो । उहाँले सुरक्षाकर्मीदेखि सो समयमा खटिएका कर्मचारीलाई पनि सम्बोधन गर्नुपर्ने देखिएकाले यसरी ढिलाइ भएको बताउनुभयो ।

कार्यपालिकाले निर्णय गरेर दिने भनेको तर कार्यपालिकाको बैठक बस्न नसकेकाले ढिलाइ भएको उहाँले जानकारी दिनुभयो ।

उहाँले तत्काल कार्यपालिकाको बैठक बसेर स्वास्थ्यकर्मीलाई माथिकै निर्देशनअनुसार जोखिम भत्ता दिने र बाँकी सुरक्षाकर्मीलगायतलाई कार्यपालिकाको निर्णयले तोकेबमोजिम भत्ता दिने सल्लाह भइरहेको बताउनुभयो ।

लेखापाल मलिम रावतले भने अन्तिममा बजेट नपुगेर दिन नसकेको जनाउनुभयो । उहाँले केन्द्रमा बजेट माग गरेको र अब असार मसान्तसम्म बजेटको व्यवस्था भएमा सो भत्ता दिने बताउनुभयो ।

सरकारले कोरोना नियन्त्रणमा अग्रमोर्चामा रहेर बिरामीको 'स्वाब' लिनेलाई एक सय प्रतिशत र क्वारेन्टाइनमा रहेर काम गर्ने कर्मचारीलाई ५० प्रतिशत जोखिम भत्ता दिने स्वास्थ्य विभागले परिपत्र गरिसकेको छ ।

# राजनीतिक मतभेदले 'वायु ऊर्जा' अलपत्र

■ ललित बसेल

सुर्खेत, फागुन २८ गते । आधा करोड रुपियाँ बढीको लगानीमा पश्चिम सुर्खेतको वराहताल गाउँपालिका–३, हर्रेकाँडामा निर्माण गरिएको हावाबाट विद्युत् उत्पादन केन्द्र (वायु ऊर्जा) करिब दुई वर्षमै प्रयोगविहीन बनेको छ ।

चट्याङले क्षति पुऱ्याएपछि मर्मत गर्ने सन्दर्भमा जनप्रतिनिधिहरूबीच राजनीतिक आस्थाका कारण कुरा नमिल्दा सो वायु ऊर्जा प्रयोगविहीन बनेको हो ।

२०७४ साउनमा ५६ लाख ६६ हजार रुपियाँको लागतमा निर्माण गरिएको 'हर्रेकाँडा वायु ऊर्जा' यतिबेला प्रयोगविहीन अवस्थामा छ । २०७६ साउन महिनामा चट्याङले क्षति पुऱ्याएको आयोजना बनाउनतर्फ कुनै ध्यान दिइएको छैन । स्थानीय बासिन्दा दलगत रूपमा विभाजित हुँदा वायु ऊर्जा मर्मत हुन सकेको छैन ।

चट्याङले सोलार र 'डाइनामो सेट'मा क्षति पुगेको छ । तर, मर्मत गर्न स्थानीय राजनीतिक दलका कार्यकर्ता नेपाली काँग्रेस, पूर्व एमाले तथा माओवादीको वैचारिक मतभेदले विभाजित भएका छन् । सो आयोजनाको मर्मतको जस कुन पार्टीले लिने भन्नेमा स्थानीय बासिन्दाबीच विवाद छ । मर्मत नगर्दा सोलारका पाता, विद्युत्का पोल र तारहरू जीर्ण बनिसकेका छन् ।

३५ घरधुरी रहेको हर्रेकाँडामा २०७० मङ्सिरदेखि वायु ऊर्जाबाट उज्यालो बनाउने प्रयास गरिएको थियो । पूर्व राज्यमन्त्री तप्तबहादुर विष्टको क्षेत्र विकास कोषबाट आठ लाख ५६ हजार, वैकल्पिक ऊर्जाको ३९ लाख ९२ हजार, तत्कालीन तरङ्गा गाविसबाट दुई लाख १४ हजार र स्थानीय बासिन्दाको पाँच लाख ८६ हजार रुपियाँ गरी कुल ५६ लाख ६६ हजार रुपियाँको लागतमा ऊर्जा आयोजना निर्माण गरी ०७४ साउन ५ गते विधिवत् रूपमा बत्ती बलेको थियो ।

नेपाली काँग्रेसका नेता एवं पूर्व सञ्चार राज्यमन्त्री विष्टले सांसद विकास कोषबाट आठ लाख ५६ हजार रुपियाँ सहयोग गरेका कारण काँग्रेस समर्थित स्थानीय बासिन्दाले काँग्रेसकै कारण गाउँमा बत्ती बलेको प्रचार गरे । जुन प्रचार नेकपालगायतका अन्य राजनीतिक दलहरूलाई मन परेन । यसले गर्दा उक्त काम अधुरै रह्यो ।



हर्रेकाँडामा प्रयोगविहीन अवस्थामा रहेको 'वायु ऊर्जा' केन्द्र । तस्बिर : ललित बसेल

२०७६ साउनमा परेको चट्याङले वायु ऊर्जामा क्षति भएको थियो । जसका कारण विद्युत् उत्पादन नै बन्द भयो । काँग्रेसका कारण आयोजना बनेको भनेपछि तत्कालीन एमालेका कार्यकर्ताले मर्मत सम्भार गर्न तयार भएनन् । काँग्रेसले बनाएको विद्युत् नबाल्ने भन्दै केही घरधुरीले विद्युत्को तारसमेत फिर्ता गरिदिए ।

मर्मत गर्नतर्फ स्थानीय बासिन्दासँग बजेट भएन । वडाध्यक्ष र गाउँपालिकाबीच मर्मतमा सहमति हुन नसकेपछि झण्डै दुई वर्षदेखि हर्रेडाँडामा वायु ऊर्जा विद्युत् उत्पादन बन्द भएको छ । आयोजना सञ्चालन र रेखदेखको जिम्मेवारी पाएका स्थानीय बासिन्दाले भने आर्थिक अभावकै कारण आफूहरूले वायु ऊर्जा मर्मत गर्न नसकेको बताएका छन् ।

स्थानीय बासिन्दा प्रेम गौतमले चट्याङले सोलारका पाता र मुख्य भागमा क्षति पुऱ्याएको हुँदा स्रोत नहुँदा मर्मत गर्न नसकिएको बताउनुहुन्छ । उहाँले मर्मतका लागि वडापालिका र गाउँपालिकालाई जानकारी गराए पनि बेवास्ता गरेको गुनासो गर्नुभयो । उहाँले चट्याङ परेकै दिन वडा र गाउँपालिकामा जानकारी गराए पनि मर्मत गर्नतर्फ कसैले चासो नदिएको उल्लेख गर्नुभयो ।

वराहताल गाउँपालिका–३ का वडाध्यक्ष दत्त बरालले वायु ऊर्जा मर्मत गर्नुभन्दा प्रत्येक घरधुरीलाई सोलार बाँड्ने बताउनुभयो । उहाँले वडाले वायु ऊर्जा मर्मत नगर्ने, बरु सबै घरधुरीलाई सोलार दिने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार चालू आर्थिक वर्षभित्र हर्रेकाँडाका सबै स्थानीय बासिन्दालाई सोलार वितरण गरिनेछ ।

यता गाउँपालिकाका अध्यक्ष तेजबहादुर बस्नेतले भने आयोजना बिग्रिएकोबारे समयमै जानकारी नभएको बताउनुभयो । उहाँले वायु ऊर्जा बिग्रिएको जानकारी समयमै नपाएको भन्दै अब हिउँदे अधिवेशनबाट मर्मत गर्न बजेट छुट्याउने जानकारी दिनुभयो ।

# बाल अधिकारबारे कानुनी अभाव

■ वीरेन्द्रनगर समाचारदाता

सुर्खेत, फागुन २८ गते । कर्णाली प्रदेशका अधिकांश स्थानीय तहहरूमा बाल अधिकारसम्बन्धी कानुनको अभाव रहेको पाइएको छ ।

यहाँका धेरै स्थानीय तहहरूमा बालबालिकाका अधिकारबारे संरक्षण एवं प्रवर्द्धनसम्बन्धी आवश्यक कानुन, नीति, कार्यविधि आदि नबनाएको पाइएको बताइएको छ ।

बालबालिकासम्बन्धी ऐन २०७५ ले स्थानीय तहमा अनिवार्य कार्यान्वयन गर्नुपर्ने, बाल अधिकार प्रवर्द्धनसम्बन्धी कानुन निर्माण, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी नियुक्त र बाल कोष बनाउनुपर्ने व्यवस्था छ । तर, स्थानीय तहहरूले भने यी सबै काम नगरेको जनाइएको छ । राष्ट्रिय बाल अधिकार परिषद्का अनुसार कर्णाली प्रदेशमा ७९ वटा स्थानीय तहमध्ये नौवटा पालिकाले मात्र बाल अधिकार प्रवर्द्धनसम्बन्धी कानुन बनाएका छन् । परिषद्का परियोजना संयोजक आत्मराम थापाले त्यसमा पनि एकीकृत कानुन भने नबनेको बताउनुभयो ।

कर्णालीका १५ वटा स्थानीय तहले मात्र स्थानीय बालअधिकार समिति गठन गरेको उहाँले जानकारी दिनुभयो । प्रदेशको एउटा स्थानीय तहले मात्र बाल कल्याण अधिकारी नियुक्त गरेको छ ।

यस्तै ११ वटा स्थानीय तहले भने 'बाल कोष' बनाएका छन् भने केही स्थानीय तहले बालबालिकासँग सम्बन्धित ६७ वटा नीति तथा कार्यविधि बनाएका छन् ।

यस क्रममा सुर्खेतमा चारवटा, दैलेखमा १० वटा, रुकुम पश्चिममा सातवटा, कालीकोटमा १५ वटा, जुम्लामा आठवटा, मुगुमा पाँचवटा, हुम्लामा तीनवटा, डोल्पामा एकवटा, सल्यानमा १३ र जाजरकोटमा ११ वटा बालबालिकासँग सम्बन्धित कार्यविधि तथा नीति बनेका छन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले शुक्रबार वीरेन्द्रनगरमा आयोजना गरेको कार्यक्रममा परियोजना संयोजक थापाले कर्णाली प्रदेशमा बाल अधिकार संवर्द्धन, प्रवर्द्धन र सुनिश्चितताका लागि सबै स्थानीय तहहरूले कानुन बनाउनुपर्नेमा जोड दिनुभयो ।

मन्त्रालयका उपसचिव शान्तिराज प्रसाईले प्रभावकारी कानुन कार्यान्वयनको अभावमा बाल विवाह प्रदेश नं २ र कर्णाली प्रदेशमा धेरै हुनेगरेको बताउनुभयो ।

बाल विवाहका कारण पढाइ बीचमै छोड्ने, कम उमेरमा गर्भवती हुँदा स्वास्थ्यको जोखिम र शारीरिक तथा मानसिक हिंसामा पर्नेलगायतका समस्या रहेको बताउँदै उहाँले कानुन र नीतिको सुदृढीकरण र प्रभावकारी कार्यान्वयन हुनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य सुन्दर लामिछानेले बाल अधिकार सुनिश्चितताका लागि सबैको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

जिल्ला समन्व्य समितिका प्रमुख र उपप्रमुख, स्थानीय तहका प्रमुख र उपपप्रमुख, राष्ट्रिय बाल अधिकार परिषद्, विकास साझेदार प्रतिनिधिहरुको उपस्थिति रहेको कार्यक्रममा आगामी दिनमा बाल अधिकार संवर्द्धन र प्रवर्द्धनका लागि काम गर्ने साझा प्रतिबद्धतासमेत गरिएको छ ।

# पूर्वविद्यार्थीको पहलमा पानी

■ जाजरकोट समाचारदाता

जाजरकोट, फागुन २८ गते । खानेपानीको समस्या भइरहने सदरमुकाम खलङ्गाको त्रिभुवन माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरूको पहलमा विद्यालयमा पिउने पानीको व्यवस्था गरिएको छ ।

'विद्यार्थीहरूलाई पिउने पानी दिऔँ' अभियानमार्फत पूर्व विद्यार्थीहरूले झण्डै १२ लाख रकम जुटाएर विद्यालयमा खानेपानीको व्यवस्था मिलाएका हुन् ।

विद्यार्थीहरूलाई पानीको सहज आपूर्तिको व्यवस्था गर्न पूर्व विद्यार्थीहरूले स्वस्फुर्त रूपमा योगदान र सहयोग रकम सङ्कलन गरेका थिए ।

विद्यालयका पूर्व विद्यार्थी जनक केसीको अगुवाइ एवं समन्वयमा विद्यालयमा पानी ट्याङ्की, धारा र 'इन्टेक'लगायतका संरचना निर्माण गरिएको बताइएको छ ।

विद्यालयका निमित्त प्रधानाध्यापक हरिबहादुर बस्नेतले विद्यालयमा समस्याका रूपमा रहेको खानेपानीको समस्यालाई पूर्व विद्यार्थीहरूले समाधान गरेर ठूलो गुन लगाएको बताउनुभयो ।

# जथाभावी सडक निर्माणले बढ्यो जोखिम




साँघुरो सडकका कारण रास्कोट नगरपालिका–३, बिउराखोलामा दुर्घटना भएको ट्रक । तस्बिर : प्रेमराज सिम्खडा

■ कालीकोट समाचारदाता

कालीकोट, फागुन २८ गते । कालीकोटका स्थानीय सरकारले जथाभाबी रूपमा निर्माण गरेका सडकले दुर्घटनाको जोखिम बढेको छ ।

गाउँबस्तीमा आ–आफ्नो पायक पार्न छिटोछिटो सडक खन्ने होडबाजीले यस्तो जोखिम बढेको हो । स्थानीय सरकारले सडक निर्माणसम्बन्धी कुनै मापदण्ड नअपनाउँदा यसरी जथाभाबी सडक खन्ने प्रवृत्ति बढेको बताइन्छ ।

साँघुरो तथा कच्ची सडकका कारण बिहीबार रास्कोट नगरपालिकाको शेरा बजारमा सामान लिएर गएको मालबाहक ट्रक बिउरा खोलामा दुर्घटना भयो । साँघुरो बाटो, त्यसमा पनि मर्मत जारीरहेका बेला ट्रकको टायर सडकको लिकभन्दा बाहिर गएपछि उक्त दुर्घटना भएको थियो ।

दुर्घटनासँगै चालकले हाम फालेर ज्यान जोगाए तर ट्रक भने खस्यो । शुक्रबारसम्म उक्त ट्रक निकाल्न सकिएको छैन । ट्रक मालिक भीमबहादुर रोकायाले दुर्घटनामा परेको ट्रक सडकमा ल्याउन निकै कठिन भएको बताउनुभयो ।

अन्य स्थानीय तहको भन्दा रास्कोट नगरपालिकाको सडक केही चौडा छ । 'ग्रामीण पहुँच कार्यक्रम' (न्याप–३ )ले खनेको सडक भएकाले उक्त नगरपालिकाभित्रको १८ किलोमिटर सडक चौडा छ । तर, वर्षात्को पानीले ठाउँठाउँमा भत्काएका कारण सडक साँघुरो हुँदै गएको छ ।

जिल्लाका शुभकालिका, नरहरिनाथ, पलाँता, पचालझरना, सान्नीत्रिवेणी, तिलागुफा नगरपालिका, खाँडाचक्र नगरपालिकालगायतमा बनेका सडक भने खच्चड हिँड्ने बाटाजस्तै साँघुरा छन् ।

शुभकालिकाको भर्तागाडदेखि राराकाटिया, शेरीघाटदेखि वडा नं २ को भर्तामा जाने सडकमा मोटरसाइकल चल्न पनि मुस्किल छ ।

तर, त्यही सडकमा गाउँपालिकाका गाडी तथा अन्य भाडाका गाडीहरू चलिरहेका छन् । यसले गर्दा सडक दुर्घटना हुने क्रम बढिरहेको छ ।

तिलागुफा नगरपालिका– ७, ८, ९, १० र ११ वडाका सडक पनि उस्तै छन् । पचालझरना गाउँपालिकाले खनेको सडक झन जोखिमयुक्त छ । गाउँमा सडक पुऱ्याउने र उद्घाटन गर्ने लहरमा खनिएका ग्रामीण सडकहरू निकै साँघुरा छन् जसले गर्दा दुर्घटनाको जोखिम उत्तिकै छ ।

सवइन्जिनियर लीलाराज न्यौपानेले पहिला गाडी पुऱ्याउने प्रतिस्पर्धा चलेका कारणले गाउँमा बनेका सडक निकै जोखिमयुक्त रहेको बताउनुभयो । उहाँले तत्काल ती सडक मर्मत नगरेमा धेरै दुर्घटना हुनसक्ने पनि जानकारी दिनुभयो ।

स्थानीय तहले भने अहिले ट्र्याक खुलाउने मात्र काम भएको प्रतिक्रिया दिएर बचाउ गरिरहेका छन् । नरहरिनाथ गाउँपालिका अध्यक्ष धीरबहादुर बिष्टले भौगोलिक रूपमा निकै कठिन भएकाले सुरुमा सानो बाटो भए पनि खनिएको बताउनुभयो ।

खनिएका सडक क्रमशः चौडा गर्दै लैजाने योजना रहेको विष्टले उल्लेख गर्नुभयो । उहाँले सुविधा लिँदै गर्ने र सडक पनि चौडा गरेर स्तरवृद्धि गर्दै जाने लक्ष्यका साथ साँघुरा सडक बनाउने कामलाई तीव्र पारिएको बताउनुभयो ।




# सरकारको पहिलो प्राथमिकतामा विकास निर्माण



लुम्बिनी प्रदेशका भौतिक विकासमन्त्री वैजनाथ चौधरी सैनामैनामा नदी कटान क्षेत्रको निरीक्षण गर्दै।

■ बुटवल समाचारदाता

बुटवल, फागुन २८ गते। लुम्बिनी प्रदेशका भौतिक विकासमन्त्री वैजनाथ चौधरीले जनताले अपेक्षा गरेअनुसार विकास निर्माणका कामले तीव्रता पाएको बताउनुभएको छ। प्रदेश सरकारको पहिलो प्राथमिकता विकास निर्माणका काम नै रहेको जनाउँदै मन्त्री चौधरीले अहिले जनताले खोजेअनुसारका काम भइरहेको बताउनुभयो।

रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. ६, ७ र ८ का स्थानीय जनताको समस्या बुझ्न स्थलगत भ्रमणमा आउनुभएका मन्त्री चौधरीले यस्तो बताउनुभएको हो। प्रदेश सरकारले बाटो, पुल, कटान नियन्त्रण र सिँचाइका लागि कुलो निर्माणलगायतका कामलाई प्राथमिकतामा राखेको उहाँको भनाइ थियो। विकासका कामलाई प्रभावकारी बनाउन केन्द्र, प्रदेश र स्थानीय पालिकाबीच समन्वय हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

सैनामैनामा नदी नियन्त्रणका लागि जनताले राखेका माग सम्बोधन गर्ने आश्वासन दिँदै मन्त्री चौधरीले त्यसका अतिरिक्त पुल, सडक र कल्भर्ट बनाउन जनताले गरेको आग्रहलाई सरकारले सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभयो। प्रदेश सभाका सांसद भूमिश्वर ढकालले सैनामैना–६, सुखौरामा इङ्गुरिया नदीले गरेको कटान नियन्त्रण गर्न प्रदेश सरकारसँग आग्रह गर्नुभयो।

उहाँले सैनामैनाकै वडा नं. ७, भरतपुर र शान्तिपुर जोड्ने सुखौरा नदीमा पुलको आवश्यकता रहेको भन्दै प्रदेश सरकारले त्यस क्षेत्रमा बाटो कालोपत्रेसहित पुल निर्माण गरे त्यहाँका हजारौँ जनताले सुविधा पाउने बताउनुभयो।

सैनामैना नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीले सैनामैना–८, सूर्यनगर टोलमा सिँचाइ आयोजना पुनः सञ्चालन गरी कुलो निर्माणका लागि प्रदेश सरकारसँग पहल भइरहेको जानकारी दिनुभयो। स्थानीय जनताले मन्त्रीसँग सैनामैना–६, रामबस्तीमा पर्ने बनरहवा खोलाले जग्गा कटान गरेको भन्दै नदी तटबन्ध निर्माणको माग गरेका छन्।

## एउटै कक्षामा १६४ जना विद्यार्थी

■ कपिलवस्तु समाचारदाता

कपिलवस्तु, फागुन २८ गते। कपिलवस्तुको यशोधरा गाउँपालिका–५, बैदौलीमा रहेको अनिरुद्र पब्लिक माध्यमिक विद्यालयमा भवन अभाव हुँदा विद्यार्थीले पढाइमा सास्ती खेप्नुपरेको छ। जिल्लाको तेस्रो पुरानो विद्यालयमा भवन र शिक्षक दरबन्दी कम हुँदा एउटै कक्षाका एक सयभन्दा बढी विद्यार्थी राखी कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ।

कतिपय कक्षा बरन्डामा सञ्चालन भइरहेका छन्। भारतीय सीमानजिक रहेको विद्यालयमा गाउँपालिकाका आठवटा वडाका विद्यार्थीले माध्यमिक तह अध्ययन गर्दै आएका छन्। यो विद्यालयको कक्षा ९ मा १६५ जना विद्यार्थी कोच्चिएर अध्ययन गर्दै आएका छन्। हाल १२ सय बालबालिकाले यहाँ अध्ययन गर्दै आएका छन्। विद्यालयका प्रधानाध्यापक रमेशकुमार पाण्डेयका अनुसार विद्यालयमा कम्तीमा थप १० कोठाको आवश्यकता छ। सुठौली भन्सार नाका सडक विस्तार गर्दा कक्षा ८ को कोठा गुम्ने अवस्थामा पुगेको छ। विद्यालयमा बेञ्चको अभाव हुँदा ठूला विद्यार्थी होचो डेस्कबेञ्च प्रयोग गर्न बाध्य छन्।

टिनको छाना भएका कक्षामा झ्याल नहुँदा गर्मीमा पढ्न निकै कष्ट हुने गरेको छ। होचा बेञ्चका कारण ढाड दुख्ने समस्या भएको कक्षा ११ मा अध्ययनरत विद्यार्थी सुभाष यादवले बताउनुभयो।

# बाघको आक्रमण बढेपछि निकुञ्ज क्षेत्रमा उच्च सतर्कता




बर्दिया राष्ट्रिय निकुञ्ज। तस्बिर : मुकुन्द सुवेदी

■ सिराज खान/मुकुन्द सुवेदी

नेपालगञ्ज, फागुन २८ गते। बाँके र बर्दिया निकुञ्ज क्षेत्र वरपर बाघले मान्छेलाई आक्रमण गर्ने क्रम बढ्दै गएपछि दुवै जिल्लामा उच्च सतर्कता अपनाउन थालिएको छ।

पछिल्लो समयमा खासगरी बर्दिया जिल्लामा चालू आर्थिक वर्षको हालसम्म बाघको आक्रमणबाट नौ जनाको ज्यान गइसकेपछि दुवै जिल्लामा उच्च सतर्कता अपनाइएको हो। बुधबार मात्रै मधुवन नगरपालिका–३ की रेनुका सुनारको घाँस काट्न जाने क्रममा बाघको आक्रमणमा परी मृत्यु भएको थियो। त्यस्तै बिहीबार गेरुवा गाउँपालिका–१, वनखेत बस्ने ३५ वर्षीय सरोज कार्कीलाई बाघले आक्रमण गरी घाइते बनाएको छ।

बेसावर–छाउनी मध्यवर्ती सामुदायिक वनमा गोरु चराएर फर्किने क्रममा पछाडिबाट कार्कीलाई बाघले आक्रमण गरेर घाइते बनाएको हो। बाघले आक्रमण गर्दा कार्कीको दुवै हात र ढाडको बायाँतर्फ चोट लागेको छ। त्यसैगरी बिहीबार राति मधुवन नगरपालिका–२, भगरैयामा टोपबहादुर चौधरीको गोठमा बाँधिएका दुईवटा गोरुलाई बाघले मारेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ।

अघिल्लो साता राजापुर नगरपालिका, कालाबञ्जरका ६५ वर्षीय लालबहादुर थारूलाई भैँसी चराउन गएका बेला बाघले झम्टेर बेपत्ता पारेको थियो। बेपत्ता थारूको कम्मरदेखि तलको भाग खाइसकेको अवस्थामा शव फेला परेको थियो।

त्यसैगरी गत पुस १७ गते कर्णाली–चिसापानी सडक खण्डमा मोटरसाइकलमा सवार कैलालीकी एक महिलाको बाघले झम्टेर ज्यान लिएको थियो। कोहलपुर इलाका प्रहरी कार्यालयले बाँके राष्ट्रिय निकुञ्ज छेउको पूर्व–पश्चिम राजमार्गमा साइकल, मोटरसाइकल र पैदल नहिँड्न सर्वसाधारणलाई आग्रह गर्दै साँझ परेपछि आवागमन नगर्न आग्रह गरेको छ।

इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख, डीएसपी रवीन्द्र खनालले निकुञ्ज वरिपरिको क्षेत्रमा यात्रा गर्दा नरभक्षी बाघको जोखिम अत्यधिक रहेकाले सतर्कता अपनाउन आग्रह गरिएको बताउनुभयो। बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत श्याम शाहले पनि राजमार्गमा रातिको समयमा विशेषगरी साइकल, पैदल र मोटरसाइकलमा नहिँड्न सर्वसाधारणलाई सूचित गरिएको बताउनुभयो।

बर्दिया जिल्ला प्रशासन कार्यालयले पनि सूचना जारी गरेर नरभक्षी बाघको बढ्दो आक्रमणबाट बच्न आगामी १० दिनसम्म सम्भावित जोखिमयुक्त वन क्षेत्रमा प्रवेश नगर्न अनुरोध गरेको छ। बर्दियाका सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले जारी गर्नुभएको सूचनामा चालू आर्थिक वर्षमा बाघले नौ जनाको ज्यान लिइसकेकाले उक्त नरभक्षी बाघको पहिचान गरेर नियन्त्रणमा लिने प्रयास भइरहेको उल्लेख छ।

आहाराको खोजीमा निस्कने बाघले मानिसलाई पनि आक्रमण गर्न थालेपछि बाँके र बर्दिया दुवै जिल्लाका स्थानीयलाई वन क्षेत्रमा प्रवेश नगर्न अनुरोध गरिएको हो। दुवै जिल्लामा रहेको निकुञ्जको मध्यवर्ती क्षेत्रमा मानिसको हिँडडुल बढी हुने गरेको छ। त्यस्तै जीविकोपार्जनका लागि त्यस क्षेत्रका नागरिक वन क्षेत्रमा जाने गरेकाले उनीहरू बाघको सिकार हुने गरेको पाइएको छ।

# बालिका बीमा प्रभावकारी

■ भैरहवा समाचारदाता

भैरहवा, फागुन २८ गते। रुपन्देहीको दक्षिणी भेगमा अझै पनि छोरीको शिक्षा दीक्षामा भन्दा पनि बिहेमा दाइजो कसरी दिने भन्ने समस्याले अभिभावकलाई पिरोल्ने गर्दछ। दाइजोको त्रासले छिट्टै विवाह गर्ने समस्याले बालविवाह बढाएको छ भने आर्थिक विपन्न परिवार यसको मारमा परेका छन्।

गाउँमा व्याप्त समस्या समाधान गर्न स्थानीय सरकारले छोरीको शिक्षा, स्वास्थ्य र जीवन संरक्षित गर्न बालिका बीमालगायतका विभिन्न कार्यक्रम ल्याएका छन्। रुपन्देहीका गैडहवा गाउँपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका र ओमसतिया गाउँपालिकाले यस्ता योजनामा बजेट छुट्याउँदै आएका छन्।

लुम्बिनी सांस्कृतिक नगरपालिकाले कुप्रथा रोक्न भन्दै ‘सुकन्या धन’ योजना र ‘मेयर कन्या विवाह योजना’जस्ता कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। सुकन्या धन योजनाअन्तर्गत आर्थिक वर्ष ०७६/७७ मा एक करोड रुपियाँ छुट्याएर काम सुरु गरेकोमा २३३ जना बालिकालाई सेवा पुर्‍याएको छ। लुम्बिनी सांस्कृतिक नगरपालिकाकी सुनिता हरिजनले सुकन्या धन योजनाअन्तर्गत आफ्नो छोरीको नाममा आफ्नोतर्फबाट पाँच हजार र नगरपालिकाको २० हजार गरी २५ हजार रुपियाँ बीमा रकम जम्मा गर्नुभएको छ। उहाँले भन्नुभयो, “२५ हजार बीमा रकमबाट छोरी २० वर्ष पुगेपछि साढे तीन लाख रुपियाँ निकाल्न मिल्छ रे, छोरीकै लागि खर्च गर्नुपर्ला।” सुनिता मात्र होइन, यस्ता कार्यक्रमले धेरै अभिभावक खुसी भएका छन्। लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख मनमोहन चौधरीले बालविवाह, दाइजो प्रथा, अशिक्षा तथा विभिन्न किसिमका हिंसा कम गर्ने उद्देश्यले कार्यक्रम अघि बढाइएको बताउनुभयो। “सुकन्या धन योजना र मेयर कन्या विवाह योजनालाई प्राथमिकता दिँदै जानेछौँ”, उहाँले भन्नुभयो।

उपप्रमुख जानकीदेवी श्रीवास्तवले दाइजो प्रथाको डरलाग्दो अवस्था र बालविवाह रोक्न नगरपालिकाले कार्यक्रम कार्यान्वयनमा ल्याएको बताउनुभयो।

गैंडहवा गाउँपालिकाले पनि आर्थिक वर्ष २०७५/०७६ सालदेखि निरन्तर बजेट छुट्टयाएर बालिका बीमा कार्यक्रम अगाडि बढाएको छ। आर्थिक वर्ष २०७५/०७६ मा ४० लाख छुट्टयाएकोमा २० लाख मात्र खर्च गरेको गाउँपालिकाले २०७६/०७७ मा २० लाख र २०७७/०७८ का लागि १५ लाख रुपियाँ बजेट छुट्टयाएको गैंडहवा गाउँपालिका प्रमुख बच्चुलाल केवटले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “छोरीलाई बोझका रूपमा हेर्ने संस्कार परिवर्तन गर्न खोजेका छौँ। बालिका बीमाले छोरीलाई पढाउनुपर्छ भन्ने सन्देश दिएको छ।”

ओमसतियाले गाउँपालिकाले पनि यो कार्यक्रम ल्याएको छ तर कार्यान्वयनमा आउन सकेको छैन। गाउँपालिकाले आर्थिक वर्ष २००७४/७५ मा बालिका बीमाअन्तर्गत ३० लाख रुपियाँ छुट्टयाएर काम सुरु गरेको थियो। कर्मचारी समायोजनलगायतका कारण देखाउँदै २०७५/०७६ मा पनि बालिका बीमा कार्यक्रम कार्यान्वयनमा आएन। आर्थिक वर्ष २०७६/०७७ मा पुनः ३० लाख बजेट छुट्टयाए पनि कार्यक्रमका लगि एक रुपियाँ पनि खर्च हुन सकेन। ओमसतिया गाउँपालिका प्रमुख हीरा केवटले कोरोनाका कारण पनि बजेट कार्यान्वयन हुन नसकेको बताउनुभयो। धेरै बालविवाह हुने प्रदेशमध्ये पहिलो स्थानमा प्रदेश २ र दोस्रो स्थानमा लुम्बिनी प्रदेश रहेको छ।

## पेस्तोलसहित दुई जना पक्राउ

■ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, फागुन २८ गते। बाँके प्रहरीले दुई जनालाई कटुवा पेस्तोलसहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेले दिएको जानकारीअनुसार, नेपालगञ्ज उपमहानगरपालिका–१ तेजनगरबाट दुई जनालाई पक्राउ गरिएको हो।

बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक ओम रानाले उक्त स्थानमा अवैध हतियारको कारोबार भइरहेको भन्ने सूचना प्राप्त भएपछि तत्काल जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरी टोलीले पेस्तोलसहित पक्राउ गरिएको हो। तेजनगर सडक खण्डमा भे १० प १३१६ नम्बरको होन्डा साइन मोटरसाइकलमा सवारले अवैध हतियार बोकेको शङ्कामा शोधपुछ गर्दा पेस्तोल फेला परेको हो। बाँके प्रहरीका अनुसार, बर्दिया जिल्ला राजापुर नगरपालिका–१० बस्ने २४ वर्षीय कृष्ण चौधरी र नेपालगञ्ज उपमहानगरपालिका–१ बस्ने प्रेमकुमार बहेलियालाई खानतलासी गर्दा कृष्ण चौधरीले बायाँ कम्मरमा बेल्टले च्यापी लुकाई राखेको कटुवा पेस्तोल फेला परेको बताइएको छ।

# पाठ्यक्रम निर्माणमा स्थानीय तह

■ देउखुरी समाचारदाता

देउखुरी, फागुन २८ गते। दाङका स्थानीय तहले स्थानीय पाठ्यक्रमको अभ्यास थालेका छन्। घोराही उपमहानगरपालिकाले आउँदो शैक्षिक सत्र २०७८ बाट स्थानीय पाठ्यक्रम लागू गर्दैछ।

स्थानीय पाठ्यक्रम लागू गर्नका लागि थारू भाषा छानिएको छ। अहिले कक्षा १ देखि ३ सम्मको थारू भाषाको पाठ्यक्रम तयार पारिएको छ। अब पाठ्यपुस्तक बनाउने काम चलिरहेको छ। यो उपमहानगरपालिकाले थारू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लागू गरिसकेको छ। थारू कल्याणकारी सभा दाङमार्फत थारू भाषाको पाठ्यक्रम बनाउने काममा उपमहानगरपालिकाले सहकार्य गरेको हो।

उपमहानगरपालिका शिक्षा युवा तथा खेलकुद महाशाखाका प्रमुख विनोद गौतमले बहुसङ्ख्यक विद्यालयमा थारू भाषाको पाठ्यक्रम लागू हुने जानकारी दिँदै आउँदो शैक्षिक सत्रबाट स्थानीय पाठ्यक्रम लागू गरिने बताउनुभयो।

थारू कल्याणकारी सभा दाङका अध्यक्ष भुवन थारूले स्थानीय पाठ्यक्रमले थारू समुदायभित्र पनि थारू भाषा बोल्न, लेख्न सक्षम बनाउने बताउनुभयो। उहाँको भनाइमा थारू समुदायभित्र नयाँ पुस्ताले समेत थारू भाषा भुल्दै गएको अवस्था छ। उहाँले भन्नुभयो, “गैरथारूलाई पनि थारू भाषाबारे अवगत गराउन र सक्षम बनाउन पनि यसले मद्दत गर्छ।”

पाठ्यक्रम विकास केन्द्रले तयार पारेको मार्गनिर्देशनअनुसार थारू भाषाको मौलिक शब्द, आगन्तुक, तत्सम शब्दका आधारमा स्थानीय पाठ्यक्रम बनाइएको हो। दाङ जिल्लामा दसवटै स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गर्दै लागू गर्ने तयारीमा जुटेका छन्। जिल्ला शिक्षा एकाइ तथा समन्वय समितिका प्रमुख देवमणि चौधरीले दाङ जिल्लाका सबै पालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न थालेको जानकारी दिनुभयो।

यस्तै राप्ती गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रमको तयारी सुरु गरेको छ। शिक्षा शाखाका प्रमुख विश्वास विश्वकर्माले पाठ्यक्रम निर्माणका लागि कार्यशाला गरिएको जानकारी दिनुभयो। स्थानीय पाठ्यक्रम निर्माणका बारेमा विद्यालयका प्रधानाध्यापक, जनप्रतिनिधि र सरोकारवाला निकायका बीचमा छलफल भएको हो। लमही नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम लागू योजना अघि सारेको छ। शिक्षा शाखा प्रमुख रवीन्द्र क्षेत्रीले स्थानीय पाठ्यक्रमको तयारीमा रहेको जानकारी दिँदै कुन भाषा छान्ने भन्ने बारेमा छलफलबाट टुङ्गोमा पुर्‍याउने बताउनुभयो।

**क्रिष्टल फाइनान्स लिमिटेड**

लिक्विडेटरको कार्यालय

(श्री उच्च अदालत, पाटनको आदेशानुसार स्थापित)

**साहुहरूको भेला हुने सूचना(दोस्रो पटक प्रकाशित)**

श्री सम्मानित उच्च अदालत, पाटनको मिति २०७२।०७।२० को फैसला र मिति २०७७।०९।१२ को आदेशानुसार क्रिष्टल फाइनान्स लि.को लिक्विडेशन प्रक्रियाको लागि दामासाही व्यवसायी चार्टर्ड एकाउन्टेण्ट श्री दिलमान सिंह चन्द (इजाजतपत्र नं. २९९) को नियुक्ति भई लिक्विडेशन सम्बन्धी कार्य प्रारम्भ भएको हुनाले दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ४३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ८९ बमोजिम निम्न मिति, समय र स्थानमा साहुहरुको भेला हुने भएकोले सो संस्थाका साहुहरुलाई उपस्थित हुन सूचित गरिन्छ। साथै सो संस्थाका साहुहरुलाई कार्यालयमा उपलब्ध ठेगानामा पत्राचार समेत गरिएको छ, सो पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थित हुन अनुरोध गरिन्छ।

**सभा हुने मिति :** **२०७७ साल चैत्र ६ गते शुक्रबार (मार्च १९,२०२१)**
**सभा हुने स्थान :** **जेडिए कम्पलेक्स (सातौं तल्ला), बागदरबार, काठमाण्डौं।**
**सभा हुने समय :** **दिउसो १२:३० बजे।**

**सूचना जारी गर्ने**
लिक्विडेटरको कार्यालय
क्रिष्टल फाइनान्स लिमिटेड
(श्री उच्च अदालत, पाटनको आदेशानुसार स्थापित)
चर्चिल कम्पलेक्स, बागदरबार, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. ४९०६
फोन नं. ४२१८२६९ / ४२१८२७०
Email: crystalfl12077@gmail.com

# प्रहरीका भौतिक संरचना जीर्ण

■ तिलाचन पाण्डे

तम्घास, फागुन २८ गते। नागरिकको सुरक्षामा दिनरात खटिने गुल्मीका प्रहरी आफैँ असुरक्षित स्थानमा बस्न बाध्य छन्। उनीहरू कतै पानी चुहिने टिनका छानामुनि, कुनै भूकम्पले भत्काएका र चर्किएका घरमा बस्न बाध्य छन्।

इस्मा गाउँपालिका–१, हस्तिचौरमा रहेको हस्तिचौर प्रहरी चौकीले २०७२ सालदेखि स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाको जीर्ण भवनबाट काम चलाइरहेको छ। नजिकै चौकीको नाममा जग्गा भए पनि भवन नहुँदा कार्यसम्पादनमा समस्या परेको चौकी इन्चार्ज, प्रहरी सहायक निरीक्षक विष्णुबहादुर गाहाले जानकारी दिनुभयो।



कालीगण्डकी गाउँपालिका–७ को भुर्तुङ प्रहरी चौकी हीराध्वज शाहको कच्ची घरमा भाडा तिरेर बसेको वर्षौं भयो। भवन भूकम्पले चर्किएको छ। चौकीको आफ्नै जग्गा छ तर भवन निर्माणका लागि कुनै पहल नभएको चौकी इन्चार्ज प्रहरी सहायक निरीक्षक दुहुना थारूले बताउनुभयो।

यस्तै कालीगण्डकी गाउँपालिकाको केन्द्र पूर्तिघाटमा रहेको प्रहरी चौकीको अवस्था पनि दयनीय छ। स्थानीय डिला ढकालको घरमा भाडामा बस्दै आएको प्रहरी चौकीको भवन भूकम्पले चिराचिरा भएको छ। भूकम्पका कारण रातो कार्ड पाएको र बस्न योग्य नभएको भए पनि सोही घरमा बसेर सेवा दिन बाध्य भएको चौकीका इन्चार्ज हरिकिसन पुनले बताउनुभयो। हावाहुरी आउँदा र पानी पर्दा रातभर जाग्राम बस्नुपर्ने बाध्यता भएको पुनको गुनासो छ।

चन्द्रकोट गाउँपालिका–४, शान्तिपुरमा ‘ख’ श्रेणीको इलाका प्रहरी कार्यालय छ। माओवादी द्वन्द्वपछि स्थानीय टेकबहादुर पौडेलको पुरानो घरमा बस्दै आएको छ। अहिले भवन निर्माणका लागि ठेक्का भएकाले नयाँ आशा थपिएको चन्द्रकोट इलाका प्रहरी चौकी, इन्चार्ज प्रहरी नायब निरीक्षक पदम शाहीले बताउनुभयो।

अर्खाबाङ प्रहरी चौकी मालिका गाउँपालिका–४ का हिमाल केसीको कच्ची घरमा ०७५ सालदेखि बस्दै आएको चौकीको अवस्था पनि अन्यको जस्तै छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयको पनि आफ्नै जग्गा र भवन छैन। अहिलेसम्म चार स्थानमा कार्यालय सारेर अस्थायी रूपमा बसिरहेको ट्राफिक प्रहरी कार्यालय गुल्मीले जनाएको छ।

यता जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक गोपालचन्द्र भट्टराईले तत्काल चौकीका समस्यालाई समाधान गर्ने गरी आफू लागेको बताउनुभयो। चौकीमा पानी चुहिने, भाँडाकुँडा नभएका जस्ता समस्यालाई तत्काल समाधान गर्ने र भवन निर्माणका लागि केन्द्रसँग निरन्तर रूपमा प्रयास जारी राख्ने बताउनुभयो।

गुल्मीमा अहिले जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाहेक चार इलाका र १४ स्थायी तथा एक अस्थायी प्रहरी चौकी रहेका छन्। जसमध्ये सातवटा प्रहरी चौकीको आफ्नै भवन छैन। पौदी अमराई, मजुवा र खर्ज्याङलगायतका चार प्रहरी चौकी अरू सरकारी कार्यालयका भवनमा बस्दै आएका छन्।

**बढुवा समितिको सचिवालय**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना**

लोक सेवा आयोगको देहायको बढुवा सूचना, सेवा र श्रेणीको रिक्त पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०७७/११/२८ को निर्णयानुसार देहाय बमोजिम उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय गरिएकोले निजामती सेवा ऐन, २०४९ को दफा २०(४) र २४च. को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**ब. सू. नं. ६९।२०७७-०७८, नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प. द्वितीय श्रेणी**

| यो.क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ११२९१२ | ध्रुब राज गौतम | १००.०००० |
| २ | ११७९९१ | अर्जुन बराल | १००.०००० |
| ३ | १०७७९८ | विष्णु प्रसाद पोखरेल | १००.०००० |
| ४ | ११८१९३ | पुष्प राज पौडेल | १००.०००० |
| ५ | ११४४२५ | परशुराम क्षेत्री | १००.०००० |
| ६ | ८६६३१ | राजेन्द्र कुमार श्रेष्ठ | १००.०००० |
| ७ | १२२०१० | मिठाराम सुवेदी | १००.०००० |
| ८ | १४६३०९ | टंकनाथ काफ्ले | १००.०००० |

**ब. सू. नं. ७०।२०७७-०७८, नेपाल प्रशासन सेवा, राजश्व समूह, रा.प. द्वितीय श्रेणी**

| यो.क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १८४८३० | शशि भट्टराइ | १००.०००० |
| २ | १६७८७६ | देवानन्द काफ्ले | १००.०००० |
| ३ | १५६५८६ | रामबहादुर कार्की | १००.०००० |
| ४ | १५७०४६ | कृष्ण चन्द्र काफ्ले | १००.०००० |
| ५ | १५६६४९ | जीवनाथ ज्ञवाली | १००.०००० |
| ६ | १७५१५४ | संगीता (घिमिरे) सुवेदी | १००.०००० |
| ७ | १८७१४६ | वसन्त राज तिवारी | १००.०००० |

**ब. सू. नं. ७१।२०७७-०७८, नेपाल लेखापरीक्षण सेवा, रा.प. द्वितीय श्रेणी**

| यो.क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १०३९७१ | दामोदर अर्याल | ९९.७५०० |
| २ | ११६३४२ | किशोर दुरा | ९७.०००० |
| ३ | १५०५४० | नारायण प्रसाद अधिकारी | ९७.०००० |

**जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक**
**बढुवा समितिको सचिवालयको सूचना**
**सूचना प्रकाशित मितिः २०७७/११/२९**

यस जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र कारागार कार्यालयमा रिक्त रहेका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह रा.प.अनं. प्रथम श्रेणी नायव सुव्वा पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा ३ (तीन) जना र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा १ (एक) जना पदपूर्ति गर्न मिति २०७७।११।२६ गते बसेको बढुवा समितिको वैठकको निर्णयानुसार तपशिल बमोजिमका योग्यताक्रमका उमेदवारहरुलाई रिक्त पदमा बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा (संशोधन सहित) ऐन, २०४९ को दफा २४ च को प्रयोजनार्थ गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

| सि. नं. | सिफारिस भएका नामथर | कर्मचारी संकेत नं. | हाल कार्यरत कार्यालय | पछिल्लो ३ आ.व. को का.स.मु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरिप्रसाद हुमागाईं | १०३९६९ | मालपोत कार्यालय, काभ्रेपलाञ्चोक | ४० (१००%) | |
| २ | ज्योति कुमार भट्टराई | १२६३७७ | मालपोत कार्यालय, काभ्रेपलाञ्चोक | ४० (१००%) | |
| ३ | दुर्गा प्रसाद दाहाल | १८६५३८ | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक | ४० (१००%) | |

**कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा**

| सि. नं. | सिफारिस भएका नामथर | कर्मचारी संकेत नं. | हाल कार्यरत कार्यालय | कुल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | सन्तोष मिश्र | १९६७६२ | कारागार कार्यालय, काभ्रेपलाञ्चोक | १०० | |

# गाउँका सबै दलितलाई सामाजिक बहिष्कार

■ अमरराज नहर्की

तनहुँ, फागुन २८ गते। बलात्कारको घटनामा मिलापत्र नगरिएपछि तनहुँको एक गाउँका पूरै दलित समुदायले सामाजिक बहिष्कारको सामना गर्नु परेको छ।

यस्तो समस्या सामना गर्नुपर्नेमा शुक्लागण्डकी नगरपालिका–१२, लामागाउँमा दलित परिवारजन रहेका छन्। गत मङ्सिरमा १४ वर्षकी बालिकालाई बलात्कार भएपछि गाउँमा मिलापत्र गरेर अपराध लुकाउन खोजिएको थियो। दलित अगुवाले अपराध लुकाउनु पनि ठूलो पाप हो भनेर मिलापत्र गर्न नमानेपछि पूरै दलित समुदायसँग नबोल्ने, मेलापातमा नबोलाउने जस्ता सामाजिक बहिष्कारको सामना गर्नु परेको शुक्लागण्डकी नगरपालिकामा क्रियाशील सञ्चारकर्मी अशोक विश्वकर्माले जानकारी दिनुभयो।

त्यस घटनापछि लामागाउँका विक समुदायमाथि गाउँमा अन्याय हुन थालेको पाइएको राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल तनहुँका महासचिव अशोक विश्वकर्माले जानकारी दिनुभयो।

"गत मङ्सिर २२ गते गाउँकै स्थानीय १४ वर्षकी बालिकालाई करणी गरेको आरोपमा केशबहादुर गुरुङ जेल परेपछि सामाजिक विभेद गरेर फरक व्यवहार हुन थालेको पाइएको छ", विकले भन्नुभयो।

बलात्कारजस्तो जघन्य अपराधसमेत लुकाउन प्रयास गरेको समाजमा विद्रोह गरेकाले आरोपितका भाई खिमबहादुर गुरुङले तरबार हातमा लिएर किन खबर गरिएको भनेर धम्काउने गरेको उहाँले बताउनुभयो।

स्थानीय बेलबहादुर विकले ज्यान मार्ने धम्की दिएर हात हतियारसहित दलित परिवारजनमा आउने गरेकोले त्रासमा बस्नुपर्ने बाध्यता रहेको गुनासो गर्नुभयो। बलात्कारको घटना गाउँमा नै मिलाउन पर्ने दबाब दिए पनि यस्ता घटना लुकाउँदा अपराधीको मनोबल बढ्ने हुँदा अन्यायविरुद्ध बोलेको विश्वकर्मा समुदायको भनाइ छ।

बलात्कारको घटना प्रहरीसम्म पुगेपछि आरोपित गुरुङलाई प्रहरीले पक्राउ गरेको थियो। तनहुँ जिल्ला अदालत पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएपछि आरोपित गुरुङ कारागारमा रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक (डीएसपी) युवराज तिमिल्सिनाले जानकारी दिनुभयो।

मनमुटाब हटाउन वार्तामार्फत पहलकदमी गरिएको उक्त वडाका वडाध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो। वडाध्यक्ष गुरुङले पछिल्लो घटनाको विषयमा भने आफू जानकार नभएको बताउनुभयो। लामागाउँमा ७० प्रतिशत गुरुङ र ३० प्रतिशत दलित रहेको र सबै दलितलाई सामाजिक बहिष्कारको चेपुवा परेको सञ्चारकर्मी विक बताउनुहुन्छ।

# अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक तालिम

■ नवलपरासी समाचारदाता

कावासोती, फागुन २८ गते। पूर्वी नवलपरासीमा अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक तालिम दिएर उद्यमी बनाइने भएको छ। पूर्वी नवलपरासीमा रहेका अपाङ्गलाई सीपमूलक तालिम सञ्चालन गर्नका लागि चार संस्थासँग सम्झौता गरिएको स्वास्थ्य कार्यालय पूर्वी नवलपरासीका प्रमुख केशव चापागाईंले जानकारी दिनुभयो।

तालिमले उनीहरू उद्यमी बन्नुका साथै सिकेको सीप प्रयोग गरी आयमूलक कार्यक्रम गर्दै आर्थिक उपार्जन गर्न सक्षम हुने जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी वीरबहादुर श्रेष्ठले बताउनुभयो। यसले उनीहरूको दैनिकी सहज हुने र केही कमाइ गर्न नसक्ने भन्दै समाजसँगै घरपरिवारले हेयको दृष्टिले हेर्ने वातावरणको समेत पूर्ण रूपमा अन्त्य हुने विश्वास लिइएको छ।

श्रेष्ठका अनुसार प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराबाट आएको सात लाख ८० हजार रुपियाँबाट तालिम सञ्चालन गरिने र त्यसका लागि जिल्लाभित्र अपाङ्गताको क्षेत्रमा काम गरिरहेका विभिन्न चारवटा संस्थासँग वैशाख मसान्तभित्र तालिम सम्पन्न गर्ने गरी सम्झौता भएको छ। सम्झौताअनुसार नवलपरासी नेत्रहिन सङ्घ कावासोतीले अचार र झिलिङ्गा बनाउने तालिम दिने छ भने अपाङ्ग पुनर्स्थापना समन्वय परिषद् मध्यबिन्दुले फिनेल बनाउने, अपाङ्ग पुनर्स्थापना केन्द्र कावासोतीले सर्फ र फिनेल बनाउने तालिम दिनेछ र नमुना अपाङ्ग केन्द्र मध्यबिन्दुले लाइजल, पीताम्बरी र मच्छर लिक्विड बनाउन सिकाउने भएको हो।

# कानुन कार्यान्वयन मुख्य पाटो

■ म्याग्दी समाचारदाता



म्याग्दीमा आयोजित कार्यक्रममा प्रदेश सभामुख नेत्रनाथ अधिकारीलगायत।
तस्बिर : अमृतप्रसाद पौडेल

बेनी, फागुन २८ गते। गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले आफूले बनाएका कानुन कार्यान्वयन गर्दै जनतालाई सेवा प्रदान गर्नु सरकारको दायित्व भएको बताउनुभएको छ। गण्डकी प्रदेश सरकार संसदीय अनुगमन समितिले शुक्रबार म्याग्दीमा गरेको अनुगमनपछिको कार्यक्रममा उक्त कुरा बताउनुभएको हो।

सभामुख अधिकारीले आधारभूत स्वास्थ्यभित्र सबै सरुवा रोग पर्ने भएकाले कोभिड–१९ लगायतका जुन कुनै अन्य रोगबाट पनि नागरिकलाई सरकारले जोगाउनुपर्ने बताउनुभयो। गण्डकी प्रदेश सरकारले हालसम्म ४६ वटा कानुन बनाएको र त्यो कानुन कार्यान्वयन गर्नका लागि सरकार लाग्नुपर्ने बताउनुभयो।

मौलिक हक तथा अधिकार कार्यान्वयन गर्नु एवं बनेका कानुन तीन तहकै सरकारले कार्यान्वयन गर्नुपर्नेमा उहाँको जोड थियो। गण्डकी प्रदेश सरकारले बनाएको कानुन संविधानसँग बाझिएकाले सर्वोच्चले खारेज गरिदिएको भन्दै सभामुख अधिकारीले कानुन निर्माण गर्ने क्रममा गम्भीर भएर सोच विचार गर्नुपर्नेमा जोड दिनुभएको थियो।

गण्डकी प्रदेशका प्रमुख प्रतिपक्ष दलका प्रमुख सचेतक मणिभद्र शर्माले अनुगमन तथा निरीक्षणपछि जिल्लामा भएका र देखिएका समस्या समाधानका लागि प्रयास गरिने बताउनुभयो। उहाँले आफूहरूले भेटेका कमजोरीलाई सुधारका लागि सम्बन्धित निकायमा निर्देशन दिने बताउनुभयो।

कार्यक्रममा बेनी नगरपालिकाका मेयर हरिकुमार श्रेष्ठ, नेकपा (एमाले) म्याग्दीका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, नेपाली काँग्रेसका उपसभापति माधवप्रसाद रेग्मी, प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीलगायतले जिल्लाको समस्या र सम्भावित समाधानबारेमा विचार राख्नुभएको थियो।

# अशक्त वृद्धलाई घरमै नागरिकता



अशक्तलाई घरमै नागरिकता प्रदान गर्नुहुँदै प्रमुख जिल्ला अधिकारी।
तस्बिर : बेलिना थापा

■ लमजुङ समाचारदाता

लमजुङ, फागुन २८ गते। लमजुङको मध्यनेपाल नगरपालिका–२, पाखुरीचोक दलित बस्तीका ६९ वर्षीय कृष्णे सार्कीले घरमै नागरिकता पाउनुभएको छ। बिहीबार प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मा सार्कीको घरमै पुगेर प्रतिलिपि नागरिकता प्रदान गर्नुभएको थियो।

पक्षघातको समस्याबाट ग्रसित सार्कीलाई जिल्ला प्रशासन कार्यालयमा आउन समस्या हुने भएकाले घरमै गएर नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले बताउनुभयो। वृद्धको नागरिकता हराएको र नागरिकता आवश्यकता परेको जानकारी आएपछि घरमै गएर प्रदान गरिएको हो।

प्रजिअ शर्माले वृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्तिलाई घरमै पुगेर नागरिकता प्रदान गर्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो, "सबै नागरिक कार्यालय आउन सक्दैनन्, वृद्ध, अशक्तलाई सहज बनाउन घरमै पुगेर नागरिकता दिएका हौं।" सबै नागरिक प्रशासन कार्यालयमा आउन नसक्ने भएकाले त्यस्ता व्यक्तिको खोजी गरिरहेको बताउनुभयो।

शर्माले जिल्लामा कोही नागरिकता पाउनबाट वञ्चित भएको भए प्रशासनमा खबर गर्न अनुरोध गर्नुभएको छ। मध्यनेपाल नगरपालिका–२ का अध्यक्ष पद्म थापाका अनुसार सार्कीलाई करिब सात वर्षदेखि पक्षघातको समस्या थियो।

नागरिकता पाएपछि वृद्ध कृष्णे सार्की खुसी हुनुभएको छ। नागरिकता हराएपछि अर्को नागरिकता कसरी लिने चिन्ता भएका उहाँलाई घरमै आएर नागरिकता दिँदा अचम्म लागेको बताउनुभयो।

# मध्यपहाडी लोकमार्गमा वनको कारण ढिलाई

■ गोरखा समाचारदाता

गोरखा, फागुन २८ गते। विभिन्न विवादका कारण गोरखा जिल्लामा पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माणको काम लक्ष्यअनुसार अगाडि बढ्न सकेको छैन। जिल्लामा निर्माणाधीन अधिकांश सडक कालोपत्रे भइसक्दा समेत विभिन्न विवादका कारण राष्ट्रिय गौरवको लोकमार्ग निर्माणमा ढिलाइ भएको हो।

वनसम्बन्धी समस्या समाधान नहुँदा पालुङटार नगरपालिका–१, अन्नपूर्ण जङ्गलमा साढे चार किलोमिटर सडक विस्तार हुन सकेको छैन। "ईआईए रिपोर्ट आइसकेपछि पनि अहिले साढे चार किलोमिटर सडकको काम रोकिएको अवस्था छ", आयोजनाको ठाँटीपोखरी शाखाका प्रमुख रामबहादुर गुरुङले भन्नुभयो, "वन विभागले के कति बोट बिरुवा हटाउनुपर्ने हो डिभिजन वन कार्यालयलाई पठाउन पत्राचार गरेको हामीलाई जानकारी छ। पठाए नपठाएको भने थाहा छैन।" रुख नै नभएको ठाउँमा पनि वन डिभिजनले काम रोकेको आयोजना कार्यालयले आरोप लगाएको छ।

वन डिभिजन कार्यालय गोरखाका सूचना अधिकारी महेश पौडेलका अनुसार इलाका वन कार्यालय पालुङटारले क्षति हुने रुख बिरुवाको विवरण सङ्कलनको काम गरिरहेको छ। "काम फास्ट ट्र्याकमै भएको छ", उहाँले भन्नुभयो, "क्षति हुने बिरुवाको लगत लिएर हामीले टिप्पणीसहित पठाइदिने हो, उक्त विवरण छिट्टै जान्छ।" वन डिभिजन कार्यालयले पठाएको फाइल वन विभाग हुँदै मन्त्रिपरिषद्को कार्यालयमा पुग्ने र मन्त्रिपरिषद्ले उक्त रुख काट्ने अनुमति दिएपछि मात्र त्यहाँ काम गर्न सकिने कानुनी प्रावधान छ।

वनसम्बन्धी विवादले लामोसम्म उक्त खण्डको करिब २८ किलोमिटर सडकको ठेक्का लाग्न सकेको थिएन। गत वर्ष दुई प्याकेजमा ठेक्का लगाएको थियो। सिरानचोकको खहरेदेखि पालुङटारको मसानेठाँटीसम्म १२.३ किलोमिटर सडक आशिष जीएस जेभीले निर्माणको जिम्मा लिएको छ, जसको कुल लागत रु. ३५ करोड ८० लाख अनुमान गरिएको छ। मसानेठाँटीदेखि ठाँटीपोखरीसम्म १५.७ किलोमिटर भने हिन्दु प्यासफिक जेभीले ठेक्का पाएको छ। उक्त खण्डका लागि रु. ५५ करोड बजेट व्यवस्था गरिएको छ।

६२ किलोमिटर लामो उक्त सडकमा हालसम्म कुल १५ किलोमिटर पनि कालोपत्रे हुन सकेको छैन। आर्थिक २०७५/०७६ मा आरुघाट क्षेत्रमा पाँच र ठाँटीपोखरी क्षेत्रमा करिब आठ किलोमिटर सडक कालोपत्रे भए पनि त्यसयता कालोपत्रको काम नभएको आयोजना कार्यालयले जनाएको छ।

यसअगाडि आरुघाटदेखि ओख्लेसम्मको पाँच किलोमिटर कालोपत्रे भइसकेको छ।


नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

## Rate of Interest

**Effective From 1st Chaitra 2077**

**Interest Rate on Deposits**

| S.N. | Deposit Types | Rate Per Annum % | Minimum Balance |
|---|---|---|---|
| **1** | **Saving Deposit** | | **in NPR** |
| 1.1 | Normal Saving | 2.50 | 500 |
| 1.2 | NBL Diamond Saving | 3.00 | 500 |
| 1.3 | Women Special Saving | 3.00 | 500 |
| 1.4 | Yuva Bachat Khata | 3.00 | 0 |
| 1.5 | Santati Saving | 3.00 | 0 |
| 1.6 | NBL Staff Pension Saving | 4.00 | 0 |
| 1.7 | Remittance Saving | 3.00 | 0 |
| 1.8 | Investor's Saving | 3.00 | 0 |
| 1.9 | Senior Citizens Special Saving | 3.00 | 500 |
| 1.10 | Professional's Saving | 3.00 | 500 |
| 1.11 | Social Security Saving | 3.00 | 0 |
| 1.12 | Pension Payment Saving | 4.00 | 0 |
| 1.13 | NBL Special Saving | 4.00 | 50,000 |
| 1.14 | Earthquake Relief Saving | 4.00 | 0 |
| 1.15 | TU Pension Saving | 4.00 | 0 |
| 1.16 | NBL Staff Salary Saving | 4.00 | 0 |
| 1.17 | Salary Saving | 4.00 | 0 |
| 1.18 | Nari Samman Bachat Khata | 4.00 | 10,000 |
| 1.19 | Sambandha Bachat Khata | 4.00 | 0 |
| 1.20 | Nagarik Bachat Khata | 4.00 | 1,000 |
| 1.21 | Sambriddha Nepal Abhiyan Bachat Khata | 4.00 | 0 |
| 1.22 | Green Saving Account | 4.00 | 1,000 |
| 1.23 | Chhori (Beti) Kalyan Bachat Khata | 4.00 | 5000 |
| 1.24 | Chhori Surakshya Bachat Khata | 4.00 | 0 |
| 1.25 | Balbalika Bachat Khata | 4.00 | 0 |
| **2** | **Fixed Deposit** | | |
| **2.1** | **3 Month** | | **25,000** |
| | Individual | 5.50 | |
| | Institution | 5.50 | |
| | Institution (Renewal Only) | 5.60 | |
| **2.2** | Above 3 Months upto 6 months | | **25,000** |
| | Individual | 6.00 | |
| | Institution | 6.00 | |
| | Institution (Renewal Only) | 6.10 | |
| **2.3** | **Above 6 Months upto 1 year** | | **25,000** |
| | Individual | 7.00 | |
| | Institution | 7.00 | |
| | Institution (Renewal Only) | 7.10 | |
| **2.4** | **Above 1 Year upto 5 years** | | **25,000** |
| | Individual | 7.00 | |
| | Institution | 7.00 | |
| | Institution (Renewal Only) | 7.10 | |
| **3** | **Employee Welfare Account** | 4.00 | |
| **4** | **Akchhaya Kosh** | 7.00 | |
| **5** | **NBL Trust Fund** | 7.00 | |
| **6** | **Normal Call Deposit** | **1.25** | **100,000** |
| **7** | **FCY Saving Deposit** | | |
| 7.1 | USD | 2.00 | USD100 |
| 7.2 | EURO | 0.00 | EURO100 |
| 7.3 | GBP | 0.40 | GBP100 |
| **8** | **FCY Call Deposit** | | |
| 8.1 | USD | 0.75 | USD100 |
| **9** | **FCY Fixed Deposit** | | |
| 9.1 | USD | Negotiable | USD500 |

**Interest Rate on Loan and Advances**

| S.No | Loan Types | Premium Rate (%) per annum over Base rate(BR) |
|---|---|---|
| 1 | Gold and silver loan | 4.16 |
| 2 | Export Finance in NPR | 0.10 to 0.21 |
| 3 | Pre/Post shipment in USD | One year LIBOR +2.69 |
| **4** | **Trust Receipt** | |
| 4.1 | Trust Receipt (NPR) | 0.10 to 1.80 |
| 4.2 | Trust Receipt (USD) | Six Month LIBOR +2.69 |
| **5** | **Term Loan** | |
| 5.1 | Industrial/ Commercial | 1.19 to 3.16 |
| 5.2 | Real Estate-Housing Plan | 3.19 to 3.80 |
| 5.3 | Real Estate-Comercial Complex | 2.19 to 2.80 |
| **6** | **Working Capital** | |
| 6.1 | Hypothecation | 0.69 to 3.66 |
| 6.2 | Overdraft | 0.69 to 3.66 |
| 6.3 | Pledge loan | 0.69 to 3.66 |
| 6.4 | Demand | 0.69 to 3.66 |
| **6.5** | **Mortgaged Loan** | |
| 6.5.1 | Mortgage Working Capital loan | 1.55 to 4.66 |
| 6.5.2 | Mortgage Term loan | 1.55 to 4.66 |
| 6.6 | Sajilo Byabasaya Karja | 3.19 |
| 6.7 | Sambriddha Byabasaya Karja | 2.00 to 3.66 |
| 6.8 | Laghu Udhyam Karja | 2.00 |
| **6.9** | **Anniversary Business Loan** | **0.18 or 6.99% whichever is higher** |
| **6.10** | **NBL Entrepreneurship Term Loan-Lumbini Province** | **7.75% (Fixed Rate for 3 Years)** |
| **7** | **Deprived sector loan** | |
| 7.1 | Individual | 1.55 to 2.16 |
| 7.2 | Institutional (Wholesale)- Revolving | 0.19 to 1.30 |
| 7.3 | Institutional (Wholesale)- Term loan | 0.19 to 1.30 |
| 7.4 | Institutional (Retail)- Revolving | 1.19 to 1.80 |
| 7.5 | Institutional (Retail) -Term Loan | 1.19 to 1.80 |
| **8** | **Agriculture Loan** | 2.00 |
| 9 | Other Loan | |
| 9.1 | Loan against first class bank guarantee | 1.55 to 2.16 |
| 9.2 | Loan against FD receipt | Coupon Rate +2.00 |
| 9.3 | Loan against govt. securities | Coupon Rate +2.00 or 1 year fixed deposit, whichever is higher |
| 9.4 | Hire Purchase loan | 2.55 to 4.16 |
| 9.5 | Sahuliyatpurna Karja | 2.00 |
| **10** | **Interest on consumer loans** | |
| **10.1** | **Auto Loan** | |
| 10.1.1 | Private Vehicle 5 years term | 2.55 to 3.16 |
| 10.1.2 | Private Vehicle 7 years term | 3.55 to 4.16 |
| 10.1.3 | Private vehicle business use 5 years term | 2.55 to 4.16 |
| 10.1.4 | Commercial vehicle 3-5 years term | 3.55 to 4.16 |
| 10.1.5 | Auto loan (Nepalaxmi) | 1.55 to 2.16 |
| 10.1.6 | Professional Auto Loan | 1.55 to 2.16 |
| 10.1.7 | Auto Loan (Electrical Vehicle) | 2.01 to 4.16 |
| **10.2** | **Home Loan** | |
| 10.2.1 | 5 years term | 1.55 to 2.16 |
| 10.2.2 | 10 years term | 2.19 to 2.80 |
| 10.2.3 | 15 years and above term | 3.05 to 3.66 |
| 10.2.4 | Professional Home Loan | 1.55 to 2.16 |
| 10.2.5 | Home Loan (Nepalaxmi) | 1.55 to 2.16 |
| **10.3** | **Shulav Aawas Karja** | |
| 10.3.1 | 5 years term | 1.00 |
| 10.3.2 | 10 years term | 1.25 |
| 10.3.3 | 15 years term | 1.50 |
| 10.3.4 | 20 years term | 2.00 |
| **10.4** | **Personal Term Loan** | |
| 10.4.1 | 5 years term | 2.55 to 3.66 |
| 10.4.2 | 10 years term | 3.05 to 4.16 |
| 10.4.3 | 15 years and above term | 3.55 to 4.33 |
| **10.5** | **Personal Overdraft** | |
| 10.5.1 | POD-Professional | 3.55 to 4.16 |
| 10.5.2 | POD-Others | 4.05 to 4.66 |
| **10.6** | **NBL Professional Loan** | |
| 10.6.1 | Overdraft | 3.19 to 4.16 |
| 10.6.2 | Term Loan | 1.69 to 2.66 |
| **10.7** | **Education Loan** | |
| 10.7.1 | 5 years term | 1.05 to 1.66 |
| 10.7.2 | 10 years term | 1.55 to 2.16 |
| **10.8** | **Margin Lending** | 2.05 to 5.02 |
| **10.9** | **NBL Flexi Loan** | |
| 10.9.1 | Flexi Term Loan | 3.05 to 3.66 |
| 10.9.2 | Flexi Overdraft | 3.05 to 4.16 |
| **10.10** | **Sewagrahi Karja** | upto 5.00 |
| **10.11** | **Ghaderi Karja** | **3.00** |
| **10.12** | **NBL Pensioner Loan** | **2.00** |

**Retail Term Loan (Fixed Int rate)**

| SN | Loan Types | Rate per annum % |
|---|---|---|
| 1 | **Home Loan** | **9.49 to 12.49** |
| 2 | **Auto Loan** | **10.85 to 12.85** |
| 3 | **Personal Term Loan** | **11.10 to 13.93** |
| 4 | **Professional Term Loan** | **10.17 to 12.17** |
| 5 | **Education Loan** | **9.35 to 10.85** |
| 6 | **Sewagrahai Karja** | **upto 12.99** |
| 7 | **Ghaderi Karja** | **10.99 to 12.99** |

**Base Rate (BR) as of Poush end 2077 : 6.19**

**Spread Rate as of Magh end 2077 : 4.35**

1) Floating Lending rates shall be changed with the changes in Base Rate on quarterly basis. However, interest rate on Shulav Aawash Karja shall remain unchanged for a period of 1 year.
2) Rate on Consortium financing shall be as decided by consortium meetings.
3) Penal interest @+ 2% p.a. shall be applied on overdue amount/expired loan.
4) Risk premium upto+ 2.0% p.a. can be charged for watch-list clients.

# संसदीय विकास बजेट अलपत्र

■ सप्तरी समाचारदाता

सप्तरी, फागुन २८ गते। सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिकामा संसदीय विकास बजेट (स्थानीय विकास साझेदारी कार्यक्रम) अलपत्र परेको छ। गाउँपालिकाको उदासिनताले सप्तरी निर्वाचन क्षेत्र न. १ सांसद डा. सूर्यनारायण यादवद्वारा विनियोजित बजेट कार्यान्वयनमा ढिलाइ भएको हो।

गाउँपालिकाले मङ्सिर २२ मा उपभोक्ता समिति गठन गरेपनि हालसम्म कुनै प्रक्रिया अगाडि बढाएको छैन्। गाउँपालिकाद्वारा जारी सूचनाको आधारमा निर्माण उपभोक्ता समिति गठन गरी योजना फाँटमा फायल बुझाउँदा लिन नमानेको उपभोक्ता समितिका पदाधिकारीले बताएका छन्।

समिति गठन गरी वडाको सिफारिससहित आवश्यक कागजपत्र लिएर

> गाउँपालिकाद्वारा जारी सूचनाको आधारमा निर्माण उपभोक्ता समिति गठन गरी योजना फाँटमा फायल बुझाउँदा लिन नमानेको उपभोक्ता समितिको गुनासो

योजना शाखामा सम्पर्क गर्दा कर्मचारीले हप्काएर पठाउने गरेको उपभोक्ता समितिका पदाधिकारीले गुनासो गरेका छन्।

सर्वसम्मत समिति गठन गरी कागजपत्रसहित आवश्यक प्रक्रिया पूरा गरी समयमै योजना शाखामा पुग्यौं एक उपभोक्ता समितिका पदाधिकारीले भने, तिमीहरू किर्ते उपभोक्ता समिति बनाउँछौं। विवादास्पद उपभोक्ता समितिसँग सम्झौता हुँदैन भनेर हप्काएर फर्काइ दिएको छ।

उपभोक्ता समितिका पदाधिकारीले पटक-पटक योजना शाखामा सम्पर्क राख्दा सुनुवाई नभएपछि गाउँपालिका अध्यक्ष पर्शुराम चौधरी र प्रमुखको प्रशासकीय अधिकृत धीरेन्द्रकुमार यादवसँग कुरा राख्दा आवश्यक निर्णय गर्छौं भन्दै महिनौं बिताइ दिएको जानकारी दिनुभयो।

गाउँपालिकाले योजना कार्यान्वयनका लागि जानकारी गराउँछ भनी आशा गरेको महिनौं बित्यो। योजना सञ्चालनमा ल्याउनेमा शङ्का बढेको उपभोक्ताले गुनासो गर्नुभयो। अग्निसाइर कृष्णासवरन गाउँपालिका अध्यक्ष पर्शुराम चौधरीले बजेट कार्यान्वयनमा अब ढिलो नहुने बताउनुभयो।

उहाँले एक दुई दिनभित्र उपभोक्ता समितिसँग सम्झौता गरी योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रमुख प्रशासकीय अधिकृत यादवले सङ्घीय सरकारको परिपत्र र आफ्नै कार्य व्यस्तताले केही समय ढिलो भएको बताउनुभयो।

समय अझै धेरै भएकाले काम हुनेमा कुनै आशङ्का नरहेको भन्दै चाँडै काम सुरु गर्ने जानकारी दिनुभयो। सप्तरी निर्वाचन क्षेत्र नं. १ का सांसद डा.सूर्यनारायण यादवको संसदीय विकास कोष अन्तर्गत स्थानीय विकास साझेदारी कार्यक्रममा गाउँपालिकाको विभिन्न वडामा ६ वटा योजनाका लागि ८० लाख बजेट विनियोजन गरिए पनि कुनै पनि योजनाको काम सुरु हुन सकेको छैन्।

■ दम्पत्ती बेपत्ता प्रकरण

# सीआईबी जाँचको माग गर्दै अनसन

■ महोत्तरी समाचारदाता

जलेश्वर, फागुन २८ गते। महोत्तरीको पिपरा गाउँपालिकाको वडा नं. ५ सहोडवाबाट बेपत्ता भएका दम्पतिको अवस्था पत्ता लगाउन सिआइबी जाँच हुनुपर्ने माग गरिएको छ। जिल्लाको पिपरा गाउँपालिका- ५ सहोरवाका ६५ वर्षीय मोसाफिर झा र उनकी पत्नी रहेका छन्।

मोसाफिर दम्पति बेपत्ता भएको तीन हप्ता हुन लाग्दासमेत प्रहरी प्रशासनले उनीहरूको अवस्थाबारे पत्ता लगाउन नसक्दा युवाले घटनाबारे अब सिआइबी जाँच गर्नुपर्ने माग राखेका हुन।

बाम्हण युवा समाजका राघवेन्द्र झाले घटना भएको यतिका दिन भइसक्दा पनि वृद्ध दम्पत्तिको अवस्था पत्ता लगाउन प्रहरी प्रशासन असफल रहेको भन्दै प्रहरी प्रशासनप्रति आफूहरूको भरोसा नरहेकाले सिआइबीले नै जाँच गर्नुपर्ने माग गर्नुभयो।

कोठामा सुतिरहनु भएका दम्पत्तीलाई बिछ्यौनासहित बेपत्ता पारिएको भन्नुहुँदै अहिलेसम्म अवस्था अज्ञात रहनुले प्रहरी प्रशासनसमेत शङ्काको घेरामा रहेको बताउनुभयो। उहाँले आफूहरू अवस्था पत्ता लगाउन आन्दोलन गर्दै आएपनि केही अपडेट हुन नसकेको बताउनुभयो।



बेपत्ता दम्पतीको अवस्था पत्ता लगाउन माग गर्दै धर्नामा बसेका स्थानीयवासी। तस्बिर : नागेन्द्रकुमार कर्ण/महोत्तरी

दम्पत्तीको अवस्थाबारे छानबिनका लागि प्रदेश २ का मुख्यमन्त्री र आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवसहितलाई ज्ञापनपत्र दिइसकेको जानकारी दिनुभयो। स्थानीयवासीले झा दम्पतीले प्रयोग गर्ने झुल पोखरीमा भेटिएको र घटनास्थलमा रगतको छिटा देखिएकाले दम्पत्तीको हत्या भएको अनुमान गरिए पनि अवस्था पत्ता नलागेसम्म केही भन्न नसकिने बताउँछन्।

यस विषयमा जिल्ला प्रहरी कार्यालय महोत्तरीले भने अनुसन्धानमै रहेको बताउँदै अवस्था पत्ता लगाउन दर्जनौं पोखरी, विभिन्न ठाउँमा खोज तलाशका साथै केही व्यक्तिमाथि निगरानी बढाएको जनाएको छ।

प्रहरीले झा दम्पतीका छिमेकीसमेत रहेका जग्गा व्यवसायी रामबाबु यादव, भारतीय हरेन्द्र ठाकुरसहित चार जनालाई निगरानीमा राख्नुका साथै घटना स्थलमा फेलापरेको रगतको नमुना परीक्षणका लागि काठमाडौँ पठाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक दिनेश आचार्यले जिल्ला र प्रदेश प्रहरीको टोली अनुसन्धानमा लागेको जानकारी दिनुभयो। तीन हप्तादेखि बेपत्ता दम्पत्तीको अवस्था पत्ता लगाउन ब्राम्हण समाजले विभिन्न ठाउँमा आन्दोलन गर्दै आएका छन्। अहिले जनकपुरको जनकचोकमा निरन्तर रिले अनसन हुँदै आएको छ भने महोत्तरी जिल्ला प्रशासनमासमेत धर्ना हुँदै आएको छ।

## जागरुक बन्दै पिछडिएका समुदाय

■ सप्तरी समाचारदाता

सप्तरी, फागुन २८ गते। सप्तरीको तिरहुत गाउँपालिका र कञ्चनरूप नगरपालिकाका गरिब, दलित, विपन्न र पिछडिएका अशिक्षित समुदाय आफन्त, छिमेकीदेखि बस्तीलाई नै सचेत गराउन लागेका छन्।

कोभिड-१९ को असर, यसबाट कसरी बच्ने र आफन्त छिमेकीलाई पनि कसरी बचाउने भन्ने त्रासमा बस्न बाध्य स्थानीय बासिन्दा जोखिमबाट बच्न सबै उपाय सिकेर व्यवहारमा लागु गर्दै आफन्त, छिमेकीदेखि बस्तीलाई नै सचेत गराउन लागेका हुन।

कोभिड-१९को जोखिमलाई ध्यानमा राख्दै कोसी पीडित समाज र अक्सफाम नेपालको संयुक्त साझेदारीमा विगत १० महिनादेखि स्थानीय तहको वडा वडामा स्वच्छताका लागि व्यवहार परिवर्तन परियोजना सञ्चालनले परिवर्तन देखिएको हो। त्रासमा बसेका उनीहरूलाई विज्ञ तथा सहजकर्ताले तालिम र सीपसँगै सुरक्षा सामग्री उपलब्ध गराएपछि यस्तो परिवर्तन आएको स्थानीयवासी सकुन्तला देवीले सुनाउनुभयो।

युकेएड र युनिलिभरको आर्थिक सहयोगमा सञ्चालित परियोजना परियोजनाका कार्यकारी निर्देशक देवनारायण यादवले प्रभावकारी ढङ्गले काम गर्न सफलता मिलेको बताउनुभयो।

# निजी मोहले चिकित्सकबीच आरोप प्रत्यारोप



पत्रकार सम्मेलनमा चिकित्सकले आफ्ना कुरा राख्दै। तस्बिर : माला कर्ण/सप्तरी

■ माला कर्ण

सप्तरी, फागुन २८ गते। सप्तरीमा स्वास्थ्यको क्षेत्रमा सुधार हुने आश बढ्दै गएका बेला पछिल्लो पटक कार्यरत चिकित्सकबीच आरोप प्रत्यारोपको क्रम सुरु भएको छ।

नेपाल सरकारको स्वामित्त्वमा रहेको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल र छिन्नमस्ता अस्पतालका चिकित्सकबीच आरोप र प्रत्यारोपको क्रम सुरु भएको हो। सरकारी अस्पतालमा डियुटी पूरा गर्नुको साटो निजी अस्पताल र क्लिनिकमा समय दिने गरेको कारण चिकित्सकसँग स्पष्टीकरण मागेको विषयलाई लिएर दुवै अस्पतालका चिकित्सक गाली गलोज र आक्रमणमा उत्रन थालेका छन्।

छिन्नमस्ता अस्पताल भने सरकारी अस्पतालको छेउमै रहेको छ। गजेन्द्रनारायण सिंह सरकारी अस्पतालमा कार्यरत केही चिकित्सक छिन्नमस्ता अस्पतालमा बिरामी पठाउने गरेको आरोप अस्पतालका निमित्त मेडिकल सुपरिडेन्ट डा.रञ्जित झाको छ। सरकारी अस्पतालमा कार्यरत डा.दिनेश उप्रेती, डा.राजीव मिश्रा, डा.अजय चौधरीसहितका चिकित्सक भने अस्पतालभित्र आफूहरूले प्रदान गरिरहेको सेवाका कारण डा. झाको निजी क्लिनिकमा बिरामी घटन थालेपछि आफू विरुद्ध डा. झाले षडयन्त्र गरी रहेको आरोप लगाएका छन्।

छिन्नमस्ता अस्पतालमा कार्यरत डा.ज्ञानेन्द्र झाको बिहेको वर्ष गाँठको भोज र सरकारी अस्पतालका सुपरिडेन्ट डा. झाद्वारा सञ्चालित निजी क्लिनिकको वर्ष गाठको छुट्टाछुट्टै आयोजना गरिएको भोजपछि दुवै पक्षको जम्काभेटले तनाव बढेको प्रत्यक्षदर्शी बताउँछन्। बुधबार राति करिब ११ बजेतिर गजेन्द्रनारायण सिंह अस्पतालको चिकित्सक आवास क्षेत्र केही समयका लागि तनावपूर्ण हुन पुग्यो। सोही घटनालाई ढाकछोप गर्न बिहीबार राजविराजमा छुट्टाछुट्टै पत्रकार सम्मेलन गरी दुवैपक्षले एक अर्कामाथि हिलो छयाप्न थाले।

एकातिर केही डा.नेतृत्व अस्पतालका प्रमुखले गरेका छन् भने अर्कोतिर छिन्नमस्ता अस्पतालमा कार्यरत चिकित्सकको नेतृत्त्व गजेन्द्रनारायण सिंह अस्पताल इमरजेन्सी प्रमुख डा.अजय चौधरीले गरेका छन्।

प्रमुख डा.झाले बिरामी कुरुवाकै अगाडि आफूलाई मनोबल घटाउने काम गर्नुका साथै बिना कारण स्पष्टीकरण माग गरेको विषयमा प्रमुखसँग गुनासोको विषयलाई झाले इस्यू बनाएको डा. चौधरीले दाबी गर्नुभयो।

यसअघि पनि रातिको समयमा रक्सी खाएर प्रमुख झाले अस्पतालमा कार्यरत चिकित्सकलाई गाली गलोज गर्ने गरेको र इमरजेन्सीमा कार्यरत डा.जीतेन्द्र यादवलाई कुटपिट गरेको आरोपसमेत उहाँले लगाउनुभयो।

> सरकारको स्वामित्त्वमा रहेको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल र छिन्नमस्ता अस्पतालका चिकित्सकबीच आरोप र प्रत्यारोप

सोही पत्रकार सम्मेलनमा बोल्दै डा. दिनेश उप्रेतीले अस्पतालमा भएको उपकरणको प्रयोग गर्न आग्रह प्रमुख झासँग गरेपछि बिरामीलाई बढी समय दिएर स्वास्थ्य जाँच गर्ने गरेका कारण डा. झा आफूप्रति क्रोधित भएको आरोप लगाउनुभयो।

अस्पताल भर्ना पूर्जा काटकुट गरेको विषयबारे इमरजेन्सी प्रमुख डा.चौधरीसँग बुझ्न खोजेपछि उनी डिउटी नै आउन छाडेकाले स्पष्टीकरण सोधिएको र सोही विषयलाई लिएर आफूमाथि आक्रमण गर्न खोजेको डा.झाले पत्रकार सम्मेलनमा बताउनुभयो। घटनाको पुष्टि गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता भुवनेश्वर साहले घटनाको थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

# अपहरित फेला परेनन्, अपहरणकारी पक्राउ

■ राजविराज समाचारदाता

राजविराज, फागुन २८ गते। सप्तरीमा १० वर्षअघि छठ पर्वका दिन अपहरित एक व्यक्ति अहिलेसम्म फेला परेका छैनन्।

सो घटना उपरको अपहरण तथा शरीर बन्धक मुद्दाका फरार प्रतिवादीलाई भने सप्तरी प्रहरीले पक्राउ गरेको छ।

सो मुद्दामा फरार प्रतिवादी जिल्लाको साविक बरहीबिरपुर गाविस- ५ हाल छिन्नमस्ता गाउँपालिका- १ बस्ने तत्कालिन वर्ष ४५ को भोलेन्द्रप्रसाद यादवलाई गएराति पक्राउ गरिएको सप्तरी प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले जानकारी दिनुभयो।

सोही गाउँकै पोखरीमा छठ मनाइरहेको अवस्थामा २०६७ असोज २६ गते साँझ बरहीबिरपुर गाविस- ५ हाल छिन्नमस्ता गाउँपालिका १ बस्ने जगरनाथी साहको छोरा तत्कालिन वर्ष १७ को सञ्जीवकुमार साहलाई पक्राउ परेको प्रतिवादीले अपहरण गरेको अपहरितका दाजु रञ्जितकुमार साहले दिएको जाहेरीमा उल्लेख गरिएको छ।

पक्राउ परेका भोलेन्द्रप्रसाद यादवका प्रतिवादी मिलेर सञ्जीवकुमार साहलाई अपहरण गरी ५० लाख फिरौती रकम माग गरेकोमा पटक पटक गरी तेह्र लाख ५० हजार अपहरणकारीलाई बुझाए पनि अपहरित व्यक्ति सञ्जीवलाई हालसम्म फिर्ता गरेको छैन्।

सो अपहरण तथा शरीर बन्धक मुद्दामा सप्तरी जिल्ला अदालतले २०७३ भदौ ५ मा गरेको फैसलाले यादवलाई नौं वर्ष कैद र २५ हजार जरिवाना गरिएको छ।

विभिन्न मुद्दामा फैसला भएर कार्यान्वयन अन्तर्गत फरार सूचिमा रहेका प्रतिवादीलाई खोजतलास गर्दै पक्राउ गर्ने अभियान अन्तर्गत फरार रहेका उनलाई घरमा लुकीछिपी बसेको विशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले पक्राउ गरी शुक्रबार सप्तरी जिल्ला अदालतमा पेश गरेको प्रनाउ साहले बताउनुभयो।

सप्तरी प्रहरीले सञ्चालन गरेको यस अभियान अन्तर्गत चालु आर्थिक वर्ष २०७७/०७८ मा हालसम्म ५६५ फरार प्रतिवादीलाई पक्राउ गरिएको प्रनाउ साहले जानकारी दिनुभयो।

# ट्रकको ठक्करबाट सरदारको मृत्यु

■ राजविराज समाचारदाता

राजविराज, फागुन २८ गते। पूर्व पश्चिम लोक राजमार्ग अन्तर्गत सप्तरीको रूपनी गाउँपालिका वडा नं. ६ बीरेन्द्र बजारमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा गए राति एक जनाको घटना स्थलमै मृत्यु भएको छ। यससँगै पछिल्लो २४ घण्टामा सोही लोक राजमार्गमा सवारी दुर्घटनामा परेर जिल्लामा दुईको मृत्युभयो।

ट्रकले ठक्कर दिँदा स्थानीय प्रदिपकुमार सरदारको मृत्यु भएको प्रहरीले जनाएको छ। पूर्वतर्फ गइरहेको स. ८ प. ६५५२ नम्बरको मोटरसाइकललाई विपरित दिशाबाट आइरहेको स. १ त. ७५३७ नम्बरको ट्रकले ठक्कर दिएपछि दुर्घट्ना भएको हो।

मृतकको शव पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, अघिल्लो दिन पूर्व पश्चिम लोकराजमार्ग अन्तर्गत जिल्लाको अग्निसाइर कृष्णसवरण गाउँपालिका- १ जण्डौलमा पिकअपको ठक्करबाट सोही गाउँपालिका वडा नम्बर १ सिमराका २८ वर्षीय दीपक चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले जानकारी दिनुभयो।

पूर्वतर्फ जाँदै गरेको प्रदेश ३-०१-०२४ च. ४२६९ नम्बरको पिकअपले सोही दिशातर्फ गइरहेको चौधरीलाई मङ्गलबार अपरान्ह ठक्कर दिएको थियो।

# बलात्कार मुद्दा मुल्तबीमा

■ कल्याणपुर समाचारदाता

सप्तरी, फागुन २८ गते। एक १५ वर्षीया बालिकालाई अपहरण गरी शरीर बन्धक तथा बालविवाह गराएर बलात्कार गरेको आरोपमा जिल्ला अदालतले राजगढ गाउँपालिका-५ मलेकपुरका ४५ वर्षीय राजेन्द्र साहसहित ६ जना विरूद्धको मुद्दा मुल्तबीमा राख्ने फैसला गरेको छ।

न्यायाधीश चन्द्रमणि ज्ञवालीको इजलासले साहसहित १६ वर्षीय बालक, राजगढ गाउँपालिका-५ मलेकपुरका ३९ वर्षीय गङ्गाइ साह, ४५ वर्षीय सुरैतलाल साह, ४० वर्षीया सुनैना र ३० वर्षीय विमलेश साह विरूद्धको मुद्दा मुल्तवीमा राख्ने फैसला गरेको हो। बालिकालाई आरोपित १६ वर्षीय बालकले ०७५ साउन २७ मा ललाइ फकाई धनमालसहित अपहरण गरी लगेको भनी सोही दिन पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा हुलिया जाहेरी तथा आरोपित विरूद्ध उजुरी दिएकी थिइन्।

घर फर्केर आएकी बालिकालाई प्रहरीले ०७५ भदौ १८ मा कागज गराउनुका साथै भदौ १९ मा राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण गराएको थियो। प्रहरीले आरोपित बालकलाई ०७५ भदौ १९ मा गिरफ्तार गरी उजुरी दर्ता गरेको थियो। बालककी आमाले ०७५ भदौ १६ मा जिल्ला प्रहरी कार्यालयमा उपस्थित हुन भनी बालकलाई गैरकानुनी थुनामा राखेर भदौ १९ गते अदालतबाट म्याद थप गरेको भन्दै बालकको हकमा उच्च अदालत जनकपुर इजलासमा ०७५ भदौ २२ गते बन्दी प्रत्यक्षीकरणको रिट दिएकी थिइन्।

उच्च अदालतको संयुक्त इजलासले ०७५ भदौ २५ गते बालकलाई आमाको जिम्मा जमानीमा रिहा गर्ने आदेश दियो। अपहरण शरीर बन्धक तथा बालविवाह गराएर जबरजस्ती करणी गरेको मुद्दा जिल्ला अदालतमा ०७५ माघ २४ गते दायर भएकोमा वारेण्टसहितको म्यादी पुर्जी जारी भएको थियो।

अदालतबाट ०७५ फागुन १३ र चैत ४ मा पक्राउ पुर्जी जारी भएकोमा हालसम्म फेला नपरेपछि मुद्दा मुल्तबीमा राख्ने फैसला भएको अदालतले जनाएको छ।

# शैक्षिक सामग्रीदेखि रजिस्टरसम्म चोरियो

■ सप्तरी समाचारदाता

सप्तरी, फागुन २८ गते। सप्तरीको छिन्नमस्ता गाउँपालिका-१ बरही विरपुरस्थित आधारभूत विद्यालयबाट शैक्षिक सामग्रीदेखि लिएर हाजिरी वही र कार्पेटसम्म चोरिएको छ। विद्यालय प्रशासनले गराएको जानकारी अनुसार घटना गत आइतबार मध्य रातिको हो। ताल्चा फोडेर चोरले विद्यालयको विभिन्न सामग्री लगेका छन्।

दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीदेखि लिएर हाजिरी खातासम्म लगेपछि विद्यालय सञ्चालन र पठन-पाठनमासमेत समस्या उत्पन्न भएको विद्यालय प्रशासनको भनाइ छ। विद्यालय प्रशासनबाट प्राप्त जानकारी अनुसार चोरहरूले ट्रलि स्पीकर एक थान, पङ्खा दुई थान, माइक दुई थान, पानी तान्ने मोटर दुई थान, तार दुई क्वाइल, सिएफएल चिम १५ थान, कुर्सी १२ थान, दिवाल घडी २ थान, कार्पेट ५० मिटर र रजिष्टर १० थान लगेका छन्।

यसका अतिरिक्त केही फायलमा रहेका महत्त्वपूर्ण कागजात र बिल भर्पाइसमेत चोरी भएको विद्यालयले जनाएको छ।

घटनाबारे विद्यालय प्रशासनले सोमबारै इलाका प्रहरी कार्यालय छिन्नमस्तालाई लिखित जानकारी गराइसकेका छन्। इलाका प्रहरी कार्यालयसँगै छिन्नमस्ता गाउँपालिका र स्थानीय वडा कार्यालयलाई जानकारी गराइएको छ। यद्यपि हालसम्म चोर वा चोरिएका सामानमध्ये केही पनि फेला पर्न सकेको छैन्।

Government of Nepal
**Nepal Agricultural Research Council**
**National Cattle Research Program**
Rampur, Chitwan

**Invitation for Sealed Quotation**

Name of the Office: **National Cattle Research Program**
Address of the Office: **Rampur, Chitwan**
Invitation for Sealed Quotation for the procurement of **goods listed below**
Sealed Quotation No: 02/077/078
Date of first Publication: 2077/11/29

1. The **National Cattle Research Program, Rampur, Chitwan** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of following goods listed below:
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **National Cattle Research Program, Rampur Chitwan Telephone No. :056-591255.**
3. A complete set of Bidding Documents may be purchased from the office of **National Cattle Research Program, Rampur, and Chitwan** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 1000** for each sealed quotation till **2077/12/16** during office hours.
4. Sealed bids must be submitted to the office **National Cattle Research Program, Rampur Chitwan** by hand on or before **12:00 Hrs. on date 2077/12/17.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 Hrs. on date 2077/12/17** at the office of **National Cattle Research Program, Rampur Chitwan.** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting for following goods listed below, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Ko.Le.Ni.Ka. Account No1310100102030000, Rastriya Banijya Bank, Bharatpur, Chitwan and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**1. Detail of Goods**

| S.N. | Contract Identification No. | Description of Works | Bid Security Amount(Nrs) | Cost of Bid Document(Nrs) |
|---|---|---|---|---|
| 1 | NCRP/G/SQ/04/077/078 | Supply & Installation of Fixed Bucket Milking Machine: Four Bucket type | 20,000/- | 1,000/- |
| 2 | NCRP/G/SQ/05/077/078 | Supply & Installation of Solid-Liquid Separator | 30,000/- | 1,000/- |

# पत्रकारिता जनताको हितमा हुनुपर्छ : प्यासी

■ विराटनगर समाचारदाता

विराटनगर, फागुन २८ गते। प्रदेश १ प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले समाचार जनताको बकपत्रको रूपमा जस्ताको त्यस्तै प्रवाह हुनुपर्ने बताउनुभएको छ। नेपाल पत्रकार महासङ्घ मोरङ शाखाले आयोजना गरेको "षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार २०७६" वितरण कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश प्रमुख प्यासीले जनताको बकपत्र नै समाचारको रूपमा प्रवाह हुन्छ भनेर नयाँ पुस्तालाई प्रशिक्षित गर्नुपर्ने बताउनुभयो।

समाज रूपान्तरण र परिवर्तनका लागि पत्रकार बलियो खम्बा रहेको बताउनुभयो।

पत्रकारिता देश, जनता, गणतन्त्र र सङ्घीयताको प्रतिकुल नहुने गरी त्यसको हितमा गर्नुपर्ने प्रदेश प्रमुख अधिकारीले बताउनुभयो। उहाँले मुलुकको परिवर्तन कुनै एक पक्षले वा नेताको भाषणबाट मात्र प्राप्त नभएको भन्दै सबैको योगदानबाट सम्भव भएको बताउनुभयो।

कार्यक्रममा प्रदेश प्रमुख प्यासीले षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार २०७६ बाट नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय अध्यक्ष धर्मेन्द्र झालाई सम्मान गर्नुभयो। सूचनाको अधिकारबारे जनचेतना अभियानमा संलग्न भएकालाई हरेक वर्ष प्रदान गरिँदै आएको पुरस्कार यस पटक पूर्व अध्यक्ष झा र सूचनाको अधिकार प्रोत्साहन पुरस्कारबाट झापाका पत्रकार मोहनकाजी न्यौपानेलाई प्रदान गरिएको छ।

२०४४ सालदेखि निरन्तर पत्रकारिता क्षेत्रमा क्रियाशिल झालाई ५० हजार ५१ रुपियाँ र न्यौपानेलाई १५ हजार १५ रुपियाँ राशिको पुरस्कार प्रदान गरिएको हो। पुरस्कार वितरणपछि बोल्दै प्रदेश प्रमुख प्यासीले निरंकुशता विरूद्धमा निसाना बनाउन कम्मर कसेर लागेका पत्रकार पुरस्कृत भएकोमा खुसी व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष गोविन्द आचार्यले सार्वजनिक निकायमा हुने हरेक सूचनाको वास्तविक मालिक जनता भएको भन्दै उहाँले निर्वाचित जनप्रतिनिधि वा त्यहाँका प्रमुख वास्तविक मालिक नभएको टिप्पणी गर्नुभयो। पत्रकार महासङ्घकै पहलबाट सूचनाको अधिकार स्थापित भएको र त्यसलाई कार्यान्वयन गर्न सम्भव भएको भन्दै उहाँले यो अभियान निरन्तर जारी राख्नु पर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ प्रदेश १ का अध्यक्ष विक्रम लुईटेलले सूचनाको हक आम नागरिकको विषय भएको र सहि सूचनाले मात्र विसङ्गतिको अन्त्य गरी विकास र समृद्धिको यात्रा आरम्भ हुनसक्ने बताउनुभयो।

जनता समाजवादी पार्टीका नेता तथा प्रदेश सभामा जसपा संसदीय दलका नेता जयराम यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि पत्रकारिता क्षेत्र सदैव अग्रगमनतर्फ अग्रसर रहेको बताउनुभयो।

पुरस्कृतहरूको तर्फबाट नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष धर्मेन्द्र झाले सूचनाको अधिकार सम्बन्धी पुरस्कार जनतालाई बलियो बनाउने, वैयक्तिक स्वतन्त्रतालाई अझ शक्तिशाली बनाउने देशभरको एकमात्र र सशक्त पुरस्कारको रूपमा आफूले ग्रहण गरेको बताउनुभयो।



**नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष धर्मेन्द्र झालाई सम्मान गर्नुहुँदै प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी।**
तस्बिर : शशिधर पराजुली/विराटनगर

# ४० वर्षअघि हराएका दीपक भारतको कारागामा

■ कोकिला ढकाल

इलाम, फागुन २८ गते। जिल्लाको फाकफोकथुम गाउँपालिकास्थित एकतप्पा गाउँका दीपक जैसी तिम्सिना घरबाट बेपत्ता भएको ४० वर्षपछि भारतको कोलकतास्थित दमदम कारागारमा फेला पर्नुभएको छ। २०३७ साल माघमा स्थानीय मङ्गलबारे बजारमा तोरी बेच्न घरबाट हिँड्नु भएको तिम्सिना बेपत्ता भएपछि उहाँको परिवारले विभिन्न स्रोतमार्फत् खोजी कार्य गरिरहेको थियो। परिवारका सदस्यले दीपकको बारेमा कुनै जानकारी पाउन सकेको थिएनन्।

२० वर्षको उमेरदेखि नै बेपत्ता दीपकको घर परिवार र गाउँले पुरै आशा मारिसकेको थियो तर, हराएको ३२ वर्षपछि (२०६९ साल) मा भारतबाट दीपककै नाममा घरमा एउटा चिठी आयो।

त्यसमा लेखिएको थियो– म भारतको जेलमा छु। चिठीले उमेर ढल्किसकेकी आमासहित परिवारजनमा दीपक जिउँदै छन् कि भन्ने आशा त पलायो तर, त्यो चिठी दीपकले नै लेखेका हुन् या होइनन् भन्ने यकिन नभएको उहाँका काकाको छोरा प्रकाश शर्मा तिम्सिनाले बताउनुभयो। त्यसपछि प्रकाशलगायतका व्यक्तिले दीपकको थप खोजी सुरु गरे।

परिवारजनलाई दीपकसम्म पुग्न विश्व सेवा विस्तार संस्था र संस्थाका इन्द्र बस्नेतले सकेसम्म सहयोग गरे।

प्रकाश भन्नुहुन्छ, "दीपक दाइलाई भेट्टाउन नेपाल र भारतका कानुन व्यवसायी, पत्रकार, सञ्चार संस्थालगायत ज–जसले सहयोग गरे, उनीहरूको सूची बनाउने हो भने निकै लामो हुन्छ। हामीले सपनामा पनि कल्पना नगरेका दाइलाई जीवित पाउँदा बिपना नै सपना जस्तो लाग्दोरहेछ।"

दीपक कसरी यत्रो समय जेल बस्न बाध्य हुनुभयो भन्ने यकिन छैन्। प्रकाशचन्द्रले सुने अनुसार दीपक घरबाट हिँडेपछि दार्जिलिङको चिया बगानमा काम गर्न थाल्नुभयो।

त्यही क्रममा एक महिलाको हत्या आरोपमा उहाँ जेल पर्नुभएको हो तर, उहाँ आफैँले कसैको हत्या गरेको वा अरूले गरेको हत्यामा मुछिनु भएको भन्ने स्पष्ट बुझ्न नपाएको प्रकाशले बताउनुभयो। "जेल पर्नुमा ३–४वटा फरक–फरक कारण सुनियो, ठ्याक्कै के हो भन्न सकिएन,"– प्रकाशले भन्नुभयो।

सबैको प्रयासले दाजु त्यहाँ हुनुहुन्छ भन्नेसम्म त पत्ता लागेको र उहाँलाई छुटाउन विभिन्न कानुन व्यवसायीले प्रयास गरिरहेको प्रकाशले जानकारी गराउनुभयो। "सम्भवतः आउँदो सोमबार यो मुद्दामा छलफल भइ दाजु छुट्नुहुन्छ भन्ने खबर आएको छ"– दीपकका भाइ प्रकाश शर्मा तिम्सिनाले भन्नुभयो।

लगभग माया मारिसकेको छोरो जिउँदै छ भन्ने थाहा भएपछि उहाँकी वृद्ध आमा धनमाया तिम्सिना ज्यादै हर्षित हुनु भएको छ। माई नगरपालिकाको चिसापानीमा बसाइँ सरेको तिम्सिना परिवारमा अहिले खुसीयाली छाएको छ। "मलाई त जेठो छोरो फेरि जन्मिएझैँ भएको छ, कतिबेला टुप्लुक्क घर आएर आमा भन्ला भन्ने आशाले निद्रा लागेको छैन्"प्रकाशकी वृद्ध आमा धनमायाले भन्नुभयो।

■ कार्यालय परिसर साँघुरो

# सवारी व्यवस्थापनमा समस्या

■ रङ्गेली समाचारदाता

विराटनगर, फागुन २८ गते। पार्किङ अभावमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, मोरङलाई ऐन विपरीत कार्य गर्ने सवारी नियन्त्रणपछि व्यवस्थापन असजिलो बनेको छ।

विराटनगर महानगरपालिका– ९ मा रहेको भवनबाट दैनिक कार्य सम्पादन गर्दै आएको जिल्ला ट्राफिक प्रहरी कार्यालय जीर्ण र परिसरसमेत साँघुरो हुँदा कारबाहीमा परेर नियन्त्रणमा लिएका सवारी व्यवस्थापनमा समस्या परेको हो।

तत्कालीन नगर प्रहरीको स्वामित्त्वमा रहेको एक कठ्ठा छ धुर क्षेत्रफल भएको जमिनमा ४२ वर्ष अगाडि तीन तले भवन बनेको थियो। भवन अहिले जीर्ण अवस्थामा पुगेको छ। २०७२ सालको भूकम्पपछि तीनै तला चर्किएको र छतबाट पानी चुहिने समस्या रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका इञ्चार्ज प्रहरी निरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो।

भवन परिसर साँघुरो हुँदा दैनिक ट्राफिक प्रहरीको कारबाहीमा परेका सवारी व्यवस्थापन गर्न जिल्ला प्रहरी कार्यालयको परिसरमा पुऱ्याउनु पर्ने बाध्यता रहेको प्रहरी निरीक्षक खड्काको भनाइ छ। ट्राफिक प्रहरीको कार्यालय परिसरमा पार्किङ गर्ने ठाउँ नहुँदा ट्राफिककै गाडीसमेत बाहिरी परिसरको व्यस्त सडकमा पार्किङ गर्नुपर्ने अवस्था रहेको छ।

दुर्घट्नामा परेका ठूला साना तथा ठूला सवारीलाई जिल्ला प्रहरी कार्यालयमा लगेर राखिने गरिएको छ। त्यसबाहेक कारबाहीमा परेर ल्याइएका सवारीसमेत राख्ने ठाउँ नहुँदा धेरै समस्या भएको प्रहरी निरीक्षक खड्काले बताउनुभयो। नगर प्रहरीको स्वामित्त्वमा रहेको संरचनाबाट कार्यालय स्थान्तरण गरेर नयाँ निर्माणका लागि पहलसमेत भइरहेको प्रहरी निरीक्षक खड्काले जानकारी दिनुभयो। बढ्दो सवारी चाप र ट्राफिक व्यवस्थापनमा थपिएको चुनौतीका कारण कम्तिमा दश कठ्ठा क्षेत्रफलमा ट्राफिक कार्यालय स्थापना गर्नुपर्ने आवश्यकता देखिएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले विराटनगर महानगरपालिकासँग संरचना निर्माणका लागि जग्गा र लागत सहयोगको लागि अनुरोधसमेत गरिसकेको छ।

विराटनगर महानगरपालिका क्षेत्रभित्रको सडक पूर्वाधार निर्माण गर्दा पार्किङ सुविधा नराखिएका कारण त्यसको भार ट्राफिक व्यवस्थापनमा पर्दै आएको छ। बजार क्षेत्रमा कुनै पनि स्थानमा पार्किङ स्थल नहुँदा सडककै दायाँ–बायाँ सवारी रोक्नुपर्ने बाध्यता रहेको छ।

जसका कारण सवारी जाम हुने समस्या बारम्बार दोहोरिने गुनासो उतिकै आउने गरेको छ। प्रहरी निरीक्षक खड्काले मुख्य बजार क्षेत्रमा तीन ठाउँमा सार्वजनिक पार्किङ स्थल निर्माणका लागि महानगरसँग आग्रह गरिएको बताउनुभयो।

ट्राफिक चोक सेन्ट्रल मलसम्मको सडकलाई कभर गर्ने गरी व्यक्तिको जग्गामा भएपनि पार्किङ स्थल निर्माण गर्ने अवधारणा बढाइएको हो। जसमा सेन्ट्रल मल दक्षिणतर्फको दश कठ्ठा जग्गा, बैङ्क अफ काठमाडौं आसपास र बी प्लटको क्षेत्रभित्र सवारी पार्किङको अवधारणा अगाडि सारिएको हो।




ट्राफिक कार्यालय अगाडि सडकमा रोकेर राखिएको प्रहरीको गाडी। **तस्बिर : नवराज कट्टेल/रङ्गेली**

# बिर्तामोडमा प्रदेशकै ठूलो शिव मूर्ति स्थापना

■ बिर्तामोड समाचारदाता

बिर्तामोड, फागुन २८ गते। झापाको बिर्तामोडमा पूर्वी नेपालकै सबैभन्दा ठूलो शिव प्रतिमा स्थापना भएको छ। सो प्रतिमाको महाशिवरात्रिको अवसर पारेर बिहीबार अनावरण गरिएको छ।

बिर्तामोड नगरपालिका वडा नं. १ स्थित देवी पञ्चकन्यामा स्थापना गरिएको शिव प्रतिमाको महाशिवरात्रि पर्वको अवसर पारेर प्रथम महिला जगतगुरु शंकराचार्य हेमानन्द गिरीको बाहुलीबाट अनावरण गरिएको हो। उक्त शिव प्रतिमा प्रदेश १ कै ठूलो भएको दाबी गरिएको छ।

अनावरणका अवसरमा भजन, झाँकी नृत्य प्रस्तुत गरिएको थियो। त्यस्तै शिव धुनीका साथ भजन सन्ध्याको कार्यक्रम सम्पन गरियो। जमिनको भागबाट नौँ फिट अग्लो आधार स्थल निर्माण गरी त्यसमाथि २७ फिट अग्लो शिव प्रतिमा राखिने निर्माण समिति संयोजक तथा कार्यक्रममा अध्यक्ष दीपक दाहालले बताउनुभयो।

समुदायस्तरबाट आर्थिक सङ्कलन गरी सो शिव प्रतिमा दुई महिनाभित्र स्थापना गरिएको र निर्माण गर्दा करिब ३८ लाख रुपियाँ खर्च भएको दाहालले बताउनुभयो। भारत कोलकताका मूर्तिकारले उक्त मूर्ति बनाएका हुन्। प्रतिमासँगै पूर्व–पश्चिम राजमार्गसँग जोडेर प्रवेशद्वार पनि निर्माण गरिएको छ। कार्यक्रममा प्रदेश सांसद झलकसिंह दर्लामी, बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी, प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख सानुराम भट्टराईलगायतले पञ्चकन्या टोलवासीले गरेको कामको प्रशंसा गर्दै मूर्ति निर्माणपछि झापा र प्रदेश १ मा धार्मिक पर्यटकसमेत भित्रिने बताउनुभयो।


## शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं

### आ.व.०७७।७८ का लागि आवश्यक तल उल्लेखित औषधीहरू खरीद सम्बन्धी बोलपत्र/दरभाउपत्र E-tender आह्वानको सूचना ।

(प्रथमपटक प्रकाशित मिति २०७७/११/२९)

यस केन्द्रको लागि आ.व. २०७७/७८ मा तल उल्लेखित औषधीहरू खरीद गर्नुपर्ने भएकोले सो खरीद कार्य गर्न योग्यता पुगेका इच्छुक उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट अद्यावधिक गरेको इजाजत प्राप्त प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर प्रमाणपत्र, आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, फाराम खरीद दस्तुर बापतको रकम केन्द्रको महाराजगञ्जस्थित हिमालयन बैंक शाखामा रहेको चल्ती खाता नं. ००२००५४१५६००३२ मा जम्मा गरी बोलपत्र सम्बन्धी फाराम अनलाइन मार्फत खरीद गर्ने र बोलपत्रमा कबोल गरेको तल उल्लेखित धरौटी बापतको रकम केन्द्रको महाराजगञ्जस्थित नबिल बैंक शाखामा रहेको धरौटी खाता नं. ०२०६०१७५०००२७ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम दिनदेखि गणना हुनेगरी कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टीपत्रको Scan Copy संलग्न राखी तल उल्लेखित मिति र समयभित्र केन्द्रको वेबसाइट http://etender.sgnhc.org मार्फत आ–आफ्नो दररेटहरू पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि यस केन्द्रको Website भित्र रहेको Suppliers Guidelines, Terms & Conditions अथवा केन्द्रको प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ। बोलपत्रमा आवश्यक सक्कल कागजात तथा इटेण्डरमा राखीएको बोलपत्र/दरभाउपत्र सम्बन्धी फाराम सही छाप गरी इटेण्डर मार्फत पेस गर्नुपर्नेछ साथै उक्त सक्कल कागजहरू केन्द्रलाई आवश्यक परेको खण्डमा बोलपत्र खोलेको दिनदेखि ३ दिनभित्र केन्द्रमा उपलब्ध गराइसक्नुपर्नेछ।

तपसिल

| क्र सं | बोलपत्र संख्या नं | सामान/कार्य विवरण | फाराम खरीद दस्तुर ने.रू. | धरौटी रकम ने.रू. | बोलपत्र/दरभाउपत्र खरीद गर्ने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ३५/२०७७/७८ | Medicine | ३,०००।– | कबोल अङ्कको ३ प्रतिशत | २०७७/१२/२९ गते बेलुकी ५:०० बजेसम्म | २०७७/१२/३० गते दिनको १२:०० बजे सम्म | २०७७/१२/३० गते दिउँसो २:०० बजे |


# मगरको शव नेपाल ल्याइयो

■ ओखलढुङ्गा समाचारदाता

ओखलढुङ्गा, फागुन २८ गते। वैदेशिक रोजगारीको शिलशिलामा मलेसियामा ज्यान गुमाएका ओखलढुङ्गा मानेभञ्ज्याङ गाउँपालिका– ६ स्थित थाक्लेका ४५ वर्षीय छत्रबहादुर मगरको शव २० दिनपछि नेपाल ल्याइएको छ। आप्रवासी सूचना कक्षको पहलमा मलेसियाबाट मगरको शव नेपाल ल्याएर आफन्तलाई बुझाइएको हो।

२०७७ माघ २९ मा मलेसियामा मगरको टाउँकोमा गहिरो चोट लागेर मृत्यु भएको बताइएको छ। घटनाको कारण भने खुल्न सकेको छैन्।

मगरको मलेसियामा मृत्यु भएको गाउँपालिका अध्यक्ष मोतीराज राईले सूचना कक्षलाई जानकारी गराएपछि पहल थालिएको थियो।

मगर २०७० सालदेखि मलेसियामा काम गर्दै आएका थिए। शव आफन्तलाई जिम्मा लगाएर सामाजिक तथा धार्मिक परम्परा अनुसार अन्त्येष्टी तथा काम काज भएको आफन्तले बताएका छन्। सेन्टर फर माइग्रेसन एन्ड इन्टरनेसन रिलेसनसँगको सहकार्यमा दुतावासमा कागज पत्र पठाएर शव नेपाल ल्याउने काम भएको हो।

ग्रामीण उद्यम तथा विप्रेशण आयोजना, सिद्धिचरण नगरपालिका र चिशंखुगढी गाउँपालिका त्रिपक्षीय साझेदारीमा सूचना कक्ष सञ्चालनमा रहेको छ। सूचना कक्षले वैदेशिक रोजगारीमा जाँदा हुने जोखिम, अपनाउनु पर्ने प्रक्रिया तथा आइपर्ने समस्या र समाधानका लागि अभिमुखीकरण गर्ने, विदेशमा जानुभन्दा स्वदेशमै रोजगारीका विकल्प खोज्न प्रोत्साहन गर्ने तथा विदेशमा अलपत्र परेका व्यक्तिको उद्धार तथा शव नेपाल ल्याउने काममा समन्वय गर्दै आएको छ।

यसअघि सूचना कक्षको पहलमा दुईवटा शव नेपाल ल्याइएको र वैदेशिक रोजगारीका क्रममा ठगिएका, मृत्यु भएका चार परिवारलाई क्षतिपूर्ति दिलाउने काम गरेको केन्द्रले जनाएको छ।

# नाट्य समूहलाई सहयोग

■ झापा समाचारदाता

बिर्तामोड, फागुन २८ गते। झापास्थित एक सामाजिक व्यक्तित्त्वले आफ्नो जन्मदिनमा खर्च हुने रकम नाट्य समुहको निमार्णाधीन घर निर्माणमा सहयोग गर्ने हुनु भएको छ।

बिर्तामोड नगरपालिका– ४ निवासी सीपी कड्रियाले आफ्नो जन्मोत्सवको नाममा हुने फजुल खर्च बराबरको एक लाख रुपियाँ रकम स्थानीय क्षितिज नाट्य समूहको अगुवाइमा बिर्तामोड–१ निर्माणाधीन अवस्थामा रहेको बहुभाषी, बहुजाति, बहुसांस्कृतिक सङ्ग्रहालयसहितको झापा नाटक घरलाई प्रदान गर्नुभएको छ।

झापा नाटक घरमा आयोजित कार्यक्रममा कडरियाले नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईलाई उक्त रकमको चेक प्रदान गर्नु भएको छ। कार्यक्रममा चेक हस्तान्तरण गर्दै कडरियाले गत २०७४ सालमा भएको स्थानीय निर्वाचनमा बिर्तामोड नगरपालिकाको मेयरका लागि उम्मेदवारी दिएको समयमा झापामा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माणको कुरा घोषणा पत्रमा उल्लेख गरेको स्मरण गराउँदै तर निर्वाचनमा पराजित भएपछि त्यसको कार्यान्वियन गर्न नसके पनि अहिले आफ्नो जन्मदिनमा खर्च हुने रकम सहयोग गरेको जानकारी गराउनुभयो।


नेपाल सरकार
गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय धनुषा

### जग्गाको मुआब्जा दाबी गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७७।११।२९

एसजेभिएन अरुण–३ पावर डेभलपमेन्ट कम्पनी प्रा.लि. (SAPDC) को ४०० के.भि. प्रसारण लाइन आयोजनाबाट धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. १,५, र धनुषाधाम नगरपालिका वडा नं. ६,९ मा ४०० के.भि. प्रसारण लाइन निर्माण गर्नका लागि टावर मुनिको तपसिल बमोजिमको जग्गा स्थायी रूपले प्राप्ति गर्नुपर्ने भएकाले जग्गा प्राप्ति गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ र १० बमोजिमको सूचना मिति २०७६/०७/२२ को गोरखापत्र राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित गरिएको र सोही ऐनको दफा १३ बमोजिम गठन भएको मुआब्जा निर्धारण समितिको मिति २०७७/१०/०६ र २०७७/१०/०९ को निर्णयबाट मुआब्जा रकम निर्धारण भएको हुँदा सम्बन्धित जग्गाधनीहरूको मुआब्जा दाबी गर्नका लागि आ–आफ्नो हकदैया वा भोगचलन सम्बन्धी निस्सा तथा प्रमाणसहित (जग्गाधनी सक्कल प्रमाण पुर्जा, नागरिकताको प्रतिलिपि, तिरो तिरेको रसिद आादि) रु. १० को टिकट टाँसी रीतपूर्वकको निवेदन यस कार्यालयमा दिनका लागि जग्गा प्राप्ति ऐन २०३४ को दफा १८ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

स्थान : धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. १ र ५
धनुषा जिल्लाको धनुषाधाम नगरपालिका वडा नं. ६ र ९

| क्र.स. | टावर न. | गा.वि.स. | जग्गाधनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | कित्ता नं. | हालको क्षेत्रफल | | | | टावर फाउन्डेसनमा पर्ने अधिग्रहण गरिने क्षेत्रफल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बिघा | कठ्ठा | धुर | कन्मा | बिघा | कठ्ठा | धुर | कन्मा |
| 1 | 337/0 | नकटाझिझ ८ क | श्री नारायण महतो | कैलु महतो | जानकी महतो | ७५१ | ० | १३ | ४ | ० | ० | ० | $९^{1/2}$ | ० |
| | | | राम परिक्षण महतो | गनेशी महतो | सोनाई महतो | ६२७ | ० | ७ | ३ | ८ | ० | १ | $८^{1/4}$ | ० |
| | | | राम चरित्र महतो | गणेशी महतो | | ६२८ | | | | | ० | ० | $२^{1/4}$ | ० |
| 2 | 328/D | यज्ञभूमी ७ ग | ज्योती कुमारी लामा | आन्दन कुमारी लामा | छेदौजे लामा | ५६ | १ | ११ | ५ | ० | ० | ० | १८ | ९ |
| | | | नन्दकिशोर यादव | रामलखन यादव | मधुरी यादव | १६३ | ० | १६ | ५ | ० | ० | ० | १९ | ११ |
| 3 | 329/D | उमाप्रेमपुर १ क | प्रभावती देवी | श्याम ठाकुर हजाम | खटर ठाकुर | ६७ | ० | १८ | ८ | ० | ० | ३ | ० | $७^{1/2}$ |
| 4 | 04/C | ढल्केवर ८ ख | पंचलाल महतो कोइरी | नथु महतो | | ३६ | १ | ११ | ६ | ० | ० | १ | ४ | ८ |
| | | | वद्री नारायण महतो कोइरी | सुकदेव महतो कोइरी | चौधरी महतो | ४२७ | ० | १० | ० | ० | ० | ० | ७ | ८ |
| 5 | 05/4 | ढल्केवर ९ घ | जिवछ महतो कोइरी | उचित महतो कोइरी | रघुनी महतो | १ | १ | ९ | ० | ० | ० | ० | ४ | ० |
| 6 | O5/1 | ढल्केवर ९ क | रामनाथ महतो कोईरी | हियालाल महतो | वासुदेव महतो | ५१९ | ० | १३ | ५ | ० | ० | १ | १ | ० |
| | | | लक्ष्मण महतो कोईरी | राम खेलौ | | ५८५ | ० | १० | ५ | ० | ० | ० | १ | ० |
| 7 | 05/0 | ढल्केवर ९ क | दुख्नी देबी | जगदेव महतो कोइरी | | १२७ | ० | १० | १ | ० | ० | १ | ११ | १० |



भारतीय धार्मिक पर्यटकले नेपाली भूमि लाप्चाबाटै प्रसिद्ध धार्मिकस्थल मानसरोवर कैलाशको दर्शन गरेका छन्। नेपाली भूमिबाट पनि दर्शन गर्न सकिने भएका कारण महाशिवरात्रिको अवसर पारी भारतीय धार्मिक पर्यटकको टोलीले लाप्चाबाटै मानसरोवर कैलाशको दर्शन गरेको हो।

तस्बिर : राजन रावत

# लगानी कम्पनी सञ्चालन गर्दै एनआरएन

## प्रारम्भिक लगानी रु. ५० करोड

■ विश्वास रेग्मी

काठमाडौँ, फागुन २८ गते। गैरआवासीय नेपालीको पहलमा छुट्टै लगानी कम्पनी सञ्चालनमा आउने भएको छ। नेपालमा मात्रै लगानी गर्ने उद्देश्यसहित गैरआवासीय नेपाली सङ्घ (एनआरएन)का अगुवाहरूको नेतृत्वमा कम्पनी गठन हुन लागेको हो।

सुरुमा करिब ५० करोड रुपियाँ पुँजीसहित उक्त कम्पनी सञ्चालनमा ल्याउने तयारी भइरहेको उक्त कम्पनीका लगानीकर्तासमेत रहनुभएका सङ्घका अध्यक्ष कुमार पन्तले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले कम्पनी सञ्चालनका लागि आधारभूत कानुनी प्रक्रिया अघि बढाइएको छ। "१०/१५ जनाको एनआरएन मिलेर यस्तो कम्पनी सञ्चालन गर्ने तयारी भइरहेको छ", उहाँले भन्नुभयो।

कम्पनीमार्फत नेपालका विभिन्न क्षेत्रमा लगानी हुने पन्तले जानकारी दिनुभयो। "चुरोट र रक्सीबाहेक नाफामूलक मुख्य क्षेत्रहरूमा कम्पनीले लगानी गर्नेछ", उहाँले भन्नुभयो। कोरोना सङ्क्रमणका कारण लगानी बढाउनुपर्ने अवस्थामा रहेको नेपालका लागि विदेशी लगानी भित्र्याउने आधारका रूपमा कम्पनीले काम गर्ने उहाँको भनाइ छ।

कोरोना सङ्क्रमणकै कारण युरोपेली देशसमेत गहिरो आर्थिक समस्यामा परेको अवस्थामा नेपालमा भने मुनाफा सुरक्षित रहेकाले लगानीको पहल थालिएको उहाँले



बताउनुभयो। विदेशमा बसे पनि नेपालकै समृद्धि र विकासका लागि पहल गर्नुपर्छ भन्ने आवश्यकता महसुस गरेर लगानी कम्पनी सञ्चालनको सोच बनेको समेत बताउनुभयो।

भविष्यमा विदेशी लगानीकर्तालाई समेत समेटेर लगानी विस्तार गर्ने उद्देश्य कम्पनीले राखेको छ। नेपालमा लगानी गर्न इच्छुक त्यस्ता लगानीकर्तालाई कम्पनीमार्फत नेपालमा लगानीका लागि पनि सहजीकरण गरिने पन्तले जानकारी दिनुभयो। यसबाहेक सङ्घकै अगुवाइमा कम्तीमा दस अर्ब रुपियाँ लगानीमा कोष स्थापनाको प्रक्रिया अन्तिम चरणमा पुगेको छ। प्रबन्धपत्र तयार गरेर यतिबेला कम्पनी दर्ताको क्रममा रहेको उक्त कोषमार्फत खासगरी पूर्वाधार, कृषि, पर्यटनलगायत क्षेत्रमा लगानी गर्ने सङ्घको उद्देश्य रहेको छ।

सरकारको समेत पाँच प्रतिशत लगानी रहने उक्त कोषमा जीआईजेड, यूएसएआईडी जस्ता संस्थाले प्राविधिक सहायताको प्रत्याभूति गरेका छन्। कोषमा गैरआवासीय नेपालीले समेत लगानी गरेका छन्।

त्यसका लागि एनआरएनलाई प्राथमिक सेयर (आईपीओ) जारी गरिने अध्यक्ष पन्तले जानकारी दिनुभयो। अधिक सेयर परेको अवस्थामा त्यसलाई पनि स्वीकार गरेर लगानी गर्न पाउने गरी अहिले नेपाल धितोपत्र बोर्डसँग छलफल भइरहेको उहाँले जानकारी दिनुभयो।

मुनाफायुक्त क्षेत्रको छनोट गरेर लगानी निश्चित गरिने उहाँले स्पष्ट पार्नुभयो। "लगानीकर्तालाई एनआरएनको लगानी रहने परियोजनामा मुनाफा हुन्छ भन्ने विश्वस्त बनाउनेछौँ", उहाँले भन्नुभयो। उक्त कोषमार्फत विदेशी लगानीकर्तालाई समेत नेपालमा लगानीका लागि अभिप्रेरित गरिने उहाँले बताउनुभयो।

त्यस्तै प्रतिफललाई लाभांशका रूपमा भन्दा पनि यहीँ नै लगानी गर्न सक्ने वातावरण बनाउने दिशामा छलफल भइरहेको पनि उहाँले जानकारी दिनुभयो।

# उत्तरी नाकाबाट युरिया आयात

■ विदुर आचार्य

चौतारा, फागुन २८ गते। नेपाल–चीनबीचको प्रमुख व्यापारिक नाका तातोपानीबाट पहिलो पटक युरिया मल आयात सुरु भएको छ। शुक्रबारसम्म दुई सय असी मेट्रिक टन युरिया तातोपानी भन्सार सुक्खा बन्दरगाह आइपुगेको भन्सार कार्यालयले जनाएको छ। यससँगै हरेक वर्ष रासायनिक मलको अभाव खेपिरहेका नेपाली किसानले यो वर्षबाट सहज सुलभ रूपमा युरिया मल पाउने सम्भावना प्रबल बनेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट ढुवानीको अनुमति पाएको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले सिल्क ग्रुपसँग ढुवानीको सम्झौता गरी नेपाल ल्याएको हो। शुक्रबार चीनको सिगात्सेबाट नेपाल भित्रिएको युरिया मलको प्रगतिबारे जानकारी दिँदै आयात ढुवानी कम्पनी सिल्क ग्रुपका अध्यक्ष रमेश शेर्पाले एक महिनाभित्र आफूहरूले जिम्मा पाएको चार हजार मेट्रिक टन युरिया नेपाल ल्याइसक्ने जानकारी दिनुभयो। "दैनिक पाँच कन्टेनर मल आयात भइरहेको छ", शेर्पाले भन्नुभयो, "एक महिनामा चार हजार मेट्रिक टन मल ल्याइसक्छौँ।"

नेपालका हरेक वर्ष युरिया मल अभाव हुने समस्यालाई निराकरण गर्न उत्तरी नाका चीनबाट आयात परीक्षण गरिएको कृषि तथा पशुपन्छी मन्त्रालयका सहसचिव कञ्चनराज पाण्डेले जानकारी दिनुभयो। "यसअघि दक्षिणी नाकाबाट मात्र युरिया आयात हुन्थ्यो", पाण्डेले भन्नुभयो, "केन्द्रबाट भेन्डर खोलेर आयात गर्दा समयमा आइनपुग्ने तथा आयातकर्ताले ल्याउनै कठिनाइ भइरहेको थियो।" पाण्डेले चीनबाट आयात भएको युरिया दस दिनमै नेपाल आइपुग्ने र प्रतिकिलो दुईदेखि तीन रुपियाँसम्म सस्तो हुने जानकारी दिनुभयो।

चीनबाट आयात भएको युरिया पहिलो चरणमा सीमा जोडिएका जिल्लामा वितरणको तयारी रहेको कृषि विभागका महानिर्देशक डा. गोविन्द शर्माले जानकारी दिनुभयो। चीनबाट युरिया आयातको परीक्षण सुरु भएको भन्दै शर्माले छिटो र सुलभ मूल्यमा मल नेपाल आएको र नेपाली किसानले यो वर्षबाट मल अभाव भोग्नु नपर्ने दाबी गर्नुभयो। हाल भारत, बङ्गलादेश र चीनबाट रासायनिक मल भित्रिँदै छ। मल अभाव नहोस् भनेर सरकारले पर्याप्त रूपमा मलको भण्डारण गर्न लागेको हो।

# अर्थतन्त्र पुनः लयमा : गभर्नर

## मौद्रिक नीतिको सकारात्मक प्रभाव : उद्योगी

■ रङ्गेली समाचारदाता



विराटनगर, फागुन २८ गते। नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले कोभिड–१९ का कारण सङ्कुचन पारेको अर्थतन्त्र पुनः लयमा फर्केको बताउनुभएको छ।

उद्योग सङ्गठन मोरङको ४८औँ साधारण सभाको अवसरमा उहाँले विश्व अझै पनि सङ्घर्ष गरिरहेका बेला नेपालको अर्थतन्त्रले लय समातिसकेको बताउनुभएको हो। गभर्नर अधिकारीले मौद्रिक नीतिपछि मात्रै निजी क्षेत्रले १३ अर्ब रुपियाँ बराबरको ब्याज सहुलियत पाएको बताउँदै पुनर्कर्जा एक खर्ब हाराहारीमा पुगेको जानकारी दिनुभयो।

नेपालको अर्थतन्त्रको 'रिकभरी' सन्तोषजनक अवस्थामा रहेको बताउँदै उहाँले निक्षेपभन्दा कर्जा प्रवाह बढी रहेको बताउनुभयो। उहाँले उद्योगी–व्यवसायीले बैङ्कबाट ऋण लिएर उत्पादनका क्षेत्रका कम लगानी गर्ने गरेको समस्यालाई तत्काल हटाउन आवश्यकता औँल्याउनुभयो। आयातका लागि मात्रै ऋण गर्ने मान्यता नराख्न आग्रह गर्दै उत्पादनका क्षेत्रमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा राष्ट्र बैङ्कले नीतिगत धारणाका लागि छलफल गर्ने बताउनुभयो।

कार्यक्रममा प्रधानमन्त्रीका विशेष आर्थिक सल्लाहाकार मोतिलाल दुगडले निजी क्षेत्रलाई विगतको बजेटले समेट्न नसके पनि मौद्रिक नीतिले राहत दिएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले आगामी चैत मसान्तसम्ममा दस वर्षे अवधारणा अगाडि सार्ने महासङ्घको योजना रहेको जानकारी दिँदै करिब एक सय अर्बको अर्थतन्त्र र २२ लाख रोजगारी सिर्जना गर्ने कार्यक्रम घोषणा गरिने बताउनुभयो। उहाँले सरकारको नीति तथा कार्यक्रमलाई सहयोग पुग्ने गरी दसवटा क्षेत्रमा गर्नुपर्ने सुधारका लागि एक सय सुझाव तयार गरिने बताउनुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष सतिश मोरले सरकार राजस्वमुखी मात्रै बन्दा उद्योगी–व्यवसायी आयातमुखी भएको बताउनुभयो। उहाँले आयातमुखी राजस्व प्रणालीलाई चाँडोभन्दा चाँडो विस्थापित गरेर उत्पादनमुखी आर्थिक प्रणालीलाई बलियो बनाउन उद्योगी–व्यवसायीका योजना आवश्यकता औँल्याउनुभयो।

यसैगरी नेपाल चेम्बर्स अफ कमर्सका कार्यवाहक अध्यक्ष राजेन्द्र मल्लले प्रत्येक क्षेत्र सरकारसँग सहकार्य गरेर अगाडि बढ्न सक्दा मात्रै अर्थतन्त्रको गति तीव्रतर रूपमा वृद्धि हुने विश्वास व्यक्त गर्नुभएको थियो।

सुनसरी–मोरङ औद्योगिक करिडोरका उद्योगीहरूको छाता संस्था उद्योग सङ्गठन मोरङका अध्यक्ष भीम घिमिरे, मोरङ व्यापार सङ्घका अध्यक्ष प्रकाश मुन्दडाले मौद्रिक नीतिले समेटेको निजी क्षेत्रलाई आगामी बजेटले अझै समेट्ने विश्वास व्यक्त गर्नुभएको थियो। सङ्गठनको ४८औँ साधारण सभाले नयाँ नेतृत्व शनिबार चयन गर्नेछ।

# अन्नपूर्ण पदमार्गमा आउन थाले पर्यटक

■ बेलिना थापा

लमजुङ, फागुन २८ गते। लमजुङको बेँसीसहरबाट सुरु हुने चक्रीय अन्नपूर्ण पदमार्गमा पर्यटकको चहपहल सुरु भएको छ। कोरोना भाइरस (कोभिड– १९) सङ्क्रमणका कारण सुनसान बनेको अन्नपूर्ण पदमार्गमा विस्तारै पर्यटक आउन थालेका छन्।

गत चैतदेखि सुनसान बनेको पदमार्गमा चहलपहल सुरु भएको होटल व्यवसायीले बताए। यससँगै लामो समय पर्यटक नआउँदा निराश बनेका पर्यटन व्यवसायीमा केही आशा पलाएको छ।

मर्स्याङ्दी सञ्चालक पञ्चबहादुर गुरुङका अनुसार अन्नपूर्ण पदमार्गमा पर्यटक देखिन थालेका छन्। स्वदेशी तथा विदेशी पर्यटक आउन थालेपछि व्यवसायमा केही रूपमा सहज भएको उहाँले बताउनुभयो।

"केही समययता पर्यटक आउन थालेका छन्। विदेशी पर्यटक दैनिक दुई/तीन जनाको दरले आउँछन्। आन्तरिक पर्यटक ४० जनासम्म आएका छन्" उहाँले भन्नुभयो, "फागुनबाट विस्तारै पर्यटक आएका छन्। पर्यटक आउन थालेपछि हामी व्यवसायीमा आशा पलाएको छ।"

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत मनाङको तल्लो क्षेत्र धारापानीस्थित पर्यटक चेकपोस्ट तथा वन पैदावार चेकपोस्टका पर्यटन सहायक क्षेत्र गुरुङका अनुसार पदमार्गमा पर्यटकको चहलपहल हुन थालेको छ। दैनिक एकदेखि चार जनासम्म विदेशी पर्यटक आउने गरेको उहाँले बताउनुभयो।

गत वर्ष जनवरीमा २५५, फेब्रअरीमा ५१२ र मार्च २३ सम्म एक हजार १८२ पर्यटक भित्रिएका छन्। मार्च १४ देखि पर्यटक आगमन थिएन। बन्दाबन्दी पहिलो पटक नोभेम्बर ४ मा विदेशी पर्यटक आएका थिए। पछिल्लो समय जोर्डन, इटली, यूएई, बेलायतबाट पर्यटक आएको पर्यटन सहायक गुरुङले बताउनुभयो। गत कात्तिक १० गतेबाट चेकपोस्ट खुलाइएको थियो।

विदेशी पर्यटक थोराङ्ला (५,४१६ मिटर उचाइ) पास जाने गरेका छन्। आन्तरिक पर्यटक संसारकै अग्लोमध्ये मानिएको तिलिचो ताल (४,९१९ मिटर), गङ्गापूर्ण ताल (३,५४० मिटर) घुम्न जाने गरेका छन्। मार्च १५ बाट पर्यटकीय सिजन सुरु हुने भएकाले विस्तारै पर्यटकको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।



शुक्लाफाँटामा रमाउँदै आन्तरिक पर्यटक।

तस्बिर सौजन्य : नेचर गाइड

# शुक्लाफाँटामा पनि बढे

■ धनगढी समाचारदाता

धनगढी, फागुन २८ गते। सुदूरपश्चिम प्रदेशको प्रमुख पर्यटकीयस्थल शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन विस्तारै बढ्दै छ। पर्यटकीय सिजन सुरु भएपछि कोभिड महामारीकैबीच शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको भ्रमण गर्ने पर्यटक बढेका छन्।

कोरोना महामारीका कारण गत चैत ११ गतदेखि घुमघामका लागि बन्द निकुञ्ज कात्तिक १ गतेदेखि खोलिएको थियो। पर्यटकका लागि निकुञ्ज खुला गरिएको पाँच महिनामा आन्तरिक तथा बाह्य गरी एक हजार ८३७ जना पर्यटकले शुक्लाफाँटाको भ्रमण गरेका छन्। निकुञ्ज कार्यालयले दिएको जानकारीअनुसार कात्तिकदेखि हालसम्म शुक्लाफाँटाको भ्रमण गर्नेमा तीन जना विदेशी र चार जना सार्क राष्ट्रका नागरिक पनि रहेका छन्।

"बाँकी सबै आन्तरिक पर्यटक हुन्", निकुञ्जका सहायक संरक्षण अधिकृत रविन चौधरीले भन्नुभयो। अहिलेसम्म पुरुष एक हजार ५३ र महिला ७८४ जनाले शुक्लाफाँटाको भ्रमण गरिसकेका छन्।

गत आर्थिक वर्ष २०७६/७७ मा चैत ११ गतेसम्म एक हजार ५७५ जना पर्यटकले भ्रमण गरेका थिए। चालू आर्थिक वर्ष २०७७/७८ को पाँच महिनामै गत वर्षभन्दा बढी पर्यटकले शुक्लाफाँटाको भ्रमण गरेका छन्। कोरोनाका कारण पर्यटन क्षेत्र अत्यधिक प्रभावित भए पनि यो वर्ष शुक्लाफाँटामा पर्यटक आउने क्रम उत्साहजनक रहेको सहायक संरक्षण अधिकृत चौधरीले बताउनुभयो।

एसियाकै ठूलो घाँसेमैदानमा बाह्रसिङेको झुन्ड अवलोकनका लागि प्रख्यात शुक्लाफाँटामा तीन महिना पर्यटन सिजन मानिन्छ। फागुनदेखि वैशाखसम्म बढी पर्यटक आउने गरेका चौधरीले जानकारी दिनुभयो। सिजनको दुई महिना बाँकी रहेकाले पर्यटक सङ्ख्या अझै बढ्न सक्ने बताइएको छ।

सरकारबाटै नेपाल पर्यटन वर्ष सञ्चालन गरिएका कारण गत वर्ष शुक्लाफाँटामा बढी पर्यटक आउने अपेक्षा गरिएको थियो तर सिजनको एक महिनापछि नै कोरोना महामारी सुरु भएपछि निकुञ्ज नै बन्द गरिएको थियो। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बन्द गरिएपछि त्यहाँ कार्यरत 'नेचर गाइड' हरू सात महिनासम्म बेरोजगार बनेका थिए।

कोरोनाको सङ्क्रमण कम भएसँगै पछिल्लो समय पर्यटक आगमन बढेपछि आफूहरूले काम पाएको नेचर गाइड कुम ठाकुरले बताउनुभयो। "अब आन्तरिक पर्यटक बढेका छन्", उहाँले भन्नुभयो। पर्यटक आउन थालेपछि हामीलाई पनि काम मिलेको छ।


## राष्ट्रिय वाणिज्य बैंक लि.

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

केन्द्रीय कार्यालय

कर्जाको ब्याजदर, २०७७ चैत्र १ (14th March, 2021) देखि लागु हुने

कर्जाको ब्याजदर (वार्षिक)

| कर्जाका प्रकारहरू (Loan Products) | प्रिमियम दर % (Premium Rate %) |
|---|---|
| **चालुपुजी कर्जा** | |
| ओभरड्राफ्ट | १.०० देखि २.७५ |
| हाईपोथिकेशन | १.०० देखि २.७५ |
| डिमान्ड कर्जा (Demand Loan) | १.०० देखि २.७५ |
| धितो कर्जा (Pledge Loan) | १.७५ देखि ३.०० |
| **आवधिक कर्जा** | |
| औद्योगिक/ब्यापारीक | १.२५ देखि ३.०० |
| हाउजिगं/रियल स्टेट | १.७५ देखि ३.०० |
| सुन कर्जा | ३.०० |
| सरकारी सुरक्षणपत्रको धितोमा जाने कर्जा | ०.२५ देखि १.०० (कुपन दरमा कम नहुने गरी) |
| मुद्दती रसिदको धितोमा जाने कर्जा | कुपन + २.० |
| प्राथमीकता प्राप्त क्षेत्र कर्जा | १.२५ देखि ३.०० |
| **विपन्न वर्ग कर्जा** | |
| व्यक्तिगत | १.२५ |
| **संस्थागत** | |
| थोक कर्जा | २ सम्म |
| प्रत्यक्ष कर्जा | २ सम्म |
| सहुलियत पूर्ण कर्जा | २.०० |
| कृषि कर्जा (सहुलियत बाहेकको) | १.२५ देखि ३.०० |
| टि.आर/आयात कर्जा | १.०० देखि २.०० |
| टि.आर USD कर्जा | ६ महिना LIBOR +१.५० देखि २.५० |
| निर्यात कर्जा | १.०० |
| निर्यात पुनरकर्जा | ने.रा.बैंकको निर्देशानुसार |
| हायरपर्चेज कर्जा | २.५ देखि ३.०० |
| पुनरकर्जा | १.० देखि ३.० |
| निर्माण व्यवसाय कर्जा | १.५० देखि ३.०० |
| **घर कर्जा (अपार्टमेन्ट समेत):** | |
| ५ वर्षसम्म | १.५० देखि २.०० |
| १० वर्ष सम्म | २.०० देखि २.५० |
| १५ वर्ष सम्म | २.५० देखि ३.०० |
| **महालक्ष्मी घर कर्जा (अपार्टमेन्ट समेत):** | |
| १० वर्ष सम्म | १.५० देखि २.०० |
| १५ वर्ष सम्म | २.०० देखि २.५० |
| तपाईको आफ्नै घर कर्जा (Your Own Home Loan) (२० वर्षसम्म) ** | ७.२५ (आधारदर सहित) |
| गाडी कर्जा | १.५० देखि ३.०० |
| गाडी कर्जा (Anniversary Offer) | १.८९ |
| विद्युतीय सवारी साधन कर्जा | १.५० |
| पेन्सनर कर्जा | २.०० |
| पेशाकर्मी कर्जा | २.०० |
| शिक्षक कर्जा | ३.०० |
| राष्ट्रसेवक कर्जा | ३.०० |
| शैक्षिक कर्जा | २.०० देखि ३.०० |
| शेयरको धितोमा जाने कर्जा | १.०० देखि ३.०० |
| मोर्टगेज कर्जा (Mortgage Loan) | १.५० देखि ३.०० |
| ब्यक्तिगत कर्जा | २.०० देखि ३.०० |
| सहवित्तियकरण कर्जा | सम्झौता अनुसार |
| **स्थिर ब्याजदर प्राकृतिक ब्यक्तिको आवधिक कर्जाको लागि मात्र** | |
| **कर्जाका प्रकारहरू (Loan Product)** | **स्थिर ब्याजदर (%)** |
| हायरपर्चेज कर्जा (५ वर्ष) | ९.५० |
| **घर कर्जा (अपार्टमेन्ट समेत):** | |
| ५ वर्ष सम्म | ९.०० |
| १० वर्ष सम्म | १०.०० |
| १५ वर्ष सम्म | ११.०० |
| **महालक्ष्मी घर कर्जा (अपार्टमेन्ट समेत):** | |
| १० वर्ष सम्म | १०.०० |
| १५ वर्ष सम्म | ११.०० |
| गाडी कर्जा (७ वर्ष सम्म) | ९.५० |
| विद्युतीय सवारी साधन कर्जा (७ वर्ष सम्म) | ८.५० |
| पेन्सनर कर्जा (५ वर्ष सम्म) | ९.५० |
| पेशाकर्मी कर्जा (५ वर्ष सम्म) | ९.५० |
| शिक्षक कर्जा (५ वर्ष सम्म) | ९.५० |
| राष्ट्रसेवक कर्जा (५ वर्ष सम्म) | ९.५० |
| शैक्षिक कर्जा (५ वर्ष सम्म) | ९.०० |
| **मोर्टगेज कर्जा (Mortgage Loan)** | |
| ५ वर्ष सम्म | १०.०० |
| १० वर्ष सम्म | ११.०० |
| **व्यक्तिगत कर्जा** | |
| ५ वर्ष सम्म | १०.०० |
| १० वर्ष सम्म | ११.०० |
| पौष महिनाको आधार दर (Base Rate) ५.६१%, पौष महिनाको ब्याजदर अन्तर (Spread Rate) ४.०९ | |
| **बैंक जमानत दावी भुक्तानीमा तत्काल लागु रहेको अधिकतम ब्याजदर लाग्नेछ।** | |
| **** १ वर्षसम्म ब्याजदर परिवर्तन नहुने।** | |
| **आधार दरमा उल्लेखित प्रिमियम दर जोडेर कर्जाको ब्याजदर कायम गरिनेछ।** | |
| **त्रैमासिक रूपमा आधार दर परिवर्तन भए अनुसार कर्जाको ब्याजदर पनि परिवर्तन हुनेछ।** | |
| **भाखा नाघेका ऋणीहरूको हकमा कर्जाको प्रकाशित अधिकतम ब्याजदर वा साविक ब्याजदरमा जुन बढि हुन्छ सो लागु हुनेछ।** | |

# चालू आवभित्र सबै तरकारी बजारमा क्यूआर कोड

## नगदरहित नै त बनाउन सकिन्न, नगद कम गर्न सकिन्छ

■ रङ्गेली समाचारदाता

विराटनगर, फागुन २८ गते। एनएमबी बैङ्कले विराटनगर-११ स्थित सब्जी, फलफूल तथा गुद्री बजारमा क्यूआर कोड सेवा विस्तार गरेको छ। देशका धेरै सहरका सब्जी मन्डीमा क्यूआर कोड सेवा सुरु गरिसकेको एनएमबीले विराटनगरमा शुक्रबारदेखि सेवा शुभारम्भ गरेको हो।

राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले एनएमबीको क्यूआर कोड सेवा सब्जी, फलफूल तथा गुद्री बजार व्यवस्थापन समितिलाई हस्तान्तरण गर्दै शुभारम्भ गर्नुभयो। उहाँले व्यापारीसँगै सेवाग्राहीलाई नगदरहित कारोबारमा बानी पार्न सक्दा पारदर्शितासँगै नोट छपाइमा राज्यको ढुकुटी खर्च कम हुने दाबी गर्नुभयो। 'क्यासलेस गर्न नसकिए पनि लेस क्यास गर्न सकिन्छ' गभर्नर अधिकारीले भन्नुभयो, "देशभरका तरकारी बजारमा यो सुविधा चालू आर्थिक वर्ष २०७७/७८ भित्र पुर्‍याउने लक्ष्य राखिएको छ।"

क्यूआर भुक्तानी गर्दा विदेशमा कुनै पनि पैसा नजाने अर्थात् भिसा र मास्टरकार्डको प्रयोग गर्दा विदेश जाने रकम देशभित्रै सुरक्षित गर्न सकिने भएकाले सबैले सचेततापूर्वक क्यूआर कोडको सेवा विस्तार र सुविधा उपयोग गर्नुपर्ने सुझाव गभर्नर अधिकारीको छ।

एनएमबी बैङ्कले विराटनगरको गुद्री बजारमा क्यूआर कोड सेवा विस्तार गरेसँगै सब्जी, फलफूल तथा गुद्री बजार व्यवस्थापन समितिले इन्टरनेटको प्रबन्धका लागि समेत सहकार्य गरिदिन माग गरेको छ। समितिका सचिव साहब अहमद गुड्डुले सेवा प्रभावकारी नभएको अवस्थामा व्यापारी र सेवाग्राहीले झन्झट मान्ने भएकाले आवश्यक इन्टरनेटको



प्रबन्धसमेत बैङ्कले नै गरिदिनुपर्ने माग गर्नुभएको हो। यो सेवा शुभारम्भ भएसँगै विराटनगरको गुद्री बजारमा पुग्ने सेवाग्राहीले डिजिटल रकम भुक्तानी गरेर तरकारी खरिद गर्न सक्नेछन्।

एनएमबी बैङ्क विराटनगर शाखाका प्रमुख प्रकाश घिमिरेले नगदरहित कारोबारतर्फ नागरिकलाई आकर्षित गराउने र डिजिटल नेपाल स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले राष्ट्र बैङ्कको नीतिअनुरूप एनएमबी बैङ्कले सेवा सुरु गरेको बताउनुभयो। शुक्रबार नै बैङ्कले साना तथा मझौला उद्यमी लक्षित ऋण प्रवाहअन्तर्गत महिला उद्यमी सन्तोषी भगतलाई वार्षिक ३.४ प्रतिशत ब्याजदरमा बिनाधितो कर्जा उपलब्ध गराएको घिमिरेले जानकारी दिनुभयो।

नगद कारोबार गर्दा पर्ने असजिलालाई क्यूआर कोडले सहज बनाउने भएकाले सबै व्यापारी तथा सेवाग्राहीले लाभ लिन सक्ने गरी बैङ्कले नै सेवा प्रयोगको विषयमा तालिम आयोजना गर्ने भएको छ। क्यूआर कोडबाट कारोबार गर्दा समयको बचत, नगद हराउने तथा लेनदेनमा हुने समस्याको अन्त्य हुने भएकाले तरकारी बजारभित्रका सबै व्यापारीलाई सेवा कार्यान्वयनमा ल्याउन लगाउने व्यवस्थापन समितिका अध्यक्ष पशुपति भगतले जानकारी दिनुभयो।

तीन बिघा क्षेत्रफलमा फैलिएको विराटनगर-११ को नयाँ गुद्री बजारमा तरकारीका २४ र फलफूलका १३ थोक बिक्रेता छन्। यहाँ खुद्रा व्यापारका लागि स्टल लिनेको सङ्ख्या ७० भए पनि त्यसमा व्यापार गर्नेको सङ्ख्या पाँच सयको हाराहारीमा रहेको व्यवस्थापन समितिका सचिव गुड्डुले जानकारी दिनुभयो। बजार विस्तारका लागि निर्माणको काम भइरहेकाले पूर्ण क्षमतामा सञ्चालनमा आउँदा दुई सय स्टलबाट तरकारीको थोक तथा खुद्रा कारोबार हुनेछ।

## बेरुजु रकम दाखिला गर्न सातदिने म्याद

■ वीरगञ्ज समाचारदाता

वीरगञ्ज, फागुन २८ गते। वीरगञ्ज भन्सार कार्यालयले आयातकर्ता र भन्सार एजेन्टका नाममा बेरुजु देखिएको करिब एक अर्ब ८० करोड रुपियाँ राजस्व दाखिला गर्न सात दिने म्याद दिएको छ। भारत तथा तेस्रो मुलुकबाट आयातित वस्तुको भन्सार जाँचपासका क्रममा वर्गीकरण तथा मूल्याङ्कनमा फरक परी बेरुजु हुन पुगेको रकम दाखिला गर्न वीरगञ्ज भन्सार कार्यालयले बुधबार सूचना जारी गरेको हो।

कार्यालयले बेरुजु रकम दाखिला गर्न पटक-पटक पत्राचार गर्दासमेत बेवास्ता गरेकाले सात दिनभित्र बेरुजु रकम वा रकम दाखिला गरेको प्रमाण पेस नगरे कारबाही गर्ने चेतावनी दिएको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत महेश आचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार आव २०७५/७६ को कारोबारमा विभिन्न एजेन्टमार्फत १८६ व्यावसायिक फर्म तथा कम्पनीले गरेको आयातको कारोबारमा बेरुजु देखिएको रकम दाखिला गरेका छैनन्। शुक्रबार साँझसम्म पनि कसैले बेरुजु रकम दाखिला नगरेको उहाँले बताउनुभयो। लेखापरीक्षणले एउटै आयातकर्ताको ९७ लाख रुपियाँसम्म बेरुजु देखिएको र बेरुजु हुनेमा सानादेखि बहुराष्ट्रिय कम्पनी र व्यावसायिक घरानासमेत रहेको उहाँको भनाइ छ।

# कर्जा बढ्दै, निक्षेप सङ्कलन सुस्ताउँदै

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। पछिल्लो समय वाणिज्य बैङ्कहरूको कर्जा प्रवाह निक्षेप सङ्कलनभन्दा बढी हुन थालेको छ। वाणिज्य बैङ्कहरूले निक्षेप सङ्कलनभन्दा दोब्बर कर्जा लगानी गरेका हुन्। नेपाल बैङ्कर्स एसोसिएसनको तथ्याङ्कअनुसार गत एक सातामा बैङ्कहरूले १२ अर्ब निक्षेप सङ्कलन गर्दा २६ अर्ब रुपियाँ कर्जा लगानी गरेका छन्।

फागुन लागेयता नै वाणिज्य बैङ्कहरूले ७० अर्ब बढी कर्जा लगानी गरिसकेका छन् भने सोही अवधिमा निक्षेप सङ्कलन भने ३५ अर्ब रुपियाँ मात्रै रहेको छ। एसोसिएसनको तथ्याङ्कअनुसार फागुन २१ गतेसम्ममा बैङ्कहरूको निक्षेप सङ्कलन ३८ खर्ब २३ अर्ब रुपियाँ पुगेको छ भने कर्जा लगानी ३३ खर्ब ८८ अर्ब रुपियाँ पुगेको छ।

एसोसिएसनको तथ्याङ्कअनुसार फागुन ७ गतेदेखि १४ गतेसम्म २७ वाणिज्य बैङ्कले २७ अर्ब रुपियाँ कर्जा लगानी गरेका थिए।

मुलुकमा कोरोना कहर विस्तारै सामान्य अवस्थामा रूपान्तरण हुँदा बैङ्क तथा वित्तीय संस्थाहरूको व्यवसाय बढ्दो क्रममा देखिएको छ। मुलुकमा कोरोना भाइरस (कोभिड-१९) को प्रतिकूल प्रभाव कम हुँदै गर्दा अर्थतन्त्रका सकारात्मक सूचक देखापर्न थालेपछि बैङ्कहरूको कर्जा प्रवाह बढ्न थालेको छ। कोरोना महामारीका बेला लगाइएको बन्दाबन्दी हटाइएयता अर्थतन्त्रले सकारात्मक सूचक देखाउन थालेको हो। निर्यातमा बढोत्तरी, महँगीमा कमी र विप्रेषणमा वृद्धिलगायतले अर्थतन्त्र सुधारको दिशामा जान थालेपछि बैङ्कहरूको व्यवसाय विस्तार पुरानै अवस्थामा आएको हो।

कर्जा लगानी बढे पनि सोही अवधिमा निक्षेप सङ्कलनको वृद्धि दर भने कम देखिएको छ। एक साताको सोही अवधिमा बैङ्किङ प्रणालीमा ११ अर्ब रुपियाँ निक्षेप थपिएको छ।

समग्रमा फागुन १४ गतेसम्ममा वाणिज्य बैङ्कहरूले ३८ खर्ब नौ अर्ब रुपियाँ निक्षेप सङ्कलन गरेका छन् भने ३३ खर्ब ६२ अर्ब रुपियाँ कर्जा लगानी गरेका छन्।

# उद्योगी व्यवसायी पलायन हुने चिन्ता

■ पर्सा समाचारदाता

पर्सा, फागुन २८ गते। सरकारले उद्योग सञ्चालनका लागि मैत्रीपूर्ण वातावरण बनाउन नसक्दा उद्योगी व्यवसायी पलायन हुने क्रममा रहेको गुनासो गरिएको छ। यससँगै स्वदेशी र विदेशी लगानी भित्रिन नसकेको वीरगञ्जमा आयोजित एक कार्यक्रममा उद्योगि व्यवसायीले चिन्ता पनि गरेका छन्।

निजी क्षेत्रलाई हेर्ने सरकारी दृष्टिकोणमा परिवर्तन, उद्योग व्यवसाय प्रवर्द्धनका लागि चाहिने खुला र सहज वातावरण सरकारले नबनाएसम्म उद्योग व्यवसायको पलायन हुने क्रमलाई रोक्न नसकिने पनि बताइएको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घको ४५औँ साधारण सभामा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले उद्योग वाणिज्य र करमैत्री वातावरण बनाउन नसक्दा देश विकास निर्माण र उद्योग व्यवसायको क्षेत्रमा पछि पर्दै गएको बताउनुभयो।

उहाँले सरकारले करमैत्री वातावरण बनाउन सके सानो समयमा ठूलो उपलब्धि प्राप्त हुने तथा स्वदेशी र विदेशी लगानी भित्रिँदा मुलुकले विकास निर्माणका काममा गति लिने बताउनुभयो तर सरकार भने ठ्याक्कै त्यसको विपरीत दिसामा गइरहेको गुनासो गर्नुभयो। उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठले सबै व्यापारी भ्रष्ट र गैरकानुनी काम गरी धन आर्जन गर्ने प्रवृत्तिका नभएकाले यसका लागि सरकारले सम्पत्ति अभिलेखीकरण गर्दा दोषीलाई सजाय र राम्रो काम गर्नेलाई प्रात्साहन गर्ने पद्धति बसाउनुपर्नेमा सरकार डराइरहेको बताउनुभयो।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल केडियाको सभापतित्वमा भएको सो साधारण सभालाई महासङ्घका केन्द्रीय सदस्य अरुणराज सुमार्गी, दिनेश श्रेष्ठ, प्रदेश २ का प्रदेश सभा सदस्य ओमप्रकाश शर्मालगायतले सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा केही सञ्चारकर्मी सबैभन्दा बढी आयात र निर्यात गर्ने उद्योग तथा केही व्यवसायीलाई सम्मानित गरिएको थियो।

सोही कार्यक्रममा गोरखापत्रकर्मी कन्हैयालाल केशरीलाई महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले प्रशंसापत्रबाट सम्मानित गर्नुभएको थियो।

# मानहुकोटमा चार अर्बको प्रस्ताव

■ तनहुँ समाचारदाता

तनहुँ, फागुन २८ गते। तनहुँको व्यास नगरपालिका-५, मानहुकोटमा केबलकार, जिपलाइन, स्विमिङ पुल, रिसोर्टलगायतका संरचना बनाउन निजी क्षेत्रले चार अर्ब रुपियाँ बढीको प्रस्ताव गरेका छन्। पर्यटकीय स्थलका रूपमा विकास भएको माहुनकोटमा चार अर्ब रुपियाँको प्रस्ताव स्वीकृत गरी विस्तृत परियोजना प्रतिवेदनको तयारी गरिएको हो।



व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेका अनुसार आनन्द बतास समूहको व्यास हिल्स प्रालिले विभिन्न पर्यटकीय पूर्वाधार निर्माणमा चार अर्ब रुपियाँ लगानी गर्ने भनेर प्रस्ताव स्वीकृत गरिएको छ। लगानीकर्तालाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी ऐन पारित गरी सहज वातावरण बनाइएको नगरप्रमुख न्यौपानेले बताउनुभयो।

कम्पनीले पाटनबाट मानहुकोटसम्म जिपलाइन एवं केबलकार बनाउने प्रस्ताव गरेको छ। कम्पनीले यो परियोजनाका लागि केही जग्गा खरिद गर्ने र ४० रोपनी जमिन लिजमा दिनका लागि नगरपालिकासँग प्रस्ताव गरेको छ। प्रस्तावअनुसार निश्चित अवधिका लागि सम्झौता गर्ने र वार्षिक रूपमा सार्वजनिक जग्गाको भाडा र कर लिने नगरप्रमुख न्यौपानेले बताउनुभयो।

# बस सेवामा बीओकेको क्यूआर कोड

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। बैङ्क अफ काठमाण्डूले २२ वटा बसमा क्यूआर कोडको सेवा सञ्चालनमा ल्याएको छ। बैङ्कले बिहीबार एक कार्यक्रमका बीच बसमा क्यूआर कोडमार्फत भाडा लिन थालेको हो।

कार्यक्रममा बैङ्क अफ काठमाण्डूको प्रदेश १ को प्रादेशिक कार्यालय प्रमुख रवि काफ्लेले सम्बन्धित यातायात समितिका प्रतिनिधिमार्फत पूर्वी नेपाल यातायात, कन्काई माई पाथीभरा यातायात र सुपर जनसेवा यातायात समितिद्वारा सञ्चालित २२ वटा बसलाई क्यूआर कोड हस्तान्तरण गर्नुभयो।

सेवा सुरु गरेसँगै पूर्वी नेपाल यातायातमा काँकडभिट्टा, बिर्तामोड, दमक, उर्लाबारी, बेलबारी, विराटचोकदेखि इटहरी हुँदै विराटनगर र धरानसम्म यात्रा गर्ने सम्पूर्ण यात्रुले बसमा राखिएको बैङ्क अफ काठमाण्डूले हस्तान्तरण गरेको क्यूआर कोडलाई स्क्यान गरी बस भाडा भुक्तानी गर्न सक्ने जनाएको छ।

साथै कन्काई माई पाथीभरा यातायातद्वारा सञ्चालित सातवटा बसले काँकडभिट्टा, बिर्तामोड, दमक, उर्लाबारी, बेलबारी, विराटचोकदेखि इटहरी हुँदै विराटनगर र धरानसम्म बस सेवामा पनि क्यूआर कोड स्क्यान गरी भाडा भुक्तानी गर्न सक्ने बैङ्कले जनाएको छ।

## राष्ट्रिय वाणिज्य बैंक लि.

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

### केन्द्रीय कार्यालय

**निक्षेपको ब्याजदर, २०७७ चैत्र १ (14th March, 2021) देखि लागू हुने**

| क्र. सं. | निक्षेपका प्रकारहरू (Deposit Products) | न्युनतम मौज्दात (Minimum Balance Requirement) | ब्याजदर प्रतिशत % |
|---|---|---|---|
| १ | **बचत निक्षेप (स्वदेशी मुद्रामा)** | | |
| | सामान्य बचत खाता | रु.१००० | ३.०० |
| | रा.वा बैंक बिशेष बचत खाता | रु.५००० | ५.०० |
| | रा.वा बैंक सुनौलो बचत खाता | रु.५००० | ५.०० |
| | रा.वा बैंक डाइमण्ड बचत खाता | रु.५००० | ५.०० |
| | कर्मयोगी बचत खाता | रु.५००० | ५.०० |
| | महालक्ष्मी बचत खाता | रु.५००० | ५.०० |
| | छुनामुना बचत खाता | रु.५०० (प्रति महिना न्यूनतम निक्षेप रु.५००) | ५.०० |
| | शिक्षक बचत खाता | रु.५०० | ५.०० |
| | नेपाल सरकार पेन्सनर बचत खाता | ० | ५.०० |
| | रा.वा बैंक पेन्सनर बचत खाता | ० | ५.०० |
| | सामाजिक सुरक्षा बचत खाता | ० | ५.०० |
| | सशस्त्र प्रहरी बचत खाता | ० | ५.०० |
| | प्रहरी बचत खाता | ० | ५.०० |
| | यूनिभर्सीटी पेन्सन बचत खाता | ० | ५.०० |
| | नेपाल दूरसचार पेन्सनर बचत खाता | ० | ५.०० |
| | कृषि अनुसन्धान पेन्सनर बचत खाता | ० | ५.०० |
| | दीर्घायु बचत खाता | रु.१००० | ५.०० |
| | मुआब्जा बचत खाता | ० | ५.०० |
| | भुकम्पपिडीत राहत बचत खाता | ० | ५.०० |
| | रा.वा बैंक कर्मचारी बचत खाता | रु.१०० | ५.०० |
| | नेपाल आर्मी कर्मचारी बचत खाता | ० | ५.०० |
| | तलबी बचत खाता | ० | ५.०० |
| | रा.वा बैंक समृद्धि बचत खाता (*) | रु.१००।०० (रा. बा. बैंकको तर्फबाट जम्मा गरी दिने ) | ५.०० |
| | छोरी सुरक्षा बचत खाता (कर्णाली) | ० | ५.०० |
| २ | **बचत निक्षेप (बिदेशी मुद्रामा)** | | |
| | अमेरिकी डलर | अमेरिकी डलर USD २०० | १.५ |
| | युरो | युरो EURO २०० | ०.७५ |
| | अन्य मुद्रामा | USD २०० बराबर | ०.७५ |
| ३ | **मूद्दती निक्षेप (स्वदेशी मूद्रामा)** | | |
| | **साधारण मुद्दती निक्षेप** | | |
| | ३ महिना देखी ३ वर्षसम्म | रु.५००० | व्यक्तिगत ५.५०<br>संस्थागत ५.०० |
| | **रा.वा.बैंक विशेष मुद्दती निक्षेप** | | |
| | ३ महिना देखि १ वर्ष भन्दा कम | रु. ५० हजार | व्यक्तिगत ५.५०<br>संस्थागत ५.०० |
| | ६ महिना देखि १ वर्ष भन्दा कम | रु. १५० करोड | संस्थागत नविकरण ७.०० |
| | १ वर्ष देखि ५ वर्षसम्म | रु. ५० हजार | व्यक्तिगत ७.००<br>संस्थागत ६.५०<br>संस्थागत नविकरण ६.६० |
| | | रु. ५० करोड | संस्थागत नविकरण ७.०० |
| | **रा.बा बैंक मुद्दती निक्षेप (राष्ट्रिय गौरब आयोजना प्रभावितहरूका लागि मात्र) ३ महिना देखि २ वर्षसम्म** | रु.५००० | ७.२५ |
| | **कर्मचारी बिमा/खजान्ची जमानत** | ७.२५ | |
| | **रा.वा. बैंक अक्षयकोष मुद्दती निक्षेप ५ वर्षे** | रु. ५० हजार | ६.५० |
| ४ | **मूद्दती निक्षेप (बिदेशी मुद्रामा)** | | |
| | **१ वर्षे देखि २ वर्षसम्म** | | |
| | अमेरिकी डलर | आपसी समझदारीमा | |
| | युरो | आपसी समझदारीमा | |
| | अन्य मुद्रामा | आपसी समझदारीमा | |
| ५ | **चल्ती निक्षेप (विदेशी मूद्रामा)** | | |
| | अमेरिकी डलर | USD ५०० | |
| | युरो | EURO ५०० | |
| | अन्य मुद्रामा | USD ५०० बराबर | |
| ६ | **कल निक्षेप (स्वदेशी मुद्रामा)** | आपसी समझदारीमा | १.०० |
| ७ | **कल निक्षेप (विदेशी मुद्रामा)** | | |
| | अमेरिकी डलर | | ०.५० |
| | युरो | | ०.५० |
| | अन्य मुद्रामा | | ०.५० |

**नोट:** विद्यार्थी बचत खाता खोल्दा शुन्य मौज्दातमा खोल्न सकिनेछ।
कर्मयोगी बचत खाता २० बर्ष उमेर पुगेका नेपाली नागरिकले खोल्न सक्नेछन्।
महालक्ष्मी र कर्मयोगी बचत खाता खोल्दा लकर शुल्कमा २५ प्रतिशत छुट हुनेछ।
छूनामुना बचत खाता १८ बर्षमुनिका नाबालकको नाममा मात्र खोल्न सकिने र १८ वर्ष उमेर पुगेपछी मात्र चेकबुक, ATM Card प्रदान गरिनेछ।
*नेपाल सरकारको खोलौं बैंक खाता अभियान, २०७६ अनुसार अन्य बैंक तथा बित्तीय संस्थामा खाता नभएका ब्यक्तिहरूका लागी मात्र।

# अम्रिसोले पायो बढी मूल्य

■ हरिप्रसाद कोइराला

लेटाङ (मोरङ), फागुन २८ गते। मूल्य निरन्तर उकालो लागेपछि उत्तरी मोरङका अम्रिसो खेती गर्ने किसान खुसी भएका छन्। गत वर्ष प्रतिकेजी ३५ रुपियाँमा बिक्री भएको अम्रिसोको मूल्य यस वर्ष प्रतिकेजी १३० रुपियाँ पुगेको छ।

२०७१ मा कल्पना गरेभन्दा राम्रो मूल्य पाएपछि लेटाङ-७ का कृष्णप्रसाद लिम्बूले २० रोपनीमा अम्रिसो खेती विस्तार गर्नुभयो तर ०७२ मा बिक्री मूल्य ४५ रुपियाँभन्दा माथि जान सकेन। १५ रोपनीमा खेती गर्दा खर्च कटाएर दुई लाख रुपियाँ कमाउनु भएका लिम्बूले चार वर्षयता लगातार घाटा बेहोर्नु भयो।

"यो साल राम्रो मूल्य आयो।" यो वर्ष १५ क्विन्टल अम्रिसो उत्पादन गर्नुभएका लिम्बूले दुई लाख रुपियाँ प्राप्त गर्नुभयो।

सोही गाउँका कमानसिंह राईले पाँच रोपनीमा क्विन्टल अम्रिसो गत वर्ष ४० रुपियाँ केजीले बिक्री गर्नुभएको थियो। १४ क्विन्टल बिक्री गर्नुभएका राईले यस वर्ष सोही क्षेत्रफलको अम्रिसो ११० रुपियाँका दरले बिक्री गर्नुभयो।

लेटाङ-७ वारङ्गीका गौरी तामाङले अम्रिसोको व्यापार सुरु गरेको २९ वर्ष भयो। पहिले उहाँ गाउँ-गाउँबाट भरिया लगाएर व्यापारका लागि लेटाङ बजार ल्याउनुहुन्थ्यो। आफैँ किसान र आफैँ व्यापारी भएकाले राम्रो आम्दानी हुने गरेको बताउँदै तामाङले भन्नुभयो, "उहिले चामलसँग सरी अम्रिसो साटिन्थ्यो। तीन वर्षअघिसम्म मूल्य नपाउँदा खेती नै छोड्न लाग्नुभएका



तामाङलाई यो वर्ष थोरै क्षेत्रफलमा खेती गरेकोमा पछुतो भइरहेको छ। छ वर्षपछि पहिलोपटक १३० रुपियाँ प्रतिकेजीमा बिक्री गर्न पाएको तामाङले बताउनुभयो।

अहिले गाउँ गाउँमा सडक पुगेको छ। किसानले घरबाटै अम्रिसो बेच्न पाउँछन्। मूल्य बढेपछि किसानमा पुनः उत्साह छाएको छ।

लेटाङ बजारमा किसानको अम्रिसो खरिदका लागि पाँचवटा खरिद केन्द्र छन्। १० वर्षयता व्यापार गरिरहनु भएका रोहित साहले भन्नुभयो, "यस वर्ष दुई हजार क्विन्टल अम्रिसो भारत पठाउँदै छु। म जस्तै व्यापारी लेटाङमा मात्र अरू चार जना छन्। उहाँले लेटाङबाट मात्र झन्डै १० हजार क्विन्टल अम्रिसो भारत निकासी हुने बताउनुभयो। किसानले सुरुमा ८० रुपियाँ किलोमा बिक्री गरेका थिए भने पछिल्लो एक महिनायता १२५ रुपियाँ किलोसम्ममा बिक्री गरिरहेका छन्।" उहाँले सरदर ८० रुपियाँमा बिक्री गर्दा पनि लेटाङबाट पाँचवटा खरिद बिक्री केन्द्रले सरदर साढे छ करोड रुपियाँको अम्रिसो बिक्री गर्ने गरेको साहले बताउनुभयो।




पाँच टी-२० आई सिरिजअन्तर्गत शुक्रबार बेलुका भारत र इङ्ल्यान्डबीचको पहिलो टी-२० खेल अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुँदैछ।

# पुलिस क्लब र एपीएफ उपाधिका लागि भिड्दै

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। काठमाडौँ मेयर कप एक दिवसीय क्रिकेट प्रतियोगिताको पहिलो च्याम्पियन बन्ने लक्ष्यसहित शनिबार नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बलको एपीएफ खेल्दै छ। पाँच टिम सहभागी लिगमा शीर्ष दुई स्थानमा रहेर पुलिस र एपीएफले फाइनलमा स्थान बनाएका हुन्।

## काठमाडौँ मेयर कप

यी दुवैले चार खेलबाट समान छ अङ्क हासिल गरे। यद्यपि राम्रो रन औसतमा पुलिस पहिलो र एपीएफ दोस्रो स्थानमा रहेर उपाधि भिडन्तमा पुगे।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले प्रतियोगिताको ट्रफी सार्वजनिक कार्यक्रममा शुक्रबार एपीएफका कप्तान शरद भेष्वाकरले आफ्नो टिम उपाधि जित्न तयार छ भन्नुभयो। हाम्रो टिम राम्रो लयमा छ, त्यसैले काठमाडौँ मेयर कप जित्ने विश्वास हामीमा छ, कप्तान शरद भन्नुहुन्छ। लिगको अन्तिम खेलमा आयोजक काठमाडौँ मेयर्सविरुद्ध मूलपानी क्रिकेट मैदानको ब्याटिङलाई मद्दत नदिने पिचमा अविजित ६१ रनको पालि खेलेपछि पनि शरदको मनोबल अझ उच्च बनेको छ।

हामी एकजुट भएर प्रदर्शन गर्नेमा विश्वास गर्छौं। पुलिसविरुद्धको फाइनलमा पनि मेरो टिमका खेलाडीले आआफ्नो




भूमिकामा शतप्रतिशत दिएर खेल्ने विश्वास छ। जुन योगदान हाम्रो लागि उपाधि जित्न पर्याप्त हुनेछ, शरदको भनाइ छ। प्रतियोगिताको समयमा एपीएफलाई चोटले सताएको थियो। शरद स्वयं पनि घाइते बन्नुभएको थियो तर शरद यो समस्याको हल भइसकेको छ भन्नुहुन्छ।

पुसिल टिमका कप्तान मञ्चित श्रेष्ठले एपीएफजस्तो बलियो टिमलाई फाइनलमा हराएर च्याम्पियन बन्न आफू लालायित बनेको प्रतिक्रिया दिनुभयो। घरेलु क्रिकेटमा एपीएफ उत्कृष्ट टिममध्ये एक हो तर एपीएफविरुद्ध फाइनल खेल्ने हामीले रणनीति बनाएका छौँ। भोलि मैदानमा सोही रणनीतिको सही कार्यान्वयन गरेर एपीएफलाई हराउने प्रयास गर्नेछौँ, पुलिसका कप्तान मञ्जित भन्नुहुन्छ। उहाँले अहिलेसम्म आफ्ना खेलाडीले राम्रो खेल्दै आएको तर फाइनलमा अझ मिहिनेत गर्नुपर्ने छ पनि भन्नुभयो।

लिग खेलमा यी दुई टिमबीच निकै रोमाञ्चक भिडन्त भएको थियो। जसमा एपीएफले पुलिसविरुद्ध अन्तिम बलमा एक विकेटको नाटकीय जित हात पारेको थियो।

मेयर कपको विजेता ट्रफीसहित पाँच लाख रुपियाँ प्राप्त गर्ने छ। यसैगरी उपविजेतालाई तीन लाख दिइने छ। प्रतियोगिताको सर्वश्रेष्ठ खेलाडी ५० हजार तथा उत्कृष्ट ब्याट्सम्यान र उत्कृष्ट बलर जनही २५ हजार रुपियाँको हकदार बन्ने छन्।

# म्यान्चेस्टर युनाइटेडलाई बराबरीमा रोक्न मिलान सफल

बर्लिन, फागुन २८ गते। डिफेन्डर सिमन कायरले इन्जुरी समयमा गोल गरेपछि एसी मिलानले बिहिबार युरोपा लिग प्रिक्वाटरफाइनलको पहिलो लेगमा म्यान्चेस्टर युनाइटेडलाई उसकै मैदानमा १-१ ले बराबरीमा रोकेको छ।

खेलको ९२औँ मिनेटमा कायरले हेड गोल गरी म्यान्चेस्टर युनाइटेडलाई हिस्स पारेको छ। यस गोलसँगै कायरले आफ्नो टिमलाई घरेलु मैदानमा हुने दोस्रो लेगअघि फाइदामा पार्नुभएको छ। स्थानापन्न खेलाडीका रूपमा मैदान प्रवेश गरेका १८ वर्षीय अमान डियालोको गोलबाट म्यान्चेस्टर युनाइटडले अग्रता बनाएको थियो। जुन गोलबाट म्यान्चेस्टर जितको नजिक पनि थियो तर अन्तिम समयमा डिफेन्डरले गल्ती गरी कायरलाई म्यान्चेस्टरले गोल गर्ने मौका दियो।




युरोपा लिगमा म्यान्चेस्टर युनाइटेडविरुद्ध इन्जुरी समयमा गोल गरेपछि प्रतिक्रिया जनाउँदै एसी मिलानका सिमन कायर। *तस्बिर : एपी*

इङ्ल्यान्डको टोटेनहाम, आर्सनल, इटालीको रोमा र नेदरल्यान्ड्सको आयाक्स क्वाटरफाइनल नजिक पुगेका छन्। टोटेनहामले डिनामो जाग्रेबलाई पहिलो लेगमा २-० ले पराजित गर्‍यो। टोटेनहामका लागि हेरी केनले दुवै गोल गर्नुभयो। आर्सनलले ग्रिसमा ओलम्पियाकोसलाई ३-१ ले पराजित गर्‍यो। मार्टिन ओडिगार्डको गोलबाट आर्सनल पछाडि परेको थियो तर उत्तरार्द्धमा युसुफ अल अरबी, गाब्रियल र इल्नेनीको गोलबाट आर्सनलल जित हात पार्‍यो।

स्पेनको भिलारियलले पनि डिनामो किएभलाई उसकै मैदानमा २-० ले हरायो। भिलारियलका लागि पाउ टोरेस र कप्तान राउल आल्बियोलले गोल गर्नुभयो।

रोमाले घरेलु मैदानमा शाख्तर डोनेस्कलाई ३-० ले पराजित गर्‍यो। रोमाको जर्सीमा स्टेफन एल सारावीले पहिलो पटक गोल गर्नुभयो। अन्य खेलमा स्कटल्यान्डको च्याम्पियन रेन्जर्सले स्लाभिया प्रागमा १-१ ले बराबरीमा खेल्यो भने आयाक्सले स्विजरल्यान्डका योङ ब्वाइजलाई ३-० ले पराजित गर्‍यो। यसैगरी स्पेनको ग्रानाडाले पनि नर्वेको मोल्डेलाई २-० ले निराश बनायो। माल्डेका मार्टिन इलिङ्सेनले खेलमा आधा समय बाँकी हुँदै रातो कार्ड पाएपछि पनि ग्रानाडालाई खेल सहज बनेको थियो। एपी

# नेपालले छनोट खेल कुवेतमा खेल्ने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। फिफा विश्वकप र एएफसी एसियन कपको छनोटअन्तर्गत नेपालले दोस्रो चरणका बाँकी खेल कुवेतमा खेल्ने भएको छ।

एसियाली फुटबल महासङ्घ (एएफसी)ले आफ्ना सदस्य राष्ट्रसँगको छलफलपछि बाँकी रहेका खेलका लागि आयोजक राष्ट्रको चयन गरेको हो। जसअन्तर्गत नेपाल सहभागी रहेको समूह बीका बाँकी खेल कुवेतमा हुने भएको छ। त्यसैले अब नेपालले चाइनिज ताइपेइ, अस्ट्रेलिया र जोर्डनविरुद्ध कुवेतमा खेल्ने भएको छ। यस निर्णयले नेपाललाई बेफाइदा पुर्‍याएको छ। नेपालले नियमानुसार यी सबै राष्ट्रसँग घरेलु मैदानमा खेल्नुपर्ने थियो तर कोरोनाका कारण एएफसीले खेल स्थल परिवर्तन गरेको हो। दोस्रो चरणका खेल मे ३१ देखि जुन १५ तारिकसम्म हुनेछ। एएफसीले सिरिया, फिलिपिन्स, माल्दिभ्स र गुआम सहभागी रहेको समूह एका बाँकी खेलको आयोजना गर्ने जिम्मेवारी चिनलाई दिएको छ। यसैगरी नयाँ तालिकाअनुसार समूह सीका खेल बहराइन, समूह डीका खेल साउदी अरब, समूह ईका खेल कतार, समूह एफका खेल जापान, समूह जीका खेल संयुक्त अरब इमिरेट्स र समूह एचका खेल दक्षिण कोरियामा हुनेछन्।

समूह बीमा नेपालको पाँच खेलबाट मात्र तीन अङ्क छ। नेपाल पुछारबाट दोस्रो स्थानमा छ। अस्ट्रेलिया चार खेलमा १२ अङ्क बनाएर शीर्ष स्थानमा छ। कुवेत दोस्रो र जोर्डन तेस्रो स्थानमा रहेका छन्। यी दुवै टिमले समान दस-दस अङ्क बनाएका छन्। अन्तिम स्थानमा रहेको चाइनिज ताइपेइ अङ्कविहीन छ।

# अर्खला युवा क्लबलाई उपाधि

■ नवलपरासी समाचारदाता

नवलपरासी, फागुन २८ गते। अर्खला युवा क्लबले शुक्रबार डाँडाझेरी युवा समाजलाई २५-२२, २०-२५ र २५-२१ ले हराएर पूर्वी नवलपरासीको बुलिङटार ३ मा भइरहेको खुला भलिबल प्रतियोगिताको उपाधि जितेको छ। अर्खलाले ट्रफीसँगै ४० हजार र उपविजेताले २५ हजार रुपियाँ प्राप्त गरे। प्रतियोगितामा बुलिङटार युवा क्लब तेस्रो भयो। बुलिङटार खेलकुद समितिको आयोजनामा भएको प्रतियोगितामा २२ टिमको सहभागिता रहेको थियो।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०७७ साल फागुन २९ गते (मार्च १३, २०२१) शनिबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु. १६०।०० | रु. १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. ११६।१६ | रु. ११६।७६ |
| युरो | १ को | रु. १३८।४० | रु. १३९।१२ |
| पाउन्ड स्टर्लिङ | १ को | रु. १६१।६१ | रु. १६२।४४ |
| स्विस फ्रैङ्क | १ को | रु. १२४।७४ | रु. १२५।३८ |
| अस्ट्रेलियन डलर | १ को | रु. ८९।९६ | रु. ९०।४२ |
| क्यानेडियन डलर | १ को | रु. ९२।४८ | रु. ९२।९६ |
| सिङ्गापुर डलर | १ को | रु. ८६।२५ | रु. ८६।७० |
| जापानी येन | १० को | रु. १०।६५ | रु. १०।७० |
| चिनियाँ युआन | १ को | रु. १७।८५ | रु. १७।९४ |
| साउदी अरब रियाल | १ को | रु. ३०।९७ | रु. ३१।१३ |
| कतारी रियाल | १ को | रु. ३१।९० | रु. ३२।०६ |
| थाई भाट | १ को | रु. ३।७७ | रु. ३।७९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. ३१।६२ | रु. ३१।७९ |
| मलेसियन रिङ्गिट | १ को | रु. २८।२१ | रु. २८।३५ |
| दक्षिण कोरियन वन | १०० को | रु. १०।२२ | रु. १०।२७ |
| स्विडिस क्रोनर | १ को | रु. १३।६३ | रु. १३।७० |
| डेनिस क्रोनर | १ को | रु. १८।६१ | रु. १८।७१ |
| हङ्कङ डलर | १ को | रु. १४।९६ | रु. १५।०४ |
| कुवेती दिनार | १ को | रु. ३८३।८० | रु. ३८५।७८ |
| बहराइन दिनार | १ को | रु. ३०८।०४ | रु. ३०९।६३ |

नोट : यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।

* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।

* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# दिपेश र विष्णुलाई सफलता

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। एपीएफका दिपेश धामी र नेपाल पुलिसका विष्णु कटुवाल शुक्रबार प्रथम खुला साइनो मेयर कप ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको अन्तिम आठ स्थानमा पुग्नुभएको छ।

दिपेशले सेनाका सन्तोष पनेरुलाई २१-१४, २१-१२ र दोस्रो वरीयताप्राप्त विष्णुले सेनाकै डेभिड थापालाई २३-२५, २१-१९, २१-१७ ले पराजित गर्नुभयो। अन्तिम आठमा स्थान बनाउनेमा सेनाका पविन लिनथेप, पुलिसका जीवन आचार्य, सेनाका रुकेश महर्जन, भूपू सैनिकका सहरोज अन्सारी, सिल्क ग्रुपका प्रिन्स दाहाल, सेनाका भोजबहादुर गुरुङ हुनुहुन्छ। पविनले कैलालीका देवराज रानालाई २१-१६, १५-२१, २२-२०, जीवनले सेनका गोकुल जोरालाई २१-१७, २१-१०, रुकेशले भूपू सैनिकका सुरज गुप्तालाई २१-१४, २१-१७, सहरोजले पुलिसका पूर्णबहादुर थापालाई २१-१७, १८-२१, २१-१६, प्रिन्सले सेनाका आयुष्मान नागरीलाई २१-१६, २१-७ र भोजबहादुरले सुर्खेतका नरेन्द्र बमलाई २१-१४, २३-२१ ले हराउनुभयो।

महिला एकलमा धादिङकी तारा आलेले सेनाकी डेमोना केसीलाई २१-१०, २१-७ तथा र सेनाकी प्राथना देउवाले बुटवलकी प्रतिष्ठा अर्याललाई २१-६, २१-७ ले निराश बनाउनुभयो।

# तेक्वान्दो छनोट हुने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। गोकर्णेश्वर नगर तेक्वान्दो विकास समितिको संयोजन र गोकर्णेश्वर नगरपालिकाको आयोजनामा शनिबार गोकर्णेश्वर नगर तेक्वान्दो छनोट प्रतियोगिता हुने भएको छ। शुक्रबार पत्रकार सम्मेलनमा यस प्रतियोगिताको प्रमुख उद्देश्य गोकर्णेश्वर नगरपालिकामा छरिएर रहेका तेक्वान्दो खेलाडीको समायोजना गरी उनीहरूको मनोबल उच्च बढाउने रहेको जानकारी दिइएको छ।

# वडा नं. ३ विजयी

■ बिर्तामोड समाचारदाता

बिर्तामोड, फागुन २८ गते। प्रथम मेयर कप अन्तरवडास्तरीय फुटबल प्रतियोगिताको उद्घाटन खेलमा वडा ३ ले वडा १ लाई २-१ ले हराएको छ। विजयी टिमका लागि सुशील मगरले दुवै गोल गर्नुभयो। वडा १ का लागि राजेश निरौलाले गोल गर्नुभएको थियो। विजेता टिमलाई ३० हजार र उपविजेता टिमलाई २० हजार दिइने छ।

## अन्तर्राष्ट्रिय

# दक्षिण अफ्रिकी जुलु राजाको निधन

■ रासस-एएफपी



जोहानेसबर्ग, फागुन २८ गते। दक्षिण अफ्रिकाका जुलु समुदायका अति सम्मानित राजा गुडविल ज्वेलिथिनीको शुक्रबार ७२ वर्षको उमेरमा निधन भएको छ। मधुमेहसँग सम्बन्धित रोगका कारण गम्भीर बिरामी भई उपचारका लागि अस्पतालमा भर्ना हुनुभएका राजा गुडविलको शुक्रबार निधन भएको राजदरबारले घोषणा गरेको छ। राजदरबारले जारी गरेको विज्ञप्तिमा जुलु देशका राजा गुडविल ज्वेलिथिनीको शुक्रबार बिहान निधन भएको उल्लेख छ।

राजा गुडविलले जुलु देशको राजाका रूपमा निकै लामो अवधि शासन गर्नुभएको थियो। उहाँको शासनकाल झन्डै पाँच दशक रहेको थियो। परम्परागत नेतृत्वसम्बन्धी दक्षिण अफ्रिकाको संविधानबमोजिम जुलु राजाले आफ्नो समुदायको प्रतिनिधित्व गर्न सक्ने व्यवस्था छ। हाल यो पद कार्यकारी नभएर समुदायको प्रतिष्ठा र संस्कृतिसँग जोडिएको छ।

# द्वन्द्व रोक्न पहलका लागि आग्रह

■ रासस/सिन्हवा

संयुक्त राष्ट्र सङ्घ, फागुन २८ गते। संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वमा द्वन्द्व रोक्ने कामका लागि अधिकतम प्रयास गर्न विश्वका सदस्य राष्ट्रलाई आग्रह गर्नुभएको छ।

उहाँले राष्ट्र सङ्घीय अधिकार तथा संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रलाई यो आग्रह गर्नुभएको हो। उहाँले भन्नुभएको छ, "विश्वमा द्वन्द्व कम गर्ने मात्र होइन, यसलाई रोक्ने या स्थगित गर्नेतर्फ कार्यक्रम केन्द्रित गर्नुपर्छ, त्यसका लागि विश्वका सबै सदस्य राष्ट्रको सक्रिय रूपमा सहयोग आवश्यक छ।"

महासचिव गुटेरेसले संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को बैठकलाई भिडियो कन्फ्रेन्सिङको सहायताले सम्बोधन गर्दै यसका लागि परराष्ट्रलगायतका आफ्ना नीति पनि आवश्यक रूपमा अवलम्बन गर्न सदस्य राष्ट्रलाई आग्रह गर्नुभयो।

सो सम्बोधनका क्रममा उहाँले विश्वमा द्वन्द्व रोक्ने अर्थात् यसको प्रभाव कम गर्ने खालका उपाय र नीतिको खोजी गर्ने होइन कि द्वन्द्वको अवस्था आउनै नदिने र आए पनि त्यसलाई निर्मूल पार्ने गरी नीति नियम बनाउनु आवश्यक छ।

विश्वमा अहिले नागरिकहरूले विभिन्न प्रकारका द्वन्द्व र त्यसबाट सिर्जित हिंसा खेपिरहेका छन् भन्दै महासचिव गुटेरेसले यस्ता कैयौँ प्रकारका द्वन्द्व तथा हिंसालाई झन् बढाउने काममा कोभिड-१९ को महामारीले इन्धनको काम गरेको बताउनुभयो।

# अस्ट्राजेनिकाको प्रभावकारितामा आशङ्का

## थाइल्यान्डमा खोप अभियान स्थगित

■ रासस-एएफपी

बैङ्कक, फागुन २८ गते। रगत जम्ने खतरा देखिएको भन्दै केही युरोपेली मुलुकले अस्ट्राजेनिकाको खोप लगाउन स्थगित गरेको भन्दै थाइल्यान्डले शुक्रबार खोप अभियान स्थगित गरेको छ। विश्वका धेरै स्वास्थ्य निकायले अस्ट्राजेनिकाको कोभिड खोपमा कुनै समस्या नरहेको दाबी गरे पनि खोप अभियान स्थगित गर्न थालिएका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले खोप र अन्य सचेतना बढाइएको भन्दै कोभिडको त्रासबाट अमेरिकीलाई निराश नहुन आह्वान गरेकै दिन थाइल्यान्डले खोप अभियान स्थगन गरेको छ। अमेरिकामा अहिले खोप अभियान तीव्र रूपमा अघि बढेको छ। वैज्ञानिकहरूले कोभिडलाई परास्त गर्न खोप एक मात्र भरपर्दो साधन रहेको बताएका छन्। विश्वमा हाल कोरोना भाइरसको सङ्क्रमणबाट २६ लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ। अक्सफोर्ड-अस्ट्राजेनिकाले विकास गरेको कोभिड खोपका कारण मानिसको शरीरमा रगत जमेको भन्ने रिपोर्टका आधारमा बिहीबार डेनमार्क, नर्वे, आइसल्यान्ड, इटाली र रोमानियाले अस्ट्राजेनिकाको खोप लगाउन रोकेका छन्। स्वास्थ्यसम्बन्धी नियामक निकायले खोपकै कारण रगत जमेको भन्ने ठोस प्रमाण नभेटिएको जनाएका छन् तर सावधानीका लागि खोप अभियानमा ढिलाइ गरिएको युरोपेली मुलुकहरूको भनाइ छ।

अस्ट्रेलिया, मेक्सिको र फिलिपिन्सले भने खोप अभियान जारी राख्ने जनाएका छन्। क्यानडाले खोपका कारण स्वास्थ्यमा प्रतिकूल प्रभाव देखिएको भन्नेबारे ठोस प्रमाण नभेटिएको जनाएको छ। थाइल्यान्डको निर्णयसँगै प्रधानमन्त्री प्रयुत चान-ओ-चा ले आफूले खोप लगाउने कार्य एकाएक रोक्नुभएको छ। कोभिड-१९ खोप समितिका सल्लाहकार पियासाकोल साकोसतायाडोर्नले थाई नागरिकलाई खोप लगाउने कुरा सुरक्षित हुनुपर्ने बताउँदै खोप अभियान सञ्चालनमा हतार गर्न नहुने प्रतिक्रिया दिनुभएको छ। अमेरिकामा राष्ट्रपति बाइडेनले कोरोना भाइरसको महामारीका अँध्यारा दिनबाट बाहिर निस्कन सबैको सहयोग जरुरी रहेको बताउनुभएको छ। उहाँले भन्नुभयो, "लडाइँ अझै सकिएको छैन।" कोभिड-१९ बाट सर्वाधिक असर परेको अमेरिकामा पाँच लाख ३० हजारभन्दा बढीको मृत्यु भएको छ। खोप अभियान राम्रोसँग सञ्चालन गर्न नसकेको युरोपले खोप अभियानलाई अझ बढावा दिन सङ्घर्ष गर्नु परिरहेको छ। युरोपेली युनियनले अस्ट्राजेनिकामाथि निरन्तर पर्याप्त आपूर्ति व्यवस्था मिलाउन दबाब दिइरहेको छ। युरोपको दबाब एवं खोपको प्रभावकारितामाथि आशङ्का फैलिएसँगै लन्डन स्टक एक्सचेन्जमा अस्ट्राजेनिकाको शेयरमूल्य २.५ प्रतिशतभन्दा बढीले घटेको छ।

उता संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले केही मुलुकले कोभिड-१९ विरुद्धको खोप भण्डार गरेर समानुपातिक वितरणमा अवरोध गरिरहेको र केही मुलुकले खोपको राजनीति गरिरहेको आरोप लगाउनुभएको छ।

# अलिबाबामाथि एक अर्ब डलर जरिवानाको तयारी

■ रासस-एएफपी

बेइजिङ, फागुन २८ गते। चीनले ई-कमर्स क्षेत्रको शक्तिशाली कम्पनी अलिबाबामाथि एकाधिकार नियमहरू उल्लङ्घन गरेको आरोपमा झन्डै एक अर्ब डलर जरिवाना गर्न लागेको समाचार सार्वजनिक भएको छ। यो रकम चीनमा कुनै पनि कम्पनीमाथि भएको आजसम्मकै सबैभन्दा ठूलो जरिवाना हो। यसअघि सन् २०१५ मा अमेरिकी चिप निर्माता कम्पनी क्वालकमले ९७ करोड ५० लाख डलर जरिवाना तिरेको थियो। क्वालकममाथि चीनमा प्रतिस्पर्धा रोक्ने कार्यमा अवरोध पुर्‍याएको आरोप लागेको थियो।

अमेरिकी अखबार वाल स्ट्रिट जर्नलमा बिहीबार अलिबाबामाथिको जरिवानासम्बन्धी समाचार छापिएको थियो। त्यसलगत्तै एएफपीले अलिबाबाका विषयमा चिनियाँ अधिकारीहरूसँग सम्पर्क गर्दा उनीहरूले यसबारेमा केही बताउन चाहेनन्।

चीनको सबैभन्दा ठूलो अनलाइन सपिङ पोर्टलका रूपमा स्थापित अलिबाबामाथि चिनियाँ अधिकारीले केही महिनादेखि अनुसन्धान र छानबिन गरिरहेका छन्। यो कम्पनी हरेक चिनियाँका लागि सामान खरिद र ढुवानीका लागि निकै भरपर्दो र लोकप्रिय माध्यम बनेको छ।

अलिबाबाका संस्थापक अर्बपति व्यापारी ज्याक माले गत वर्ष अक्टोबरमा चिनियाँ नियामक निकायका गतिविधिमाथि आलोचना गरेपछि उहाँ र उहाँका व्यवसाय सरकारी निकायहरूको आँखाका तारो बनेका छन्। गत नोभेम्बरमा चिनियाँ वित्तीय नियामक निकायले अलिबाबाको अनलाइन भुक्तानीसम्बन्धी सहायक कम्पनी 'एन्ट ग्रुप'ले सार्वजनिक गर्न लागेको ३५ अर्ब डलरको हङकङ-साङ्घाइ प्रारम्भिक सेयर निष्कासनलाई रोकिदिएका थिए।

त्यसको एक महिनापछि अधिकारीहरूले अलिबाबाको व्यावसायिक गतिविधिको फाइलमाथि अनुसन्धान सुरु गरे। त्यही समय स्वयं ज्याक मा मध्य जनवरीसम्म सार्वजनिक रूपमा कतै देखा पर्नु भएन। चीनको पूर्वी सहर हान्झाउमा रहेको अलिबाबा कम्पनीले गत महिना राज्य प्रशासनका अधिकारीहरूलाई अनुसन्धानमा पूर्ण सहयोग गर्ने बताएको थियो।




गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **कृष्णमुरारी भण्डारी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधानसम्पादक **श्रीधर आचार्य**

सम्पादकीय : फोन नं. ४२२२९२१, ४२४४४२९, फ्याक्स नं. ४२२४३८१, **E-mail : news@gorkhapatradaily.com,** विज्ञापन शाखा : फोन नं. ४२२७४९३, ४२२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ४२२०६३८, टोल फ्रि नं. १६६०-०१-९४४४४

गोरखापत्र
शनिबार
| www.gorkhapatraonline.com | २०७७ साल फागुन २९ गते शनिबार | 2021 March 13 Saturday

# रहरलाग्दो उद्यम
# लोभलाग्दो प्रगति



■ भेषराज बेल्बासे



> स्थानीयस्तरमा थोरै पूँजीबाट सुरु गरिएका उद्योगले रोजगारी सिर्जना गर्नुका साथै उत्पादित वस्तु अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याएका छन् । आयात प्रतिस्थापनमा समेत यस्ता उद्योगले उल्लेख्य भूमिका खेल्दै आएका छन् ।

'ज्युँदै मऱ्याको भनी नाउँ कसको, उद्यम बिना बित्दछ काल जसको' आदिकवि भानुभक्त आचार्यको यो पङ्क्तिले उद्यमको महत्त्वलाई स्पष्ट पारेको छ । व्यक्ति होस् वा राष्ट्र सबैका लागि उद्यम अति आवश्यक हुन्छ ।

पाँच वर्ष अगाडि भारतले लगाएको नाकाबन्दीले हामी आत्मनिर्भर होइन, परनिर्भर रहेछौँ भन्ने बोध सबैमा गराइदियो । नाकाबन्दीपछि उद्यमशीलता र स्थानीय उत्पादनमा आधारित लघु, घरेलु तथा साना उद्योगबारे सबैमा चेतना बढ्यो । त्यसयता उद्यम गरी कसरी आत्मनिर्भर तथा स्वावलम्बी बन्न सकिन्छ भन्नेहरू धेरै बढे । त्यसो त बेरोजगार तथा पढ्न सकिएन भनेर निराश युवालाई पनि सीप सिकेर आत्मनिर्भर र स्वावलम्बी बन्न अब कसैले सिकाउन पर्दैन ।

स्थानीयस्तरमा थोरै पूँजीबाट सुरु गरिएका उद्योगले रोजगारी सिर्जना गर्नुका साथै उत्पादित वस्तु अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याएका छन् । आयात प्रतिस्थापनमा समेत यस्ता उद्योगले उल्लेख्य भूमिका खेल्दै आएका छन् । यस्ता उद्यमीहरूको प्रगति पनि लोभलाग्दा छन् । न त ठूलो पूँजी नै चाहियो, न त कच्चा पदार्थका लागि धेरै मिहिनेत । स्थानीय कच्चा पदार्थको उच्च सदुपयोग गर्दै यस्ता उद्योग फस्टाएका छन् ।

स्वदेशमै रहेका प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रूपमा प्रयोग गरी उत्पादित वस्तुको निर्यात गर्न सक्ने हो भने अहिलेको निर्यातको आकार निकै बढाउन सकिन्छ । जसले रोजगारीमा उल्लेखनीय योगदान पुऱ्याइ आय र आयको वितरणमा अहम् भूमिका खेल्न सक्छ ।

देशको आर्थिक समृद्धि उद्योग क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमाथि निर्भर रहेको हुन्छ । विकासोन्मुख देशमा ठूला तथा मझौला उद्योगहरूको तुलनामा लघु, घरेलु तथा साना उद्योगको महत्त्वपूर्ण योगदान रही आएको छ । नेपालको सन्दर्भमा कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदानमध्ये करिब ९० प्रतिशत योगदान घरेलु तथा साना उद्योगको छ । विश्व व्यापार सङ्गठनमा आबद्ध भइसकेको परिप्रेक्ष्मा नेपालमा उत्पादित वस्तुलाई बढी गुणस्तरीय बनाई प्रतिस्पर्धाको माध्यमबाट आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने अहिलेको आवश्यकता हो ।

ऊनी, राडीपाखी, ढाका, अल्लोको कपडा, गुन्द्रुक, मस्यौरा, अचार, लप्सी क्याण्डी, मह, गुल्मीको कफी, इलामको चिया, धादिङको मह, गोरखाको सुन्तला, झापाको सुपारी, सिन्धुलीको जुनारलगायतका थुप्रै यस्ता मौलिक उत्पादनले विश्वबजार पाउने वातावरण तयार गर्न सके सम्भावना नै सम्भावना छ ।

## ■ पढ्न नपाउँदा बने उद्यमी

एसएलसी उत्तीर्ण भएपछि उत्साहित बनेका ललितपुर लुभुका बसन्त महर्जन पैसाकै अभावमा क्याम्पस जान पाउनुभएन । क्याम्पस जान नपाएपछि उहाँ निकै विचलित हुनुभयो । उहाँको इन्जिनियर बन्ने सपना थियो । तर कृषि तथा ज्यालामजदुरीमा आश्रित परिवार भएको कारण उहाँको बुबाले उहाँलाई थप पढाउन सक्नुभएन । बुबाले पढाउन सक्ने छाँटकाँट नदेखेपछि दुई हजार रुपियाँको जोहो गरेर उहाँले व्यवसाय सुरु गर्नुभयो । उहाँले थालेको व्यवसायबाट उत्पादित सामग्री अहिले नेपाली बजारका साथ विश्वका थुप्रै मुलुकमा उच्च मागका साथ बिक्री भइरहेको छ ।

परम्परागत हाते तानबाट सुरु भएको महर्जनको व्यवसाय अहिले 'नित्य परम्परागत टेक्सटाइल र रेडिमेड गार्मेन्ट' को रूपमा पुगेको छ । यो उद्योग १२ हजार स्क्वायर फिटमा फैलिएर रहेको छ । यसबाट स्वचालित ह्याण्डुलोम, अटोमेटिक पावर लोम, ड्राइङ प्लान्ट, प्रिन्ट प्लान्टबाट गार्मेण्ट, टेक्सटाइल कपडा, ह्याण्डिक्राफ्टलगायत सामान उत्पादन हुन्छन् र सयौँ जनाले रोजगारी पाएका छन् ।

उत्पादित वस्तुको माग उकालो लाग्दैछ । उहाँको व्यावसायिक उत्साह पनि चुलिँदो छ । लुभुमा रहेको उद्योगबाट उत्पादित वस्तु काठमाडौँको भोटाहिटी र क्षेत्रपाटीमा रहेको 'आउटलेट' बाट बिक्री हुँदै आएको छ । महर्जन भन्नुहुन्छ, 'स्थानीयभन्दा पनि अन्तर्राष्ट्रिय बजार व्यापक छ । जर्मनी, बेलायत, अमेरिका, अष्ट्रेलिया, क्यानडा, जापानलगायत देशमा उच्च माग छ । हामीले उत्पादन गरेका लुगामा शतप्रतिशत कटन हुने भएकाले धेरैले मन पराएका छन् ।'





परम्परागतदेखि आधुनिक, बच्चादेखि वृद्धसम्मका लागि तयार गरिने कुनै पनि उत्पादन स्टोरमा धेरै दिन राख्न नपर्ने अनुभव सुनाउँदै महर्जन भन्नुहुन्छ, 'सामान तयार गर्न सक्नुपऱ्यो, बजारको कुनै चिन्ता छैन । उपभोक्ताको माग पुऱ्याउन गाह्रो छ ।' विभिन्न अवसरमा नेपाली पहिरनको 'फेशन शो' समेत हरेक वर्ष गर्दै आएका महर्जन विभिन्न मेला र महोत्सवमा पुरस्कृत पनि हुँदै आउनुभएको छ ।

## ■ मौरीपालनबाट फेरिएकी देवी

भानुभक्तको कविताझैँ झापाकी देवी दाहालले पनि उद्यम नगरी समय खेर जान दिनुभएको छैन । झण्डै दुई दशकदेखि उहाँ व्यावसायिक मौरीपालनमा होमिनुभएको छ । शिवसताक्षी नगरपालिका–११, दुधेकी देवीले पहिले पहिले दैनिक गुजाराका लागि अर्काको काम गर्नुहुन्थ्यो । तर सहकारीको सहयोगमा एक हजार दुई सय रुपियाँ लगानी गरी व्यवसाय सुरु गर्नुभयो । दुई घार मौरी पालनबाट व्यावसायिक यात्रा सुरु गर्नुभएकी देवीसँग अहिले नौ सय घार मौरी छन् । यी मौरीबाट वार्षिक ३५ लाख रुपियाँ बराबरको मह उत्पादन हुन्छ । सफलताको कथा सुनाउँदै देवीले पुराना दिन यसरी सम्झनुभयो– 'स्थानीय अगुवहरूको सल्लाहमा २०६३ सालमा महिलाहरूले एउटा सहकारी स्थापना गरे । यसको नाम श्री सतासी महिला मौरी पालन सहकारी रह्यो । यसमा प्रवेश गर्नु नै मेरो सफलताको प्रस्थान बिन्दु भयो ।' अहिले यही सहकारीमा व्यवस्थापकको रूपमा पनि काम गर्दै आएकी देवीले मौरी व्यवसायबाटै घरजग्गा जोड्नुभएको छ भने वार्षिक लाखौँ रुपियाँ कमाइ गरिरहनुभएको छ ।

हिजो अरूको घरमा भाँडा माझेर पेट पाल्ने देवी आज अरूलाई सीप र स्वरोजगार बन्न सिकाउन व्यस्त हुनुहुन्छ । देवीको जीवन यात्रालाई सफल बनाउने प्रस्थान बिन्दु बनेको मौरी व्यवसायकै कारण अहिले उहाँको जीवन फेरिएको मात्र छैन, सम्पन्न पनि भएको छ । मौरी व्यवसायले देवी मात्र होइन सहकारीमा आबद्ध ३२० जना महिलाको पनि जीवन फेरिएको छ । उनीहरू स्वरोजगार मात्र होइन, स्वावलम्बी पनि बनेका छन् । यो सहकारीमा आबद्ध प्रत्येक महिलाले न्यूनतम पाँचदेखि अधिकतम नौ सय घारसम्म मौरी पालेका छन् ।

देवीका अनुसार सहकारीले स्थानीय महिलाहरूलाई स्वरोजगार बनाउन सुरुमा दुई घार मौरी धरौटी लिई दिन्छ । ती दुई घारबाट गरेको नाफाका घार आफैँसँग राखी सहकारीले दिएको दुई घर सहकारीलाई नै फिर्ता गर्नुपर्छ । यसरी उत्पादन गरिएको मह सहकारीले नै खरिद गरी प्रशोधन, लेबलिङ र प्याकेजिङ गरेर बजारमा पुऱ्याइन्छ । सहकारीका अनुसार प्रतिकेजी महको मूल्य न्यूनतम तीन सयदेखि पाँच सय रुपियाँसम्म पर्छ । मह तोरी, फापर र जङ्गली जडीबुटीको उत्पादन हुन्छ । यो मह पूर्वका विभिन्न जिल्लादेखि पश्चिम दाङसम्म बिक्री हुने गरेको छ ।

> मार्सी चामलको खीर, जौको म:म:, फापरको चाउमिन, मार्सीको खाना सेट, कागुनोको खीर, फापरको ढिडोसँग लोकल कुखुराको मासु, हुम्लाको सिमीको दालसँग मार्सी चामलको भातलगायतका थुप्रै परिकारका साथ बुढाको रेस्टुरेन्ट व्यवसाय अगाडि बढेको छ ।

## ■ अर्गानिक अभियानसँगै दाम र नाम

आठ वर्षको उमेरसम्म चामलको भातको स्वाद थाहा नपाएका हुम्लाका दीपकबहादुर बुढालाई कर्णाली घुम्ने क्रममा त्यहाँको अर्गानिक उत्पादनले बजार नपाएको महसुस भयो । त्यसपछि सुरु भयो उहाँको अर्गानिक अभियान ।

'गाउँका मानिस जमिन भएर पनि भोकमरीमा, सहरका मान्छे सम्पन्न भएर पनि रोगी । गाउँको किसानसँग सहकार्य गरेर गाउँको उत्पादन काठमाडौँमा ल्याउन सकियो भने एकातिर किसानसँग सम्बन्ध हुने भयो अर्कोतिर रोगीहरूको सङ्ख्या पनि घट्ने भयो ।' यही अवधारणामा झण्डै एक दशक अगाडि सुरु भयो कर्णालीका अर्गानिक उत्पादनको सङ्कलन अभियान ।

कर्णालीको उत्पादित वस्तु राजधानीमा बिक्री गर्दा किन्नेहरूमा साझा समस्या आयो, पकाउने कसरी ? यही अवधारणामा फेरि दुई वर्ष अगाडि ललितपुरको सातदोबाटोमा हिमालयन अर्गानिक जोन नामक अर्गानिक रेष्टुरेन्ट सञ्चालन पनि गर्नुभयो । पकाउन सिकाउने र पकाइएको परिकार पस्किने उद्देश्यले खोलिएको यो रेस्टुरेन्टका परिकारहरू पनि कर्णालीका उत्पादनसँग जोडिएका छन् ।

मार्सी चामलको खीर, जौको म:म:, फापरको चाउमिन, मार्सीको खाना सेट, कागुनोको खीर, फापरको ढिडोसँग लोकल कुखुराको मासु, हुम्लाको सिमीको दालसँग मार्सी चामलको भात, कालो चामलको खीर, सिस्नोको सुप, कस्तुरी म:म को स्वादसँगै हिमाली जडीबुटी, जिम्बु, जौको सातु, ग्रीन टी, हर्वल टी, अर्गानिक कफीलगायतका थुप्रै परिकारका साथ बुढाको रेस्टुरेन्ट व्यवसाय अगाडि बढेको छ ।

सुरु सुरुमा अर्गानिक भनेर गिज्याउँथे, अहिले धेरैले बुझ्न थालेका छन् । स्वास्थ्यसँग सचेत हुने बढी आउँछन् । बुढाको परिवार नै यसमा समर्पित भएर लागेको यो व्यवसायमा झण्डै एक दर्जनले प्रत्यक्ष रोजगारी पनि पाएका छन् । अप्रत्यक्ष रूपमा त सयौँले रोजगारी पाएका होलान् । अहिले अर्गानिक उत्पादन उपभोक्तालाई पुऱ्याउन झ्याई नझ्याई हुने गरेको छ । अर्गानिक अभियानलाई फैलाउने र किसानका उत्पादनलाई बिचौलियारहित बनाउने धोको बोकेका बुढालाई आनन्दको शिक्षकको जागिर छाडेर यसमा लागेकोमा कुनै पछुतो छैन ।

काठमाडौँमा हिमालयन अर्गानिक जोनका अरू शाखा र अर्गानिक मार्ट पनि खोल्ने योजनामा रहेका बुढाले अर्गानिक उत्पादनलाई 'प्याकेजिङ' गरेर अन्तर्राष्ट्रिय बजारसम्म पनि पुऱ्याउनु भएको छ । खाद्यसम्बन्धी विभिन्न प्रतियोगितामा पुरस्कृत बुढा काठमाडौँ विश्वविद्यालय र आइडिया स्टुडियोले संयुक्त रूपमा आयोजना गरेको इनोभेटिभ आइडिया प्रतियोगितामा सात सय जनाबाट छानिएर प्रथम पनि हुनुभयो । पुरस्कारस्वरूप पाँच लाख रुपियाँ सिड इन्भेष्टमेन्ट पनि उहाँले पाउनुभयो ।

## ■ 'नमुना अचार' राष्ट्रिय ब्रान्ड

पूर्वी झापाको गौरादह नगरपालिका–५ मा स्थानीय उत्पादन, श्रम र सामूहिक लगानीमा उद्यमी बन्ने भनेर हौसिएका छ जना महिलाहरूको पाँच वर्षे अचार यात्रा अहिले 'ब्राण्ड' बनेको छ । सामूहिक प्रयासमा स्थानीय उत्पादनको प्रयोग गरी 'नमुना अचार' उत्पादन भइरहेको छ । सुरुमा पाँच जना महिलाले प्रतिव्यक्ति २०–२० हजारका दरले जम्मा गरेर एक लाख रुपियाँको पुँजीबाट सुरु गरिएको यो व्यवसाय अहिले उद्यमी महिलाहरूको मनग्य आम्दानीको बाटो बनेको छ । करिब एक बिघा जमिनमा सञ्चालित यस उद्योगबाट वार्षिक करिब १० लाख रुपियाँको अचार उत्पादन भइरहेको छ । उक्त अचार मुलुकका मुख्य मुख्य बजारमा उपलब्ध छन् । कतिसम्म भने देशकै प्रतिष्ठित मार्ट भाटभटेनी सुपर मार्केटमा पनि बिक्री वितरण हुने गरेको उद्यमी खिमा नेपाल बताउनुहुन्छ ।

व्यवसाय सुरु गर्दा यति ठूलो सफलताको अपेक्षा उहाँहरूले गर्नुभएको थिएन । आत्मनिर्भरसम्म हुने लक्ष्य थियो । काम गर्दै जाँदा नसोचेको सफलता प्राप्त भयो । व्यवसायले अहिले राष्ट्रिय स्तरको 'ब्रान्ड' पाएसँगै यो समूह उत्साहित बनेको छ । समूहले व्यापार प्रवर्द्धन गर्न बजारीकरणका थप योजना पनि बनाउँदैछ । हाल 'नमुना अचार' लघु उद्योगबाट अकबरे दाना, मेथी, तामा, आँप, मिक्स र कागती गरी छ प्रकारका मौसमी अचारको उत्पादन हुँदै आएको छ । यी अचार मौसमअनुसार स्थानीय कच्च पदार्थकै प्रयोग गरी उत्पादन गरिन्छ ।

## ■ उद्यमशीलता विकासमा सहकारी

उद्यमशीलता अर्थतन्त्रको आधारस्तम्भ हो । यसको विकासले ग्रामीण क्षेत्रमा रहेको गरिबीलाई न्यूनीकरण गर्छ । यस कार्यमा सहकारीले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ । पछिल्लो समय ग्रामीण क्षेत्रका सहकारीको सहयोगमा उद्यमशीलताको माहौल बढ्दैछ । यसले आत्मनिर्भर हुनेहरूको सङ्ख्या पनि बढाएको छ ।

उद्यमीहरूले उत्पादन गरेका सामानजस्तै अचार, मह, मफलर, आउटर, स्वीटर, टोपी, मोजा, लेडिज मफलरलगायतका सामग्री बिक्रीका लागि सहजीकरण गर्नुका साथै सामूहिक रूपमा व्यावसायिक कृषि खेतीको अवधारणा समेत ल्याउन थालेपछि सहकारीमार्फत उद्यामशीलतामा लाग्नेहरूको सङ्ख्या बढ्दै गएको छ । पूर्वी नेपालका सहकारी संस्थाहरूले बचत तथा ऋणमात्रै नभई सामूहिक रूपमा व्यावसायिक कृषिखेतीको अभ्यास पनि सुरु गरेका छन् ।खेतीमात्र नभई उत्पादित वस्तुको बिक्री, बजारीकरण र उद्योग नै स्थापना गरेर औद्योगिक उत्पादन निर्यात पनि गर्न थालेका छन् । राष्ट्रिय सहकारी बैङ्कका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंका अनुसार सहकारीहरूले बचत गर्ने र ऋण दिनेमात्र नभई खेतीमा समेत ध्यान दिएका छन् । देशभर आफैँ खेती तथा कृषिजन्य उद्योग सञ्चालन गरिरहेका उद्योगको सङ्ख्या तीन सयभन्दा बढी रहेको छ भने यो सङ्ख्या बढ्दै गएको उहाँको ठम्याइ छ ।

मौरीपालन सहकारी संस्थाले जिल्लामा गर्दै आएको सामूहिक मौरी पालनले पनि उद्यमशीलता र स्वरोजगार बनाउन सघाएको बताउनुहुन्छ सहकारीकी व्यवस्थापक देवी दाहाल । उहाँका अनुसार सहकारीमा जिल्लाका ४६८ जना महिला आबद्ध छन् भने ३२० जना महिलाले व्यावसायिक रूपमा मौरीपालन गरिरहेका छन् । सहकारीमा आबद्ध महिलालाई तीन हजार दुई सय रुपियाँ धरौटी राखेर दुई घार मौरी पाल्न दिइन्छ ।

एक वर्षअघि भएको 'सहकारीमार्फत उद्यमशीलता प्रवर्द्धन' विषयक राष्ट्रिय कार्यशाला गोष्ठीले पनि सहकारीलाई उत्पादनमा जोड्दै सदस्यलाई उद्यमी बनाउनका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरेको थियो । सहकारी सङ्घ/संस्था उत्पादन, प्रशोधन र बजारीकरणमा केन्द्रित हुनुपर्ने तथा सहकारीमा संलग्न युवालाई एकीकृत रूपमा प्राविधिक ज्ञान, सीप र नवीतनम प्रविधि प्रदान गरी सबल र सक्षम प्रतिस्पर्धी बनाउँदै मुलुकभित्रै रोजगार सिर्जना गर्न योगदान पुऱ्याउने प्रतिबद्धतासमेत व्यक्त गरिएको थियो । विदेशबाट फर्केका युवालाई विभिन्न सहकारीले ऋण प्रदान गरेर स्वदेशमा कृषिमा सहभागी गराउँदै कृषि क्षेत्रमा सहकारीको योगदान वृद्धि गर्ने लक्ष्य अभियानको छ ।

## ■ सहुलियत कर्जामा छैन पहुँच

स्थानीय उत्पादनको प्रवर्द्धन र आयात प्रतिस्थापनमा लागे पनि सरकारबाट दिइने सुविधाबाट वञ्चित हुनुपर्दा खिन्नता अनुभव गर्नुहुन्छ अर्गानिक अभियन्ता दीपक बुढा । 'हरेक वर्षको बजेट भाषण सुन्यो । त्यसपछि राष्ट्र बैङ्कले सार्वजनिक गर्ने मौद्रिक नीति हेऱ्यो । तर हाम्रा लागि केही न केही', बुढाले भन्नुभयो । सहुलियत कर्जा र अनुदानको कुनै अवसर प्राप्त नगरेका बुढाले यो सुविधा पाउन धेरै प्रयास गर्नुभयो रे तर सहकारी संस्था र व्यक्तिबाट ऋण लिएरै यो अवस्थामा आइपुगेको बताउनुभयो । उद्योगी बसन्त महर्जन पनि मुख्य समस्या वित्तीय पहुँच नै भएको बताउनुहुन्छ । 'उत्पादन जति नै बढाए पनि बजारको समस्या छैन । सहकारीले नै हाम्रो उद्योग र व्यवसायलाई धानिरहेका छन्', उहाँले भन्नुभयो ।

कविता

## गजल


■ बूँद राना

किन्ने र बेचिने छन् निक्कै हतारमा
मान्छे पुगेछ ऐले सट्टा बजारमा !

पानी परे त बाढी पैह्रो रमाउँछन्
आगो परे त कस्तो हुन्थ्यो असारमा ?

कैले हुने चनाखा माछा तलाउका ?
मौका ढुकी बकुल्ला बस्छन् किनारमा !

ज्ञानी भनिन्छ मान्छे कस्तो विडम्बना !
भाग्गे यतै छ भन्दै खोज्छन् निधारमा !

माटो भरी छपक्कै छाएछ बूँद यो
आकाशमा भए पो हुन्थ्यो करारमा !

## साहित्य


■ प्रकाशमणि दहाल

साहित्य यो अमृततुल्य मीठो ।
सन्जीवनीझैँ अति नै गुणीलो ॥
समान यो लाग्दछ कामधेनु ।
जो दिन्छ जे पर्दछ माग्न जान्नु ॥

रहेछ सर्वोच्च कला तथा यो ।
रहेछ सच्चा इतिहास नै यो ॥
मनुष्यका सृष्टिहरू जगत्मा ।
रहेछ सर्वोत्तम यो सबैमा ॥

साहित्य आकाश समान व्याप्त ।
रहेछ यो सागर झैँ अमाप्य ॥
पहाड मानौँ कि चढी नसक्ने ।
लामो कि जो मार्ग हिँडी नसक्ने ॥

अज्ञानता नाशक जण्ड यो छ ।
सेवा पुगेमा अमरत्व दिन्छ ।
साहित्य साँच्चै छ विशिष्ट बुझ्दा ।
कृतज्ञतापूर्वक नित्य पुज्दा ॥

लाग्दैन अर्को यतिको छ सत्य ।
लागूँ यसैमा मन भन्छ नित्य ॥
साहित्य होस् नीँद र भोक, प्यास ।
बनोस् र यो जीवनको सुवास ॥

## जीवन


■ बिन्दु अधिकारी ढकाल

जीवन यौटा फूल रैछ
थुँगा भई फुल्ने
वनपाखा जतातत‍ै
रमाइलो झुल्ने ।

जीवन यौटा थोपा रैछ
पानी जस्तै बग्ने
नदीनाला जतातत‍ै
नहरतिर कुद्ने ।

जीवन यौटा रहर रैछ
रङ्ग भई खुल्ने
धरती कुना जहाँ पनि
चमक भइरहने ।

जीवन यौटा बल रैछ
तागत भई खेल्ने
उफ्रिपाफ्री मैदानमा
किपर भई भिड्ने ।

जीवन यौटा लाली रैछ
घामसित मिल्ने
किरण सर्दै जाँदाखेरि
पाइला डाँडामाथि पुग्ने ।

जीवन यौटा मार्ग रैछ
कर्म भई फल्ने
उसकै रूप उसकै रङ्ग
चोला सँगै उड्ने ॥

# साहित्यमा हाइकु

जापानी साहित्यबाट उम्रिएर नेपाल भित्रिएको विधा हो- हाइकु । नेपाली साहित्यमा सर्वप्रथम शङ्कर लामिछानेद्वारा साहित्यकार पारिजातको 'शिरीषको फूल' उपन्यासको भूमिका लेखनमा हाइकु कोरियो ।


■ रमेश भट्टराई 'सहृदयी'



*क्षितिजपारी*
*ढाकेको तक्मा भारी*
*युगै उघारी ।*

व्यस्त समयमा बेफुर्सदिलो मान्छे साहित्यको चौतारीमा एकैछिन लठ्ठिन्छ । छोटो समयभित्र व्यस्ततालाई लुकाउन पसिना पुस्छ । जीवन र जगत्सम्म सोच्छ । सायद छोटो साहित्यिक मोहभित्र रम्नका लागि मान्छेले लेख्दो हो- हाइकु कविता । हाम्रै साहित्यका वंशस्थ छन्दका कविताजस्ता छोटा पनि लाग्छन् । हाम्रै हिजोका बालगीत जस्ता पनि । कतै उखानबखानका बूढापाकासँग मितेरी गाँस्लागाँस्ला जस्तो, कतै आजका ज्याप र पपको एउटा किस्साझैँ । अनि हाइकु के हो भन्ने कुतकतीले मन तुलबुल हुन्छ ।

मान्छेले छोटो किस्सामा चासो राख्दै गर्दा आख्यानमा लघुकथा आएजस्तै पद्यमा हाइकु अनि अझै छोटो हाल लेखिने गरेको बाछिटा (३-५-३ को आक्षरिक संरचना भएको) तिर चासो बढेको पाइन्छ । लघुनाटक, लघुकविता, लघुकथा जस्तै मानिसले टिकटक मन पराएको हुन सक्छ डिजिटल दुनियाँमा पनि ।

जापानी साहित्यबाट उम्रिएर नेपाल भित्रिएको विधा हो- हाइकु । नेपाली साहित्यमा सर्वप्रथम शङ्कर लामिछानेद्वारा साहित्यकार पारिजातको 'शिरीषको फूल' उपन्यासको भूमिका लेखनमा हाइकु कोरियो-

*शिरीष फूल*
*भँवर चुम्बनमा*
*ओइली झर्छ ।*

साहित्यमा गद्य नभएर पद्य विधाको लघुतम संरचनामा कसिने हाइकुभित्र संरचनात्मक सुगठन छ । ५-७-५ को अक्षर संरचनामा तीन पङ्क्तिभित्र रहेर एउटा ऋतुबोधक शब्दको सुगठन हो- हाइकु कविता । गजल, मुक्तक, सेलो, सवाईभन्दा पनि छोटो भएर तर जनप्रिय पनि ।

अलिकति विम्ब मिसिएर थोरैमा थुप्रै भाव बोल्ने गुणात्मकता, प्रकृतिबोधक (ऋतुबोधक) शब्द अथवा 'किगो' को प्रयोगलाई अनिवार्य मान्ने तारतम्यमा हाइकु रचिन्छ । 'किगो' लाई हाइकु रचनाको अभिन्न तत्त्व मान्ने आफ्नै नियम जुन शाश्वत अनि स्थानीय हुने रहेछ-

*चट्याङ चर्को*
*बज्रले बस्र्यो पानी*
*धारा रसायो ।*

चट्याङ, बज्र, पानी, धारा गरी चार वटा 'किगो' ले माथिको हाइकुमा गुणसंवेद्यता प्रदान गरेको छ । प्रकृति चित्रणमा लठ्ठिएपछि भ्रमणको अनुभवलाई समेटेर मानवीय संवेदनालाई उजिल्याउने काम गर्छ । रूपरेखा पत्रिकामा २०१९ सालमा 'सूर्योदय' शीर्षकमा लेखेको शङ्कर लामिछानेको प्रकाशित हाइकुले प्रकृति र जीवनको रहस्यलाई खोतल्छ-

*माकुरा जाल*
*झोलिएको ओसले*
*तन्किँदै गयो ।*

नेपाली साहित्यमा हाइकुको विकासक्रम २०१९ सालदेखि प्रारम्भ भएको मानिन्छ । क्षेत्रप्रताप अधिकारी, रामकुमार पाँडे, मधुसूदन गिरी, ऋतु गिरी अपणा आदि यस विधामा जोडिएका छन् । नेपाली, नेपाल भाषा, हिन्दी, अङ्ग्रेजी आदि भाषामा आजभोलि हाइकुको बगैँचा मग्मगाउँदो छ ।

जापानी प्रसिद्ध कवि कावाहिगासी बासोको नाम हाइकु कविता विकासका सन्दर्भमा अग्र स्थानमा रहेको छ । जापानमा 'होक्कु' हुँदै हाइकुको थालनीको रूपमा विकसित भइरहँदा नेपालमा रामकुमार पाँडे, क्षेत्रप्रताप अधिकारी, डा. मधुसूदन गिरी, अभि सुवेदी, चेतनाथ धमला हुँदै प्रवासतिर केदार सङ्केत, पोखरामा असफल गौतम, चितवनमा केशवराज आमोदी लगायतका व्यक्तित्वले स्थानगत भूमिकामा गति दिएको भान हुन्छ । कवि क्षेत्रप्रताप अधिकारीले छोटो समय र छोटो आवरणमा व्यापक विचारको सूत्रात्मक प्रस्तुति दिने विधालाई हाइकु भन्नुभएको छ । उहाँको 'जापानी साहित्यको इतिहास', 'हाइकु र हाइजिन', 'हिम जून फूल' लगायतका कृतिभित्र हाइकुलाई चिनाइएको छ । रामकुमार पाँडेद्वारा यस विधामा विशेष अध्ययन, विश्लेषण गरिएका थुप्रै आलेख मधुपर्क, समकालीन साहित्य, कौशिकी आदिमा प्रकाशित छन् ।

सूक्ष्म तर पूर्ण तथा सघन संरचनात्मक सुगठनको संरचना भएको हाइकु लघुतम साहित्यिक विधा हो । यसको हास्यव्यङ्ग्य शैलीलाई 'सेन्यु' भनिन्छ । सचित्र हाइकुलाई 'हाइगा' भनिन्छ । यसर्थ हाइकु विधा लेखन संरचना र भावगत आधारमा परिभाषित भएको पाइन्छ । जापानका कवि शिकिका अनुसार हाइकु कविता झन्डै १७ अक्षरमा लेखिएको, एउटा मौसमसम्बन्धी शब्द भएको तर परम्परागत मान्यताबाट मुक्त काव्य हो ।

रामकुमार पाँडेका अनुसार हाइकुको मूल स्वभाव वाग्वैदग्ध्य र हास्यलाई जोड दिने रूपको भए पनि हाइकुको एउटा स्वरूप ऋतुबोधक शब्दको चयन हो । वास्तवमा हाइकु कविता- संक्षिप्ततामा पूर्ण संरचनात्मक स्वरूपको साहित्यिक विधा हो ।

### नेपालीपनमा हाइकु

कसिलो तथा सूत्रात्मक भाषाभित्र जीवन हुन्छ । लेखकको जीवन भोगाइ र अनुभवले लतावृक्षसँग लुकामारी खेल्छ । कतै स्वच्छन्द भाव, कतै प्रयोगवादको विम्ब-प्रतीकको सङ्गम गराउँदा स्वच्छन्द-प्रयोगको घुलन पनि लाग्छ । कवि क्षेत्रप्रताप अधिकारीका अनुसार हाइकुमा एउटा चित्र र त्यो चित्रले सङ्केत गरेको सम्भावित दृश्य हुन्छ । एउटा अनुभव जसमा एउटा विम्बले औँल्याउन खोज्छ, त्यो सम्भावित दृश्य हाइकु हो ।

हाइकुमा रहेका तीन हरफमा १७ अक्षरमध्ये पहिलो हरफमा रहेको पाँच अक्षरले चित्र प्रस्तुत गर्छ, बाँकी दुई हरफहरूले त्यसलाई पुष्टि गर्दछन् । रामकुमार पाँडेले निम्नानुसार हाइकुका तीन आधारभूत नियमलाई केलाउनुभएको छ- मात्रा मिलाउने, हरफ मिलाउने र ऋतु (किगो) जनाउने ।

जापानमा चार ऋतुमा 'किगो' खोतल्दा हाम्रो परिवेशभित्र छ वटा ऋतुबाट प्रशस्त 'किगो' सँग मितेरी गाँस्छौँ । नेपाली साहित्यमा मौलिक एवम् अनुवादित दुवैखाले हाइकु देखापर्छन् । उस्तो चर्चामा नआएको विषय तर आजभोलि यसो सामाजिक सञ्जालका भित्ताहरूमा झल्किने हाइकुलाई नवपुस्ताले सहज साहित्यको आधार बनाउन थालेको छरपस्ट भेटिन्छ । व्यक्तिगत मात्रै होइन संस्थागत विकासले समेत पाइलो सारिरहेको अवस्थामा हामी हिँडिरहेका छौँ । चेतनाथ धमला, कृसु क्षेत्री र तारा सुवेदीले सम्पादन गर्नुभएको 'प्रतिनिधि नेपाली हाइकु' मा २१३ जना स्रष्टाका रचना समेटिएको छ ।

रामकुमार पाँडेले १९औँ शताब्दीको अन्त्यतिर यस विधाको विकास भएको मानेका भए पनि नेपाली लोकपद्य साहित्यभित्र कौरा, ख्याली, चुड्का, रोइला, सेलो आदि विधामा हाइकुका लक्षणहरू भेटिन्छन् । जापानी हाइकु, सेदोका, काताउताजस्ता त्रिपदीय संरचना भएका साहित्यिक गुणको छनक हाम्रा लोकगीत, बालगीत आदिसँग पनि मिल्दाजुल्दै रहेछन्-

*हुँदो रैछ भेट*
*बँसी मकै छरेसी*
*आउने जाने गरेसी ।*

ooo

*यो नानीको शिरैमा*
*इन्द्रकमल फूल्फुल्यो*
*मगमग चल्यो बासन ।*

- प्रचलित लोकगीत

अर्को कोणबाट नियाल्दा नेपाली लोकगीत र लोकदोहोरीमा पनि हाइकुको समुचित संरचना भेटिन्छ-

*गिट्टी कुटेर*
*छाक टार्नु पऱ्या छ*
*मकै भुटेर !*

- चन्द्रकला शाह (लोक दोहोरी एल्बम, २०६२)

संस्कृत भाषामा महाकवि कालिदासद्वारा लिखित 'कुमारसम्भव' महाकाव्यमा पनि हाइकुको लाक्षणिक भाषा प्रयोग भएको पाइन्छ-

*पदं सहेत भ्रमरस्य पेलवम्*
*शिरीषपुष्पं न पुनः पतत्रिणः*

फूलहरूले भमराको टेकाइ (पाउ) लाई सहन्छन् तर कुनै पनि पन्छीको स्पर्शलाई शिरीषको फूलले सहन सक्दैन (कोशिकी, २०६५ : १९८) ।

### हाइकुको पुर्ख्यौली

साहित्यिक आनन्द लिन सानो चौतारी बनेर नेपाली साहित्यमा हाइकु लेखन झाङ्गिँदैछ । हाइकु ताङ्काबाट जन्मिएको मानिन्छ । ताङ्का जापानको परम्परागत लघु कविता जसलाई ३१ अक्षरमा ५-७-५-७-७ मात्रा मिलाएर रचिन्छ । पहिलो कविले ताङ्का कविता लेख्दा ५-७-५ अक्षरको कविता लेख्थे अर्थात् 'कामि-नो-कु' बनाउँथे । दोस्रो कविले ७-७ अक्षरको कविता थपेर ३१ अक्षरमा उक्त कवितालाई पूर्ण बनाउँथे । यसैलाई 'सिमो-नो-कु' भनिन्थ्यो । यसको विकासक्रमलाई नियाल्दा जापानी कवि बासोको योगदान विशेष रहेको छ । यसमा संरचनाको मिलान अनिवार्य माने पनि भाव पक्षलाई सबल मानिन्छ । बासोले भनेका छन्- "एउटा हाइकु जसले ७० देखि ८० प्रतिशत विषय प्रदर्शित र प्रभावित गर्छ, त्यो राम्रो हो । जुन ५० देखि ६० प्रतिशत छ त्यसले हामीलाई कहिल्यै अल्छी नबनाउला । हाइकुमा अतिशय विश्लेषणका लागि स्थान छैन जस्तै एक्लोपना, शून्यपन आदि शब्द अटाउँदैन । कविताले नै बोल्नुपर्छ ।"

*कोनो मिचिया (यस बाटोमा)*
*युकिहितो नासिनी (कुनै यात्रु चल्दैन)*
*आकिनो कुरे । (शरद साँझ ।)*

हाइकु वाक्यले होइन शब्दमा खँदिलो हुन्छ । कवि क्षेत्रप्रताप अधिकारीका अनुसार सघन र सूक्ष्मतामा शक्तिशाली हाइकुको हरफमा एक कसिलो पूर्ण झोक्का हुन्छ । यो ऋतु विम्बलाई व्यवस्थित प्रयोगबाट जीवनको रहस्य दर्शन गराउने लघुतम पङ्क्तिको काव्य हो । रामकुमार पाँडेद्वारा यौन, सृष्टि, क्रान्ति, भ्रान्ति अनेक रहस्य खोतल्न हाइकु समर्थ हुन्छ तर त्यो सबै कुरा सशक्त हुनुपर्छ भन्नुले हाइकुभित्र साहित्यिक रहस्य र कौतूहल हुन्छ । हाइकुको बाह्य संरचनामा १७ अक्षर गिन्ती र तीन हरफमा एउटा ऋतुबोधक शब्दसहित एउटा रूप तयार हुन्छ भने आन्तरिक संरचनामा प्रकृतिको विम्बले जीवन प्रतिविम्ब दर्शन गराउँछ । तथापि, यसमा आधार अक्षरको गणना हुँदैन । सूक्ष्म अर्थात् एउटा बिन्दुले ब्रह्माण्डको प्रतिनिधित्व गराउने दर्शनले यो विधाको समष्टिमा सघन संरचनाभित्र भाव घनिभूत रहेको भेटिन्छ । समग्रतः हाइकुलाई केलाउँदा आगन्तुक पद्य साहित्यिक विधा, फुटकर कविता, गजल, मुक्तकभन्दा पनि लघुतम गेयात्मक विधा, ५-७-५ को त्रि-हरफीय संरचना तर आफैँमा पूर्ण सङ्कथन, किगो वा ऋतुबोधक शब्द प्रयोग अनिवार्य रहने, कसिलो, सूक्ष्म र विम्बात्मक रचना, व्याख्यान र आख्यानरहित भाषा, नितान्त सूत्रात्मक भाषाको सुगठन हुने भावपक्षमा गहकिलो हुने आदि पक्षलाई भेट्न सकिन्छ ।

# संवैधानिक संस्कृति


■ नारद गौतम

पुस्तक




संविधानविद् काशीराज दाहालको 'संवैधानिक संस्कृति र न्यायिक सक्रियता' पुस्तक सार्वजनिक भएको छ । पुस्तकमा विश्वको संवैधानिक अभ्यास र न्यायिक सक्रियताका विभिन्न पक्षलाई समेटिएको छ । खासगरी अमेरिका, युरोप र दक्षिण एसियाका मुलुकहरूको संवैधानिक अभ्यास र न्यायपालिकाले निर्वाह गरेका सक्रियताका विषयमा व्यावहारिक रूपमा विभिन्न मुद्दाको उल्लेखसहित विषयवस्तु प्रस्तुत गरिएका छन् ।

पुस्तकको मन्तव्य पूर्व प्रधानन्यायाधीश केदारनाथ उपाध्यायले लेख्नुभएको छ । उहाँले संविधान सैद्धान्तिक रूपमा लोकतान्त्रिक हुनु मात्र पर्याप्त नहुने राज्यशक्तिको प्रयोगकर्ता, सबैको व्यवहार र आचरणमा लोकतान्त्रिक मूल्य-मान्यता र त्यसप्रतिको पूर्णनिष्ट र समर्पणभाव स्पष्ट रूपमा देखिनुपर्ने कुरा पुस्तकमा उल्लेख गर्नुभएको छ ।

पुस्तकमा आफैँले संवैधानिक संस्कृति बसाल्दै जानुपर्नेमा जोड दिइएको छ । संवैधानिक संस्कृतिपछि लेखकले चर्चा गर्नुभएको विधिको शासन र संवैधानिक लोकतन्त्रको महत्त्व पनि छ । शासन व्यक्तिको नभई विधिको हुनुपर्छ । कानुनभन्दा माथि कोही हुँदैन, कानुनको नजरमा ठूलो-सानो, गरिब-धनी हुनुहुँदैन, सबै समान हुन्छन् । विधिको शासनबिना संवैधानिक लोकतन्त्रको कल्पना गर्न सकिँदैन । विधिको प्रशासनले कानुनको सर्वोच्चता स्वच्छ तथा स्वेच्छाचारिताको अन्त्यदेखि आर्थिक विकास र सामाजिक न्यायजस्ता व्यापक कुरालाई समेत समेट्छ ।

मन्तव्यका क्रममा उपाध्यायले लेख्नुभएको छ, "तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहको कुरा पनि गरिएको छ । वि.सं २०३९ मा गठित शाही न्याय सुधार आएको प्रतिवेदन राजालाई बुझाउने क्रममा कानुन जनताले मात्र मान्ने होइन, राज्यका सबै अङ्ग र सरकारले पनि मान्नुपर्छ भन्दा राजाले मुख रातो पारी प्रतिक्रिया व्यक्त गरे- "आइएम रेडी टु अबे द रुल अफ ल, बट द्याट रुल सुड बी फर जस्टिस ।" मेरो आशय नेपालको सरकारले भन्ने भए पनि राजाले आफूलाई नै भनेको सम्झिएँ । राजाको अभिप्रायः विधि न्यायसम्मत हुनुपर्छ भन्ने हो । तर तत्कालका संविधान र कानुनहरू न्याय सम्मत बनाउने कसको जिम्मेवारी थियो भन्ने प्रश्न स्वतः उठ्ने नै भयो ।"

नेपालमा स्वविवेकको दुरुपयोगको कारण २०१५ सालको प्रजातान्त्रिक संविधान समाप्त भयो । २०४७ सालको संविधानमा बाधा अड्काउ फुकाउने निहुँमा राजाले प्रत्यक्ष शासनको गलत अभ्यास गर्न खोज्दा संविधान र राजतन्त्र दुवै समाप्त भए । २०६९ सालमा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत बाधा अड्काउ हटाउने निहुँमा गैरसंवैधानिक विकल्पलाई अपनाई बहालवाला प्रधानन्यायाधीशलाई नै सरकार प्रमुख बनाउने गलत अभ्यास भए । लेखकले यी सन्दर्भलाई समेत कृतिमा उल्लेख गर्नुभएको छ ।

दाहालले विभिन्न मुलुकको संवैधानिक विकास र न्याय प्रणालीको चर्चा पनि गर्नुभएको छ । पुस्तकको क्षेत्र निकै व्यापक छ । नेपालको राज्य प्रणाली र संवैधानिक विकाससम्बन्धी २००७ सालअघिका केही कुरादेखि अहिलेसम्मका सत्ता सञ्चालन र संवैधानिक ऐतिहासिक घटना पुस्तकमा समावेश छन् ।

लेखकले २००७ सालमा प्रधानन्यायाधीश नियुक्त भएका हरिप्रसाद प्रधानका निर्णयलाई धेरै ठाउँमा उल्लेख गर्नुभएको छ । प्रधान न्यायालयको प्रधानन्यायाधीशको हैसियतमा हरिप्रसाद प्रधानले राणाकालीन निरङ्कुश शासन व्यवस्थाबाट भर्खरै प्रजातान्त्रिक व्यवस्थामा प्रवेश गरेको मुलुकमा विधिको शासन व्यवस्था बसाल्न देखाएको भूमिका निश्चितरूपले सराहनीय छ । उनी भारतीय नागरिक थिए, जसले गर्दा नेपालमा उनलाई कुनै सामाजिक दबाब पनि थिएन ।

पुस्तकमा संविधानको दिगो विकास र सुशासनका निम्ति संवैधानिक संस्कृति र न्यायिक वैधताको आवश्यकतामा जोड दिइएको छ । संविधानवाद, कानुनी शासन र मानवअधिकार नै राज्य सञ्चालनको आधारभूत व्याकरण हो । जनताको सार्वभौम शक्ति प्रयोग गर्ने, संविधान सिर्जित निकाय व्यवस्थापिका र कार्यपालिका बिग्रियो भने आवधिक निर्वाचनको प्रक्रियाबाट सुधार गर्ने सम्भावना रहन्छ । यस्तो सुधारको आवधिक परीक्षणको व्यवस्था न्यायपालिकामा नहुने भएकोले न्यायिक काम कारबाहीको वैधता संवैधानिक विवेक र संवैधानिक नैतिकताको विवेकपूर्ण प्रयोगबाटै प्राप्त हुने हो । जब राजनीतिक शक्तिहरू संवैधानिक दायित्व पूरा गर्न उदासीन हुन्छन्, त्यसबेला न्यायिक सक्रियता आवश्यक हुन्छ । लोकतान्त्रिक संविधानको स्वच्छ अभ्यास र संविधानभित्रैबाट मुलुकको समस्या समाधान गर्ने पद्धतिको विकासमा नै राज्य र विधिको शासन बलियो हुन्छ ।

पुस्तकले वर्तमान र भावी पुस्तालाई मुलुकमा सुशासन कायम गराउन केही प्रेरणा र ऊर्जा प्रदान गर्नेछ भन्ने विश्वास लिन सकिन्छ । संवैधानिक कानुनका विद्यार्थी, शिक्षकदेखि राजनीतिक व्यक्तित्व, कानुन-व्यवसायी र न्यायाधीशहरूका लागि पनि यस पुस्तकको शैक्षिक र व्यावहारिक उपयोगिता रहने नै छ । ज्ञानगुन कानुन प्रतिष्ठान, काठमाडौँद्वारा प्रकाशित पुस्तकको वितरण पैरवी बुक हाउस प्रा.लि. पुतलीसडक, काठमाडौँले गरेको हो ।

# शिक्षा र राष्ट्रियता

## शिक्षाले कर्म, सीप र क्षमताका माध्यमबाट राष्ट्रको गीत गाउन प्रेरित गर्न सक्नुपर्छ ।



■ जीवनाथ धमला




शिक्षालाई चेतनाको स्रोत मानिन्छ । शिक्षा प्राप्तिका माध्यम समयसँगै परिवर्तन पनि हुँदै जान्छन् । जे–जस्तो सिक्यो, सिकाइयो, पढ्यो, पढाइयो, व्यक्तिले त्यस्तै ज्ञान वा क्षमताको आर्जन गर्दै जाने हो । शिक्षाले मानिसलाई अनुशासित, विवेकशील, सुसंस्कारित र बुद्धिमान व्यक्तिका रूपमा रूपान्तरित गर्छ । यसले समाज वा देशका लागि एक सुयोग्य, सामर्थ्यवान् र असल नागरिक बनाउँछ । शिक्षाको आवश्यकता र महत्त्वमाथि सधैँ चर्चा परिचर्चा हुँदै आएका छन् ।

शिक्षाले समाज र राष्ट्रको शक्ति वा सामर्थ्यलाई निर्माण गर्छ, निर्धारण गर्छ । कुनै पनि देशको सामाजिक, साँस्कृतिक, जनस्तर वा समुदायस्तरमा हुने पारस्पारिक सम्बन्ध, प्रशासनिक जगत्बाट सम्पन्न हुने कार्य, राजनीतिक संस्कार, नागरिक कर्तव्य, अधिकार तथा व्यक्ति वा संस्थाद्वारा पूरा गरिने सामाजिक एवम् राष्ट्रिय जिम्मेवारी आदि अनेकौँ पक्षबाट कुनै पनि देशले अपनाएको शिक्षा नीति र सोद्वारा प्राप्त मुलुकको शैक्षिक स्तरीयताको उपलब्धिलाई मापन गर्न सकिन्छ । राज्यले सामान्य र उच्चस्तरमा शिक्षित जनशक्तिको उत्पादन गरिरहेको हुन्छ । शैक्षिक विशिष्टीकरणका लागि अनेकौँ विधा वा अध्ययनका क्षेत्र छन् । देशको भूगोल, इतिहास, समाज र संस्कृति आदिबारेमा बुझ्नु पनि एउटा शिक्षित व्यक्तिका लागि जरुरी हुन्छ । शिक्षित नागरिकले नै बाह्य जगत्मा देशको सामर्थ्यको परिचय पनि प्रदान गर्छ । राष्ट्रियताको गरिमा र महत्त्वलाई स्तरीय शिक्षा प्राप्त जनशक्तिले नै बुझ्न र बुझाउन पनि सक्छ ।

> शिक्षित नागरिकले नै बाह्य जगतमा देशको सामर्थ्यको परिचय पनि प्रदान गर्छ । राष्ट्रियताको गरिमा र महत्वलाई स्तरीय शिक्षा प्राप्त जनशक्तिले नै बुझ्न र बुझाउन पनि सक्छ ।

शिक्षाको महत्त्व र उद्देश्यका सम्बन्धमा प्रा. यदुनाथ खनालका दृष्टिकोण मननीय छन् । उहाँले आधारभूत तह र उच्च शिक्षा गरी शिक्षालाई दुई भागमा राखेर तीबारे चर्चा गर्नुभएको पाइन्छ । नेपालको उच्च शिक्षाको स्थितिको सम्बन्धमा प्रा. खनालले दशकौँपहिले व्यक्त गर्नुभएका विचारले वर्तमानको स्थितिलाई पनि सम्बोधन गर्छ । उच्च शिक्षामा भएको विद्यार्थी र शिक्षकको लगानीबाट देशले प्राप्त गर्ने शैक्षिक स्तरीयताको मूल्याङ्कन गर्दै प्रा. खनालले भन्नुभएको छ, "विद्यार्थी र शिक्षकको लगानीलाई आफ्नो राजनीतिक खेलवाडका निमित्त हामीले कत्रो नोक्सानीमा पारेका छौँ ? उनीहरूलाई हामीले स्वतन्त्र वादविवाद या शास्त्रार्थमा लगाएका छैनौँ, अवरोधात्मक र हिंसात्मक काम–कारबाहीमा उद्यत बनाएका छौँ । वर्तमानको सन्दर्भमा मात्र गुन्दा पनि यो एउटा भयानक ठूलो क्षति हो भने भविष्यको सन्दर्भमा मात्र गुन्दा त यो एउटा अपरिमेय क्षति नै छ । हाम्रो राजनीति रचनात्मक भइदिएको भए ती युवकयुवतीका लागि रोजगारीका अवसर खडा गर्ने काम हुन्थ्यो । तर, त्यो पक्ष त केवल योजना र भाषणमा सीमित रहेको प्रतीत हुन्छ, जुन कदापि कार्यान्वयन हुँदैनन् । यो भयानक राष्ट्रिय क्षतिका निमित्त को जिम्मेवार छ भन्ने विषयमा एकछिन रोकिएर सोच्नुपर्ने र त्यसको हिसाबकिताब गर्नुपर्ने बेला आएको छ जस्तो लाग्छ ।" (प्रा. जयराज आचार्य, यदुनाथ खनाल, जीवनी र विचार)

प्रा. खनालले विक्रम संवत् २०५० को दशकतिर गर्नुभएको नेपालको उच्च शिक्षाको तत्कालीन स्थितिप्रतिको यथार्थपरक उक्त टिप्पणीको सान्दर्भिकता अझै लामो समयसम्म एउटा तीतो सत्यका रूपमा रहने निश्चित छ । प्रा. खनालको उक्त भनाइबाट वर्तमानमा पनि उच्च शिक्षाको स्तरीयता र उपलब्धिलाई आँकलन गर्न सकिन्छ । नेपालको समकालीन राजनीतिक चिन्तनले देशको शैक्षिक अवस्थालाई कसरी निर्ममतापूर्वक निष्प्रयोजनीय बनाउँदै लगेको छ भन्ने कुरा यसबाट बुझ्न सकिन्छ ।

प्रा. खनालको अर्को भनाइबाट देशको राजनीति र सत्ताले शिक्षित युवाको सामर्थ्यको शोषण कसरी गर्दै छ भन्ने कुरा अझ स्पष्ट हुन्छ, "स्पष्ट छ कि शिक्षामा यो वातावरण हुनुका कारण हाम्रो राज्यको अवस्था नै हो । आज नेपालमा राजनीतिक 'शास्त्र'को होइन, राजनीतिक 'भोगवाद'को राज्य छ । जसरी पुँजीवाद मुनाफाका निमित्त जति पनि टाढा पुग्न सक्छ, त्यस्तैगरी हाम्रो राजनीति सत्ताका निमित्त र युवाको स्वाभाविक आदर्शवादको शोषणको निमित्त जतिसुकै टाढा पनि पुग्न सकेको देखिन्छ । हाम्रो राष्ट्रिय जीवनमा उत्पन्न यो धापमा परेर हाम्रो राजनीति, अर्थतन्त्र र शिक्षाले कुनै पनि तर्कसङ्गत प्राथमिकताको दौडमा हार खाइसकेका छन् ।"

देशको राजनीति र सत्ताले शिक्षालाई, शिक्षित युवा जनशक्तिलाई कुन बाटोमा लैजाँदै छ र त्यसबाट देशको भविष्य कस्तो होला भन्ने प्रा. खनालको यो चिन्तालाई राजनीतिक नेतृत्वमा रहेको आजको पुस्ता र विद्यार्थी जगत् दुवैले गम्भीरतापूर्वक लिनु उपयुक्त हुनेछ । राष्ट्रिय भावनालाई केन्द्रमा राखेर आ–आफ्ना कर्मक्षेत्रमा क्रियाशील रही देश–देशान्तरमा आफ्नो देशको शिर उँचो पार्न वा नेपाली राष्ट्रियताको भावनालाई कहिल्यै लत्रिन नदिने सङ्कल्पका निम्ति नेपालको शिक्षित युवावर्ग तयार हुँदै गएको छ कि वा विद्यमान राजनीतिद्वारा निर्मित दिशाहीनताको धापमा पर्दै गइरहेको छ ? यो बढो चिन्तनीय प्रश्न हो ।

अर्कातिर, राजनीतिक आस्थाको अन्तर्यद्वारा निर्मित नीतिअनुसारको शैक्षिक स्थिति एवम् शिक्षित जनशक्ति राष्ट्रको पक्षमा अडिग भएर डटिरहन सक्दैन । तसर्थ, राष्ट्रियता र राष्ट्रका अन्य महत्त्वपूर्ण विषयमा जहाँ पनि पूर्ण सामर्थ्यका साथ उपस्थित हुनका लागि शिक्षित जनशक्तिको आधार राष्ट्रवादी शिक्षाले नै प्रदान गर्ने यथार्थलाई प्रा.डा.अभि सुवेदीले औँल्याउनुभएको छ, "हाम्रो देशबाट विभिन्न विधामा पढेर गएका विद्यार्थीले अन्तर्राष्ट्रियस्तरमा आफ्ना क्षेत्रबाट बहस गर्नुपर्दा गहकिला तर्क राख्न सक्दैनन् । जस्तो सीमाका सवालमा होस्, वकालतको सवालमा वा राष्ट्रियताका विषय उठाउँदा नै किन नहोस्, ऊ आफ्नो तर्फबाट सामान्य रूपमा प्रस्तुत हुने गर्छ । त्यो राष्ट्रवादी शिक्षा भएन । सबै कुरा बुझ्न सक्ने भयो, तर्क र सुझाव राख्न सक्ने भयो भनेमात्र उसले राष्ट्रवादी शिक्षा पाएको भन्ने हुन्छ । र त्यस्तो शिक्षा नै राष्ट्रवादी शिक्षा हो ।" (प्रेम बानियाँ, जय स्वामिभान)

> सघन रुपमा आ–आफ्नो विषयको ज्ञान वा शिक्षाको उज्यालो छोएर कर्मयात्रामा निस्कनेले नै राष्ट्रलाई पनि बुझेको हुन्छ । आवश्यक परेको बेला उसले राष्ट्रको प्रतिष्ठालाई उज्यालो पार्नेगरी तर्क, बहस गर्न सक्छ । व्यक्तिमा अन्तरनिहित क्षमताले राष्ट्रियताको भावनात्मक पक्षलाई मात्र नभई, राष्ट्रिय सामर्थ्यलाई पनि प्रतिनिधित्व गरिरहेको हुन्छ ।

'स्वतन्त्र शिक्षा नपाएको नागरिकमा चेतनशीलता हुँदैन' भन्ने विचार राख्नुहुने सुवेदीले राष्ट्रियताका सवालमा होस् वा अन्य विषयमा होस्, अन्तर्राष्ट्रिय मञ्चहरूमा हुने नेपालको बौद्धिक वा तार्किक उपस्थितिको वास्तविकता औँल्याउनुभएको हो । उहाँको उल्लिखित भनाइले दशकौँ अघिदेखि वर्तमानसम्मकै नेपालको तर्फबाट बाह्य मुलुकमा हुँदै आएका बौद्धिक, प्राज्ञिक, राजनीतिक एवम् अन्य विविध विषयमाथिको हाम्रो पकड र तिनको घनत्वमाथि पुनः मूल्याङ्कन गर्न घच्घच्याएको छ । नेपालको स्थिति सबल, सक्षम र सारपूर्ण नहुँदा अरूद्वारा नेपालीमाथि गरिने मूल्याङ्कन स्वतः सम्मानजनक रहँदैन । राष्ट्रको कर्मचारीतन्त्र, पार्टीहरू, राजनीतिक वा अन्य संस्था र सरकारका विभिन्न अङ्गका प्रतिनिधिले आफ्नो कार्यक्षेत्रका तर्फबाट अन्तर्राष्ट्रिय जगत्मा व्यक्त गरेका विचारमा देशकै प्रतिनिधित्व भइरहेको हुन्छ । तीबाटै राष्ट्रको सामर्थ्यको पहिचान बाह्य जगत्ले पाउने हो । ती राष्ट्रिय संस्थाहरू वा प्राधिकार सम्पन्न संस्थामा रहने जिम्मेवार व्यक्तिको सक्षमताको पहिलो सिँढी नै उनीहरूले प्राप्त शैक्षिक गुणस्तरीयता हुन सक्नुपर्थ्यो, अनि उनीहरूको प्रतिनिधित्वबाट देशको शिर उठेको अनुभव गर्न सकिन्थ्यो । तर, त्यस्तो अनुभव गर्न नसकिएको विचार प्रा.डा.सुवेदीको रहेको पाइन्छ ।

वास्तवमा, सघन रूपमा आ–आफ्नो विषयको ज्ञान वा शिक्षाको उज्यालो छोएर कर्मयात्रामा निस्कनेले नै राष्ट्रलाई पनि बुझेको हुन्छ । आवश्यक परेको बेला उसले राष्ट्रको प्रतिष्ठालाई उज्यालो पार्नेगरी तर्क, बहस गर्न सक्छ । व्यक्तिमा अन्तरनिहित क्षमताले राष्ट्रियताको भावनात्मक पक्षलाई मात्र नभई, राष्ट्रिय सामर्थ्यलाई पनि प्रतिनिधित्व गरिरहेको हुन्छ । अर्कोतिर, शिक्षाको उद्देश्य व्यक्तिलाई कर्मशीलताले अर्थात् सीप, कौशल, अन्वेषणात्मक क्षमता एवम् कर्तव्यप्रतिको लगनशीलताले सुसज्जित पार्नु हो । विद्यालय वा माध्यमिक तहको शिक्षाबाटै त्यसको शुभारम्भ हुन्छ । शिक्षाले कर्म, सीप र क्षमताका माध्यमबाट राष्ट्रको गीत गाउन प्रेरित गर्न सक्नुपर्छ । उचित शिक्षा पाएका मानिसले आ–आफ्नो जिम्मेवारी बुझेर सोहीअनुरूप निःस्वार्थ रूपमा समर्पित हुन सकेमा राष्ट्रको शिर उठ्न सक्छ । शिक्षाप्राप्त गरेपछि व्यक्ति देशका लागि उपयोगी हुन सकोस्, उसको क्षमताले देशलाई योगदान देओस्, व्यक्तिमा व्युँझने त्यही भावना नै राष्ट्रियता हो भन्ने आसय शिक्षाविद् मनप्रसाद वाग्लेको रहेको बुझिन्छ, "शिक्षा त्यस्तो होस्, जो नेपालका हरेकलाई उत्तिकै आवश्यक परोस् । त्यो भनेको सामान्य शिक्षा हो, त्यसमा समझदारी नगरौँ । त्यसभन्दा माथि उठेर हेर्दा भाषा, सीप, स्थानविशेषका आधारमा वर्गीकरण गर्नुपर्ने हुन्छ । यदि सोहीअनुरूपको शिक्षा दिन सकियो र त्यसरी शिक्षा पाएका मानिसलाई तत्स्थानमा परिचालन गर्न सकियो भने मानिस रोजगारीका निम्ति भौँतारिँदैन र देशमै बस्छ । अनि मात्र देश माथि जान्छ । त्यो हो राष्ट्रियता भनेको ।" (प्रेम बानियाँ, जय स्वामिभान)

सामान्य शिक्षा पाएको व्यक्तिले पनि आफ्नो ज्ञान र सीपको पूर्ण उपयोग स्वदेशमै बसेर गर्न सक्यो भने उसको कर्मबाट देशलाई लाभ पुग्छ । शिक्षाले व्यक्तिलाई परनिर्भर नभई, स्वनिर्भर बनाउन सकोस् । उपयुक्त शिक्षा पाएर स्वदेशकै माटोमा कर्मशील बनेर बस्नु पनि राष्ट्रियता हो भन्ने आसय वाग्लेले राख्नुभएको बुझ्न सकिन्छ । वाग्लेलगायत कतिपय विद्वान्हरू नेपालको शिक्षा नीति एवम् पाठ्यक्रम राष्ट्रिय भावनालाई टेवा पुग्नेगरी बनाइनुपर्ने विचार राख्नुहुन्छ ।

नेपालको राजनीतिक परिवर्तनसँग जोडिएका ऐतिहासिक घटनाक्रममा विद्यार्थीको योगदान रहँदै आएको छ । प्रजातन्त्र र राष्ट्रियताका पक्षमा उच्च तहमा अध्ययनरत विद्यार्थी उभिँदै, सङ्घर्ष गर्दै आएका पनि छन् । यद्यपि, सङ्घर्ष र बलिदानका क्षणहरू भनेका अस्थायी प्रकृतिका रहने हुन्छन् । राष्ट्रप्रतिको सजगता विद्यार्थीमा रहनुपर्छ । तर, विद्यार्थीले राष्ट्रको स्तरोन्नतिका लागि आफ्नो शैक्षिक स्तरलाई बढाउँदै आ–आफ्नो प्रतिभा र क्षमता बढाउँदै लैजानु आवश्यक भएको विचार बीपीले राख्नुभएको छ, "विद्यार्थी हमेसा विस्फोट, सङ्घर्ष र अराजकताका शक्ति होइनन्, जुनसुकै प्रयोग गर्न सकिने बारुद होइनन् । ती कुनै पनि राष्ट्रको सिर्जना र निर्माणका अपरिमित शक्ति हुन् । तिनको प्रतिभा र तालिमको स्तरबाट कुनै पनि राष्ट्रको स्तर र क्षमता आँकलन गरिन्छ ।" (तरुण तथा विद्यार्थीलाई सन्देश)

देशको स्तरीयताको मापदण्ड विद्यार्थीले प्राप्त गरेको शैक्षिक स्तरबाट तय गर्न सकिन्छ । बीपीले विद्यार्थीलाई दिनुभएको सन्देशमा शिक्षित नागरिकले देशलाई पुऱ्याउने योगदानबारे चर्चा गर्नुभएको छ । बीपीको आसय देशको भविष्यका आधारका रूपमा रहेको विद्यार्थीवर्ग राजनीतिको हतियार बन्ने नभई, आफू सामर्थ्यवान् बनेर राष्ट्रलाई पनि सामर्थ्यवान् बनाउन सक्नुपर्छ भन्ने हो । बीपीको दशकौँ पहिलेको यस चिन्तनमा देशको वर्तमानको शैक्षिक स्तर एवम् राजनीतिद्वारा निर्देशित उच्च तहको विद्यार्थी वर्गको स्तरीयता प्रतिविम्बित भएको महसुस गर्न सकिन्छ । राष्ट्रको भविष्यसँग गाँसिएको बीपीको यस चिन्तनमा शिक्षाको स्तरबाटै राष्ट्रको स्तर निर्धारण हुन सक्ने भएकाले राजनीतिक क्षेत्र र विद्यार्थी वर्गलाई त्यसतर्फ सचेष्ट रहन आह्वान गरिएको छ । बीपीको भनाइमा राष्ट्र र राष्ट्रियताप्रतिको चिन्तन सन्निहित रहेको महसुस गर्न सकिन्छ । विद्यार्थी वर्गको भविष्यले नै राष्ट्रको भविष्यलाई बोक्ने हुँदा त्यसलाई ध्यानमा राखी नीति निर्माताद्वारा शैक्षिक नीति निर्माण गरिनुपर्ने सन्देश बीपीले दिनुभएको पाइन्छ ।

आधारभूत तहमा शिक्षाले मानिसलाई आफू, समाज र देशप्रति सचेत रहन प्रेरित गर्छ । तर, देशको जिम्मेवारीका अनेक क्षेत्र र अङ्ग रहन्छन् । तिनमा जिम्मेवारी वहन गर्ने नागरिक बढी सचेत र सुयोग्य पनि हुनुपर्ने अपेक्षा रहन्छ । जिम्मेवार व्यक्तिले स्वयम्को मूल्याङ्कन गरी आफ्नो सामर्थ्यलाई उठाउने प्रयत्न गर्नुपर्छ । औपचारिक शिक्षाले बाटो पहिल्याउन मद्दत त गर्छ तर सामर्थ्यको उचाइ बढाउन व्यक्ति स्वयम् अग्रसर हुनु जरुरी छ । देश निर्माणका भौतिक आयामलाई बलियो पार्दै राष्ट्रिय स्वाभिमान एवम् प्रतिष्ठालाई चहकिलो पार्दै राष्ट्रियताको सम्बर्द्धन गर्न मद्दत पुऱ्याउने शिक्षा नीति एवम् पाठ्यक्रम आदिको तर्जुमा र व्यवस्थापनका साथ शिक्षण संस्थालाई राजनीतिक प्रभावबाट मुक्त राख्नु उपयुक्त हुनेछ । शिक्षा राष्ट्रियताको आधार हो, शिक्षित जनशक्ति राष्ट्रियताको वाहक हो । ■

## साताको राशिफल
(फागुन २९ देखि चैत ६ गतेसम्म)



दामोदरनाथ लोहनी
ज्योतिषाचार्य

**साताका चाड :** २९ गते दर्शश्राद्ध । १ गते चैत सङ्क्रान्ति, चन्द्रोदय, ग्याल्पो ल्होसार ।



**मेष (चु चे चो ला लि लु ले लो अ)**
खर्च बढ्ने बेला आएको छ । सोमबारसम्म निकै खर्च होला । मङ्गलबारदेखि केही सुधार आए पनि आत्मसन्तुष्टि हुने देखिन्न । व्यापारसम्बन्धी कामले तपाईंलाई टेवा देला । परिवारसमेत राम्रो मद्दत गर्नेखालका छन् ।



**वृष (इ उ ए ओ वा वी वु वे वो)**
त्यति नराम्रो साता होइन । पहिलेदेखि बाँकी रहेका निकै काम बन्नेछन् । मद्दत गर्नेको सङ्ख्या सीमित भए पनि आफ्नै आत्मबलले निकै काम गर्नुहुनेछ । पढाइ र लेखाइ दुवैतिर गति चलिरहला । प्राविधिकखाले कामबाट भने सामान्य लाभमात्र हुनेछ ।



**मिथुन (का कि कु घ ङ छ के को हा)**
साता राम्रोखालको छ । पहिलेका निराशा बिस्तारै घटेर जानेछन् र काम गर्ने उत्साह बढ्दै आउनेछ । मद्दत दिने मित्रसमेत यथेष्ट भेट्नुहोला । हातले समातेको व्यवसायले मनग्गे लाभ दिनेछ । खर्च घट्ने देखिन्न । विशेषगरी बिहीबार र शुक्रबारमा बढी खर्च होला ।



**कर्कट (ही हु हे हो डा डि डु डे डो)**
सातालाई निकै राम्रो रूपमा लिन सकिन्छ । असल काम गर्नेतिर मनको प्रवृत्ति गइरहला भने गरेका काम पनि राम्रैसित सम्पन्न हुनेछन् । शिक्षाको क्षेत्रमा समेत रुचि बढिरहेको छ । तपाईंको बोलीमा अरूहरूलाई प्रभाव पार्न सक्ने शक्ति छ । व्यवसायले समेत साथ देला ।



**सिंह (मा मि मु मे मो टा टी टू टे)**
मङ्गलबारसम्मका दिन त्यति राम्रा छैनन् । सोच्दै नसोचेका समस्या आएर चिन्ता बढाउला । त्यसैले शनिबारको दिन बिहानै शिवजीको र महाँकालको दर्शन गर्नुहोस् । व्यापारसम्बन्धी कामले अलि–अलि भए पनि टेवा देला तर परिवारको पिरलो भने परिरहनेछ ।



**कन्या (टो पा पी पू ष ण ठ पे पो)**
दौडधुप निकै पर्नेछ तर त्योअनुसारको फल प्राप्ति भने हुने छैन । थोरै उपलब्धिले नै चित्त बुझाउनुपर्नेछ । खर्चको मात्रा घट्नेक्रममा छैन । बुधबारको दिन भने केही न केही दिनेखालको छ । बिहानै उठेर नारायणको स्मरण गरेमा कठिनाइ हटी केही प्राप्तिसमेत हुन सक्छ ।



**तुला (रा रि रु रे रो ता ती तू ते)**
बुधबारसम्मका दिन राम्राखालका छन् । विपक्षीसँग मुकाबिला गर्दा तपाईंकै विजय हुनेछ । बिहीबार र शुक्रबार भने अलि चिन्ताकारक नै देखिन्छन् । त्यसैले बिहीबारको दिन बिहान भोजन गर्दा दहीको प्रयोग गर्नुहोस् ।



**वृश्चिक (तो ना नि नू ने नो या यि यू)**
खर्च घट्ने छैन तर त्यो खर्च राम्रै काममा जाला । त्यसैले पीर नमाने पनि हुन्छ । धार्मिक काम गर्न खोज्दा व्यवधान गर्न खोज्ने धेरै छन् । तैपनि तपाईंको कल्याणकारी प्रवृत्तिमा ह्रास हुने छैन । पढाइमा समेत गतिशीलता नै छ ।



**धनु (ये यो भा भी भू ध फा ढा भे)**
साताको सुरुमा सामान्य स्वास्थ्यसम्बन्धी समस्या परेर खर्च होला । तर, सोमबारदेखि त्यसमा नियन्त्रण आउनेछ । सूर्यको आराधनाले मात्र त्यसमा केही सुधार होला । खासगरी साताको पछिल्लो भाग फलिफाप दिनेखालको छ ।



**मकर (भो जा जी जू जे जो ख खी खू खे खो गा गी)**
अलि–अलि स्वास्थ्य बाधा भए पनि चिन्ता लिनुपर्ने समय छैन । हरेक समस्यासित जुध्न सक्ने सामर्थ्य छ । खर्चको मात्रा भने घट्ने छैन । जागिरबाट कम र हातले समातेका अरू सीपबाट बढी लाभ गर्न सक्नुहुनेछ । मित्रहरूको सहयोगले पनि तपाईंलाई प्रशस्त टेवा देला ।



**कुम्भ (गू गे गो सा सी सु से सो दा)**
मनमा अलि–अलि डर लागिरहला । विशेषगरी बाधा दिने तत्त्वहरू बढिरहेका छन् । यिनीहरूसँग मुकाबिला गर्न गणेशको दर्शन नितान्त आवश्यक छ । परिवार र मित्रबाट सहयोग मिलिरहला । साताका पछिल्ला दिन भने चिन्ताकारक देखिन्छन् ।



**मीन (दी दू थ झ ञ दे दो चा ची)**
सातालाई राम्रो रूपमा लिन सकिन्छ । अज्ञात भयको छाँया देखिए पनि चिन्ता लिनुपर्दैन । आर्थिक स्थिति पहिलेको भन्दा बलियो होला । पुराना बाँकी रहेका कामसमेत यो साता बन्न सक्छन् । भोजभतेर र मित्र समागम प्रशस्त हुने देखिन्छ ।

**सूचना** गोरखापत्रको शनिबार परिशिष्टाङ्कमा लेख, रचना, प्रतिक्रिया सम्प्रेषणका लागि आफ्नो परिचय र तस्बिरसहित निम्न इमेल ठेगाना प्रयोग गर्नुहोला । gopashanibar@gmail.com

# निर्देशक नारी

चलचित्र निर्देशन गर्ने पहिलो नारीको गौरव भने सुचित्रा श्रेष्ठले हासिल गर्नुभएको छ । उहाँद्वारा निर्देशित चलचित्र 'प्रेमयुद्ध' हो । उहाँ पछि रक्षा सिंह राणाले 'द गेम' निर्देशन गर्नुभयो ।



■ विजयरत्न तुलाधर

निर्देशकसँगको मनमुटावले अभिनेत्री रेखा थापाले निर्देशनको जिम्मेवारी सम्हाल्नुपरे जस्तै अभिनेत्री सिर्जना बस्नेतको अगाडि पनि यस्तै परिस्थिति आइपऱ्यो ।

नारी दिवसको अवसर पारेर चलचित्र विकास बोर्डमा आयोजित एक कार्यक्रममा नायिका रेखा थापाले 'आफू महिला निर्देशक नभई चलचित्र निर्देशक हुँ' भन्नुभयो । एक अभिनेत्रीका रूपमा उहाँले बीस वर्षअघि चलचित्र यात्रा सुरु गर्नुभएको थियो । उहाँ नेपाली चलचित्र जगत्‌की शीर्ष व्यक्तित्व हुनुहुन्छ ।

अभिनेत्रीको रूपमा शीर्षस्थान बनाउन सफल रेखा चलचित्र निर्माणमा पनि संलग्न हुनुहुन्छ । केही वर्ष अघिसम्म उहाँले पति छविराज ओझासितको संयुक्त लगानीमा चलचित्र निर्माण गर्नुहुन्थ्यो । पति छविराजसित सम्बन्धविच्छेद भएपछि 'काली' चलचित्र उहाँ एक्लैले निर्माण गर्नुभयो । अनि निर्देशकका रूपमा 'हिम्मतवाली' चलचित्रबाट आफ्नो यात्रा अगाडि बढाउनुभयो । यो चलचित्रको निर्देशनको जिम्मेवारी निर्देशक श्याम भट्टराईलाई सुम्पेर आफू निर्माता र अभिनेत्रीका रूपमा मात्र रहने विचार गर्नुभएको थियो तर निर्देशक भट्टराईसित सुटिङक्रममा मनमुटाव भएपछि निर्देशनको कामसमेत उहाँ आफैँले सम्हाल्नुभयो ।

'हुन त पहिलेदेखि नै चलचित्र निर्देशक बन्नेबारे सोचिराखेकी थिएँ, 'काली'को बेला पनि म आफैँ नै निर्देशन गरुँ कि जस्तो लागेको थियो किनकि मैले जसलाई (हिमग्याप टासी) निर्देशकको जिम्मेवारी दिएको थिएँ, उहाँले भ्याउनु भएन । त्यसैले मैले नै निर्देशन गर्नुपर्ने जस्तो भयो । तर, मैले सोचेँ कि निर्देशनजस्तो गहन जिम्मेवारी वहन गर्न हतार गर्नुहुँदैन । त्यसैले सवीर दाइ (सवीर श्रेष्ठ)लाई नै निर्देशकको जिम्मेवारी सुम्पेँ ।' निर्देशनप्रति आफ्नो झुकाव पहिलेदेखि नै रहेको कुरा रेखाले यसरी एकपटक स्पष्ट पार्नुभएको थियो । दोस्रो चलचित्र 'हिम्मतवाली'को सन्दर्भमा भने निर्देशक श्याम भट्टराईसँग उहाँको मनमुटाव भयो । फलस्वरूप निर्देशक भट्टराई चलचित्रबाट अलग हुनुभयो । अनि उहाँ स्वयम्‌ले निर्देशनको जिम्मेवारी सम्हाल्नुपऱ्यो ।

यसरी बाध्यतावश निर्देशक हुनुभएकी रेखा एउटै चलचित्रमा मात्र सीमित रहने हो कि भन्ने धेरैको शङ्कालाई मेट्दै उहाँले अर्को चलचित्र 'रामप्यारी' आफ्नो निर्देशनमा बनाउने घोषणा गर्नुभयो । तर, पछि गएर यो चलचित्रको निर्देशनको जिम्मेवारी पनि सवीर श्रेष्ठलाई नै सुम्पनुभयो । पछिल्लो समय रेखाले 'मालिका' चलचित्र आफैँले निर्देशन गर्नुभयो । अहिले उहाँ नयाँ चलचित्र निर्देशन गर्ने तयारीमा हुनुहुन्छ । निर्देशकसँगको मनमुटावले अभिनेत्री रेखा थापाले निर्देशनको जिम्मेवारी सम्हाल्नुपरे जस्तै अभिनेत्री सिर्जना बस्नेतको अगाडि पनि यस्तै परिस्थिति आइपऱ्यो ।

अभिनेत्री सिर्जनाले निर्देशनको जिम्मेवारी लिनुपरेको चलचित्र हो– 'गुडलक' । सिर्जना यस चलचित्रको निर्माता पनि हुनुहुन्छ । 'गुडलक' चलचित्रको निर्देशकका रूपमा गोविन्द गौतमलाई अनुबन्धित गरिएको थियो । तर, निर्धारित समयमा सुटिङ सुरु गर्न नसक्दा निर्देशक गौतम कामविशेषले मुम्बई जानुपर्ने भयो । मुम्बईबाट उहाँ लामो समय नफर्किएपछि बाध्य भएर अभिनेत्री सिर्जनाले 'गुडलक'को निर्देशक बन्ने जिम्मेवारी उठाउनुपरेको थियो । चलचित्र बनेको र तयार भएको हिसाबले नेपाली चलचित्र जगत्‌मा नायिकाबाट निर्देशक बनेको पहिलो व्यक्ति सिर्जना नै भए पनि 'गुडलक' चलचित्रको देश–विदेशमा केही 'च्यारिटी शो' हुनुबाहेक सार्वजनिक प्रदर्शन भएको छैन । त्यसैले सार्वजनिक रूपमा प्रदर्शन भएको हिसाबले 'हिम्मतवाली'की रेखा थापा नै नायिकाबाट निर्देशक हुने प्रथम व्यक्तित्व हुनुहुन्छ ।



रेखा थापा



दीपाश्री निरौला



सुचित्रा श्रेष्ठ

केही समयअघिको कुरा हो, अभिनेत्री करिश्मा मानन्धर पनि चलचित्र निर्देशनमा उत्रिने खबरले चर्चा पाएको थियो । नेपालका वरिष्ठ चलचित्र व्यवसायी एवम् गोपीकृष्ण मुभिजका संस्थापक उद्धव पौड्यालले अभिनेत्री करिश्मा मानन्धरलाई निर्देशकका रूपमा अनुबन्धित गरेको खबर पनि आयो । नायकका रूपमा हरिवंश आचार्यका छोरा मोहितवंश आचार्यलाई लिइने गाइँगुइँ पनि चल्यो । तर, त्यति नै बेला हरिवंश आचार्यकी श्रीमती मीरा आचार्यको असामयिक निधन भयो । आमाको शोकमा डुबेका मोहितले चलचित्रमा अभिनय गर्ने अवस्था नदेखिएपछि सेलाएको त्यो 'प्रोजेक्ट' पछि चर्चामा आएन । करिश्मा मानन्धरले निर्माण गर्नुभएको एउटा चलचित्र 'फागु' सम्झना उप्रेती रौनियारले निर्देशन गर्नुभयो ।

नेपालमा अभिनेत्रीले चलचित्र निर्देशन गर्ने विषयमा चर्चा गर्दा अभिनेत्री झरना थापाको नाम पनि उल्लेखयोग्य छ । रेखा थापा, सिर्जना बस्नेत र करिश्मा मानन्धरजस्तै झरना थापा पनि केही समययतादेखि चलचित्र निर्माणमा संलग्न रहँदै आउनुभएकी अभिनेत्री हुनुहुन्छ । केही समयको अन्तरालमा अभिनेत्री झरनाले 'ए मेरो हजुर–२' र 'ए मेरो हजुर–३' गरी दुईवटा चलचित्र निर्देशन गरिसक्नुभएको छ । 'ए मेरो हजुर'को निर्देशक शिव रेग्मी हुनुहुन्छ भने यसमा श्रीकृष्ण श्रेष्ठ र झरना थापाको प्रमुख भूमिका छ । अभिनेत्री थापा यसको निर्माता पनि हुनुहुन्छ ।

'ए मेरो हजुर–२' मा अभिनयका लागि झरनाले अभिनेता श्रीकृष्ण श्रेष्ठसित कुरा गरिसक्नुभएको थियो तर श्रीकृष्णको असामयिक निधनले उहाँको सपना पूरा हुन सकेन । चलचित्रको कथालाई पुनःसंरचाना गरी अर्कै रूप दिनुपरेको थियो । 'ए मेरो हजुर–२' ले प्राप्त गरेको सफलताले हौसिएकी झरनाले त्यसको 'सिक्वेल'का रूपमा 'ए मेरो हजुर–३' बनाउनुभयो । यो चलचित्र पनि व्यापारिक रूपमा सफल नै मानियो । अहिले उहाँको निर्देशनमा बनिरहेको 'ए मेरो हजुर–४' अन्तिम चरणमा पुगिसकेको छ ।

निर्देशन क्षेत्रमा अगाडि बढेका अभिनेत्रीको चर्चा गर्दा अर्को उल्लेखनीय नाम हो– दीपाश्री निरौला । 'तीतोसत्य' जस्तो अत्यन्त लोकप्रिय टेलिशृङ्खलाको निर्माणमा समेत संलग्न रहनुभएकी अभिनेत्री दीपाश्रीले निर्देशन गर्नुभएको 'छक्कापञ्जा'लाई नेपाली चलचित्र जगत्‌मा सर्वाधिक कमाउने चलचित्रका रूपमा लिइन्छ । यो चलचित्रले प्राप्त गरेको सफलताले हौसिएर उहाँले पनि 'छक्कापञ्जा–२' र 'छक्कापञ्जा–३' चलचित्र निर्देशन गर्नुभयो ।

नारी निर्देशकको चर्चा गर्दा दीपा बस्नेतको नाम पनि छुटाउन मिल्दैन । उहाँको 'श्री ५ अम्बरे' एक चर्चित चलचित्र हो । दीपा बस्नेतको यो दोस्रो चलचित्र हो । यसभन्दा अघि उहाँद्वारा निर्देशित 'अन्तराल' प्रदर्शित भइसकेको छ । 'अन्तराल' सबैतिरबाट प्रशंसा कमाएको चलचित्र हो ।

चलचित्र निर्देशन गर्ने पहिलो नारीको गौरव भने सुचित्रा श्रेष्ठले हासिल गर्नुभएको छ । उहाँद्वारा निर्देशित चलचित्र 'प्रेमयुद्ध' हो । उहाँ पछि रक्षा सिंह राणाले 'द गेम' निर्देशन गर्नुभयो । यसभन्दा अघि उहाँ चलचित्र सम्पादकका रूपमा सक्रिय रहँदै आउनुभएको थियो ।

चलचित्र निर्देशनको क्षेत्रमा रहनुभएकी अर्की नारी प्रतिभा सम्झना उप्रेती रौनियार हो । उहाँको पहिलो चलचित्र 'मेघा' पनि एउटा प्रशंसा बटुल्न सफल चलचित्र हो । सहायक निर्देशकका रूपमा केही नेपाली र हिन्दी चलचित्रमा काम गरी उहाँले निर्देशकको जिम्मेवारी लिनुभएको हो । 'वीर गणेशमान' जस्तो ऐतिहासिक चलचित्रको उहाँ सहायक निर्देशक हुनुहुन्छ । यसरी चलचित्र निर्देशनमा नारी नामहरू थपिनेक्रम जारी छ । यसैक्रममा 'तँ म र ऊ' र 'आधा पेज' जस्ता चलचित्रमार्फत यो क्षेत्रमा पाइला बढाउने निर्देशकको नाम समुद्र भट्ट हो भने 'काफल पाक्यो' चलचित्रबाट निर्देशन क्षेत्रमा आउनुभएकी निर्देशक सावित्री खत्री हुनुहुन्छ । ■



झरना थापा

# फर्कँदै हस्तकला

मानिसको बसाइँ सर्ने प्रवृत्ति, प्रविधिको व्यापक प्रयोग र विविधतामा मानिसको रुचि जाग्नुका कारण यो कलाले फुल्ने फल्ने मौका प्रशस्त पाएको छ ।









■ केशवराज खनाल

संस्कृति र सभ्यताको मुहानका रूपमा नेपाल परिचित छ । हाम्रा विभिन्न ऐतिहासिक स्थानको उत्खनन गर्दा पाइएका विभिन्न मूर्ति भाँडाकुँडा र हस्तकलाका सामग्रीले यो तथ्यलाई प्रस्ट पार्छ । यस सन्दर्भमा हस्तकला पनि नेपाल र नेपाली सीपको परिचायक हो । मानव जातिको उत्पत्तिसँगै यो कलाको विकास भएको इतिहास पाइन्छ ।

के हो त हस्तकला ? मनमा प्रश्न उब्जिन सक्छ । हातबाट निर्मित दैनिक जीवनमा प्रयोग गर्न वा सजाउनका लागि प्रयोग गरिने साधन नै हस्तकला हुन् । परम्परामा आधारित वस्तुलाई उपयोगितासँगै सौन्दर्य थप्दै लैजाने पद्धति हस्तकलाभित्र पर्छ । यस मानेमा हामीले प्रयोग गर्ने डोको नाम्लो, भाँडाकुँडादेखि टेक्ने लौरो, गुन्द्री राडीपाखी धातुमूर्ति, चित्रकला आदि सबै हस्तकला नै हुन् ।

हस्तकलामा एकातर्फ यसको विशेष शैली देखापर्छ भने अर्कातर्फ साँस्कृतिक, भौगोलिक परिचय, स्थानीयपनसँग जोडिएको सम्बन्धलाई पाउन सकिन्छ । यो कलामा विशेषगरी महिलाको सहभागिता बढी रहेको भए पनि पुरुषको योगदान पनि सँगसँगै रहेको छ । विशेषतः ग्रामीण भेगका महिला पुरुषले आफ्ना दैनिकीलाई सहजीकरण गर्दै सौन्दर्य चिन्तनबाट प्रेरित भई उत्पादन गरेका सामग्रीका रूपमा रहेको छ– हस्तकलाका सामग्री ।

लोकजीवनमा हस्तकलाको विशेष महत्त्व छ । चाडपर्वविशेषमा त यो कलाको महत्त्व अझ बढ्छ । तराईमा मनाइने मेलापर्व होस् वा पहाडी, हिमाली भेगका जात्रापर्वमा हस्तकलाका सामानको प्रयोग अत्यधिक भएको पाइन्छ । समय र अवस्थासँगै यो कलाको विस्तार, परिमार्जित स्वरूप देख्न सकिन्छ । मानिसको बसाइँ सर्ने प्रवृत्ति, प्रविधिको व्यापक प्रयोग र विविधतामा मानिसको रुचि जाग्नुका कारण यो कलाले फल्ने फुल्ने मौका प्रशस्त पाएको छ । एक संस्कृतिको मानिसले अर्को संस्कृतिलाई सहजै अपनाउनाले पनि यो कला र यसका प्रविधि सहज रूपमा एक समुदायबाट अर्को समुदायमा सम्प्रेषण भएको छ । बसाइँ सराइको क्रम बढेसँगै एक भौगोलिक क्षेत्रमा प्रयोगमा आएको हस्तकलाका सामग्री अर्को क्षेत्रमा बसेका व्यक्तिसम्म पनि पुगेको छ ।

हस्तकलाका सामग्रीले स्थानीय बजारलाई त आकर्षित गर्छ नै स्वदेश तथा विश्वबजारसम्म पुग्न पनि बाटो प्रशस्त गरिसकेको छ । यसो हुनुमा विश्वबजारीकरणको प्रभाव हो । नेपाल हस्तकला महासङ्घको वार्षिक आँकडा हेर्दा पनि नेपालबाट बर्सेनि १२/१५ अर्ब रुपियाँभन्दा बढीको निर्यात हस्तकलाका सामग्रीमात्र हुने गरेको छ । अन्य निकायबाट हुने निर्यातलाई पनि लिने हो भने यसको निर्यात २०/२२ अर्ब रुपियाँभन्दा बढी रहेको अनुमान गर्न सकिन्छ । यसलाई अझ व्यवस्थित गर्न सकेको खण्डमा हस्तकलाको बजार अझ ठूलो बन्नेमा दुईमत नहोला ।

यसक्रममा नेपालको हस्तकलाको प्रवर्द्धन र बजारीकरणका लागि 'रोड टु कोप २६' कार्यक्रम अगाडि सारिएको छ । विशेषतः यो कार्यक्रमले नेपाली मौलिक हस्तकलालाई वातावरण अनुकूलन कायम गरी आमसमुदायको जीवनस्तरमा परिवर्तन ल्याउने मुख्य उद्देश्य लिएको छ । प्रकृतिमा आधारित रही व्यक्ति वा समूहले यो अभियानमा भाग लिन सक्नेछ । यो कार्यक्रम विशेषतः अनुदानमा आधारित हुने र व्यक्ति वा समूहले प्रस्तुत गरेको आवेदनका आधारमा पहिलो चरणमा ५० वटा आवेदन स्वीकृत गरिने कार्यक्रमका संयोजक कलाकार तथा प्राध्यापक सुजन चित्रकार बताउनुहुन्छ । ती ५० वटा आवेदनमा विभिन्न कोणबाट छलफल गरेर पाँचवटा आवेदनलाई स्वीकृत गरिने आयोजकको योजना छ ।

छानिएका विशिष्ट हस्तकला प्रवर्द्धक योजनालाई काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्टस्, अप्लाईड आर्टस् स्कटल्यान्ड र एडिनवर्ग विश्वविद्यालयको साझेदारीमा सञ्चालन गर्न लागिएको छ । कार्यक्रमलाई बेलायतको फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिस नेपालको सहयोगमा ब्रिटिस काउन्सिल नेपालले कार्यान्वयनमा ल्याउनेछ । साथमा राष्ट्रिय आविष्कार केन्द्रले पनि यस कार्यक्रमलाई साथ दिइरहेको छ । नेपालमा दिगो व्यवसायका लागि जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्न सघाउने र प्रकृतिमा आधारित हस्तकलासम्बन्धी अभ्यास प्रवर्द्धन गर्ने यो कार्यक्रमको मुख्य लक्ष्य रहेको बताइएको छ । यसका अतिरिक्त युवती र सीमान्तकृत समुदायलाई टेवा दिनु यो कार्यक्रमको लक्ष्य रहेको छ । निश्चय पनि हस्तकला विशेषतः स्थानीय सामग्रीको प्रयोग, कमभन्दा कम मेसिनको प्रयोग र जनजीवनसँग गाँसिएको विशिष्ट कला भएकाले यो वातावरणमैत्री र समाजमैत्री हुन जरुरी हुन्छ । विश्वको जुन कुनामा पुगे पनि मानिसले आफ्नो जन्मे–हुर्केको समाज, समय र कलालाई अपनाइरहेको हुन्छ । तसर्थ, यो कार्यक्रमले नेपाली हस्तकलालाई एक फड्को माथि लैजान सक्ने देखिन्छ । कार्यक्रममा व्यावसायिक कलाकारले मात्र आवेदन दिनुपर्छ भन्ने छैन । ' पहिला 'कन्सेप्ट'मा हामी छलफल गर्छौं । यदि व्यक्तिको 'कन्सेप्ट'ले प्रकृति, वातावरण र कलालाई साथ लिएर स्थानीय हस्तकलालाई प्रमुखतामा राखेको छ भने जोकोहीले पनि यो 'ग्रान्ट' पाउन सक्नुहुनेछ ।' यसर्थ, यो कार्यक्रमले व्यावसायिक कलाकारलाई मात्र नहेरेर कुनै पनि तह र तप्काका हस्तकलाका अध्येयता, अभियन्ता वा सामान्य अनुरागीलाई प्रोत्साहित गर्नेछ ।

हस्तकलाको प्रवर्द्धन गर्ने कार्य नेपाल हस्तकला महासङ्घले गर्दै आएको छ । प्रवर्द्धन कार्यका लागि यो संस्थाले हरेक वर्ष विविध कार्यक्रमको आयोजना पनि गर्छ । यद्यपि, महासङ्घका कार्यक्रमले मात्र पुगेको देखिँदैन । अन्य निकायबाट पनि यो कलाको प्रवर्द्धन र प्रचार–प्रसार जरुरी छ । यसका लागि 'रोड टु कोप २६' कार्यक्रम एउटा कोसेढुङ्गा बन्न सक्छ । हाम्रा लोकजीवनमा रहेका र लुकेका हस्तकलालाई थोरैमात्र बाटो बनाइदिने हो भने विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोतका रूपमा यो क्षेत्र रहनेछ । ■




वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

विराटनगर संस्करण

NBL वार्षिकोत्सव व्यवसाय कर्जा
सृजनशीलहरुमा उर्जा भर्दै
वार्षिक ब्याजदर ६.९९%*
नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED

| वर्ष १२० | अङ्क ३०४ | २०७७ साल फागुन २९ गते शनिबार | फाल्गुण कृष्ण औंसी | नेपाल संवत् ११४१ सिल्लागाः १५ | 2021 March 13 Saturday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# एमाले केन्द्रीय कमिटी विस्तार

● सबै पक्षसँग खुला संवाद र छलफल गर्दै कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने निर्णय

■ भउचप्रसाद यादव




काठमाडौँ, फागुन २८ गते । नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय कमिटी विस्तार गरिएको छ ।

प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार बसेको पार्टीको केन्द्रीय कमिटीको विशेष बैठकले सङ्कटका बेला पार्टी एकता र नेतृत्वको पक्षमा दृढतापूर्वक उभिनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साहलगायत नेकपा (माओवादी केन्द्र) पृष्ठभूमिका २३ जनालाई पार्टीको केन्द्रीय कमिटीको जिम्मेवारी दिने निर्णय गरिएको पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

बैठकले पार्टीको महाधिवेशनको समयावधि, उमेर हद, कमिटीको संरचनालगायत कतिपय प्रश्नमा नवौँ महाधिवेशनबाट पारित विधानका व्यवस्थालाई परिवर्तित सन्दर्भ अनुकूल बनाउन बाधा अड्काउ फुकाउने पनि निर्णय गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ । पार्टी प्रवक्ता ज्ञवालीले गोरखापत्रसँग कुरा गर्दै पार्टीको महाधिवेशन र पदाधिकारीबारे कुनै निर्णय नभएको जानकारी दिनुभयो ।

बैठकले अदालतको निर्णय जेजस्तो भए पनि यसलाई कार्यान्वयन गरेर अगाडि बढ्ने निर्णय गरेको छ । सबै पक्षसँग खुला संवाद छलफल गर्दै कम्युनिस्ट आन्दोलनलाई उचित र सही सङ्गठनात्मक आधारमा एकताबद्ध बनाउने प्रयास जारी राख्ने निर्णय गर्दै निर्वाचन आयोगले दिएको १५ दिनको समयसीमाभित्र पार्टी एकीकरण हुन नसक्ने निष्कर्ष बैठकले निकालेको छ । बैठकले प्रदेश सभामा पार्टीबाट प्रतिनिधित्व गर्ने सदस्यहरूलाई पार्टी निर्णयअनुसार सञ्चालित हुन र अविश्वास प्रस्तावमा हस्ताक्षर गरेको भए फिर्ता लिन निर्देशित गरेको छ ।

**पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पन गम्भीर षड्यन्त्र गरिए पनि आमजनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताहरूको सक्रियताले त्यसलाई विफल पारिएको छ ।**

बैठकलाई सम्बोधन गर्दै पार्टी अध्यक्ष ओलीले यसबीचमा पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पन गम्भीर षड्यन्त्र गरिए पनि आमजनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताहरूको सक्रियताले त्यसलाई विफल पारिएको बताउनुभयो ।

एमाले प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डलले दुई चरणमा बसेको बैठकले पार्टीको विधान संशोधन गर्दै पार्टी अध्यक्ष र महासचिव बाहेकका पदाधिकारी पद खारेज गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

बैठकले २०७५ जेठ ३ गतेदेखि २०७७ फागुन २३ गतेसम्मको समयलाई पार्टीको शून्य समयका रूपमा परिभाषित गर्दै अबको छ महिनाभित्र पार्टीको जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ । पार्टीको केन्द्रीय कमिटीको अर्को नियमित बैठक चैत ७ गते बस्ने निर्णयसमेत गरेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार बैठकले पार्टीको सातवटै प्रदेशको इन्चार्जसमेत तोक्दै प्रदेश १ को इन्चार्जको जिम्मेवारी सुवासचन्द्र नेम्वाङ, प्रदेश २ मा सत्यनारायण मण्डल, बागमती प्रदेशमा रामबहादुर थापा, उपत्यकाको इन्चार्जमा आनन्द पोखरेल, गण्डकी प्रदेशमा पृथ्वीसुब्बा गुरुङ, लुम्बिनीमा शङ्कर पोखरेल, कर्णालीमा यामलाल कँडेल, सुदूरपश्चिममा लेखराज भट्टलाई दिइएको छ ।

यसअघि माओवादी केन्द्रमा रहनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साह, टङ्क आङबुहाङ, पासाङ शेर्पा, ज्वाला साह, टेकबहादुर बलमपाखी, कमल चौलागाईं, मनोज थापालाई केन्द्रीय कमिटीको जिम्मेवारी दिइएको छ । यसैगरी विषमलाल अधिकारी, लीलालबहादुर थापा, दधिराम न्यौपाने, गिरधरीलाल, झपट बोहोरा, दावा लामा, चन्द्रबहादुर खड्का, डम्बर विष्ट, गौरीशङ्कर चौधरी, नवीन रोक्का, धर्मराज रेग्मी र दिनेश पन्थीलाई पार्टीको केन्द्रीय कमिटीको जिम्मेवारीमा स्थापित गर्ने निर्णय बैठकले गरेको प्रदेश इन्चार्ज मण्डलले जानकारी दिनुभयो ।

# ३८० स्थानीय तह सडक सञ्जालमा जोडिने

**पक्की सडक सञ्जालले नजोडिएका सातवटै प्रदेश र त्यहाँका स्थानीय तहसँग एमओयू गरिँदै ।**



■ नगेन्द्र सापकोटा

काठमाडौँ, फागुन २८ गते । स्थानीय तहको केन्द्रदेखि सातवटै प्रदेश सरकारको राजधानीसम्म पक्की सडक सञ्जालले जोड्न ३८० वटा स्थानीय तहले सरकारसँग माग गरेका छन् ।

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधिअनुसार सडकको पहिचान गरी पठाउन स्थानीय तहलाई सार्वजनिक सूचना जारी गरेसँगै ३८० वटा स्थानीय तहले पक्की सडकले जोड्न सरकारसँग माग गरेका हुन् ।

पक्की सडक सञ्जालले जोड्नका लागि माग गर्ने स्थानीय तहमा प्रदेश १ का ७८ वटा स्थानीय तह, प्रदेश २ का ५८, बागमतीको ६०, गण्डकीको ४२, लुम्बिनीको ४५, कर्णाली ४५, सुदूरपश्चिमका ५२ वटा गरी ३८० वटा स्थानीय तहले पक्की सडकले जोड्नका लागि विभागसँग माग गरेका हुन् ।

पालिकाको केन्द्रसँग कच्ची सडकसमेत नपुगेका स्थानीय तहको सङ्ख्या ३१ वटा रहेको स्थानीय पूर्वाधार विभागका प्रोजेक्ट समन्वय एकाइका सिनियर डिभिजन इन्जिनियर महेश्वर घिमिरेले जानकारी दिनुभयो । विभागले उक्त सडक निर्माण कार्यलाई तीव्रता दिन सातवटै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिसकेको छ ।

सरकारका रूपान्तरणकारी योजनाअन्तर्गत पर्ने यस प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई सरकारले उच्च प्राथमिकता दिएर कार्यान्वयन गरिरहेको छ । गत आर्थिक वर्षमै सरकारको नीति, कार्यक्रम र बजेटमा उक्त कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख गरिए बजेटको सुनिश्चितता र कार्यविधि निर्माणमा ढिलाइ हुँदा योजना कार्यान्वयनमा विलम्ब भएको थियो ।

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई निरन्तरता दिएको हो । सरकारले पक्की सडक निर्माण गर्दा कच्ची ट्र्याकसमेत नखुलेका स्थानीय तहलाई उच्च प्राथमिकता दिएर काम अगाडि बढाउने घिमिरेले बताउनुभयो । (बाँकी पृष्ठ २ मा)

# युरेनियम बरामद

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते । आणविक ऊर्जा तथा परमाणु बम उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग हुने युरेनियमसहित प्रहरीले चार जनालाई बौद्ध टुसालबाट पक्राउ गरेको छ ।

महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) हरिबहादुर पालले साढे दुई किलो युरेनियमसहित चार जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो । नेपालमा युरेनियम बरामद भएको यो पहिलो घटना हो ।

प्लास्टिकको डिब्बाभित्र लुकाई राखेको अवस्थामा बरामद भएको युरेनियम प्रशोधन नगरिएको कच्चा पदार्थ भएको प्रहरीको भनाइ छ । विज्ञका अनुसार युरेनियम एटम बम तथा ऊर्जा (विद्युत्) उत्पादनमा प्रयोग हुने गर्छ ।

प्रहरीले युरेनियमसहित रामेछाप लिखु तामाकोसी–५ का ४० वर्षीय नारायणसिंह तामाङ, ४० वर्षीया जानुका तामाङ, रामेछाप बागजोर नगरपालिका–४ का २० वर्षीय प्रकाश चौहान, सिन्धुली सुनकोसीका २० वर्षीय मनोज न्यौपानेलाई पक्राउ गरेको हो । बौद्ध टुसाल क्षेत्रमा युरेनियमको अवैध कारोबार भइराखेको विशेष सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।

पक्राउ अभियुक्तहरूले उक्त युरेनियम केही वर्ष पहिले भारतबाट खरिद गरी नेपाल ल्याई लुकाई राखेको बयान प्रहरीलाई दिएका छन् ।

# जेठ महिनामै विद्यार्थीको हातमा नयाँ पाठ्यपुस्तक

■ गोरखापत्र समाचादारदाता



काठमाडौँ, फागुन २८ गते । आगामी शैक्षिक सत्रमा विद्यालय तहका विद्यार्थीले जेठ महिनाभित्रै नयाँ पाठ्यपुस्तक हात पार्ने भएका छन् । जेठभित्र पाठ्यपुस्तकको प्रकाशन गरी विद्यार्थीको हातमा पुऱ्याउने गरी आवश्यक काम भइरहेको जानकारी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले दिएको छ ।

केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले नयाँ शैक्षिक सत्रमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई नयाँ पाठ्यपुस्तकको अभाव हुन नदिइने प्रतिबद्धता जनाउनुभयो । यसका लागि कुनै समस्या नरहेको उहाँले बताउनुभयो । त्यसका लागि चैत र वैशाख महिनाभित्र पाठ्यपुस्तकको छपाइ पूरा गर्ने केन्द्रको योजना छ ।

कक्षा ६ बाहेक अब झन्डै १० लाख थान पुस्तक छपाइ गर्न बाँकी रहेको जनाइएको छ । गत वर्ष एक करोड ६३ लाख थान पाठ्यपुस्तक छपाइ कार्य केन्द्रले पूरा गरिएको थियो । यस पटक पनि त्यसलाई नै आधार मानेर पुस्तक प्रकाशन गरिने जनाइएको छ ।

**चैत र वैशाख महिनाभित्र पाठ्यपुस्तकको छपाइ पूरा गर्ने केन्द्रको योजना छ ।**

जेठ महिनामा विद्यार्थीको हातमा पाठ्यपुस्तक पुगेपछि असार १ गतेबाट सुरु हुने शैक्षिक सत्रलाई सहज तरिकाले अगाडि बढाउन सकिने उहाँको भनाइ छ ।

सरकारले यस पटक जेठ महिनाभरि विद्यालय तहको वार्षिक परीक्षा पूरा गरी असार १ गतेबाट नयाँ शैक्षिक सत्र सुरु गर्ने निर्णय गरिसकेको छ । यसको कार्यान्वयनका लागि जनक शिक्षाका तर्फबाट आवश्यक काम गरिने जनाइएको छ । विद्यालय तहको पाठ्यपुस्तक प्रकाशन गर्ने जिम्मेवारी केन्द्रलाई दिइएको छ । सोअनुसार हाल कक्षा ११ मा अध्ययनरत विद्यार्थीको अनिवार्य विषयका विद्यार्थीको पुस्तक छपाइ तथा बिक्रीवितरणको कार्य गरेको थियो । अब कक्षा १२ का अनिवार्य विषयको पुस्तकसमेत छपाइ गर्ने योजना छ । कक्षा ११ र १२ विद्यालय शिक्षामा आएपछि केन्द्रको जिम्मेवारी थप गरिएको छ ।

जनक शिक्षाले हालसम्म कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीको पाठ्यपुस्तक छपाइ कार्य भने सुरु गरेको छैन । पाठ्यपुस्तक प्रकाशनका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति आउन बाँकी रहेकाले कक्षा ६ को छपाइ कार्य हुन नसकेको जनाइएको छ ।

आगामी शैक्षिक सत्रमा उक्त कक्षामा पूरै सेट नयाँ परिवर्तन गरिएको छ । कक्षा ६ का विद्यार्थीलाई २८ लाख थान पुस्तक छपाइ गर्नुपर्ने हुन्छ । २० प्रतिशतको हाराहारीमा पुस्तक छपाइ कार्य बाँकी रहेको जनाइएको छ ।

# न्यायाधीशमा सिफारिस

■ नारायण काफ्ले

काठमाडौँ, फागुन २८ गते । न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा डा. कुमार चुडाल र नहकुल सुवेदीलाई सिफारिस गरेको छ । परिषद्को शुक्रबारको बैठकले उच्च अदालतका मुख्य न्यायाधीशमध्ये वरिष्ठताका आधारमा चुडाल र सुवेदीलाई न्यायाधीशमा सिफारिस गरेको हो । अब संसदीय सुनुवाइ प्रक्रिया सम्पन्न भएपछि नियुक्ति हुनेछ । चुडाल हाल उच्च अदालत पाटन र सुवेदी सुर्खेतको मुख्य न्यायाधीश हुनुहुन्छ ।

न्यायपरिषद्का प्रवक्ता मानबहादुर कार्कीले सर्वोच्चमा रिक्तसहित उच्च अदालतमा पनि न्यायाधीश सिफारिस भएको बताउनुभयो । कार्कीले सर्वोच्चको हकमा संसदीय सुनुवाइपछि नियुक्त हुने स्पष्ट पार्नुभयो । अब परिषद्ले सुनुवाइ प्रक्रिया अगाडि बढाउन संसद्समक्ष सिफारिस गर्नेछ । समितिले सुनुवाइ प्रक्रिया प्रारम्भ भएको बढीमा ४५ दिनभित्र सुनुवाइ सम्पन्न गर्नुपर्नेछ । सो पछि नियुक्ति हुनेछ ।

यस्तै बैठकले उच्च अदालतमा समेत १८ जना न्यायाधीश सिफारिस गरेको छ । (बाँकी पृष्ठ २ मा)

चैत महिनाको मधुपर्क

बजारमा

यसपालि रङ्गमञ्च विशेष




■ नेपाली रङ्गमञ्चबारे प्रकाश सायमीको विस्तृत आलेख ■ अशेष मल्लको रङ्गमञ्च सपना
■ नेपाली रङ्गमञ्चमा युवा ■ नाटक निर्देशक सुनिल पोखरेल र आकाङ्क्षा कार्कीसँग अन्तर्वार्ता
■ इब्सेनको कालजयी नाटकबारे आलेख ■ बर्तोल्त ब्रेख्त र कृष्ण शाह 'यात्री'का नाटक
■ शकुन्तला शर्माको नाट्य जीवन

साथमा वासु शशी, विमल निभा, शैलेन्द्र साकार, मनप्रसाद सुब्बाका कविता, नोबेल विजेता जोन गल्जवर्दीको विश्वप्रसिद्ध कथा, विख्यात सिनेमा 'अल अबाउट माई मदर' बारे महत्वपूर्ण आलेखलगायत नियमित स्तम्भसहित चैतको मधुपर्क बजारमा ।

आफ्नो प्रति बेलैमा सुरक्षित गर्नुहोस् ।

सम्पर्क: ग्राहक सेवा शाखा, गोरखापत्र संस्थान
फोन नं. ४२२०६३८/ टोल फ्री नं. १६६००१९४४४४

# प्राथमिकतामा बन्दीपुरको मिनी ग्रेटवाल

● संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार करोड ५५ लाख बजेट निकासा गरेको छ ।

■ अमरराज नहर्की



तनहुँ, फागुन २८ गते । विश्वकै प्रसिद्ध चीनको ग्रेटवालकै झल्को दिने गरी बन्दीपुरमा निर्माण भइरहेको मिनी ग्रेटवालका लागि सङ्घीय सरकारले प्राथमिकता दिएको छ । ग्रेटवालका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार करोड ५५ लाख बजेट निकासा गरेको छ । ठूलो रकम विनियोजन भएपछि पर्यटनले फड्को मार्ने विश्वास पर्यटन व्यवसायीको छ । रकम अभावले काम अगाडि बढाउन समस्या परिरहेको अवस्थामा सङ्घीय सरकारबाट प्राथमिकतामा पारेर बजेट निकासी भएपछि बन्दीपुरबासीमा खुसी छाएको छ ।

मन्त्रालयले बजेटको व्यवस्था गरी ग्रेटवाल निर्माणका लागि साझेदारी गर्ने भएपछि बन्दीपुरका पर्यटन व्यवसायीहरू उत्साहित भएका छन् । पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका अनुसार ग्रेटवालका लागि चार करोड ५५ लाख रुपियाँ विनियोजन गरेको छ ।

पर्यटकीय गन्तव्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत लागत साझेदारीमा सम्बन्धित स्थानीय तहले दुई करोड ४५ लाख रुपियाँ बेहोर्नुपर्ने गरी मन्त्रालयले सात करोड रुपियाँको व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले गोरखापत्रलाई जानकारी दिनुभयो । रकम विनियोजन भएपछि निर्माण कार्य अगाडि बढाउन सहज भएको अध्यक्ष थापा बताउनुहुन्छ ।

सो रकम विनियोजन गरेसँगै ग्रेटवाल निर्माणले मूर्त रूप पाउने वातावरणको सिर्जना भएको गाउँपालिकाले जनाएको छ । तनहुँ पर्यटन विकास समितिका अध्यक्ष हरिसिंह गुरुङले बजेट निकासी भएको खबर अत्यन्त खुसी लागेको बताउनुभयो । "पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ छनोटमा परेको छ, यसले पर्यटन क्षेत्रमा फड्को मार्न मद्दत पुऱ्याउँछ", अध्यक्ष गुरुङले भन्नुभयो । बन्दीपुर गाउँपालिकाको आर्थिक सहयोगमा ग्रेटवाल निर्माणको काम अगाडि बढाइएको थियो । पालिकासँग रकम थोरै भएकाले रकम माग गरिएको थियो ।

मणिमुकुन्दसेन पर्खाल (मिनी ग्रेटवाल) नामकरण गरिएको यो एक हजार एक सय मिटर लामो बनाइनेछ । बन्दीपुर गाउँपालिका–२ स्थित थानीमाई मन्दिरबाट निर्माण सुरु गरिएको मिनी ग्रेटवाल मुकुन्देश्वरी डाँडासम्म बनाइने छ । प्राकृतिक दृश्य अवलोकन र सुन्दरताको कारण 'पहाडकी रानी' उपनामले प्रसिद्ध कमाएको बन्दीपुरमा 'मिनी ग्रेटवाल' निर्माणपछि पर्यटकको सङ्ख्यामा वृद्धि हुने अपेक्षा गरिएको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो । (बाँकी पृष्ठ २ मा)






वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

कोहलपुर संस्करण








| वर्ष १२० | अङ्क ३०४ | २०७७ साल फागुन २९ गते शनिबार | फाल्गुण कृष्ण औँसी | नेपाल संवत् ११४१ सिल्लागाः १५ | 2021 March 13 Saturday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


## एमाले केन्द्रीय कमिटी विस्तार

● सबै पक्षसँग खुला संवाद र छलफल गर्दै कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने निर्णय

■ भउचप्रसाद यादव

काठमाडौँ, फागुन २८ गते। नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय कमिटी विस्तार गरिएको छ।

प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार बसेको पार्टीको केन्द्रीय कमिटीको विशेष बैठकले सङ्कटका बेला पार्टी एकता र नेतृत्वको पक्षमा दृढतापूर्वक उभिनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साहलगायत नेकपा (माओवादी केन्द्र) पृष्ठभूमिका २३ जनालाई पार्टीको केन्द्रीय कमिटीको जिम्मेवारी दिने निर्णय गरिएको पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

बैठकले पार्टीको महाधिवेशनको समयावधि, उमेर हद, कमिटीको संरचनालगायत कतिपय प्रश्नमा नवौँ महाधिवेशनबाट पारित विधानका व्यवस्थालाई परिवर्तित सन्दर्भ अनुकूल बनाउन बाधा अड्काउ फुकाउने पनि निर्णय गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ। पार्टी प्रवक्ता ज्ञवालीले गोरखापत्रसँग कुरा गर्दै पार्टीको महाधिवेशन र पदाधिकारीबारे कुनै निर्णय नभएको जानकारी दिनुभयो।

बैठकले अदालतको निर्णय जेजस्तो भए पनि यसलाई कार्यान्वयन गरेर अगाडि बढ्ने निर्णय गरेको छ। सबै पक्षसँग खुला संवाद छलफल गर्दै कम्युनिस्ट आन्दोलनलाई उचित र सही सङ्गठनात्मक आधारमा एकताबद्ध बनाउने प्रयास जारी राख्ने निर्णय गर्दै निर्वाचन आयोगले दिएको १५ दिनको समयसीमाभित्र पार्टी एकीकरण हुन नसक्ने निष्कर्ष बैठकले निकालेको छ। बैठकले प्रदेश सभामा पार्टीबाट प्रतिनिधित्व गर्ने सदस्यहरूलाई पार्टी निर्णयअनुसार सञ्चालित हुन र अविश्वास प्रस्तावमा हस्ताक्षर गरेको भए फिर्ता लिन निर्देशित गरेको छ।




> पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पन गम्भीर षड्यन्त्र गरिए पनि आमजनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताहरूको सक्रियताले त्यसलाई विफल पारिएको छ।

बैठकलाई सम्बोधन गर्दै पार्टी अध्यक्ष ओलीले यसबीचमा पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पन गम्भीर षड्यन्त्र गरिए पनि आमजनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताहरूको सक्रियताले त्यसलाई विफल पारिएको बताउनुभयो।

एमाले प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डलले दुई चरणमा बसेको बैठकले पार्टीको विधान संशोधन गर्दै पार्टी अध्यक्ष र महासचिव बाहेकका पदाधिकारी पद खारेज गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

बैठकले २०७५ जेठ ३ गतेदेखि २०७७ फागुन २३ गतेसम्मको समयलाई पार्टीको शून्य समयका रूपमा परिभाषित गर्दै अबको छ महिनाभित्र पार्टीको जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ। पार्टीको केन्द्रीय कमिटीको अर्को नियमित बैठक चैत ७ गते बस्ने निर्णयसमेत गरेको उहाँले बताउनुभयो।

उहाँका अनुसार बैठकले पार्टीको सातवटै प्रदेशको इन्चार्जसमेत तोक्दै प्रदेश १ को इन्चार्जको जिम्मेवारी सुवासचन्द्र नेम्वाङ, प्रदेश २ मा सत्यनारायण मण्डल, बागमती प्रदेशमा रामबहादुर थापा, उपत्यकाको इन्चार्जमा आनन्द पोखरेल, गण्डकी प्रदेशमा पृथ्वीसुब्बा गुरुङ, लुम्बिनीमा शङ्कर पोखरेल, कर्णालीमा यामलाल कँडेल, सुदूरपश्चिममा लेखराज भट्टलाई दिइएको छ।

यसअघि माओवादी केन्द्रमा रहनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साह, टङ्क आङबुहाङ, पासाङ शेर्पा, ज्वाला साह, टेकबहादुर बलमपाखी, कमल चौंलागाईं, मनोज थापालाई केन्द्रीय कमिटीको जिम्मेवारी दिइएको छ। यसैगरी विषमलाल अधिकारी, लीलालबहादुर थापा, दधिराम न्यौपाने, गिरधरीलाल, झपट बोहोरा, दावा लामा, चन्द्रबहादुर खड्का, डम्बर विष्ट, गौरीशङ्कर चौधरी, नवीन रोक्का, धर्मराज रेग्मी र दिनेश पन्थीलाई पार्टीको केन्द्रीय कमिटीको जिम्मेवारीमा स्थापित गर्ने निर्णय बैठकले गरेको प्रदेश इन्चार्ज मण्डलले जानकारी दिनुभयो।

## ३८० स्थानीय तह सडक सञ्जालमा जोडिने



पक्की सडक सञ्जालले नजोडिएका सातवटै प्रदेश र त्यहाँका स्थानीय तहसँग एमओयू गरिँदै।

■ नगेन्द्र सापकोटा

काठमाडौँ, फागुन २८ गते। स्थानीय तहको केन्द्रदेखि सातवटै प्रदेश सरकारको राजधानीसम्म पक्की सडक सञ्जालले जोड्न ३८० वटा स्थानीय तहले सरकारसँग माग गरेका छन्।

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधिअनुसार सडकको पहिचान गरी पठाउन स्थानीय तहलाई सार्वजनिक सूचना जारी गरेसँगै ३८० वटा स्थानीय तहले पक्की सडकले जोड्न सरकारसँग माग गरेका हुन्।

पक्की सडक सञ्जालले जोड्नका लागि माग गर्ने स्थानीय तहमा प्रदेश १ का ७८ वटा स्थानीय तह, प्रदेश २ का ५८, बागमतीको ६०, गण्डकीको ४२, लुम्बिनीको ४५, कर्णाली ४५, सुदूरपश्चिमका ५२ वटा गरी ३८० वटा स्थानीय तहले पक्की सडकले जोड्नका लागि विभागसँग माग गरेका हुन्।

पालिकाको केन्द्रसँग कच्ची सडकसमेत नपुगेका स्थानीय तहको सङ्ख्या ३१ वटा रहेको स्थानीय पूर्वाधार विभागका प्रोजेक्ट समन्वय एकाइका सिनियर डिभिजन इन्जिनियर महेश्वर घिमिरेले जानकारी दिनुभयो। विभागले उक्त सडक निर्माण कार्यलाई तीव्रता दिन सातवटै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिसकेको छ।

सरकारका रूपान्तरणकारी योजनाअन्तर्गत पर्ने यस प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई सरकारले उच्च प्राथमिकता दिएर कार्यान्वयन गरिरहेको छ। गत आर्थिक वर्षमै सरकारको नीति, कार्यक्रम र बजेटमा उक्त कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख गरिए बजेटको सुनिश्चितता र कार्यविधि निर्माणमा ढिलाइ हुँदा योजना कार्यान्वयनमा विलम्ब भएको थियो।

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई निरन्तरता दिएको हो। सरकारले पक्की सडक निर्माण गर्दा कच्ची ट्र्याकसमेत नखुलेका स्थानीय तहलाई उच्च प्राथमिकता दिएर काम अगाडि बढाउने घिमिरेले बताउनुभयो। (बाँकी पृष्ठ २ मा)

## युरेनियम बरामद

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन २८ गते। आणविक ऊर्जा तथा परमाणु बम उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग हुने युरेनियमसहित प्रहरीले चार जनालाई बौद्ध टुसालबाट पक्राउ गरेको छ।

महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) हरिबहादुर पालले साढे दुई किलो युरेनियमसहित चार जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो। नेपालमा युरेनियम बरामद भएको यो पहिलो घटना हो।

प्लास्टिकको डिब्बाभित्र लुकाई राखेको अवस्थामा बरामद भएको युरेनियम प्रशोधन नगरिएको कच्चा पदार्थ भएको प्रहरीको भनाइ छ। विज्ञका अनुसार युरेनियम एटम बम तथा ऊर्जा (विद्युत्) उत्पादनमा प्रयोग हुने गर्छ।

प्रहरीले युरेनियमसहित रामेछाप लिखु तामाकोसी–५ का ४० वर्षीय नारायणसिंह तामाङ, ४० वर्षीया जानुका तामाङ, रामेछाप बागजोर नगरपालिका–४ का २० वर्षीय प्रकाश चौहान, सिन्धुली सुनकोसीका २० वर्षीय मनोज न्यौपानेलाई पक्राउ गरेको हो। बौद्ध टुसाल क्षेत्रमा युरेनियमको अवैध कारोबार भइराखेको विशेष सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो।

पक्राउ अभियुक्तहरूले उक्त युरेनियम केही वर्ष पहिले भारतबाट खरिद गरी नेपाल ल्याई लुकाई राखेको बयान प्रहरीलाई दिएका छन्।

## जेठ महिनामै विद्यार्थीको हातमा नयाँ पाठ्यपुस्तक

■ गोरखापत्र समाचादारदाता

काठमाडौँ, फागुन २८ गते। आगामी शैक्षिक सत्रमा विद्यालय तहका विद्यार्थीले जेठ महिनाभित्रै नयाँ पाठ्यपुस्तक हात पार्ने भएका छन्। जेठभित्र पाठ्यपुस्तकको प्रकाशन गरी विद्यार्थीको हातमा पुर्‍याउने गरी आवश्यक काम भइरहेको जानकारी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले दिएको छ।

केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले नयाँ शैक्षिक सत्रमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई नयाँ पाठ्यपुस्तकको अभाव हुन नदिइने प्रतिबद्धता जनाउनुभयो। यसका लागि कुनै समस्या नरहेको उहाँले बताउनुभयो। त्यसका लागि चैत र वैशाख महिनाभित्र पाठ्यपुस्तकको छपाइ पूरा गर्ने केन्द्रको योजना छ।

कक्षा ६ बाहेक अब झन्डै १० लाख थान पुस्तक छपाइ गर्न बाँकी रहेको जनाइएको छ। गत वर्ष एक करोड ६३ लाख थान पाठ्यपुस्तक छपाइ कार्य केन्द्रले पूरा गरिएको थियो। यस पटक पनि त्यसलाई नै आधार मानेर पुस्तक प्रकाशन गरिने जनाइएको छ।



> चैत र वैशाख महिनाभित्र पाठ्यपुस्तकको छपाइ पूरा गर्ने केन्द्रको योजना छ।

जेठ महिनामा विद्यार्थीको हातमा पाठ्यपुस्तक पुगेपछि असार १ गतेबाट सुरु हुने शैक्षिक सत्रलाई सहज तरिकाले अगाडि बढाउन सकिने उहाँको भनाइ छ।

सरकारले यस पटक जेठ महिनाभरि विद्यालय तहको वार्षिक परीक्षा पूरा गरी असार १ गतेबाट नयाँ शैक्षिक सत्र सुरु गर्ने निर्णय गरिसकेको छ। यसको कार्यान्वयनका लागि जनक शिक्षाका तर्फबाट आवश्यक काम गरिने जनाइएको छ। विद्यालय तहको पाठ्यपुस्तक प्रकाशन गर्ने जिम्मेवारी केन्द्रलाई दिइएको छ। सोअनुसार हाल कक्षा ११ मा अध्ययनरत विद्यार्थीको अनिवार्य विषयका विद्यार्थीको पुस्तक छपाइ तथा बिक्रीवितरणको कार्य गरेको थियो। अब कक्षा १२ का अनिवार्य विषयको पुस्तकसमेत छपाइ गर्ने योजना छ। कक्षा ११ र १२ विद्यालय शिक्षामा आएपछि केन्द्रको जिम्मेवारी थप गरिएको छ।

जनक शिक्षाले हालसम्म कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीको पाठ्यपुस्तक छपाइ कार्य भने सुरु गरेको छैन। पाठ्यपुस्तक प्रकाशनका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति आउन बाँकी रहेकाले कक्षा ६ को छपाइ कार्य हुन नसकेको जनाइएको छ।

आगामी शैक्षिक सत्रमा उक्त कक्षामा पूरै सेट नयाँ परिवर्तन गरिएको छ। कक्षा ६ का विद्यार्थीलाई २८ लाख थान पुस्तक छपाइ गर्नुपर्ने हुन्छ। २० प्रतिशतको हाराहारीमा पुस्तक छपाइ कार्य बाँकी रहेको जनाइएको छ।

## न्यायाधीशमा सिफारिस

■ नारायण काफ्ले

काठमाडौँ, फागुन २८ गते। न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा डा. कुमार चुडाल र नहकुल सुवेदीलाई सिफारिस गरेको छ। परिषद्को शुक्रबारको बैठकले उच्च अदालतका मुख्य न्यायाधीशमध्ये वरिष्ठताका आधारमा चुडाल र सुवेदीलाई न्यायाधीशमा सिफारिस गरेको हो। अब संसदीय सुनुवाइ प्रक्रिया सम्पन्न भएपछि नियुक्ति हुनेछ। चुडाल हाल उच्च अदालत पाटन र सुवेदी सुर्खेतको मुख्य न्यायाधीश हुनुहुन्छ।

न्यायपरिषद्का प्रवक्ता मानबहादुर कार्कीले सर्वोच्चमा रिक्तसहित उच्च अदालतमा पनि न्यायाधीश सिफारिस भएको बताउनुभयो। कार्कीले सर्वोच्चको हकमा संसदीय सुनुवाइपछि नियुक्त हुने स्पष्ट पार्नुभयो। अब परिषद्ले सुनुवाइ प्रक्रिया अगाडि बढाउन संसद्समक्ष सिफारिस गर्नेछ। समितिले सुनुवाइ प्रक्रिया प्रारम्भ भएको बढीमा ४५ दिनभित्र सुनुवाइ सम्पन्न गर्नुपर्नेछ। सो पछि नियुक्ति हुनेछ।

यस्तै बैठकले उच्च अदालतमा समेत १८ जना न्यायाधीश सिफारिस गरेको छ। (बाँकी पृष्ठ २ मा)


चैत महिनाको मधुपर्क

बजारमा




■ नेपाली रङ्गमञ्चबारे प्रकाश सायमीको विस्तृत आलेख ■ अशेष मल्लको रङ्गमञ्च सपना
■ नेपाली रङ्गमञ्चमा युवा ■ नाटक निर्देशक सुनिल पोखरेल र आकाङ्क्षा कार्कीसँग अन्तर्वार्ता
■ इब्सेनको कालजयी नाटकबारे आलेख ■ बर्तोल्त ब्रेख्त र कृष्ण शाह 'यात्री'का नाटक
■ शकुन्तला शर्माको नाट्य जीवन

साथमा वासु शशी, विमल निभा, शैलेन्द्र साकार, मनप्रसाद सुब्बाका कविता, नोबेल विजेता जोन गल्जवर्दीको विश्वप्रसिद्ध कथा, विख्यात सिनेमा 'अल अबाउट माई मदर' बारे महत्वपूर्ण आलेखलगायत नियमित स्तम्भसहित चैतको मधुपर्क बजारमा।

आफ्नो प्रति बेलैमा सुरक्षित गर्नुहोस्।

सम्पर्क: ग्राहक सेवा शाखा, गोरखापत्र संस्थान
फोन नं. ४२२०६३८/ टोल फ्री नं. १६६००१९४४४४


## प्राथमिकतामा बन्दीपुरको मिनी ग्रेटवाल

● संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार करोड ५५ लाख बजेट निकासा गरेको छ।

■ अमरराज नहर्की

तनहुँ, फागुन २८ गते। विश्वकै प्रसिद्ध चीनको ग्रेटवालकै झल्को दिने गरी बन्दीपुरमा निर्माण भइरहेको मिनी ग्रेटवालका लागि सङ्घीय सरकारले प्राथमिकता दिएको छ। ग्रेटवालका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार करोड ५५ लाख बजेट निकासा गरेको छ। ठूलो रकम विनियोजन भएपछि पर्यटनले फड्को मार्ने विश्वास पर्यटन व्यवसायीको छ। रकम अभावले काम अगाडि बढाउन समस्या परिरहेको अवस्थामा सङ्घीय सरकारबाट प्राथमिकतामा पारेर बजेट निकासी भएपछि बन्दीपुरबासीमा खुसी छाएको छ।

मन्त्रालयले बजेटको व्यवस्था गरी ग्रेटवाल निर्माणका लागि साझेदारी गर्ने भएपछि बन्दीपुरका पर्यटन व्यवसायीहरू उत्साहित भएका छन्। पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका अनुसार ग्रेटवालका लागि चार करोड ५५ लाख रुपियाँ विनियोजन गरेको छ।



पर्यटकीय गन्तव्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत लागत साझेदारीमा सम्बन्धित स्थानीय तहले दुई करोड ४५ लाख रुपियाँ बेहोर्नुपर्ने गरी मन्त्रालयले सात करोड रुपियाँको व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले गोरखापत्रलाई जानकारी दिनुभयो। रकम विनियोजन भएपछि निर्माण कार्य अगाडि बढाउन सहज भएको अध्यक्ष थापा बताउनुहुन्छ।

सो रकम विनियोजन गरेसँगै ग्रेटवाल निर्माणले मूर्त रूप पाउने वातावरणको सिर्जना भएको गाउँपालिकाले जनाएको छ। तनहुँ पर्यटन विकास समितिका अध्यक्ष हरिसिंह गुरुङले बजेट निकासी भएको खबर अत्यन्त खुसी लागेको बताउनुभयो। "पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ छनोटमा परेको छ, यसले पर्यटन क्षेत्रमा फड्को मार्न मद्दत पुर्‍याउँछ", अध्यक्ष गुरुङले भन्नुभयो। बन्दीपुर गाउँपालिकाको आर्थिक सहयोगमा ग्रेटवाल निर्माणको काम अगाडि बढाइएको थियो। पालिकासँग रकम थोरै भएकाले रकम माग गरिएको थियो।

मणिमुकुन्दसेन पर्वाल (मिनी ग्रेटवाल) नामकरण गरिएको यो एक हजार एक सय मिटर लामो बनाइनेछ। बन्दीपुर गाउँपालिका–२ स्थित थानीमाई मन्दिरबाट निर्माण सुरु गरिएको मिनी ग्रेटवाल मुकुन्देश्वरी डाँडासम्म बनाइने छ। प्राकृतिक दृश्य अवलोकन र सुन्दरताको कारण 'पहाडकी रानी' उपनामले प्रसिद्ध कमाएको बन्दीपुरमा 'मिनी ग्रेटवाल' निर्माणपछि पर्यटकको सङ्ख्यामा वृद्धि हुने अपेक्षा गरिएको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो। (बाँकी पृष्ठ २ मा)